# वार्षिक प्रतिवेदन

आ.व. २०७३/२०७४

**राष्ट्रिय मानव अधिकार आयोग**

हरिहरभवन, ललितपुर, नेपाल

२०७४

# राष्ट्रिय मानव अधिकार आयोग
# वार्षिक प्रतिवेदन
## (आ.व. २०७३–२०७४)

**राष्ट्रिय मानव अधिकार आयोग**
हरिहरभवन, ललितपुर, नेपाल
**२०७४**

**आयोगका पदाधिकारीहरू**

**अध्यक्ष**

मा. अनूप राज शर्मा

**सदस्यहरू**

मा. प्रकाशचन्द्र वस्ती

मा.सुदिप पाठक

मा. मोहना अन्सारी

मा. गोविन्द शर्मा पौडयाल

**सचिव**

वेदप्रसाद भट्टराई

**प्रकाशकः** राष्ट्रिय मानव अधिकार आयोग

**पो.ब.न.** ९१८२, काठमाडौँ, नेपाल

**प्रकाशन मितिः** मङ्सिर, २०७४

**प्रकाशन प्रतिः** ५००

**प्रतिवेदन नः** २२१ (केन्द्रीय कार्यालय)

**मुद्रण :** सिद्धकालि अफसेट प्रेस प्रा.लि

पुतलीसडक काठमाडौं फोन नं ०१-४२३८५६१

**सर्वाधिकारः** राष्ट्रिय मानव अधिकार आयोग

**संयोजन/लेखन**

कैलाशकुमार सिवाकोटी

**विशेष सहयोगी**

श्यामबाबु काफ्ले
लोकनाथ बास्तोला
नवराज सापकोटा

आयोगको पूर्व-स्वीकृतिबिना यस प्रतिवेदनलाई पुनःउत्पादन एवम् मुद्रण गर्ने गरी सङ्ग्रह गर्न अथवा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन। बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरू साभार गरी प्रयोगमा ल्याउन सकिनेछ।

# मन्तव्य

मानव अधिकारको क्षेत्रमा राष्ट्रिय मानव अधिकार आयोगले राष्ट्रिय संस्थाको रूपमा आफ्नो भूमिका निर्वाह गर्दै आएको छ । संविधानको धारा २४९ (१) (३)मा आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गरिएको छ । जसमा मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य हुनेछ भनी उल्लेख छ । मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्तिसम्बन्धी पहिलो दायित्व राज्यमाथि रहेको हुन्छ । ती दायित्वहरू राज्यले पूरा गरे-नगरेको बारेमा निगरानी गरी जिम्मेवारी बहन नगरेको अवस्थामा राज्यलाई उत्तरदायी बनाउने काम आयोगले गर्दछ । मानव अधिकार अवस्थाको अनुगमन, अनुसन्धान, मानव अधिकार शिक्षाको प्रवर्द्धन, वकालत र कानुनहरूको पुनरावलोकनलगायतका माध्यमबाट यी कार्यहरू सम्पन्न हुन्छन् । यसरी सम्पन्न भएका कार्यक्रममार्फत प्राप्त निष्कर्षको आधारमा राज्य वा सरकारलाई सुधारको लागि सिफारिस गरिन्छ ।

नेपालको संविधानको धारा २९४ (१) मा संवैधनिक निकायले आफूले गरेको कामकारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेश गर्नुपर्ने व्यवस्था छ । आयोगले स्थापनाकालदेखि नै आफ्नो वार्षिक प्रतिवेदन प्रकाशन गर्दै आएको छ । प्रतिवेदनमा विशेषतःआयोगमा वर्षभरिमा परेका उजुरी, उजुरीउपरका छानबिनन, अनुसन्धान विवरण, सरकारलाई गरेका सिफारिस सम्बन्धमा उल्लेख छ । यसको साथै मानव अधिकार संरक्षण र संवर्द्धनका लागि भविष्यमा गर्नुपर्ने सुधारसम्बन्धी विवरणहरू समावेश छन् । प्रतिवेदनमा आयोगले वार्षिक रूपमा सम्पादन गरेका कामकारबाहीका साथै देशको मानव अधिकारको अवस्थालाई केलाउन खोजिएको छ ।

विगतमा झैं आयोगले यस वर्ष पनि मानव अधिकारको संरक्षण र संवर्द्धनको लागि उजुरी ग्रहण, अनुगमन र अनुसन्धान गर्दै आएको छ । यसको साथै तालिम, गोष्ठी, अन्तरक्रिया, छलफलजस्ता कार्यक्रमको आयोजना, नागरिक समाज र राज्यका निकायहरूसँग समन्वय र सहकार्य भइरहेको छ । मानव अधिकारको संस्कृति विकासको लागि आवश्यकता र औचित्यताको आधारमा राष्ट्रपतिको कार्यालय, नेपाल सरकार, अन्य संवैधानिक निकाय, राजनीतिक दल, राष्ट्रिय, अन्तर्राष्ट्रिय गैससहरू र नागरिक समाजसँग सहकार्यसमेत गरेको छ । आयोगबाट मानव अधिकारसम्बन्धी कानुनहरूको पुनरावलोकन, विभिन्न विषयगत प्रतिवेदनहरू प्रकाशन, प्रेस नोट र प्रेस विज्ञप्ति जारी हुँदै आएको छ ।

नेपालले मानव अधिकारसँग सम्बन्धित विभिन्न अन्तर्राष्ट्रिय महासन्धिको अनुमोदन गर्नुका साथै संविधान तथा कानुन निर्माणमा मानव अधिकारका विषयलाई प्राथमिकता दिएको छ । मानव अधिकार राष्ट्रिय कार्ययोजनाको निर्माण, मानव अधिकारका प्रावधानलाई व्यवहारमा उतार्न विभिन्न संयन्त्रहरू निर्माण र ती संयन्त्रमार्फत कार्यहरू हुनु व्यवस्थापिका र

सरकारका सकरात्मक कदम हुन् । सबै राजनीतिक दलको सहभागितामा स्थानीय तहको निर्वाचन हुनु र केन्द्र र प्रदेशको निर्वाचनको वातावरण बन्नुले पनि संविधान कार्यान्वयनलाई सहज बनाउदै लगेको अवस्था छ । संविधानतः गठन गर्ने भनिएका मानव अधिकारसँग सम्बन्धित आयोगको लागि ऐन निर्माण हुनुले पनि सकरात्मक सन्देश दिएको छ । यी सकरात्मक प्रयत्नका बाबजुद् प्रशस्त चुनौतीहरू देखिएका छन् । मानव अधिकारको समग्र अवस्थाप्रति सन्तोष गर्ने अवस्था छैन । मौलिक हक कार्यान्वयको लागि कानुन बन्न सकेका छैनन् । संविधानतः गठन गरिएका आयोग र मानव अधिकार आयोगबीचको क्षेत्राधिकारमा प्रशस्त प्रश्नहरू छन् ।

शान्ति-प्रक्रिया शुरु भएको एक दशक नाघिसक्दा पनि अझै पीडितले न्याय पाउन नसक्नु दुखद् पक्ष रहेको छ । सङ्क्रमणकालीन संयन्त्रको लागि सर्वोच्च अदालतको निर्देशनबमोजिम भइरहेको कानुनमा संशोधन वा थप आवश्यक कानुनको निर्माण र दक्ष जनशक्तिको व्यवस्था हुन नसक्दा काम प्रभावकारी हुन नसकेको अवस्था छ । लामो समयको प्रतीक्षापछि गठन भएका सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता आयोग काम नसकी म्याद समाप्त हुने अवस्थामा पुगेका छन् । यसबाट मुलुकमा दीगो शान्तिको स्थापना र पीडितको पीडा सम्बोधन हुन सक्ने देखिँदैन ।

सरकारबाट समयमा नै मानव अधिकारसन्धि समितिमा बुझाउनुपर्ने कतिपय आवधिक प्रतिवेदनहरूसमेत पेश भएका छैनन् । संविधान कार्यान्वयनको चरणपछि पनि राजनीतिक सङ्क्रमण जारी रहँदा नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारलगायत अन्य मानव अधिकारको कार्यान्वयन अवस्था प्रगति उन्मुख हुन सकेको छैन । विरोध प्रदर्शनका क्रममा सुरक्षाकर्मीको अत्याधिक बल प्रयोगबाट प्रदर्शनकारीको मृत्यु तथा प्रदर्शनकारीबाट सुरक्षाकर्मीमाथि भएको हिंसात्मक गतिविधिले मानिसको बाँच्न पाउने अधिकार नै जोखिममा परेको छ । प्रदर्शनकारीबाट आफ्नो प्रतिबद्धता -विपरीत मानव अधिकार आयोगको सवारी साधन तोडफोड गरिनुले पनि राजनीतिक दल आफ्नो कर्तव्यबाट विमुख भएको अवस्था देखिन्छ । वैदेशिक रोजगारमा गएकाहरूमाथि भएको श्रम-शोषण, बढ्दो घरेलु हिंसा, बन्द-हड्तालजस्ता गतिविधिले नागरिकको जनजीवन असहज अवस्थामा छ । निर्वाचनमा बालबालिकाको प्रयोग, समाजमा जातीय भेदभावको विद्यमानता, स्वास्थ्य सेवामा सबैको पहुँच नहुनुबाट संविधान प्रदत हक उपभोगको लागि अझै सहज वातावरण बन्न नसकेको आभास हुन्छ । सीमान्तकृत समुदाय, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, दलित, महिला, जेष्ठ नागरिक, आप्रवासी कामदारको अधिकारको विषयमा राज्यले विशेष ध्यान दिनसकेको छैन । फलतः ती वर्ग एवम् समुदायका अधिकारहरू सुरक्षित हुन सकेका छैनन् । त्यस्तै बाढी र भूकम्पबाट प्रभावितहरूको अवस्था अहिले पनि दयनीय छ ।

यस अवमा आयोगले गरेको मानव अधिकारको संरक्षण र सम्वर्द्धनात्मक लगायतका कार्यहरूबाट विभिन्न उपलब्धिहरू हासिल गरेको छ । यस आवमा आयोगमा जम्मा २१० उजुरीहरू दर्ता भएका छन् । पुराना र नयाँ गरी २२० उजुरीमाथिमाथि अनुसन्धान सम्पन्न

भएको छ भने ३५० पटक अनुगमन भएको छ । आयोगबाट “सबैको लागि घर-घरमा मानव अधिकार : शान्ति र विकासको आधार” भन्ने नारालाई आधार मानी मानव अधिकार प्रवर्द्धन कार्यलाई विशेष प्राथमिकतामा राखी ३६९ वटा सम्बर्द्धनसम्बन्धी कार्यहरू सम्पन्न भएका छन् । यस्तै मानव अधिकारसँग आबद्ध सङ्घसंस्थाद्वारा आयोजित ४०४ वटा कार्यक्रममा श्रोत व्यक्ति/विषय विज्ञ, प्रमुख अतिथि/अतिथि र सहभागीको रूपमा उपस्थिति जनाएको छ । यस्तै मानव अधिकारसम्बन्धी विभिन्न सामग्री तथा वृत्तचित्र निर्माण, प्रकाशनको काम पनि आयोगबाट निरन्तर भएको छ । यस अविधमा आयोगबाट १५ वटा प्रकाशन, ३७ प्रेस विज्ञप्ति र १३ वटा प्रेस नोट जारी भएको छन् भने २ वटा पत्रकार सम्मेलन भएको छ । यसको साथै कानुन निर्माणमा सरकार एवम् सरोकारवाला निकायहरूलाई सहयोग पुऱ्याउन मानव अधिकारको दृष्टिकोणबाट कानुनको पुनरावलोकन गरी सम्बद्ध निकायमा कार्यान्वयनको लागि पठाएको छ । कतार र नेपालको मानव अधिकारबीच आप्रवासी कामदारहरूको विषयमा भएको समझदारीपत्रलाई कार्यरूप दिन रणनीतिक योजनमा हस्ताक्षर हुनु र कर्मचारी व्यवस्थापन गर्नु आयोगले यस अवधिमा गरेका प्रमुख उपलब्धि हुन् ।

उल्लिखित कार्यहरूबाट प्राप्त उपलब्धिका बाबजुद् पनि आयोग चुनौतीमुक्त हुन सकेको छैन । दण्डहीनताको अवस्था विद्यमान रहनुको सङ्क्रमणकालीन अवस्थाबाट मुलुकले पार पाउन सकेको छैन । आयोगका सिफारिस कार्यान्वयन नहुनु, सरकारबाट अपेक्षित सहयोग प्राप्त नहुनु, कानुनी अपर्याप्तता, भूकम्पबाट क्षतिग्रस्त आयोगको भवन बन्न नसक्नुबाट भौतिक पूर्वाधारको अभावमा समेत आयोगले काम गर्नुपरेको अवस्था छ । यी चुनौतीलाई सम्बोधन गर्न आयोगले सरकार एवम् सरोकारवालाहरूलाई घच्घच्याइरहेको छ । यी उपलब्धि र चुनौतीका बीच आयोग सविधान, ऐन र रणनीतिक योजनामा केन्द्रित भई विगतबाट अनुभव हासिल गर्दै आफ्ना कामकारबाहीहरूलाई समयानुकूल अगाडि बढाउन कटिबद्ध छ ।

अन्त्यमा, आयोगलाई पुऱ्याएको सहयोगका लागि राष्ट्रपति कार्यालय, व्यवस्थापिका-संसद्, सरकार, राजनीति कदल, लोकसेवा आयोग तथा अन्य संवैधानिक आयोगहरू, नागरिक समाज, मानव अधिकार समुदाय, सञ्चार जगत, अन्तर्राष्ट्रिय समुदाय तथा कुटनीतिक निकाय साथै आयोगका सदस्य, सचिव र कर्मचारीहरू सबैमा आभार व्यक्त गर्दछु । यस प्रतिवेदनको संयोजन र लेखन कार्यमा संलग्न मानव अधिकार अधिकृत कैलाशकुमार सिवाकोटी र विशेष सहयोग पुऱ्याउनुहुने मानव अधिकार अधिकृत श्यामबाबु काफ्ले, लोकनाथ बास्तोला, नवराज सापकोटा र सहायक प्रथम अनिज परियारलाई धन्यवाद दिन चाहन्छु ।

अनूप राज शर्मा

अध्यक्ष

# सङ्क्षिप्त रूप

| | | |
|---|---|---|
| अअ | – | अनुसन्धान अधिकृत |
| आव | – | आर्थिक वर्ष |
| आसासाअ | – | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार |
| इप्रका | – | इलाका प्रहरी कार्यालय |
| एअ | – | उच्च अदालत |
| ऐ | – | ऐजन |
| ऐऐ | – | ऐजन-ऐजन |
| उमनपा | – | उपमहानगरपालिका |
| उमावि | – | उच्च माध्यमिक विद्यालय |
| उवाम | – | उद्योग वाणिज्य महासङ्घ |
| एसपी | – | सुपरिटेन्डेन्ट अफ पुलिस |
| काजि | – | काठमाडौँ जिल्ला |
| कामनपा | – | काठमाडौँ महानगरपालिका |
| केका | – | केन्द्रीय कार्यालय |
| कोलेनिका | – | कोष तथा लेखा नियन्त्रण कार्यालय |
| गापा | – | गाउँपालिका |
| गाविस | – | गाउँ विकास समिति |
| गैसस | – | गैरसरकारी संस्था महासङ्घ |
| चन | – | चलानी नम्बर |
| जक | – | जबरजस्ती करणी |
| जिअ | – | जिल्ला अस्पताल |
| जिजका | – | जिल्ला जनस्वास्थ्य कार्यालय |
| जिजप्र | – | जिल्ला जनसरकार प्रमुख |
| जितका | – | जिल्ला तथ्याङ्क कार्यालय |
| जिविस | – | जिल्ला विकास समिति |
| जिशिअ | – | जिल्ला शिक्षा अधिकारी |
| जिशिका | – | जिल्ला शिक्षा कार्यालय |
| जिसस | – | जिल्ला समन्वय समिति |
| नपा | – | नगरपालिका |
| नविस | – | नगर विकास समिति |
| निआ | – | निर्वाचन आयोग |

| | | |
|---|---|---|
| निक्षेनि | – | निमित्त क्षेत्रीय निर्देशक |
| नेकपा (एमाले) | – | नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी–लेनिनवादी) |
| नेकपा (माओवादी केन्द्र) | – | नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द) |
| नेका | – | नेपाली काङ्ग्रेस |
| नेपम | – | नेपाल पत्रकार महासङ्घ |
| नेप्रम | – | नेपाल पत्रकार महासङ्घ |
| नेबाए | – | नेपाल बार एसोसिएसन |
| नेविसं | – | नेपाल विद्यार्थी सङ्घ |
| नं | – | नम्बर |
| प्रअ | – | प्रधानाध्यापक |
| प्रज | – | प्रहरी जवान |
| प्रजिअ | – | प्रमुख जिल्ला अधिकारी |
| प्रस | – | पत्र सङ्ख्या |
| प्रसनि | – | प्रहरी सहायक निरीक्षक |
| प्रह | – | प्रहरी हवल्दार |
| प्रावि | – | प्राथमिक विद्यालय |
| भूपू | – | भूतपूर्व |
| मबाका | – | महिला तथा बालबालिका कार्यालय |
| मविअ | – | महिला विकास अधिकृत |
| मा | – | माननीय |
| मावि | – | माध्यमिक विद्यालय |
| राप्रपा | – | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| रामअआ | – | राष्ट्रिय मानव अधिकार आयोग |
| रु. | – | रुपियाँ |
| लोसेआ | – | लोकसेवा आयोग |
| वप्रका | – | वडा प्रहरी कार्यालय |
| वाइसीएल | – | योङ कम्युनिस्ट लिग |
| विखाका | – | विश्व खाद्य कार्यक्रम |
| स्थाविअ | – | स्थानीय विकास अधिकारी |
| संरास | – | संयुक्त राष्ट्र सङ्घ |
| क्षेका | – | क्षेत्रीय कार्यालय |
| क्षेनि | – | क्षेत्रीय निर्देशक |
| त्रिविवि | – | त्रिभुवन विश्वविद्यालय |

# विषय-सूची


| विषय | पेज न. |
| --- | --- |
| **आयोगको बार्षिक कार्यविवरण : एक झलक** | **१-३** |
| **परिच्छेद–१** | |
| सङ्गठन | ४-६ |
| **परिच्छेद–२** | |
| मानव अधिकारको अवस्था | ७-५८ |
| **परिच्छेद – ३** | |
| आयोगद्वारा सम्पादित संरक्षणसम्बन्धी कार्यहरू | ५९-६२ |
| **परिच्छेद–४** | |
| संवर्द्धनात्मक गतिविधिहरू | ६३-६४ |
| **परिच्छेद–५** | |
| महाशाखा, शाखा र एकाइबाट सम्पन्न भएका कार्यहरू | ६५-८८ |
| **परिच्छेद–६** | |
| आयोग र सरोकारवाला निकायहरूबीच सम्बन्ध | ८९-९५ |
| **परिच्छेद–७** | |
| उपलब्धि, चुनौती, समाधानका सम्भावित उपाय र भावी कदमहरू | ९६-१०५ |
| **अनुसूचीहरू** | **१०६-३३६** |

# आयोगको वार्षिक कार्य-विवरण: झलक

| क. स. | कामको प्रकृति | सङ्ख्या | विषय | कैफियत |
|---|---|---|---|---|
| **१. मानव अधिकार संरक्षण** | | | | |
| १.१ | उजुरी | २१० | • राजनीतिक तथा नागरिक अधिकार–न्याय-प्रशासन, हत्या, बेपत्ता, अपहरण, कारागार/गैरन्यायिक थुना, धम्की,<br>• आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार–स्वास्थ्य, शिक्षा र रोजगारीको हक<br>• यातनाविरुद्धको अधिकार, दुरव्यवहार<br>• महिला अधिकार<br>• बाल अधिकार<br>• अपाङ्गता भएका व्यक्तिहरूको अधिकार<br>• जातीय विभेदविरुद्धको अधिकार<br>• व्यक्ति बेपत्ता पार्ने कार्यविरुद्धको अधिकार<br>• आप्रवासी कामदार र तिनका परिबारको अधिकार<br>• अन्य–ज्येष्ठ नागरिकको अधिकार, शरणार्थीको अधिकार, मानव बेचबिखन आदि | |
| १.२ | अनुगमन | ३५० | • राजनीतिक तथा नागरिक अधिकार–समग्र मानव अधिकार अवस्था, स्थानीय तह निर्वाचन र मानव अभिकार, कैदीबन्दीहरूको अधिकार, कारागार तथा हिरासतको अवस्था, गैरकानुनी थुना आदि<br>• आर्थिक, समाजिक तथा सांस्कृतिक अधिकारमा मुक्त हलियाहरूको अवस्था, अस्पताल एवम् स्वास्थ्य अवस्था, उपभोक्ताको अधिकार, प्राकृतिक प्रकोप (बाढी-पहिरो/भूकम्प) बाट विस्थापितहरूको अधिकार आदि | |

| | | | | |
|---|---|---|---|---|
| | | | • जेष्ठ नागरिक, महिला, बालबालिका, आदिवासी जनजाति, अल्पसङ्ख्यक/सीमान्तकृत समुदायहरू, अपाङ्गता भएका व्यक्तिको अधिकार, आप्रवासी कामदारहरूको अवस्था र मानव बेचबिखनको अवस्था आदि | |
| १.३ | अनुसन्धान | २२० | • नागरिक तथा राजनीतिक अधिकार– जीवनको अधिकार, यातना, बेपत्ता<br>• आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार– विस्थापित, पुनःस्थापना, सम्पत्ति लुटपाट, क्षतिपूर्ति,<br>• महिला, बालबालिकाको अधिकार आदि | |
| १.४ | निणर्य/सिफारिस | २०१ | राजनीतिक तथा नागरिक अधिकार, न्याय-प्रशासन, अपहरण, विस्थापित, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार, यातना, जातीय विभेद, महिला अधिकार | |
| **२.** | **मानव अधिकार प्रवर्द्धन** | | | |
| २.१. | प्रशिक्षण, अन्तर्क्रिया, छलफल, गोष्ठी, तालीम, सचेतना, प्रभातफेरि, प्रदर्शनी आदि | ३६९ | शान्तिसुरक्षा र मानव अधिकार, निर्वाचन र मानव अधिकार, बेपत्ता पारिएका व्यक्तिको अधिकार, सङ्क्रमणकालीन न्याय, खाद्य अधिकार, नेपाल सरकारको चौथो राष्ट्रिय मानव अधिकार कार्ययोजना, नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार, बाल अधिकार, महिला अधिकार, अपाङ्गता भएका व्यक्तिको अधिकार, ज्येष्ठ नागरिकको अधिकार, अल्पसङ्ख्यको अधिकार, उपभोक्ताको अधिकार, आप्रवासी कामदारको अधिकार, सामूहिक अधिकार, प्रतिवेदन लेखन आदि | |
| २.२ | समन्वय र सहकार्यमा संवर्द्धनसम्बन्धी कार्यक्रम | ३० | भूकम्प र मानव अधिकार, खाद्य अधिकार, मानसिक स्वास्थ्य, सङ्क्रमणकालीन न्याय, बाल अधिकार आदि | |
| २.३ | विशेषज्ञ सेवा (स्रोत व्यक्ति) | ८४ | सरकारी तथा मानव अधिकारको क्षेत्रमा कार्यरत सङ्संस्थाबाट आयोजित कार्यक्रम | |

| | | | | |
|---|---|---|---|---|
| २.४ | अथिति/ अन्य कार्यक्रममा सहभागी | ४०४ | सरकारी तथा मानव अधिकारको क्षेत्रमा कार्यरत सङ्संस्थाबाट आयोजित कार्यक्रम | |
| **३. प्रकाशन** | | | | |
| ३.१ | नियमित प्रतिवेदन | १ | वार्षिक प्रतिवेदन | |
| ३.२ | विषयगत प्रतिवेदन/पुस्तिका | १३ | Selected Decision of The NHRC, Nepal, Trafficking in Persons National Report 2015/2016, मानव अधिकारसम्बन्धी जान्नुपर्ने कुराहरू, मानव अधिकारसम्बन्धी महत्त्पूर्ण निर्णयहरू, मानव अधिकार उल्लङ्घनसम्बन्धी राष्ट्रिय जाँचबुझ निर्देशिका, राष्ट्रिय मानव अधिकार कार्ययोजनाको अवस्था, भूकम्प प्रभावितहरूको मानव अधिकारको अवस्थाबारेमा तेस्रो अनुगमन अवस्था, रणनीतिक योजना आदि | |
| ३.३ | जर्नल | १ | मानव अधिकार संवाहक | |
| ३.४ | प्रेस विज्ञप्ति र प्रेस नोट | ३७ र १३ | विभिन्न घटनाको अनुसन्धान, दोषीउपर कारबाही, बालअधिकारको सम्मान, बेपत्ता पारिएकाहरूको अवस्था सार्वजनिक, सडक दुर्घटनातर्फ सचेत हुन, कारागार सुधार, सप्तरीको दुखद घटनाप्रति ध्यानाकर्षण, भूकम्प पीडितको उचित बसोबास, स्थानीय तह निर्वाचन अनुगमन, ट्राफिक प्रहरीसँग समसामयिक गुनासा, डुबान र बाढी पीडितको उद्धार, दण्डहीनता आदि | |
| ३.५ | पत्रकार सम्मेलन | २ | बिस्तृत शान्ति सम्झौता र मानव अधिकार अवस्था र स्थानीय निर्वाचन २०७४ | |
| **४. मानव संसाधन** | | | | |
| ४.१ | अध्यक्ष/सदस्य | १/४ | | |
| ४.२ | कर्मचारी | २१० | आयोगका सम्पूर्ण कार्यालयमा कार्यरत | |

# परिच्छेद–१
# सङ्गठन

## पृष्ठभूमि

आधुनिक मानव अधिकारको विकास दोस्रो विश्वयुद्धपछि भएको हो, तर राष्ट्रिय र क्षेत्रीय स्तरमा यसको विकास त्यसभन्दा अगाडि भएको मानिन्छ। नेपालमा मानव अधिकारका विषयहरू नेपाल सरकार वैधानिक कानुन, २००४ बाट सम्बोधन भएको मान्न सकिन्छ। नेपाल अधिराज्यको संविधान, २०१५ तथा नेपालको संविधान, २०१९ मा मौलिक हकको रूपमा मानव अधिकारका आधारभूत तर सीमित प्रावधान राखिएका थिए। यद्यपी प्रत्यक्षरूपमा मानव अधिकारको संरक्षण र संवर्द्धन सम्बन्धमा कार्यान्वयनसम्बन्धी संयन्त्रको विकास गरिएको थिएन। यसै बीचमा पहिलो जननिर्वाचित सरकारलाई अपदस्थ गरी २०१७ मा राजतन्त्रात्मक पञ्चायती शासन व्यवस्था लागू गरियो। करिब ३० वर्षसम्म चलेको सो शासन-व्यवस्थामा दलीय स्वतन्त्रामाथि बन्देज लगाइएकोले मानव अधिकार प्रचलनको अवस्था असम्भव बनाइएको थियो। त्यस विषम परिस्थितिमा पनि न्यायिक निकायबाट मानव अधिकारको संरक्षण एवम् संवर्द्धन हुने प्रकृतिका फैसलाहरू भने भएका थिए।

पञ्चायती व्यवस्थाको अन्त्यपछि जारी नेपाल अधिराज्यको संविधान, २०४७ को प्रस्तावनामा पहिलो पटक मानव अधिकारको विषयलाई समावेश गरियो। त्यसपछि नेपालको अन्तरिम संविधान, २०६३ र वर्तमान संविधानमा पनि यसले निरन्तरता पाएको छ। नेपालको संविधानको मौलिक हकसम्बन्धी भागमा विगतका संविधानमा उल्लेख भएका अधिकारसहित थप आर्थिक तथा सामाजिक अधिकारहरूलाई प्राथमिकताका साथ समावेश गरिएको छ। मौलिक अधिकारको प्रचलनमा अवरोध आएको खण्डमा न्यायिक निकायबाट उपचार पाउने स्पष्ट व्यवस्था संविधानमा नै गरिएको छ।

नेपाल अधिराज्यको संविधान जारी भएको तिन वर्षपछि सन् १९९३ मा भियनामा मानव अधिकारको विश्व सम्मेलन सम्पन्न भयो। नेपालको समेत सहभागिता रहेको उक्त सम्मेलनले घोषणापत्र तथा कार्ययोजना जारी गर्दै संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्रहरूलाइ स्वतन्त्र र स्वायत्त मानव अधिकारसम्बन्धी राष्ट्रिय निकाय स्थापना गर्न आह्वान गऱ्यो। उक्त आवाजसँगै नेपालमा मानव अधिकार आयोग गठन हुनुपर्ने आवाज प्रत्येक दिन घनिभूत हुँदै गयो। परिणामः सो सम्बन्धमा तत्कालीन प्रतिनिधि सभाका सदस्यहरूबाट संसद्मा प्राइभेट विधेयकको रूपमा मानव अधिकार आयोग विधेयक पेश भयो र वि.सं. २०५३

सालमा मानव अधिकार आयोग ऐन जारी भयो । ऐन जारी भए पनि तत्काल मानव अधिकार आयोग गठन हुन सकेन । आयोग गठनको माग गर्दै मानव अधिकारकर्मी, कानुन-व्यवसायी, सञ्चारजगत्, नागरिक समाज, बौद्धिक समुदाय तथा पेसागत सङ्घसङ्गठनहरूले सशक्त आन्दोलन समेत गरे । अन्तमा सर्वोच्च अदालतले समेत आयोग गठन गर्न सकरकारको नाममा परमादेश जारी गऱ्यो । उल्लिखित पहलहरूको परिणाम २०५७ साल जेठ १३ गते राष्ट्रिय मानव अधिकार आयोगको स्थापना भयो । उक्त आयोग नेपालको अन्तरिम संविधान, २०६३ द्वारा संवैधानिक अङ्गको रूपमा स्तरोन्नति भयो । नेपालको संविधानले पनि उक्त व्यवस्थालाई निरन्तरता दिएको छ ।

संविधानको धारा २४८ बमोजिम गठित वर्तमान आयोगको धारा २४९ मा कार्यादेश तोकिएको छ । सो कार्यादेश बमोजिम आयोगले वर्षभरी गरेका कार्यहरूको वार्षिक प्रतिवेदन पेश गर्ने दायित्व धारा २९४ मा उल्लेख छ । उल्लिखित व्यवस्थाबमोजिम आयोगले आव २०७३-०७४ मा गरेका काम कारवाहीहरूको विवरणलाई समेटि यो प्रतिवेदन तयार गरी सम्मानीय राष्ट्रपतिसमक्ष पेश गरिएको छ । आयोगले यो प्रतिवेदन सङ्घीय संसद्मा समेत पेश भइ छलफल हुने अपेक्षा समेत राखेको छ ।

**सङ्गठन**

मानव अधिकारसम्बन्धी निकायहरूको गठन, स्वतन्त्रता तथा स्वायत्ततासम्बन्धी अन्तर्राष्ट्रिय मार्गदर्शन १९९३ (जसलाई पेरिस सिद्धान्त भनिन्छ) र नेपालको संवधानको धारा २४८ र २९३ अनुरूप स्थापित राष्ट्रिय मानव अधिकार आयोग एक स्वतन्त्र र स्वायत्त निकाय हो । आयोगमा अध्यक्ष १ र ४ जना सदस्य गरी ५ जना पदाधिकारी रहने प्रावधान छ । आयोगकाकेन्द्रीय १, क्षेत्रीय ५ र उपक्षेत्रीय ३ गरी ९ वटा कार्यालय क्रियाशील छन् । आयोगका सबै कार्यालयका लागि ३०९ जना कर्मचारीको दरबन्दी रहेकोमा यस आवमा कर्मचारी सङ्ख्या २१३ रहेको छ । यस आवमा आयोगमा कार्यरत आयोगका पदाधिकारी र कर्मचारीहरूको विवरण र आयोगको साङ्गठनिक संरचना क्रमशः अनुसूची १ र २ मा संलग्न गरिएको छ ।

**आयोगको काम, कर्तव्य र अधिकार**

नेपालको संविधानको धारा २४९ मा 'मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य हुनेछ' भनी उल्लेख गरिएको छ । मानव अधिकारको संवर्द्धन र संरक्षण गर्नु राज्यको प्राथमिक दायित्व मानिन्छ । राज्यले मानव अधिकार संरक्षण र संवर्द्धनको दायित्व सन्तोषजनक रूपमा निर्वाह नगरेको अवस्थामा आयोगले मानव अधिकारको संरक्षण र संवर्द्धनको निमित्त राज्यलाई सजग र उत्तरदायी बनाउन प्रयत्नशील रहिआएको छ । आयोगले संविधान र ऐनमा

तोकिएको क्षेत्राधिारभित्र रही आफ्ना गतिविधि सञ्चालन गर्दै आएको छ, जसमा उजुरी ग्रहण र व्यवस्थापन, मानव अधिकार उल्लङ्घनका दोषीउपर कारबाही तथा मुद्दा चलाउन सिफारिसलगायतका कार्यहरू रहेका छन् । मानव अधिकारको संवर्द्धनको सम्बन्धमा आयोगले सचेतना अभिवृद्धि गर्ने, तालिम, प्रशिक्षण दिने, गोष्ठी तथा सभा-सम्मेलनमार्फत वकालती कार्यक्रम आयोजना गर्ने, नागरिक समाजसँग समन्वय र सहकार्यसमेतका काम गर्ने गर्दछ। आयोगले मानव अधिकारसँग सम्बन्धित कानुन निर्माण तथा संशोधन गर्न र अन्तर्राष्ट्रिय सन्धि-सम्झौताको नेपाल पक्ष बन्नुपर्ने कारणसहित सरकारसमक्ष सिफारिस गर्दछ। आयोगका सिफारिस कार्यान्वयन नगर्ने पदाधिकारी वा व्यक्तिको नाम आयोगले सार्वजनिक गर्न सक्ने संवैधानिक व्यवस्था रहेको छ ।

# परिच्छेद—२

# मानव अधिकारको अवस्था

**मानव अधिकारका अन्तर्राष्ट्रिय संयन्त्रसम्बन्धी**

नेपाल मानव अधिकारसँग सम्बन्धित महत्त्वपूर्ण विभिन्न महासन्धिहरूको पक्षराष्ट्र हो। हालसम्म नेपालले मानव अधिकार र मानवीय कानुनसँग प्रत्यक्षतः सम्बन्धित अन्तर्राष्ट्रिय र क्षेत्रीय गरी ५९ वटा महासन्धि/सन्धिको पक्षराष्ट्र बनेको छ।[1] जसमध्ये संयुक्त राष्ट्रसङ्घीय मानव अधिकारसम्बन्धी २२, मानवीय कानुनसम्बन्धी ७, वातावरण सम्बन्धी १४, श्रमसम्बन्धी १२ र क्षेत्रीय तहमा (सार्क) बालबालिका, मानव बेचबिखन तथा ओसारपसार, खाद्य र वातावरण गरी ४ रहेका छन्। महासन्धिको अनुमोदनपश्चात् सरकारबाट सम्बन्धित समितिहरूमा पेश गर्नुपर्ने प्रतिवेदनहरू समय-समयमा पेस हुँदै आएका छन्। प्रतिवेदनको छलफलपछि प्राप्त सुझावहरूको कार्यान्वयनमा सरकारबाट पहल पनि भएको छ। व्यक्तिगत रूपमा संयुक्त राष्ट्रिय मानव अधिकार समितिमा पीडितहरूबाट परेका उजूरीहरूउपर समितिले दिएका सिफारिसहरू कार्यान्वयनको पहल भएको छ। यसक्रममा केही पीडितहरूले क्षतिपूर्ति प्राप्त गरेका छन्। मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षाबाट प्राप्त सुझावहरू कार्यान्वयन गर्ने सन्दर्भमा पनि सरकारबाट काम भइरहेको बुझिएको छ। महासन्धिअनुरूप कानुनहरूलाई घरेलुकरण तथा नीति र कार्ययोजनाहरूको तर्जुमा गर्ने कार्य पनि भएका छन्। संविधानमा मानव अधिकार संरक्षणका लागि संरचनागत व्यवस्थासमेत गरिएको छ। यस अवस्थामा मानव अधिकारको राज्यको अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई समग्रमा सन्तोषजनक रूपमा लिन सकिन्छ।

उल्लिखित सकारात्मक पहलका बाबजुद् नेपालले संयुक्त राष्ट्रसङ्घीय प्रमुख ९ मध्ये ७ महासन्धि मात्र अनुमोदन गरेको अवस्था छ। महासन्धिहरूको अनुमोदनपछि सरकारले तोकिएको अवधिमा बुझाउनुपर्ने कुनै पनि आवधिक प्रतिवेदनहरू समयमा बुझाउन सकेको छैन। राष्ट्रसङ्घीय यातनाविरुद्धको समितिमा प्रत्येक ४-४ वर्षमा पेस गर्नुपर्ने प्रतिवेदन सन् २००४ पछि पेस भएको छैन। प्रत्येक २-२ वर्षमा पेस हुनुपर्ने जातीय विभेदविरुद्धको

[1]बिस्तृत जानकारीको लागिः List of Multilateral Treaties to which Nepal is a party and A sighatory; Government of Nepal, Ministry of Law, Justice, Constituent Assembly and Parliamentary Affairs; July 2014 चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजना (२०७१ साउन) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं।

महासन्धिको कार्यान्वयन अवस्थासम्बन्धी प्रतिवेदनको पनि सोही अवस्था भएकोमा १७ औं देखि २३ औं प्रतिवेदन सन् २०१७ मा एकैपटक संयुक्त रूपमा बुझाएको छ। यस विषयमा आयोगले सरकारको ध्यानाकर्षण गराउँदै आएको छ। अन्य महासन्धिहरूमा पनि तोकिएको अवधिमा प्रतिवेदन समयमा नै पेश हुन सकेको छैन।

## मानव अधिकार राष्ट्रिय कार्ययोजना

मानव अधिकारका मुद्दालाई सम्बोधन गर्न सरकारले मानव अधिकार राष्ट्रिय कार्ययोजना बनाई कार्य गर्दै आएको छ। पहिलो मानव अधिकार राष्ट्रिय कार्ययोजनामा सरकारले ७ वटा, दोस्रोमा १२ वटा र तेस्रोले १७ वटा मन्त्रालयलाई जिम्मेवार निकायको रूपमा राखेको थियो। हाल चौथो (आव २०७१/२०७२ देखि २०७५/२०७६) कार्ययोजना कार्यान्वयनमा छ। यस कार्ययोजनाको कार्यान्वयनको सन्दर्भमा नेपाल सरकारका सबै मन्त्रालयहरूलाई जिम्मेवार बनाइएको छ। कार्ययोजनामा १८ वटा विभिन्न विषयवस्तुहरू समेटिएका छन्। समावेश गरिएका विषयहरूमा शिक्षा, स्वास्थ्य, पोषण तथा जनसङ्ख्या, श्रम तथा रोजगार, संस्कृति, कानुनी तथा न्याय-प्रशासन, वातावरण र दिगो विकास रहेका छन्। त्यसै गरी महिला, अपाङ्गता, ज्येष्ठ नागरिक र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक र नेपालको अन्तर्राष्ट्रिय दायित्वको कार्यान्वयनलाई पनि समावेश गरिएको छ। यसअलवा खाद्य सुरक्षा, सङ्क्रमणकालीन न्याय र द्वन्द्व पीडित, मानव अधिकार शिक्षा, समावेशी विकास, बालबालिका, आवासलाई समेटिएको छ। सामाजिक सेवा र सुरक्षा, सर्वोच्च अदालतको फैसला र राष्ट्रिय मानव अधिकारको सिफारिस कार्यान्वयन, हिरासत तथा कारागार सुधार र संस्थागत सुदृढीकरण लगायतका विषयहरू पनि समाविष्ट छन्। कार्ययोजनाको कार्यान्वयन र अनुगमनको लागि केन्द्रमा मुख्य सचिवको अध्यक्षतामा मानव अधिकार राष्ट्रिय कार्ययोजना केन्द्रीय कार्यान्वयन तथा अनुगमन समिति र प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला स्तरीय कार्यान्वयन तथा अनुगमन समिति गठन गरिएको छ। दुवै कार्यान्वयन तथा अनुगमन समितिको बैठक प्रत्येक ३ महिनामा एकपटकका दरले एक पटक नघटाई आवश्यकताअनुसार बस्ने व्यवस्था पनि कार्ययोजनाले गरेको छ। यस सम्बन्धमा आयोगले गरेको अनुगमनबाट[2] कार्ययोजना कार्यान्वयनको अवस्थामा विगतको तुलनामा केही सुधारका सूचकहरू देखिएका छन्। समग्रतामा साक्षरता दरमा वृद्धि, नागरिकका अधिकारहरू र आफ्नो दायित्वप्रति सरकारका निकायहरू सजग हुँदै गएको अवस्था छ। मानव अधिकार शिक्षामा व्यापकता, वातावरण र विकासमा सचेतना वृद्धि, घरेलु तथा महिला हिंसाका घटनाहरूको उजागर र त्यसप्रकारका घटना सम्बन्धमा सरकारी निकायहरूको सजगतामा

2 विस्तृत जानकारीको लागि : नेपाल सरकारको मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन अवथा, अनुगमन प्रतिवेदन, २०७३ फागुन, राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवन, ललितपुर, नेपाल

वृद्धि, द्वन्द्व-पीडितहरूले सरकारबाट केही मात्रामा भएपनि अन्तरिम राहत प्राप्ति एवम् संस्थागत सुधारका कामहरूले गति लिँदै गएको अवस्था देखिएको छ। कार्ययोजनाको प्रभावकारी कार्यान्वयन हुन सकेमा खास गरी आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार तथा समानता र भेदभावविरुद्धको अधिकार संरक्षणमा महत्त्वपूर्ण उपलब्धि हुने देखिन्छ।

उल्लिखित अवस्थामा आयोगले ५७ भन्दा बढी जिल्लमा गरेको अनुगमनबाट भने यस कार्ययोजनाको कार्यान्वयन पक्ष सन्तोषजनक देखिएको छैन। प्रमुख जिल्ला अधिकारी संयोजक रहेको मानव अधिकार राष्ट्रिय कार्ययोजनाको बारेमा आयोगले अनुगमन गरेका अधिकाँश जिल्लाका प्रमुख जिल्ला अधिकारीहरू नै अनविज्ञ रहेको पाइएको थियो। जिल्ला समितिमा रहने अन्य पदाधिकारीहरूको समेत सोही अवस्था रहेको पाइएको छ। जानकारी भएका प्रमुख जिल्ला अधिकारीहरूबाट पनि समयमा नै कार्यान्वयन र अनुगमनसम्बन्धी बैठक बस्ने र सम्बन्धित निकायमा प्रतिवेदनसमेत पठाउने गरिएको पाइएन। मुख्य सचिवको संयोजकत्वमा रहेको केन्द्रीय कार्यान्वयन समितिको बैठक प्रत्येक ३ महिनामा एक पटक हुनुपर्ने भएपनि यस आवमा एक पटक पनि बस्न सकेको पाइएन।

## निर्वाचन र मानव अधिकार

आवधिक निर्वाचन कानुनी शासन र मानव अधिकारको आधार स्तम्भ हो। नागरिक तथा राजनीतिक अधिकारको उपयोग र उपभोग तथा आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको सहज उपभोगको ढोका खोल्ने प्रमुख माध्ययम हो। जनताद्वारा, जनताको लागि, जनताले नै शासन सञ्चालनको लागि आफ्ना प्रतिनिधि छनौट गर्ने माध्यम निर्वाचन हो। जसले नागरिकको सार्वभौमसत्ताको प्रयोगको आधार र अभिमत प्रकट गर्दै सरकारलाई वैधानिकता प्रदान गर्दछ। यसलाई मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा २१, नागरिक तथा राजनीतिक अधिकार विषयक अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा २५, महिलाविरुद्ध सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १९७९ को धारा ७, सबै प्रकारका जातीय विभेद निर्मूलन गर्ने अन्तर्राष्ट्रिय महासन्धि १९६५ अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ र महिलाको राजनीतिक अधिकारसम्बन्धी महासन्धि १९५२ जस्ता अन्तर्राष्ट्रिय महासन्धिहरूले मान्यता प्रदान गरेका छन्। यस्तै राष्ट्रिय रूपमा नेपालको संविधानको प्रस्तावना, धारा २२१ देखि २२७, निर्वाचन आयोग ऐन-२०७३, निर्वाचन (कसुर तथा सजाय) ऐन २०७३, मतदाता नामावलीसम्बन्धी ऐन २०७३, स्थानीय तह निर्वाचन ऐन, २०७३,निर्वाचन आयोग नियमावली २०७३, स्थानीय तह निर्वाचन नियमावली (पहिलो संशोधन) २०७३, स्थानीय तह निर्वाचन आचारसंहिता २०७३ समेतले मान्यता दिएका छन्। जसको आधारमा नेपालमा यस आवमा करिब २० वर्षपछि स्थानीय तहको निर्वाचन प्रक्रिया सम्पन्न भएको छ।

वि.स. २०५४ सालपछि  विभिन्न बहानामा हुन नसकेको स्थानीय निर्वाचन यस आवको वैशाख ३१ र असार १४ गरी २ चरणमा प्रदेश नं. २ बाहेक ६ ओटा प्रदेशमासम्पन्न भयो। प्रदेश नं. २ मा असोज २ गते तेसो चरणमा सम्पन्न गर्नेगरी  निर्वाचनको मिति तोकी सकिएको छ। सङ्घीय शासन-प्रणालीअन्तर्गत सम्पन्न निर्वाचन र यस प्रणालीलाई कार्यान्वयनमा लैजाने पहिलो पाइलाको रूपमा रहेकोले यो निर्वाचन विगतका स्थानीय निर्वाचनभन्दा विशेष प्रकृतिको रह्यो। यस आवमा सम्पन्नस्थानीय तहको निर्वाचनलाई आयोगले मानव अधिकारका दृष्टिकोणबाट अनुगमन गरेको थियो। अनुगमनको लागि आयोगबाट मानव अधिकार अवस्थाको अनुगमनका लागि विभिन्न सूचकहरू निर्माण गरिएको थियो।सूचकमा उम्मेदवार/दलहरूले स्वतन्त्र रूपमा निर्वाचनसम्बन्धी गतिविधि गर्न पाए-नपाएको, निर्वाचन क्षेत्रमा आवत-जावतको स्वतन्त्रता रहे-नरहेको, आमसभा तथा जुलुस गर्न पाए-नपाएको, उम्मेदवारहरूले निर्वाचन प्रयोजनका लागि बालबालिकाको प्रयोग भए-नभएको, मतदान-केन्द्र उपर्युक्त स्थानमा भए-नभएको, मतदाताहरूको मतदान-केन्द्रसम्मको निर्वाध आवागमन रहे-नरहेको, मतदान-केन्द्रको वातावरण, मतदाताले आफ्नो मत गोप्य रूपमा प्रयोग गर्न पाए-नपाएका विषय समावेश थिए। त्यसै गरी बल प्रयोग गरी वा डर, धाक, त्रास देखाई मतदानस्थल आफ्नो कब्जामा लिने वा मतपत्र/मतपेटिका वा मतदान सामग्री जबर्जस्ती आफ्नो नियन्त्रणमा लिने, बिगार्ने तथा नष्ट गर्ने कार्य भए-नभएको विषय पनि उल्लेख थिए। यसका साथै ज्येष्ठ नागरिक, महिला, अपाङ्ग, अशक्त तथा दृष्टिविहीन लगायतका मतदाताहरूलाई मतदान गर्नको लागि विशेष व्यवस्था, खानेपानी वा शौचालयको व्यवस्था भए-नभएको, पर्यवेक्षहरूको पहुँच रहे-नरहेको लगायतका विषयहरू समावेश गरिएको थियो।

उल्लिखित सूचकहरूलाई प्रमुख आधार मानि गरिने अनुगमन कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन आयोगका सदस्य मोहना अन्सारीको संयोजकत्वमा मानव अधिकार अनुगमन तथा समन्वय समिति गठन गरिएको थियो। समितिले विषयविज्ञ एवम् सरोकारवालाहरूसँग छलफल गरी आवश्यक सल्लाह-सुझाव लिई अनुगमन कार्य अगाडि बढाएको थियो। निर्वाचनका विविध पक्षलाई मध्यनजर राखी राष्ट्रिय मानव अधिकार आयोग र निर्वाचन आयोगबीच एक समझदारीपत्रमा हस्ताक्षर भएको थियो। आयोगका अध्यक्ष, पूर्व-अध्यक्ष, सदस्यहरू रसचिवसहितको उच्चस्तरीय टोलीले मानव अधिकारको दृष्टिकोणबाट निर्वाचनको अनुगमन गरेको थियो। केन्द्र, क्षेत्र र उपक्षेत्रबीच समन्वय गरी अधिकृतस्तरीय टोली खटिएका थिए। राष्ट्रिय दलित आयोग र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानसँग धनकुटालगायतका जिल्लामा संयुक्त अनुगमन भएको थियो। दुवै चरणको स्थानीय तहको निर्वाचनको क्रममा निर्वाचन र मानव अधिकारका सवालमा आधारित रही ब्रोसर वितरण, स्थानीय एफएम रेडियोहरूबाट निर्वाचन र मानव अधिकारसम्बन्धी जिङ्गल

नेपाली र स्थानीय भाषाहरूमा समेत उत्पादन गरी प्रशारण गरिएको थियो। अधिकाँश स्थानमा उम्मेदवारले स्वतन्त्रपूर्वक प्रचार-प्रसार गर्न पाएका भएपनि नवलपरासी लगायतका जिल्लाहरूमा उम्मेद्वारहरूलाई लिखित धम्की दिएको पाइएको थियो। आयोगका सदस्यको नेतृत्वमा रहेको टोली नवलपरासीमा स्थानीय राजपाबाट राप्रकाका उम्मेद्वारलाई लिखित धम्की दिएको तथ्य फेला परेको थियो। दोस्रो चरणको निर्वाचनको लागि तोकिएको असार १४ को मिति वर्षा र प्राकृतिक प्रकोप आदि कारणबाट निर्वाचनको लागि उपयुक्त समय थिएन। कतिपय मतदान केन्द्रहरू साँघुरो स्थानमा रहेको, बत्ती, खाने पानीको व्यवस्था नभएको स्थानमा राखिएको थियो। स्थानीय निर्वाचनको अवधिको मानव अधिकार अवस्था सम्बन्धी अन्य विस्तृत जानकारी स्थानीय तह निर्वाचनसम्बन्धी प्रतिवेदन २०७४ मा उल्लेख गरिनेछ।

## संविधान कार्यान्वयनको अवस्था

संविधान निर्माण प्रक्रियाको महत्वपूर्ण पाटो स्थानीय तह, प्रदेश र सङ्घीय संसद्को निर्वाचन हो। यस आवमा संविधान निर्माण प्रकृयाको सन्दर्भमा सकारात्मक संकेतहरू देखिएका छन्। यस आवमा स्थानीय तहको २ चरणको निर्वाचन सम्पन्न भइ तेस्रो चरणको निर्वाचन असोज २ गतेलाई तोकिएको छ। संवैधानिक व्यवस्थाबमोजिम प्रदेश र सङ्घीय संस्दको निर्वाचनको समेत तयारी भइरहेको छ। यससम्बन्धी आवश्यक कानुनहरू निर्माण भइरहेका छन्। वर्तमान अवस्थाले संविधानमा तोकिएको समय माघ ७ गतेभित्र नै निर्वाचन सम्पन्न हुने वातावरण निर्माण भएको छ प्रदेश तथा प्रतिनिधि सभा निर्वाचनको सन्दर्भमा पनि सकारात्मक वातावरण निर्माण भएको छ। संविधान कार्यान्वयनको सन्दर्भमा निर्वाचनसम्बन्धी केही कानुनहरू निर्माण भएका र केही निर्माणको क्रममा रहेका छन्। सरकारबाट मानव अधिकारसँग सम्बन्धित विषयगत संवैधानिक आयोगहरूको स्थापनाको लागि कानुन व्यवस्थापिका संसद्समक्ष पेश भइसकेको छ। व्यवस्थापिका संसद्बाट २०७३ फागुनमा केही नेपाल ऐन संशोन गर्ने विधेयक प्रस्तुत गरी १९३ वटा ऐनहरूमा संशोधन गरिएको छ। अन्य थुप्रै विधेयकहरूको मस्यौदा पनि भएको छ। उल्लिखित अवस्थामा संविधान जारी हुँदा देखि नै तर संविधानको धारा ४७ बमोजिम तीन वर्षभित्र निर्माण गरिसक्नुपर्ने कानुनहरूको निर्माणको अवस्था सन्तोषजनक हुन सकेको छैन। संविधानप्रति असहमति राख्दै आएका विशेष गरी मधेश केन्द्रित दलहरूको माग सम्बोधनको विषयमा निष्कर्षमा पुग्नुपर्ने अवस्था छ। त्यसकोलागिव्यवस्थापिका संसद्मा पेश भएको दोस्रो संविधान संशोधन प्रस्तावले केही परिणाम दिने अपेक्षा गर्न सकिन्छ । यसै अवधिमा मधेश केन्द्रित दलहरूबाट पनि स्थानीय निर्वाचनमा भाग लिने कार्यको शुरुवात भएको छ। यस अवस्थाले संविधान कार्यान्वयनको सन्दर्भमा सकारात्मक सङ्केतहरू देखापरेको भन्न सकिने अवस्था छ। तथापिसंविधान कार्यान्वयनका चुनौतीहरूप्रति त्यतिकै गम्भीर हुन जरुरी छ।

## विषयगत अधिकारहरू

## नागरिक तथा राजनीतिक अधिकार

### (क) जीवनको अधिकार

मर्यादित रूपमा जीवनयापन गर्न पाउनु हरेक व्यक्तिको नैसर्गिक अधिकार हो। मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ३ ले प्रत्येक व्यक्तिलाई जीवनको अधिकार र वैयक्तिक स्वतन्त्रताको हकको प्रत्याभूति गरेको छ। त्यसै गरी नेपाल पक्ष भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा ६ मा प्रत्येक व्यक्तिलाई जीवनको अधिकार प्रत्याभूति गर्दै स्वेच्छाचारी ढङ्गले कसैको पनि जीवन हरण गर्न नपाइने व्यवस्था उल्लेख गरिएको छ। सोही अनुबन्धको दोस्रो ऐच्छिक आलेख, १९८९ मा मृत्युदण्ड उन्मूलनसम्बन्धी व्यवस्थाहरू रहेका छन्। नेपालकोसंविधानले वैयक्तिक स्वतन्त्रताको अधिकारलाई मौलिक अधिकारको रूपमा स्थापित गरेको छ।

यी प्रावधानका बाबजुद नागरिकको जीवनको अधिकार पूर्णतः सुरक्षित हुन सकेको छैन। यस आवमा ७ जनाको जीनको अधिकार समाप्त भएको छ। नेकपा (एमाले)-द्वारा राजविराजमा २०७३ फागुन २३ गते आयोजित कार्यक्रममा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा र सुरक्षाकर्मीबीचको झडपको क्रममा प्रहरीले चलाएको गोली लागी ४ जनाको ज्यान जानुको साथै दर्जनौं व्यक्तिहरू घाइते भएका थिए। सो घट्नाको सम्बन्धमा आयोगले सर्वोच्च अदालतका पूर्वन्यायधीशको अध्यक्षतामा टोली गठन गरी अनुसन्धान कार्य अगाडि बढाएको अवस्था छ। यस्तै स्थानीय तहको निर्वाचनको क्रममा ३ जनाको जीवनको अधिकार समाप्त भएको छ।

यो वर्ष आयोगले द्वन्द्वकालमा सुरक्षाकर्मी तथा विद्रोही पक्षबाट समेत जीवनको अधिकार उल्लङ्घन भएका उजुरीहरूलाई प्राथमिकतामा राखेर अनुसन्धान सम्पन्न गरी आयोगसमक्ष सिफारिस गरिएको छ। काठमाडौँको नेपालटारस्थित सडक नालीमा परी बगाएर मृत्यु भएकी बालिकाको सम्बन्धमा आयोगले स्वविवेकीय उजुरी लिई अनुसन्धानको थालनी गरेको छ।स्थानीय तह निर्वाचको क्रममा भएका जीवनको अधिकारसँग सम्बन्धित घटनाहरूको समेत अनुसन्धान चलिररहेको छ। मेलम्ची खानेपानीको पाइप बिछ्याउँदा ढिस्कोले पुरी मृत्यु भएको सम्बन्धमा आयोगले स्वविवेकीय उजुरी लिई अनुसन्धान प्रारम्भ गरेको छ। वर्षात्को समयमा रौतहटमा सडकको नालीमा परी मृत्यु भएका बालिकाहरूको सम्बन्धमा पनि आयोगले अनुसन्धान थालनी गरेको छ।

नेपालमा अझै पनि घरेलु हिंसाको कारण महिलाहरूले ज्यान गुमाउनुपरेको अवस्था र विविध कारणहरूबाट आत्महत्याका घटनाहरू अत्यधिक रहेका पाइएको छ। वैदेशिक रोजगारीमा गएका नेपालीमाथिको हिंसा, कामको सिलसिलामा दुर्घटना, उचित स्वास्थ्योपचारको

अभावजस्ता कारण मृत्यु हुने घटनाहरूमा कमी आउन नसक्दा व्यक्तिको जीवनको अधिकार संरक्षणमा प्रशस्त चुनौती थपिएका छन् । आयोगमा घरेलु हिंसा, यौनजन्य हिंसालगायतका कारणबाट भएका आत्महत्या, वैदेशिक रोजगारीको क्रममा मृत्यु, हत्या वा गैरन्यायिक हत्या भएको आशङ्का गरिएका घटनाहरूमा प्रहरीबाट निष्पक्ष र प्रभावकारी अनुसन्धान नभएको विषयमा उजुरीहरू प्राप्त भइरहेका छन् । त्यस्ता घटनाहरूमा अनुगमन तथा अनुसन्धान कार्यलाई आयोगले प्राथमिकता दिई कार्य गर्दै आएको छ । नेपाल प्रहरीको २०७३ साउनदेखि २०७४ असारसम्मको तथ्याङ्कले कर्तव्य ज्यानमा ६०८ मुद्दा दर्ता भएको देखाउछ । यसबाट पनि जीवनको अधिकारको सम्मान हुन नसकेको देखिन्छ ।

यस आवमा आयोगमा जीवनको अधिकारसम्बन्धी ९ वटा उजुरी दर्ता भएका छन् । ती उजुरीहरू सशस्त्र द्वन्द्व, प्रहरी कारबाही र प्रहरी हिरासतमा मृत्युसँग सम्बन्धित छन् । जुम्ला सदरमुकाममा सशस्त्र द्वन्द्वताका तत्कालीन विदोही पक्ष नेकपा (माओवादी)-बाट आक्रमण हुँदा एकै घटनामा मृत्यु भएका मालपोत कार्यलयमा कार्यरत पियन रामप्रसाद खनालको परिवारलाई सरकारले रु. १ लाख ५० हजार र प्रमुख जिल्ला अधिकारीका परिवारलाई रु. ७ लाख ५० हजार उपलब्ध गराएको थियो । यस कार्यलाई आयोग विभेद भएको भनी प्रजिअसरह बिनाभेदभाव समान रूपमा क्षतिपूर्ति उपलब्ध गराउन  र सन्ततिलाई छात्रवृत्तिको व्यवस्था मिलाउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरेको छ ।

### (ख) स्वतन्त्रता तथा सुरक्षासम्बन्धी अधिकार

स्वतन्त्रता र सुरक्षा नागरिकको नैसर्गिक अधिकार हो । नागरिक तथा राजनीतिक अधिकार विषयक अनुबन्ध, १९६६ लगायत नेपाल पक्ष भएका मानव अधिकारसम्बन्धी दस्तावेजहरूमा पनि यस अधिकारलाई सुरक्षित गरिएको छ । नेपालको संविधानले मौलिक हकमा यस अधिकारलाई सुरक्षित गरेको छ । स्वतन्त्रतापूर्वक पेसा/व्यवसाय गर्ने, देशभित्र र बाहिर आवत-जावत गर्ने, बसोबास गर्ने, सङ्घसंस्था खोल्ने र त्यसमा आबद्ध हुने स्वतन्त्राको सुनिश्चित गरिएको छ । यसै गरी बिना हातहतियार शान्तिपूर्वक भेला हुने तथा प्रर्दशन गर्ने, अभिव्यक्तिलगायतका स्वतन्त्रतालाई मौलिक हकमा समावेश गरिएको छ ।

मूलतः संविधान र कानुनले स्वतन्त्रता तथा सुरक्षाको अधिकार प्रदान गरिएको भए पनि लामो सङ्क्रमणकाल एवम् राजनीतिक अस्थिरताका कारण त्यसको प्रचलनमा व्यापक अवरोधहरू रहेको पाइन्छ । खास गरी राजनीतिक दलहरू एवम् विभिन्न समूहबाट पटक-पटक आयोजना हुने बन्द-हडतालजस्ता कार्यक्रमहरूबाट यस प्रकृतिका स्वतन्त्रताहरू प्रभावित भएका छन् । बन्दहडतालको क्रममा जबर्जस्ती सवारी साधन, कलकारखाना, शैक्षिक संस्था, बजार बन्द गराउने, बन्द अवज्ञा गरेको भनी सवारी साधन, पसल, कलकारखाना र सरकारी कार्यालयसमेत तोडफोड तथा आगजनी गर्ने जस्ता कार्यहरूले पेसाको स्वतन्त्रता एवम् सुरक्षाको अधिकार प्रचलनमा अवरोध सिर्जना गरेका पाइन्छ । तराई-मधेसका केही क्षेत्रहरूमा

अन्य राजनीतिक दलहरूबाट गरिने सभासम्मेलनमा मधेशीमोर्चाले अवरोध पुऱ्याउँदा सरकारले शान्तिसुरक्षाको पूर्ण प्रत्याभूति दिन सकेन। आव २०७३ साउनदेखि २०७४ असारसम्म नेपाल प्रहरीमा दर्ता हुन आएका कर्तव्य ज्यान ६०८ र ज्यान मार्ने उद्योग६२७ मुद्दा (स्रोतः नेपाल प्रहरीको वेवपेज) को संख्याबाट पनि  वैयक्तिक स्वतन्त्रता र शान्तिसुरक्षासमेतको स्थिति अपेक्षित सकारात्मक छ भन्न सक्ने अवस्था देखिएन।

देशका विभिन्न भागहरूमा राष्ट्रिय जनता पार्टीले दोस्रो चरणको स्थानीय निर्वाचनको विरोधमा आयोजना गरेको प्रदर्शन तथा जुलुसका क्रममा सुरक्षाकर्मीहरूद्वारा स्वेच्छाचारी गिरफ्तारी तथा शान्तिपूर्ण प्रदर्शनमा रहेका व्यक्तिहरूलाई दुर्व्यवहार भएकोथियो। सुरक्षाकर्मीहरूले नवलपरासीको परासी बजारको बुद्धचोकमा राजपा नेपालद्वारा आयोजित कार्यक्रममा लाठीचार्ज, अश्रुग्याँस प्रहार तथा गोली प्रहार गर्दा ४ जना घाइते भएका भएका थिए।

यस आवमा आयोगमा स्वतन्त्रताको हक हनन भएको भनी एउटा उजुरी दर्ता भएको छ। आयोगले प्रेस विज्ञप्तिमार्फत विरोधका कार्यक्रमहरू सञ्चालन गर्दा प्रजातान्त्रिक विधि र कानुनी शासनको सम्मान गर्न एवम् आफ्नो अधिकारको उपभोग गर्दा अरूको अधिकारको सम्मान गर्न पटक-पटक सरोकारवालाहरूको ध्यानाकर्षण गराएको थियो। यसका साथै सुरक्षाकर्मीबाट अत्यधिक बल प्रयोग भएका घटनाहरूमा दोषीमाथि कारबाही गर्न सम्बन्धित निकायलाई सचेतसमेत गराएको छ।

### (ग) यातनाविरुद्धको अधिकार

यातना मानवता विरुद्धको अधिकार हो। मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ५ र नागरिक तथा राजनीतिक अधिकार विषयक अनुबन्ध, १९६६ को धारा ७ ले यातनालाई निषेध गरेको छ। त्यसै गरी यातना, निर्दयी, अमानवीय एवम् अपमानजनक व्यवहारविरुद्धको महासन्धि, १९८४ लाई नेपालले अनुमोदन गरिसकेको छ। नेपालको संविधानले यातनाविरुद्धको हकलाई मौलिक हकमा समावेश गरेको छ। यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ मा अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई यातना दिन नहुने कुरा उल्लेख गरिएको छ।

यातनाविरुद्धको महासन्धि र संवैधानिक व्यवस्थाबमोजिम यातना दिने कार्य दण्डनीय अपराध मानिए पनि नेपाल कानुनले यस आवमा पनि यातनालाई दण्डनीय बनाएको छैन। यातना दिने कार्यलाई दण्डनीय बनाउने सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोगबाट पटक-पटक दिइएको सुझाव तथा सर्वोच्च अदालतको निर्देशन एवम् मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षा र सन्धिगत निकायहरूका सिफारिसहरूको हालसम्म पनि कार्यान्वयन हुन सकेको छैन। यातना दिने वा निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गर्ने कार्य

नियन्त्रण गर्नेसम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७१ व्यवस्थापिका-संसद्मा विचाराधीन अवस्थामा रहेको छ ।

विगतमा भन्दा हालका दिनहरूमा यातनालाई कुटपिटभन्दा फरक ढङ्गले हेर्न थालिएको छ। प्रहरीले कुनै पनि अभियोगमा गिरफ्तार गरी हिरासतमा राखेको तथा प्रदर्शनको क्रममा प्रहरी हिरासतमा लैजाँदा, हिरासत राख्दा कुनै किसिमको शारीरिक मानसिक यातना दिएकोमा पीडितका तर्फबाट आयोगमा उजुरी दिने क्रममा वृद्धि भएको छ। आयोगबाट विभिन्न समयमा भएका हिरासत तथा कारागारहरूको अनुगमनबाट प्राप्त तथ्य एवम् यातनासम्बन्धी उजुरीहरूमा कमी आएकोबाट हिरासतमा दिइने यातनामा विगतको तुलनामा उल्लेख्य कमी आएको देखिए पनि त्यसको अन्त्य हुन सकेको छैन। यातना दिने कार्यलाई शून्य सहिष्णुतामा राखी अपराधीकरण गरी कानुनको प्रभावकारी कार्यान्वयन, सचेतना र प्रहरीलाई समेत जवाफदेही हुने गरी तालिम, अभिमुखीकरण आदि माध्यमबाट यातना उन्मूलन गर्नु आवश्यक देखिन्छ। यस आवमा आयोगमा यातना, कुटपिट र दुर्व्यवहारसम्बन्धी ३९ वटा उजुरी दर्ता भएका छन् ।

आयोगले यस आवमा बर्दियाको नेउलापुर ४ निवासी अमृत, वसन्ती र लोटन थारूसमेतलाई २०५८ असार १६ गते नेपाली सेनाका सुरक्षाकर्मीले पक्राउ गरी यातना दिएको सम्बन्धमा निर्णय गरेको छ। निर्णयमा नेपाली सेनाको बरख दल गणका सुरक्षाकर्मीहरू पर्शुराम कुमाल थारू र लुमाकान्त भण्डारीलाई विभागीय कारबाही गर्न भनिएको छ। पीडित अमृत थारूलाई रु. एक लाख एवम् वसन्ती थारू र लौटन थारूको निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था मिलाउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णयमा उल्लेख छ। यसको साथै यातनालाई आपराधिक कार्य मान्ने गरी कानुनी व्यवस्था मिलाउन समेत नीतिगत सिफारिस गरेको छ।

### (घ) बन्दीहरूको अधिकार

कारागारमा रहेका कैदीबन्दीहरूले कानुनतः अपराधको भागीदार हुनुपरे पनि उनीहरूलाई सम्मानित जीवन बिताउन पाउने अधिकार छ। पुरुष र महिलालाई पाएसम्म छुट्टाछुट्टै घरमा र सो नभई एउटै घरमा राख्नुपर्ने भएमा परस्पर भेटघाट वा कुराकानी गर्न नपाउने गरी सो घरको भिन्दाभिन्दै भागमा राख्नुपर्दछ। त्यसै गरी थुनुवा र कैदी एउटै कारागारमा राख्ने व्यवस्था भएकोमा थुनुवा र कैदी छुटचाई यथासम्भव छुट्टाछुट्टै, २१ वर्षमुनिको र २१ वर्षमाथिको कैदी वा थुनुवालाई छुटचाई यथासम्भव अलगअलग राखिनुपर्दछ। यसको साथै देवानी मुद्दा र फौजदारी मुद्दाका कैदीलाई, रोगी थुनुवा वा कैदी, मानसिक समस्या भएका थुनुवा वा कैदीलाई छुट्याई यथासम्भव भिन्नै भागमा र फौज्दारी मुद्दामा सजाय पाएका कैदीलाई आवश्यकतानुसार एक्लै भिन्नै कोठामा राख्नुपर्दछ।

आयोगबाट भएको अनुगमनबाट कारागारहरूमा गम्भीर प्रकृतिका अपराध र सामान्य अपराधमा संलग्नलाई सँगै एकै स्थानमा राखिएको एवम् मुद्दा फैसला भई अभियोग प्रमाणित

भएका र पुर्पक्षको लागि थुनामा राखिएका व्यक्तिहरूलाई पनि एकै स्थानमा राखिने गरिएको पाइएको छ। उनीहरूलाई स्थानान्तरण गर्न पनि समस्या देखिएको छ। अधिकांश कारागारहरू पुराना भवनहरूमा रहेका कारण जीर्ण भई असुरक्षित भएको, यकिन तथ्याङ्क नहुँदा छुटेका व्यक्तिहरू समयमा छुट्न प्राविधिक कठिनाइ रहेको र क्षमताभन्दा बढी बन्दीहरूलाई थुनामा राखिएको अवस्था छ। यस विषयमा आयोगबाट समय-समयमा भएका सिफारिस/सुझावहरू कार्यान्वयन नहुँदा बन्दीहरूको आधारभूत मानव अधिकार नै जोखिममा परेको अवस्था छ।

गत २०७२ वैशाख १२ गते गएको विनाशकारी भूकम्पको कारण क्षति भएका कारागारहरूको पुनर्निर्माण हुन सकेको छैन। प्रायः कारागारको भौतिक अवस्था अत्यन्त कमजोर रहेको, क्षमताभन्दा झन्डै ३ गुणा बढी बन्दीहरू थुनामा रहेको पाइएको छ। कारागारको बसाइ कष्टकर भएको र खानेपानी, स्वास्थ्योपचार-लगायतका समस्याहरू देखिएका छन्। बन्दीहरूलाई जीविकोपार्जनका लागि दिइने रकम दैनिक ४५ रुपियाँ र आश्रित बालवालिकाका लागि उपलब्ध गराइँदै आएको रकम १० रुपियाँले बढ्दो महँगीलाई धान्न नसक्ने अवस्था छ। उलिखित रकम र चाडपर्व खर्चको रकम रु. ३००/ समयानुकूल नभएको सम्बन्धमा आयोगले पटक-पटक नेपाल सरकारको ध्यानाकर्षण गराए पनि हालसम्म सुनुवाइ भएको छैन्। बन्दीहरूको स्वास्थ्योपचारका लागि कारागारमा जाने रकम न्यून हुनु, सबै कारागारमा नियमित स्वास्थ्य उपचारको व्यवस्था हुन नसक्नु, लापरबाही गरिनु एवम् बिरामी उपचारको लागि लैजान सवारी साधनको अभाव रहनु लगायतका कारणहरूबाट कैदीबन्दीहरूको स्वास्थ्योपचारमा समस्या देखिएको छ।

पहिरोको कारण जिल्ला कारागार खोटाङको भवन क्षतिग्रस्त भई कारागारमा रहेका कैदीबन्दीहरूको जीवन जोखिममा रहेको सम्बन्धमा आयोगको टोलीले तत्कालै स्थलगत अनुगमन गरेको थियो। अनुगमनबाट प्राप्त तथ्यअनुसार महिला कैदीबन्दी बसेको भवन यसअघि नै चर्किएको र भत्किएको भए पनि जसोतसो काम चलाइएको थियो। वि.सं. २०७३ साउन १६ गतेको वर्षाले भवन भत्किई कारागारको मूल भवन र २ वटा सुरक्षा पोस्टको जग बगाएको थियो। भवनको पर्खाल चिरा-चिरा परेको साथै कम्पाउन्डको केही भाग र ढलसमेत बगाएको थियो। कारागारको शौचालयको सेफ्टिट्याङ्की भत्किएर दुर्गन्ध फैलिएको र पहिरोको दायाँबायाँ करिब ९–१० मिटर जति खण्ड लच्किएको थियो। यस अवस्थामा आयोगले खोटाङ कारागारका कैदीबन्दीहरूलाई तत्काल सुरक्षित स्थानमा सार्न गृह मन्त्रालयलाई पत्राचार गरेको थियो।

कारागारलाई सुधारगृहको रूपमा परिवर्तन गर्नुपर्ने मान्यताका साथ आयोगबाट यस अवधिभित्र क्षेत्रीय र जिल्ला कारागारगरी २५ वटा कारागार अनुगमन तथा निरीक्षण भएको छ। कारागार अनुगमनमा गएको टोलीले सम्बन्धित जिल्लास्थित ४२ वटा हिरासत (नेपाल

प्रहरी, वन र अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेत गरी) हरूको अनुगमन गरेको छ ।हिरासत तथा कारागारका सम्बन्धमा सुधार गर्नुपर्ने कुराहरूको तत्काल सुझावसमेत दिइएको र कारागार प्रशासनबाट सुधारसमेत भइरहेको भन्ने जानकारी प्राप्त भएको छ ।

कारागार सुधार र कैदीबन्दीका अधिकारलाई सम्बोधन गर्न आयोग र कारागार व्यवस्था विभागका पदाधिकारीहरूबीच अनुगमनबाट प्राप्त तथ्यहरू तथा विद्यमान कानुनी व्यवस्था र वर्तमान अवस्थाका सम्बन्धमा छलफल भएको छ । सबैजसो कारागारहरूमा क्षमताभन्दा बढी कैदीबन्दी, कमजोर स्वास्थ्य सेवा, खानेपानी, ढल निकासको समस्या, जीर्ण भौतिक संरचना आदि कारण कैदीबन्दीहरूको जीवन जोखिममा रहेको अवस्था छ ।

आयोगले सिफारिसमार्फत नेपाल सरकारलाई ध्यानाकर्षण गराउँदै आएको छ । सिफारिसमा जीर्ण कारागारको तत्काल मर्मतसम्भार वा नयाँ भवन निर्माण गर्नुपर्ने तथा जिम्मेवार निकायबाट कारागारको समय-समयमा अनुगमन हुनुपर्ने विषय छन् । यसका साथै ढल निकास तथा पानीको पर्याप्त व्यवस्था गर्नुपर्ने; औषधोपचार, सञ्चार, पत्रपत्रिका उपलब्ध गराउनुपर्ने तथा कार्यालयहरूमा दरबन्दीअनुसारका कर्मचारी खटाउनुपर्ने लगायतका विषय पनि समावेश छन् । यसका साथै सिफारिसमा कारागारको वातावरण सफा राख्न उचित प्रबन्ध गर्न, उनीहरूलाई सीपमूलक तालिम प्रदान गर्नुपर्ने; कारागारमा थुनुवा, कैदीबन्दीहरूको नियमित स्वास्थ्य परीक्षण गर्ने वातावरण मिलाउन भनिएको छ । पुर्पक्षका लागि थुनामा रहेका थुनुवाहरूको मुद्दालाई प्राथमिकतामा राखी सुनुवाइ गर्न, सबै कारागार कार्यालयहरूमा कैदीबन्दीहरूको फोटोसहितको अभिलेख राख्न, सुझाव वा उजुरी पेटिका तथा कैदीबन्दीहरूले पालना गर्नुपर्ने आचारसंहिता प्रस्ट बुझिने र देखिने स्थानमा राख्ने व्यवस्था मिलाउने विषय उल्लेख छ । सरकारले कारागारहरूको भौतिक सुधार, खुला कारागारको अवधारणालाई व्यवहारमा उर्तान एवम् उनीहरूको राजनीतिक तथा नागरिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको सम्मान र संरक्षणमा विशेष ध्यान दिनुपर्ने अवस्था छ ।

**(ङ) सङ्क्रमणकालीन न्याय**

एक दशक लामो सशस्त्र द्वन्द्व अन्त्य गर्ने क्रममा नेपाल सरकार र तत्कालीन नेकपा (माओवादी) बीच भएको विस्तृत शान्ति-सम्झौताको पूर्ण कार्यान्वयन अझै पनि बाँकी रहेको छ । सशस्त्र द्वन्द्वको क्रममा हत्या, अङ्गभङ्ग, बलपूर्वक बेपत्ता, अपहरण, यातना तथा कुटपिट, यौनजन्य हिंसा, सम्पत्ति कब्जा एवम् नष्ट तथा बलपूर्वक विस्थापनलगायतका घटनाहरूबाट पीडित व्यक्तिहरूले शान्तिसम्झौता भएको १० वर्ष बितिसक्दा पनि न्याय एवम् परिपूरण प्राप्त गर्न सकेका छैनन् ।

बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन एवम् सत्य निरूपण तथा मेलमिलाप आयोगसम्बन्धी ऐन, २०७१ पारित भई सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता व्यक्तिहरूको छानबिन आयोग गठन भई एक वर्ष म्याद पनि थप भएको छ । ऐनमा रहेका केही प्रावधानहरूका कारण आफूहरूले पीडितको पक्षमा काम गर्न नसकेको गुनासो ती आयोगबहरूबाट सार्वजनिक हुने गरेको छ। जसको कारण पीडितहरूलाई न्याय प्रदान गर्ने कुरा सुनिश्चित हुन सक्ने वातावरण बन्न सकेको छैन्। पीडितहरूको तर्फबाट सर्वोच्च अदालतमा दायर रिटमाथि अदालतले त्यस्ता प्रावधानहरू खारेज गरी अन्तर्राष्ट्रिय मापदण्डको आधारमा नयाँ कानुन बनाउन निर्देशन गरे पनि ऐन बन्न सकेको छैन। यस सम्बन्धमा आयोगले पनि नेपाल सरकारलाई सुझावहरू उपलब्ध गराउँदै आएको छ।

सङ्क्रमणकालीन न्यायको विषयमा काम गरिरहेका आयोगमा हाल ६०,९२६ उजुरी रहेको देखिन्छ। दर्ता उजुरीमध्ये २,८७४ उजुरी बेपत्ता पारिएका व्यक्तिको अवस्थाबारे छानबिनका लागि बनेको बेपत्ता आयोग र बाँकी ५८०५२ उजुरी सत्य निरूपण तथा मेलमिलाप आयोगसँग सम्बन्धित छन्। पीडितमध्ये कतिपयले आर्थिक राहत पाइसके पनि पीडकहरू कानुनी कारबाहीको दायरामा आउन सकेका छैनन्।

धनुषाका ५ जना युवाहरू सञ्जीवकुमार कर्ण, दुर्गेश लाभ, जीतेन्द्र झा, प्रमोदनारायण मण्डल र शैलेन्द्रकुमार यादवलाई सशस्त्र द्वन्द्वको क्रममा २०६० असोज २१ गते सुरक्षाकर्मीद्वारा पक्राउ गरी बेपत्ता पारेको १३ वर्ष पूरा भएको छ। उक्त घटनाका सम्बन्धमा आयोगको पहलमा नेपाल प्रहरीबाट धनुषा जिल्लाको गोदारस्थित कमला नदीको किनारबाट ५वटै मानव अवशेषहरू शवोत्खनन गरी त्यसको वैज्ञानिक परीक्षणपश्चात् पीडितका आफन्तहरूलाई हस्तान्तरण गरेको ३ वर्ष पूरा भएको छ। आयोगले उक्त घटनालाई गम्भीर मानव अधिकार उल्लङ्घन भएको ठहर गरी कानुनबमोजिम कारबाही गर्न नेपाल सरकारलाई यसअघि नै सिफारिस गरेको छ। शवोत्खननपश्चात् वैज्ञानिक ढङ्गबाट समेत पुष्टि भइसक्दा पनि घटनाका दोषीमाथि कानुनी कारवाही प्रक्रिया अझै अघि नबढाउनुले पीडितको न्यायप्रतिको अधिकार पूर्णतः कुण्ठित भएको देखिन्छ। यसबाट दण्डहीनताको स्थितिले प्रोत्साहन पाउनुका साथै नेपाल सरकार मानव अधिकारको सम्मान र संरक्षण गर्ने दायित्वप्रति उदासीन भएको देखिन्छ। नेपालको संविधान तथा राष्ट्रिय मानव अधिकार आयोग ऐन एवम् सम्मानित सर्वोच्च अदालतको फैसलाबमोजिम आयोगको सिफारिस कार्यान्वयन गर्नु सरकारको जिम्मेवारी हो। यस्ता-यस्ता गम्भीर प्रकृतिका मानव अधिकार उल्लङ्घनका दोषीलाई कारवाही गर्नु सङ्क्रमणकालीन न्यायको एउटा महत्त्वपूर्ण पक्ष पनि हो। अहिले पनि दण्डहीनताको अवस्था सारभूत रूपमा घट्न सकेको छैन। विधिको शासनउपर अझै पनि प्रशस्त चुनौती छन्। मुलुकमा दिगो शान्ति र समुचित न्याय व्यवस्था कायमका राख्न राज्यले सङ्क्रमणकालीन न्यायको लागि सत्यको खोजी र सत्य उजागरको कार्य गर्न ढिला भइसकेको छ। अभियुक्तहरूको पहिचान, घटनाहरूबारे कानुनी अनुसन्धान गरी अभियोजन,

दोषीलाई दण्ड, पीडित र साक्षीहरूको संरक्षण, हानीपूरण (Reparation) सम्बन्धी कानुनी व्यवस्था र लागू, दोषीहरूद्वारा सार्वजनिक माफी एवम् पुनः घटना नदोहोरिने सुनिश्चितताको प्रत्याभूति आवश्यक छ। राज्य संरचनाहरूको सुदृढीकरणका साथै नयाँ संस्थाहरूको सिर्जना र सोमार्फत राष्ट्रिय मेलमिलाप खोजिनुपर्ने जस्ता अहम् प्रश्नहरू हामीकहाँ अझै पनि उत्तिकै महत्त्वपूर्ण र सान्दर्भिक रहेका छन्।

उचित क्षतिपूर्तिको विषयलाई परिपूरणले समेटेको हुन्छ, जसमा पीडितले पाउने सम्पूर्ण अधिकारहरू अन्तर्निहित हुन्छन् र छानबिन आयोगले सरकारसमक्ष पूर्ण विवरणसहित सिफारिस गर्ने गर्दछ। परिपूरणसम्बन्धी कानुनी अवधारणामा पीडितले परिपूरण प्राप्त गर्ने अधिकार राख्दछ भने जवाफदेही पक्षले पीडितलाई परिपूरण प्रदान गर्नुपर्ने कर्तव्य पूरा गर्नु पर्दछ। पहिलो– व्यक्तिले न्यायिक प्रक्रियामार्फत पनि परिपूरणको प्राप्त गरेको हुन्छ भने खास प्रकारका पीडितहरूको पीडाहरूलाई सम्बोधन गर्न राज्यले विशेष र विस्तृत नीतिको घोषणा गर्न सक्दछ। पहिलो माध्यमबाट कानुनी नजिरहरूको विकास र दोस्रोले पीडितको ठूलो हिस्सालाई सम्बोधन हुन्छ।

पीडितहरूको सन्तुष्टिका लागि अवस्था हेरी तथ्यको प्रमाणीकरण र सत्यको पूर्णतः सार्वजनिक खुलासा, बेपत्ताहरूको स्थिति यकिन, अपहरितको पहिचान, बेपत्ताहरूको स्थिति यकिन गर्ने गरिन्छ। मारिएकाहरूको शवको खोजी, त्यस्ता कार्यमा सहयोग, पीडितले चाहनाबमोजिम पारिवारिक, सामुदायिक रीति-रिवाजअनुसार अन्तिम संस्कार, पीडित र पीडितको नजिकका सरोकार राख्ने व्यक्तिहरूको आत्मसम्मान, प्रतिष्ठा र अधिकारको आधिकारिक घोषणा हुन्छ। तथ्यलाई आत्मसात् गर्दै पीडकलाई उत्तरदायित्व वहन गर्न स्वीकार गराउने, सार्वजनिक रूपमा माफी मगाउने, उल्लङ्घनका लागि जिम्मेवार व्यक्तिलाई न्यायिक र प्रशासनिक कारबाही हुन्छ। पीडितको नाममा स्मृतिस्तम्भ, बगैँचा, अन्य स्मारक आदिको निर्माण गर्न र श्रध्दाञ्जली व्यक्त गर्न लगाउने जस्ता कार्य हुन्छ। मानव अधिकार तथा मानवीय कानुन उल्लङ्घनका घटनाहरूको वास्तविक लेखाजोखा, मानव अधिकारसम्बन्धी पाठ्यक्रमका साथै शैक्षिक सामग्रीमा समाविष्ट गर्ने जस्ता कार्यहरूमा जोड दिइन्छ। सङ्क्रमणकालीन न्यायका संयन्त्रहरूले यी विषयमा गरेको कुनैपनि कार्य भने सार्वजनिक हुन सकेको छैन।

### (च) दण्डहीनता

नेपालमा मानव अधिकार संरक्षणमा दण्डहीनता एउटा ठूलो चुनौतीको रूपमा रहेको छ। मानव अधिकार एवम् मानवीय कानुनको गम्भीर उल्लङ्घन तथा अपराधमा संलग्न व्यक्तिलाई कानुनी दायरामा नल्याउनु, घटनाको अनुसन्धान नगर्नु, अभियोजन नगर्नु र पीडितलाई न्याय दिन नसक्नु वा न्याय दिन प्रत्यक्ष वा परोक्ष रूपमा इन्कार गर्नु

दण्डहीनताको अवस्थाका सूचकहरू हुन् । दण्डहीनताले पीडितको न्यायप्राप्तिको अधिकार उपभोगमा अवरोध सिर्जना गर्दछ ।

फौजदारी अपराधमा जाहेरी लिन इन्कार गरिनु, प्रभावकारी अनुसन्धान नहुनु, विचाराधीन मुद्दा फिर्ता लिइनु, अदालतबाट दोषी ठहर भएका व्यक्तिहरूलाई कानुनको दायरामा ल्याई कारबाही नगरिनुबाट दण्डहीनताले प्रश्रय पाएको छ । त्यसै आयोगबाट दोषी किटान भई कारबाहीको सिफारिस गरिएका व्यक्तिहरूलाई कारबाहीको दायरामा नल्याउने कार्यबाट दण्डहीनताको गम्भीर अवस्था सिर्जना भएको पाइन्छ । मानव अधिकार हननका दोषी एवम् अपराधमा संलग्न व्यक्तिहरूले लामो सङ्क्रमणकाल र राजनीतिक अस्थिरताको फाइदा लिइरहेका छन् । राष्ट्रिय मानव अधिकार आयोग, मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षा एवम् संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार समितिले विद्यमान दण्डहीनताको अवस्था अन्त्य गरी कानुनी शासनको सुदृढीकरणका लागि दिएका सिफारिसहरूको कार्यान्वयन अवस्था अत्यन्त कमजोर छ ।

सर्वोच्च अदालतको आर्थिक वर्ष २०७०/०७१ को प्रतिवेदनअनुसार फौजदारी मुद्दाहरूमा सबै जिल्ला अदालतहरूबाट गरी असुल हुनुपर्ने कैदको कुल लगत १,२७,४५७।६।१६ (एक लाख सत्ताइस हजार चार सय सन्तावन्न वर्ष छ महिना सोह्र दिन) रहेकोमा सोमध्ये १९.७१ प्रतिशत अर्थात् २५,११८।१।७ पच्चीस हजार एक सय अठार वर्ष एक महिना सात दिन) कैद असुल भई १,०२,३३९।५।९ (एक लाख दुई हजार तीन सय उनन्चालीस वर्ष पाँच महिना नौं दिन) कैद असुल हुन बाँकी रहेको देखिन्छ । गत आर्थिक वर्षमा कैदको कुल लगत १,२६,०८३।८।१७ (एक लाख छब्बीस हजार त्रियासी वर्ष आठ महिना सत्र दिन) रहेकोमा सोमध्ये २१.४१ प्रतिशत अर्थात् २७,००३।२।२० (सत्ताइस हजार तीन वर्ष दुई महिना बीस दिन) कैद असुल भई ९९,०८०।५।२७ (उनन्सय हजार असी वर्ष पाँच महिना सत्ताइस दिन) कैद असुल हुन बाँकी रहेको थियो । गत आर्थिक वर्षभन्दा यस आर्थिक वर्षमा १.७० प्रतिशतले घटी कैद असुल हुन आएको देखिन्छ । (पेज ५४)

सर्वोच्च अदालतको आर्थिक वर्ष २०७१/०७२ को प्रतिवेदनअनुसार फौजदारी मुद्दाहरूमा सबै जिल्ला अदालतहरूबाट गरी असुल हुनुपर्ने कैदको कुल लगत १,४७,५९९। ९।१७ (एक लाख सतचालीस हजार पाँच सय उनन्सय वर्ष नौ महिना सत्र दिन) रहेकामा सोमध्ये २६.८१ प्रतिशत अर्थात् ३९,५८१।१०।६ (उनन्चालीस हजार पाँच सय एकासी वर्ष दस महिना छ दिन) कैद असुल भई १,०८,०१७।११।११ (एक लाख आठ हजार सत्र वर्ष एघार महिना एघार दिन) कैद असुल हुन बाँकी रहेको देखिन्छ । (पेज १९)

सर्वोच्च अदालतको आर्थिक वर्ष २०७२/०७३ को प्रतिवेदनअनुसार फौजदारी मुद्दाहरूमा सबै जिल्ला अदालतहरूबाट गरी असुल हुनुपर्ने कैदको कुल लगत १,४३,३८३।८।२८ (एक लाख त्रिचालीस हजार तीन सय त्रियासी वर्ष आठ महिना अट्ठाइस दिन) रहेकामा सोमध्ये २३.७७

प्रतिशत अर्थात् ३४,०७९।३।२८ (चौंतीस हजार उनासी वर्ष तीन महिना अट्ठाइस दिन) कैद असुल भई १,०९,३०४।५।० (एक लाख नौ हजार तीन सय चार वर्ष पाँच महिना) कैद असुल हुन बाँकी रहेको देखिन्छ। गत आर्थिक वर्षमा फौजदारी मुद्दाहरूमा सबै जिल्ला अदालतहरूबाट गरी असुल हुनुपर्ने कैदको कुल लगत १,४७,५९९।९।१७ (एक लाख सतचालीस हजार पाँच सय उनन्सय वर्ष नौ महिना सत्र दिन) रहेकोमा सोमध्ये २६.८१ प्रतिशत अर्थात् ३९,५८१।१०।६ (उनन्चालीस हजार पाँच सय एकासी वर्ष दस महिना छ दिन) कैद असुल भई १,०८,०१७।११।११ (एक लाख आठ हजार सत्र वर्ष एघार महिना एघार दिन) कैद असुल हुन बाँकी रहेको देखिन्छ। गत आर्थिक वर्षभन्दा यस आर्थिक वर्षमा ३.०४ प्रतिशतले घटी कैद असुल हुन आएको देखिन्छ। (पेज५४)

मानव अधिकारको बहाली र न्याय प्राप्तिका लागि भएका सर्वोच्च अदालतका फैसलाहरू तथा राष्ट्रिय मानव अधिकार आयोगबाट भएका सिफारिसहरूको पूर्ण कार्यान्वयन हुन सकेको छैन। चौथो राष्ट्रिय कार्ययोजनाको अन्तसम्म आइपुग्दा आयोगले नेपाल सरकारलाई गरेका सिफारिसमध्ये १४.३ प्रतिशत पूर्ण कार्यान्वयन, ४७.९ प्रतिशत आंशिक कार्यान्वयन र ३७.८ प्रतिशत सिफारिसहरूउपर कुनै सम्बोधन हुन सकेको छैन। आयोगका सिफारिसहरू बढ्दै जाँदा कार्यान्वयनको प्रतिशत घट्दो छ। आयोगले गरेका सिफारिसहरूको कार्यान्वयनको लगत तयार गर्ने तथा सम्बन्धित निकायहरूलाई कार्यान्वयनका लागि आवश्यक सहयोग गर्ने भन्ने विषयमा सरकारी निकायहरू सहमत भए पनि व्यवहारतः यसको कार्यान्वयनको आँकडा सन्तोषजनक नरहेको तथ्य आयोगका प्रतिवेदनहरूबाट पनि स्पष्ट देखिन्छ।[3]

दण्डहीनताविरुद्ध आयोगले कैलालीको टीकापुरमा २०७२ भदौ महिनामासुरक्षाकर्मीहरू ८ र एक जना नाबालकसहित ९ जनाको ज्यान जाने गरी भएको घटनामा आयोगको ध्यानाकर्षण भएको थियो। कर्फ्यु एवम् उच्च सुरक्षाको समयमा समेत भएको तोडफोड र आगजनीबाट सर्वसाधारण व्यक्तिको सम्पत्तिमा भएको क्षति र यातनाका घटनाहरूको सम्बन्धमा जिम्मेवारीपूर्वक छानबिन र अनुसन्धान नै नगरी आपराधिक घटनाका दोषीहरूलाई उन्मुक्ति दिने कार्यले दण्डहीनतााई प्रश्रय दिएको भन्दै गम्भीर चासो व्यक्त गऱ्यो। आयोगले यस्ता कायृबाट मानव अधिकार संस्कृतिको विकासमा मद्दत नपुग्ने निष्कर्ष निकालेको छ। उक्त घटनाका सम्बन्धमा अनुसन्धान गरी आयोगले नेपाल सरकारलाई २०७३ साल फागुन २४ गते सिफारिस गरेकोमा आयोगको सिफारिस कार्यान्वयन नगरी त्यस विपरीत अपराधलाई राजनीतिक आवरण दिनु आफैँमा खेदजनक छ। प्रत्येक आपराधिक घटनालाई राजनीतिक आवरणले छोप्दै जाने हो भने आवाजविहीन नागरिकहरूले राज्यप्रति भरोसा राख्न सक्तैनन्।

[3](स्रोतः नेपाल सरकारको मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन अवस्था अनुगमन प्रतिवेदन २०७३)

सरकार यसतर्फ सचेत हुन जरुरी छ। राजनीति अपराध संरक्षणका लागि नभई मानव कल्याण र मानव अधिकारको बहालीका लागि हुनुपर्दछ भन्नेमा आयोग स्पष्ट छ।

दण्डहीनताको अन्त्य हुन नसक्दा मानव अधिकार हनन एवम् अपराधका घटनाहरूको पुनरावृत्ति भइरहेको छ। विद्यमान दण्डहीनताको अवस्था अन्त्य गर्न राजनीतिक दलहरूमा इच्छाशक्तिको अभाव देखिन्छ। अतः दण्डहीनताको अन्त्यका लागि राजनीतिक प्रतिबद्धतासहित प्रभावकारी कानुनको कार्यान्वयन अत्यावश्यक देखिन्छ।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### (क) खाद्य अधिकार तथा भोकमरीविरुद्धको अधिकार र गरिबी

आवश्यकतानुसार उचित, पोषणयुक्त र स्वच्छ खाना सहज र सुलभ रूपमा प्राप्त गर्नु व्यक्तिको खाद्यसम्बन्धी अधिकार हो। खाद्य अधिकार व्यक्तिको बाँच्न पाउने अधिकारसँग प्रत्यक्ष रूपमा सम्बन्धित छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २५ ले प्रत्येक व्यक्तिलाई आफू र आफ्नो परिवारको स्वास्थ्य र कल्याणको लागि खाद्यान्नको अधिकार हुने व्यवस्था गरेको छ। आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा ११ ले प्रत्येक व्यक्तिको भोकबाट मुक्त हुने आधारभूत अधिकारलाई आत्मसात् गर्दै पर्याप्त भोजनको व्यवस्थाका लागि पक्ष राष्ट्रहरूले खाद्यान्नको उत्पादन, सञ्चय तथा वितरणमा सुधार गर्ने, आपूर्तिको समन्यायिक वितरण सुनिश्चित गर्ने दायित्व प्रत्येक राज्यको हुने कुरा उल्लेख गरेको छ। महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिको धारा १२ ले महिलालाई गर्भवती, प्रसूति र प्रसूतिपश्चात् पर्याप्त पोषणको सुविधा उपलब्ध गराउनुपर्ने भनी विशेष व्यवस्था गरेको छ। बाल अधिकारसम्बन्धी महासन्धिको धारा २६ र २७(३) ले पक्ष राष्ट्रले बालबालिकाको पालनपोषणका लागि समुचित ध्यान दिनुपर्ने र पोषणसम्बन्धी सहयोग उपलब्ध गराउनुपर्नेलगायतका व्यवस्थामा विशेष जोड दिएको छ। विश्व खाद्य सङ्गठनअनुसार 'खाद्य सुरक्षा तब रहन्छ, जब सबै मानिसहरू सबै समय भौतिक, सामाजिक र आर्थिक रूपले पर्याप्त, पोषणयुक्त र सुरक्षित खद्यान्नको पहुँचमा हुन्छन् भनी उल्लेख गरेको छ। हाम्रो सन्दर्भमा नेपालको संविधान, २०७२ को मौलिक हकमा खाद्य अधिकारसम्बन्धी व्यवस्थालाई समेटिएको छ। खाद्यान्नको अधिकारका आधारभूत तत्त्वका रूपमा व्यक्तिको आवश्यकताको आधारमा पर्याप्त खाद्यान्न, पोषणयुक्त खाद्यान्न, त्यसको उपलब्धता, उपभोग गर्न योग्य साथै सुलभ र पहुँचयोग्य हुनुपर्दछ।

आयोगले गरेको अनुगमन एवम् प्राप्त सूचनाको आधारमा खाद्यान्नको अधिकार आधारभूत अधिकारको रूपमा प्रत्याभूत गरिएको भए तापनि जनसङ्ख्याको ठूलो हिस्सा खाद्यान्नको अधिकारबाट वञ्चित रहेको अवस्था छ। अत्यधिक विषादीको प्रयोग, उपभोग्य वस्तुहरूमा हुने गरेको मिसावट र त्यसबाट स्वास्थ्यमा पर्न सक्ने तत्कालीन र दीर्घकालीन असरले

उपभोक्ताको स्वास्थ्यसम्बन्धी अधिकार गम्भीर रूपमा प्रभावित हुन पुगेको अवस्था छ। विशेषतः चाडपर्वमा दाल, चिनी, चामल, तरकारी, फलफूल, तेल दूध, पानी, मिठाई, मासु, औषधीजस्ता दैनिक उपभोग्य वस्तुहरूको मूल्यवृद्धि र बढी मिसावट हुने गरेको पाइएको छ। नापतौलमा कमी हुने गरेको, उपभोग्य वस्तुहरूको खरिद तथा बिक्री मूल्य पारदर्शी नभएको अवस्था छ। आपूर्ति व्यवस्थित हुन नसकेको, गुणस्तर मापदण्डअनुरूप नभएको तथा प्रभावकारी अनुगमन र नियमन हुन नसक्दा आमनागरिकको खाद्य अधिकार प्रभावित हुन पुगेको छ। आयोगले जनहितविपरीत कार्य तत्काल रोक्न र दोषीलाई कानुनी दायरामा ल्याउन सम्बन्धित निकायहरूलाई निर्देशन दिँदै आएको छ। खाद्य सुरक्षा, खाद्य सम्प्रभुता र सुरक्षित खाद्यान्नको लागि सरकारले प्रभावकारी कार्यक्रम सञ्चालन गर्न र उत्पादन बढाउन व्यावसायिक खेतीको प्रवर्द्धन र स्थानीय उत्पादनलाई प्रोत्साहित गर्ने कार्यक्रम सञ्चालन गर्नु आवश्यक छ।

यसको साथै कृषि सेवा केन्द्र खेतीयोग्य जमिनबाट नजिक नभएकाले बालीमा रोगलाग्दासमयमा नै बालीको उपचार हुन नसकेको अवस्था देखिएको छ। जे.टी. र जेटिएहरूको उपलब्धता समयमा नहुने तथा जिल्ला कृषि कार्यालयले प्राविधिक सहजै उपलब्ध गराउन नसकेको स्थिति देखिएको छ। हाल सञ्चालित कृषि बिमा कार्यक्रमलाई प्रभावकारी बनाउन हाल कायम रहेको लागतमा आधारित बिमा कार्यक्रमलाई उत्पादनमा आधारित बनाउनुपर्छ। बिमा कम्पनीहरू सुबिधा सम्पन्न ठाउँमा र सहरी क्षेत्रमा मात्र रहेकाले कम्पनीको कार्यक्षेत्र विस्तार गर्नुपर्ने अवस्था छ।

पोषण खाद्य र स्वास्थ्यको अधिकार दुबैको साझा अङ्ग हो। गर्भवती वा स्तनपान गराइरहेकी महिलाले पोषणयुक्त खाना खान नपाउँदा आमा र बच्चा दुबै कुपोषित हुने सम्भावना रहन्छ। भोक र कुपोषणले बालबालिकाको सिकाइ क्षमता नै कमजोर हुनुका साथै शैक्षिक अधिकारबाट वञ्चित हुनुपर्ने अवस्था रहन्छ। कुपोषण, भोकमरी आदि समस्याबाट स्कुल छोड्ने विद्यार्थीहरूको सङ्ख्या बढी छ।

गरिबी घटेको भनिए पनि व्यवहारतः दलित, सीमान्तकृत, जोखिममा रहेका समुदाय, पिछडिएको वर्ग र कर्णाली तथा सुदूरपश्चिम क्षेत्रको गरिबी दर उच्च छ। सरकारले उखु र धानको उचित मूल्य समयमा नै तोक्न नसक्दा त्यसको मार उत्पादकवर्ग वा किसानमाथि पर्न पुगेको छ। सरकारले २५ जिल्लामा गरिबी पहिचान तथ्याङ्क सङ्कलन गरेको भए पनि लक्षित कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन भएको छैन। गरिबी निवारण कोषले ५५ जिल्लामा सञ्चालन गरेको विशेष कार्यक्रम प्रभावकारी हुनुपर्ने देखिन्छ। गरिबीको कारण खान नपुग्ने नेपाली १५.७ प्रतिशत छन् भने लगाउने लुगाको अभाव १६.७ प्रतिशलाई छ। गरिबीको कारण शिक्षा, स्वास्थ्य, खाद्यान्न, गुणस्तरीय जीवन निर्वाहमा चुनौती छ। सरकारले

धनी र गरिबबीचको खाडल कम गर्न प्रभावकारी रूपमा कार्यक्रम सञ्चालन गर्नु आवश्यक छ ।

भोकमरीविरुद्धको अधिकार तथा खाद्यान्नको अधिकार सुनिश्चितताको लागि आर्थिक, सामाजिक विकासमा सुशासनको अभाव र भ्रष्टाचार ठूलो चुनौतीको रूपमा रहेको छ । ट्रान्सपरेन्सी इन्टरनेसनले सार्वजनिक गरेको सूचकअनुसार सन् २०१३ मा भ्रष्टाचार हुने मुलुकहरूको ११६ औँ स्थानमा रहेको नेपाल २०१४ मा १२६ औँ र २०१५ मा १३० औँ १६ औँ १३१ स्थानमा पुगेको छ । गरिबी निवारण र आर्थिक-सामाजिक क्षेत्रमा प्रगति हासिल गर्न लक्षित वर्ग कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरी सुशासन कायम गर्न नेपाल सरकारअन्तर्गतका निकाय उत्तरदायी र जिम्मेवार हुनुपर्ने देखिन्छ । यस आवमा आयोगका सदस्यको नेतृत्वमा नेपाल कानुन आयोगबाट मस्यौदा भएको खाद्य अधिकार सम्बन्धी विधेयकको मसौदामाथि फियान नेपालसँगको सहकार्यमा क्षेत्रीय स्तरमा कार्यशाला गोष्ठी सम्पन्न गरी सुझाव संकलन गरिएको  थियो । उपभोक्तामैत्री ऐन बनाउन सहयोग पुऱ्याउने उद्देश्यका साथ गोष्ठी नेपालगञ्ज, धनगढी, पोखरा र विराटनगरमा सम्पन्न गरिएको थियो । गोष्ठीमा विशेषतः मानव जीवनसँग प्रत्यक्ष जोडिएको खाद्य अधिकारका विविध पक्षमा छलफल भएको थियो । कार्यक्रममा सरकारी एवम् खाद्य अधिकारको क्षेत्रमा कार्यरत सङ्घसंस्थाका प्रमुख/प्रतिनिधि, राजनीतिक दल, नागरिक समाजका प्रतिनिधि एवम् सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

### (ख) शिक्षाको अधिकार

शिक्षा प्रत्येक व्यक्तिको आधारभूत एवम् मौलिक अधिकार हो । सामान्यतया प्रजातान्त्रिक मुलुकका संविधानमा मौलिक हकअन्तर्गत आधारभूत तहको शिक्षालाई अनिवार्य, गुणस्तरीय र निःशुल्क गरेको पाइन्छ । शिक्षा प्राप्त गर्नु भनेको साक्षर हुनु, प्रमाणपत्र प्राप्त गर्नु मात्र होइन; सहज जीवनयापन, नवीन ज्ञान, सीप र प्रविधिको विकाससँग परिचित एवम् राष्ट्रिय र अन्तर्राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्षम हुनु पनि हो । शिक्षाको लागि राज्यले साधन-स्रोत उपलब्ध गराई शिक्षामा बिनाभेदभाव पहुँचको वातावरण निर्माण गर्नुपर्दछ । शिक्षाको विषयवस्तु समाज सापेक्ष वा स्वीकार्य र समाजमा आएको परिवर्तनलाई आत्मसात गर्न सक्ने प्रकृतिको हुनुपर्दछ ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा २६ ले प्रत्येक व्यक्तिलाई शिक्षाको अधिकारसम्बन्धी व्यवस्था गरेको छ । यसमा कम्तीमा प्राथमिक तहसम्मको शिक्षा निःशुल्क उपलब्ध हुनुपर्ने, प्रारम्भिक शिक्षा अनिवार्य, प्राविधिक तथा व्यावसायिक शिक्षामा सबैको पहुँच हुनुपर्ने साथै बालबालिकालाई शिक्षाको छनोट गर्ने पूर्ण अधिकार हुने प्रावधान छ । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ धारा १३ ले मानवीय व्यक्तित्व तथा प्रतिष्ठाको विकासतर्फ शिक्षा निर्देशित हुने र शिक्षाले मानव

अधिकार तथा मौलिक स्वतन्त्रताप्रतिको सम्मान सुदृढ गर्ने कुरामा प्रत्येक पक्ष राष्ट्रले प्राथमिक शिक्षा अनिवार्य र सबैलाई निःशुल्क उपलब्ध हुने कुरामा जोड दिएको छ। बाल अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको धारा २८ र २९ मा बालबालिकालाई शिक्षामा भेदभाव गर्न नहुने, प्राथमिक शिक्षा अनिवार्य र निःशुल्क हुनुपर्ने र शिक्षामा पहुँच विस्तार गर्न जोड दिनुपर्ने विषयलाई समेटिएको छ। महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिको धारा १० र १४ ले जातजाति, वर्ण, लिङ्ग, राष्ट्रिय वा सामाजिक उत्पत्तिको भेदभावबिना महिलालाई शिक्षा र तालिमको अवसर प्रदान गर्नुपर्ने उल्लेख छ। नेपालको संविधान ले मौलिक हकअन्तर्गत शिक्षा तथा संस्कृतिसम्बन्धी हकको व्यवस्था गरेको छ। सो व्यवस्थाअनुसार प्रत्येक नागरिकलाई राज्यबाट कानुनमा व्यवस्था भएबमोजिम माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक हुने कुरामा जोड दिएको छ। यसका अतिरिक्त प्रत्येक समुदायलाई कानुनमा व्यवस्था भएबमोजिम आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हक हुने र नेपालमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र संवर्द्धन गर्ने हक हुनेछ भनी उल्लेख छ।

उल्लिखित सन्दर्भमा नेपालमा प्रारम्भिक बाल विकास केन्द्रहरू सामुदायिक ३०,४४८ र निजी ५,६४५ गरी ३६,०९३, विद्यालयहरू सामुदायिक २९,२०७ र निजी ६,०१५ गरी ३५,२२२ रहेका छन्। त्यसै गरी उच्च शिक्षाको लागि खोलिएका विश्वविद्यालयको सङ्ख्या नौ रहेकोमा क्याम्पसहरूको सङ्ख्या सामुदायिक ४३३, निजी ८३८ तथा आङ्गिक ९८ गरी १३६९ रहेका छन् साथै मानित विश्व-विद्यालयको सङ्ख्या ४ रहेको छ।[4]नेपालको जनगणना २०६८ बमोजिम ६५.९ प्रतिशत साक्षरता दरमा क्रमिक सुधार भइरहेको छ। कक्षा १ को खुद भर्ना दर ९५.६ र आधारभूत शिक्षाको ८६.३ पुगेको छ भने माध्यमिक शिक्षाको कुल भर्नादर ३३.२ प्रतिशत छ। यसबाट विद्यालय छाड्ने दर उच्च रहेको देखिन्छ, जुन बालिकामा बढी छ। मातृभाषामा प्राथमिक शिक्षा सञ्चालन गर्न बहुभाषिक शिक्षा निर्देशिका, २०६६ जारी भएपछि १६ वटा मातृभाषामा पाठ्यक्रम तयार भई २४ वटा विद्यालयमा लागू भएको छ। शिक्षालाई अनिवार्य र निःशुल्क बनाउने सरकारी नीति व्यवहारतः लागू हुन सकेको छैन। आव २०६७/०६८ मा १७.११ प्रतिशतसम्म बजेट छुटचाइएकोमा आव २०७३/२०७४ मा ११.९ प्रतिशतमा सीमित भएको छ। बजेटको करिब ७० प्रतिशत रकम शिक्षक तलब-भत्तामै खर्च हुने गरेको पाइन्छ।

उल्लिखित तथ्यगत अवस्थामा उचित व्यवस्थापन र अनुगमनमा कमी एवम् जवाफदेहिताको अभावजस्ता कारणहरूबाट सरकारी विद्यालयहरूमा गुणस्तरीय शिक्षाको अभाव छ। सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरप्रतिको अविश्वासको कारण विद्यार्थी तथा

---

4 स्रोतः शिक्षा विभाग, सानोठिमी Education in Figure 2016

अभिभावककहरूको आकर्षण निजी विद्यालयतर्फ बढ्दो छ। गरिबीको रेखामुनि रहेकामध्ये २०.८ प्रतिशतको मात्र माध्यमिक शिक्षामा पहुँच देखिन्छ। निजी र सामुदायिक विद्यालयबाट २ किसिमको शैक्षिक जनशक्ति उत्पादन भई शिक्षामा विभेद बढ्दै गएको छ। मातृभाषामा शिक्षा प्राप्त गर्ने अधिकार प्रभावकारी रूपमा व्यवहारमा आउन नसकेको अवस्था छ। विद्यालयहरू लैङ्गिकमैत्री हुनुपर्ने आवश्यकता छ। हिमाली जिल्लाहरूमा प्रत्येक वर्ष पाठ्यपुस्तक समयमा नपुग्ने कार्यले यस आवमा पनि निरन्तरता पायो। भूकम्पबाट भत्किएका विद्यालयको पुनर्निर्माण कार्य सन्तोषजनक रूपमा अघि बढ्न सकेन।

देशको अस्थिर राजनीतिक अवस्थाको प्रभाव शैक्षिक क्षेत्रमा पनि पर्‍यो। विद्यालय शान्तिक्षेत्र हो भन्ने मान्यताविपरीत बन्द, हडताल तथा विद्यार्थीलाई जम्मा गराई गरिने सभा, र्‍यालीजस्ता कार्य शिक्षाको अधिकारमा बाधक बन्दै आएका छन्। निर्वाचन सम्पन्न गर्नका लागि विद्यालयलाई प्रयोग गरिएबाट पनि विद्यार्थीहरूको शैक्षिक अधिकार प्रभावित हुन पुगेको छ। २०७३ असोज ४ मा काठमाडौँ जोरपाटीस्थित मनकामना उच्च माध्यमिक विद्यालय र आकाशदीप विद्यालयमा भएको बम विष्फोट तथा अन्य ९ वटा विद्यालयहरूलाई लक्षित गरी विष्फोटक पदार्थहरू राखिएका घटनाको आयोगबाट अनुगमन भयो। अनुगमनबाट त्यस्ता घटनाको कारण बालबालिकाहरू र अभिभावकहरूमा मनोवैज्ञानिक त्रास सिर्जना भई बालबालिकाहरूले शान्तिपूर्ण वातावरणमा भयरहित ढङ्गले शिक्षा हासिल गर्न पाउने अधिकारसमेत उल्लङ्घन भएको पाइएको छ।

आयोगबाट भएका अन्य अनुगमनबाट बहिष्करणमा परेका वर्ग, क्षेत्र, समुदायलाई आवश्यकताअनुसार विद्यालय पोसाक, खाजालगायतका विविध पक्षमा दीर्घकालीन रूपमा कदम चाल्न आवश्यक छ। विद्यालयमा अध्ययन गर्ने वातावरणका लागि भौतिक पूर्वाधार, समयमै पाठ्यपुस्तकको उपलब्धतामा विशेष ध्यान पुर्‍याउँदै विद्यालयलाई राजनीतिबाट अलग राख्न सरकार, राजनीतिक दलहरूले जिम्मेवारीबोध गर्न जरुरी छ। सरकारले निःशुल्क र गुणस्तरीय शिक्षा प्रदान गर्ने नीति प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने देखिन्छ। द्वन्द्व पीडित तथा विस्थापित, बालिका, दलित, पिछडिएको समुदाय तथा गरिबलगायत अल्पसङ्ख्यक समुदायका परिवारका बालबालिकालाई अवसर प्रदान गर्न छात्रवृत्ति तथा विद्यालयमा खाजा र पोसाक वितरण कार्यक्रमलाई थप विस्तार गरी विद्यालय छाड्ने दरलाई सम्बोधन गर्नुपर्दछ। यसको साथै शिक्षामा आधुनिकीकरण गर्दै सिकाइको माध्यमका रूपमा इन्टरनेट प्रयोग भएका विद्यालयहरूको सङ्ख्यामा वृद्धि गर्दै लान आवश्यक छ। यस आवमा आयोगमा शिक्षाको अधिकार हनन भएको भनी एउटामात्र उजुरी दर्ता भए पनि त्यसैको आधारा शिक्षाको अधिकारमा सूधार भएको भन्न सकिने अवस्था रहेको छैन।

### (ग) स्वास्थ्यको अधिकार

स्वास्थ्यसम्बन्धी अधिकार आधारभूत मानव अधिकार हो। मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २५ ले प्रत्येक व्यक्तिलाई आफ्नो र आफ्नो परिवारको स्वास्थ्य एवम् हितका लागि स्वास्थ्योपचारको सुविधा, बिरामी, अशक्तता, बूढेसकालमा सुरक्षा पाउने अधिकारको व्यवस्था गरेको छ। आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा १२(१) ले प्रत्येक व्यक्तिलाई प्राप्त हुन सक्ने उच्चतम प्राप्यस्तरको शारीरिक र मानसिक स्वास्थ्य उपभोग गर्ने अधिकारको व्यवस्था गरेको छ। सबै प्रकारका जातीय भेदभाव उन्मूलन विषयक महासन्धि, १९६५ को धारा ५ (ङ) ले राज्यबाट सार्वजनिक स्वास्थ्य, औषधोपचार प्राप्त गर्ने अधिकारलाई बिनाभेदभाव उपलब्ध गराउनुपर्ने व्यवस्था गरेको छ। महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन विषयक, १९७९ को धारा ११ र १२ मा महिला स्वास्थ्यसँग सम्बन्धित अधिकारहरू उल्लेख गरिएका छन्। बाल अधिकार महासन्धिको धारा २४ ले बालबालिकालाई प्राप्त हुन सक्ने उच्चस्तरको स्वास्थ्य अधिकार उपभोग गर्न तथा रोगको उपचार गर्न पाउने र स्वास्थ्यको पुनर्लाभ पाउने सुविधालाई स्वीकार गरेको छ।

नेपालको संविधान, २०७२ मा प्रत्येक नागरिकलाई राज्यबाट कानुनमा व्यवस्था भएबमोजिम आधारभूत स्वास्थ्य सेवा निःशुल्क रूपमा पाउने हक हुनेछ भनी उल्लेख गरिएको छ। राज्यका नीतिअन्तर्गत जनताको शिक्षा, स्वास्थ्यजस्ता आधारभूत कुराहरूको विकास गरी जनसाधारणको जीवनस्तर वृद्धि गर्ने उल्लेख छ। महिला वर्गको शिक्षा, स्वास्थ्य र रोजगारीको विशेष व्यवस्था गरी राष्ट्रिय विकासमा सहभागी बनाउने कुरामा जोड दिएको छ। विपन्न नागरिकलाई उपचार खर्च तथा आर्थिक सहायता कोष, २०६९ लागू गरिएको छ। यस प्रावधानअनुसार आर्थिक रूपमा विपन्न नागरिकलाई कडा रोग लागेको खण्डमा नेपालमा वा विदेशमा गई उपचार गराउँदा बढीमा एक लाख रुपियाँ औषधी उपचार खर्च प्रदान गर्न सकिने उल्लेख छ। राज्यले आधारभूत स्वास्थ्य सेवालाई निःशुल्क रूपमा उपलब्ध गराउने प्रतिवद्धता जनाउनु सकारात्मक पक्ष हो। परिवार नियोजन, गर्भपतन सेवा, बाँझोपन निवारण, सुरक्षित मातृत्व, नवजात शिशुको सुरक्षा, यौनजन्य सरुवा रोग, बालबालिका र जेष्ठ नागरिकको स्वास्थ्य उपचारमा विशेष जोड दिइएको छ। स्वास्थ्य सेवामा नागरिकको पहुँच पुऱ्याउन आधारभूत खोप तथा औषधीहरू निःशुल्क वितरण गर्ने प्रसूति सेवालाई देशव्यापी विस्तार गर्ने कार्यक्रम रहेको पाइन्छ। हाल ८३ प्रतिशत रहेको खोप दरलाई १०० प्रतिशत पुऱ्याउने लक्ष्य लिइएको छ। नेपाल डेमोग्राफिक प्रोफाइल २०१७ ले मृत्युदर हजारमा ५.७ प्रतिशत देखाएको छ, जसमा बाल मृत्युदर २८.३ रहेको छ भने मातृ मृत्युदर २५८ देखिन्छ। नेपालले मातृ र शिशु मृत्युदरमा हासिल गरेको उपलब्धि प्रशंसनीय छ।

नेपाल सरकारले ग्रामीण क्षेत्रमा ७२ खालका औषधि निःशुल्क वितरण गर्ने सरकारको घोषणा भए पनि जिल्ला अस्पतालमा समेत वितरण गर्न नसकेको अवस्था छ। विभिन्न स्वास्थ्य चौकीमा पारासिटामोलसमेत बेलाबेलामा अभाव हुने गरेको पाइएको छ। सरकारद्वारा विपरीत औषधिको गुणस्तरसमेत नभएको, भन्ने गुनासो पाइएको छ। कतिपय नागरिकहरूलाई जिल्लाका स्वास्थ्य केन्द्रहरूमा निःशुल्क औषधि पाउने कुराको जानकारीसमेत छैन। जिल्ला अस्पतालमा चिकित्सकलाई जँचाएर बिरामीहरू नजिकको क्लिनिकमा जाने गरेको अवस्था पनि छ। अधिकांश स्वास्थ्य संस्थाहरू दिउसो ३:०० बजेसम्म मात्र खुल्ने, जिल्ला अस्पतालमा समेत ओ.पी.डी. सेवा शुक्रबार २:०० बजेसम्म र अन्य दिनमा ३:०० बजेसम्म मात्र खुला रहने गरेका छन्।

आधारभूत स्वास्थ्यलाई निःशुल्क बनाइएको भए तापनि आवश्यकतालाई पूरा गर्न सक्ने स्वास्थ्यसम्बन्धी भौतिक पूर्वाधारहरूको गाँउगाँउमा अभाव छ।यस्ता स्वास्थ्यसम्बन्धी सेवा सकेसम्म गाउँसम्म पुग्ने गरी र आफू बसेको समुदाय नजिकै पाउन सक्ने गरी व्यवस्था गर्नुपर्ने सरकारी नीति रहे पनि जनसङ्ख्याको अनुपातमा पर्याप्त स्वास्थ्य प्रदायक संथाहरूको व्यवस्था हुन सकेको छैन। हिमाली र दुर्गम जिल्लामा मोटर बाटोको पहुँच भए तापनि एम्बुलेन्सको व्यवस्था नहुँदा डोको र बाँसलाई एम्बुलेन्सको रूपमा प्रयोग गरिरहेको स्थिति छ।

***स्वास्थ्य सेवासम्बन्धी मुलभूत मुद्दाहरू***

कुनै पनि स्थान विशेष, तह, तप्का, वर्ग र समुदायका नागरिकहरूका लागि हालसम्म संविधानको आकाङ्क्षाअनुरूप सहज र सुलभ स्वास्थ्य सेवामा पहुँच रहेको छैन।राज्यको निरन्तर प्रयासका बाबजुद पनि ५ जना बच्चा र प्रजनन उमेरकी महिलासमेत न्यूनपोषण/अल्पपोषणमा रहेका छन्। सहरी जनमानसमा मोटोपनाको समस्या बढ्दो छ।जलवायु परिवर्तन, बढ्दो खाद्य असुरक्षा र प्राकृतिक प्रकोपका कारण स्वास्थ्य समस्याहरू दिनदिनै बढिरहेका छन्।क्यान्सर, उच्च रक्तचाप, मधुमेह तथा मुटु, मृगौला र फोक्सोसँग सम्बन्धित समस्याहरूका साथै अरू नसर्ने रोगहरू जस्तै; मानसिक रोग र दाँतको समस्या बढिरहेका छन्। सडक दुर्घटना तथा घाइते भई मृत्यु हुनेको सङ्ख्या दिनदिनै बढिरहेको छ।राज्यले प्राथमिकताका साथ सहरी क्षेत्रमा पर्याप्त मात्रामा प्राथमिक स्वास्थ्य सेवाको कार्यक्रम सञ्चालन, जेष्ठ नागरिकको स्वास्थ्य, मानसिक असन्तुलन, वंशानुगत तथा जन्मजात रोगहरू, वातावरणीय स्वास्थ्य, व्यावसायिक अप्ठ्याराहरू, यौन तथा प्रजनन स्वास्थ्य र विद्यालय उमेरका बालबालिकालाई स्वास्थ्यसम्बन्धी प्रवर्धनात्मक कार्यक्रम आदि गर्न सकिएको छैन।जनमानसमा गुणस्तरीय औषधीमा पहुँच, औषधीको सही प्रयोग, आवश्यक औषधी र मेडिकल औजार देशभित्रै उत्पादन प्रभावकारी र जनमुखी भएको छैन।प्रयोगशालामा प्रयोग हुने सामग्री तथा मेडिकल उपकरणहरू हालसम्म पनि गुणस्तरका छैनन्।स्वास्थ्य सेवासँग सम्बन्धित सिपयुक्त जनशक्तिको उत्पादन र उनीहरूले लिने

सामाजिक उत्तरदायित्व, स्वास्थ्य सेवाका प्राविधिकहरूको प्रतिभा पलायन, स्वास्थ्य तथा अन्य सेवाका व्यक्तिहरूको स्थानान्तरण, स्वास्थ्य सेवामा जनशक्तिको निरन्तर उपस्थिति, स्वास्थ्य सेवामा काम गर्ने व्यक्तिहरूको सुरक्षालगायतका मुद्दाहरूको अहिलेसम्म योजनाबद्ध ढङ्गले सम्बोधन भएको छैन ।[5]

आयोगबाट गरिएको अनुगमनबाट निःशुल्क रूपमा उपलब्ध हुने भनिएका औषधीहरूको अभाव, गुणस्तरीयताजस्ता समस्याहरू सबै जिल्लामा पाइएको छ । सरकारी अस्पतालहरूमा व्यवस्थापन पक्ष कमजोर हुँदा नागरिकहरूको पहुँच र सेवा प्रभावित हुन पुगेको छ । खास गरी मोफसलका अस्पताल तथा स्वास्थ्य संस्थाहरूमा चिकित्सक एवम् स्वास्थ्यकर्मीहरूको अभाव एउटा गम्भीर समस्याको रूपमा रहेको पाइएको छ । चिकित्सक तथा स्वास्थ्यकर्मीहरू सहरी क्षेत्रमा बस्न रुचाउने कारण दुर्गम क्षेत्रमा जनशक्तिको अभाव रहेको पाइन्छ । स्वास्थ्य संस्थाहरूमा पूर्वाधार र सरसफाइको अभाव रहेको पाइएको छ । सुदूरपश्चिमका कुनै पनि अस्पतालहरूमा सघन उपचार कक्ष नभएको र अधिकांश जिल्ला अस्पतालहरूमा प्रसूति रोग विशेषज्ञको अभाव देखिएको छ । विभिन्न समयमा फैलिने महामारीबाट व्यक्तिहरूले जीवन गुमाउनुपरेको भए पनि त्यसलाई सम्बोधन गर्न सरकारी निकायहरूले तदारुकता नदेखाउने र समन्वयको अभावजस्ता समस्याहरू देखिएका छन् ।

सरकारी अस्पतालका भवनहरू तथा उपचारका उपकरणहरू जीर्ण बन्दै गएका, पिउने पानीको अभाव, फोहोरको सही व्यवस्थापन नहुँदा अस्पताल क्षेत्रमा दुर्गन्ध फैलिनेलगायतका समस्याहरू पैदा भएका छन् । यसबाट अस्पतालहरूमा स्वच्छ पिउने पानी, खाना, शौचालयलगायतका भौतिक सामग्रीहरूको उपलब्धता तथा गुणस्तरीय स्वास्थ्य सेवा व्यवस्थाको अभाव देखिएको छ । अस्पताललगायत जनस्वास्थ्यसँग सम्बन्धित अत्यावश्यकीय संस्था कुनैपनि बाहनामा बन्द हुनु र बन्द हुने वातावरण निर्माण हुनु दुखद् पक्ष हो । सरकारी अस्पतालमा रोजगारी गरिरहेका चिकित्सकहरूले निजी अस्पताल तथा क्लिनिकहरूमा बढी समय दिँदा सरकारी अस्पतालहरूको सेवामा प्रत्यक्ष प्रभाव पर्न गएको देखिन्छ । दक्ष जनशक्ति विदेशिने क्रम बढ्दो छ । स्वास्थ्य क्षेत्रमा बढ्दो व्यापारीकरणले सरकारी अस्पताल गरिबहरूका लागि मात्र हो भन्ने मनोवृत्ति विकास हुँदै गएको छ । स्वास्थ्यकर्मी र स्वास्थ संस्थामाथिको आक्रमण स्वास्थ्यको अधिकार प्राप्तिमा अवरोधक बनेको छ ।

भौगोलिक विकटता, तोकिएको स्थानमा जनशक्ति नजाने वा जान नमान्ने प्रवृत्ति, दक्ष जनशक्तिको अभाव, निःशुल्क औषधीबारेमा आम सर्वसाधारण सुसूचित नहुनु, ती औषधी सहज रूपमा प्राप्त नहुनु, औषधि तथा अन्य स्रोत-साधनको अभाव, जीर्ण उपकरण तथा गरिबी, राजनीतिक वातावरणलगायतका कारणहरूबाट आमनागरिकको गुणस्तरीय स्वास्थ्य

---

[5] स्वास्थ्य सेवा विभागको वार्षिक प्रतिवेदन २०७२-२०७३

सेवामा पहुँचको अभाव देखिएको छ । यस्ता अवरोधहरूलाई हटाउन सरकारी नीति तथा कार्यक्रममा सुधार गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्ने आवश्यकता देखिएको छ ।

स्वास्थ्यको अधिकारअन्तर्गत पनि मानसिक स्वास्थ्यले अझै पनि सरकारी स्तरमा प्राथमिकता पाउन सकेको छैन । आवश्यक मात्रामा ़ मानसिक बिरामीहरूको यथोचित व्यवस्थापन हुन नसकेको अवस्था छ । यस प्रकृतिका बिरामीहरूले उपचारको लागि राजधानीका अस्पतालमा भर पर्नुपरेको अवस्था छ । एचआईभी एड्सबाट सङ्क्रमितहरूको सङ्ख्या २५ हजार २ सय २२ जना रहेको छ, जसमा पुरुष १५ हजार ८ सय ३७ जना, महिला ९ हजार ३ सय ४४ जना, बालबालिका १८ सय ६४ जना र तेस्रो लिङ्गी ३ सय ६३ जना रहेका छन् । अन्य समूहमा एचआईभी सङ्क्रमितहरूको सङ्ख्या घट्दो भए पनि समलिङ्गी पुरुषहरूमा यसको दर स्थिर रहेको पाइन्छ ।

यस आवमा आयोगले विराटनगर, नेपालगञ्ज र पोखरामा मानसिक स्वास्थ्यको विषयलाई प्राथमिकतामा राखी क्षेत्रीय गोष्ठीको आयोजना गरेको थियो । गोष्ठीमा सरकारी र गैरसरकारी क्षेत्रमा कार्यरत सङ्घसंस्थाका प्रमुख/प्रतिनिधिहरूको सहभागिता रहेको थियो । कार्यक्रममा ओझेलमा परेको मानसिक स्वास्थ्यका विविध पक्षमा छलफल भएको थियो । यस अवधिमा आयोगमा स्वास्थ्य अधिकार हननसम्बन्धी ८ वटा उजुरी दर्ता भएका छन् ।

### (घ) आवासको अधिकार

आर्थिक, सामाजिक तथा साँकृतिक अधिकारको एक महत्त्वपूर्ण विषयको रूपमा रहेको आवासलाई जीवन निर्वाहको आधारभूत अधिकारका रूपमा लिइन्छ । आवासको अधिकार मानिसका लागि सम्मानपूर्वक जीवनयापनका लागि अत्यावश्यक पूर्वाधार पनि हो । आवासअन्तर्गतको अधिकारमा पूर्वाधारको उपलब्धता, पहुँचयोग्य, बसोवासयोग्य, उपयुक्त स्थान, सांस्कृतिक रूपमा उपयुक्त एवम् कानुनी संरक्षण आवश्यक मानिन्छ । मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २५(१) मा प्रत्येक व्यक्तिलाई आफ्नो र आफ्नो परिवारको स्वास्थ्य र कल्याणका लागि खाद्यान्न, लत्ताकपडा, आवास, औषधोपचारको सुविधा र आवश्यक सामाजिक सेवालगायत जीविकोपार्जनका लागि उपायको अभावमा सुरक्षा पाउने अधिकार हुने उल्लेख छ । त्यसै गरी नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा १२ (१) ले कुनै राष्ट्रको क्षेत्रभित्र कानुनी रूपमा रहेको प्रत्येक व्यक्तिलाई सो क्षेत्रभित्र आफ्नो आवास रोज्न पाउने स्वतन्त्रताको अधिकार रहको उल्लेख गरिएको छ । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अअनुबन्ध, १९६६ को धारा ११(१) ले आवासको अधिकारप्राप्ति सुनिश्चित गर्न उपयुक्त कदम चाल्ने प्रावधान छ । नेपालको संविधानले राज्यका नीतिअन्तर्गत देशको सन्तुलित विकासका लागि आर्थिक लगानीको न्यायोचित वितरण गरी सबै क्षेत्रका जनताको शिक्षा, स्वास्थ्य, यातायात, आवास र रोजगारीजस्ता आधारभूत कुराहरूको विकास गरी जनसाधारणको

जीवनस्तर वृद्धि गर्ने नीति अवलम्बन गर्ने व्यवस्था गरिएको पाइन्छ। यसका अलावा मौलिक हकअन्तर्गत नागरिकलाई नेपालभर आवतजावत र बसोबास गर्ने स्वतन्त्रता प्रदान गरिएको छ।

भूकम्प, बाढी, पहिरोलगायतका प्राकृतिक प्रकोपहरूबाट घरवारविहीनहरूको सङ्ख्या बढ्दो छ। अझ २०७२ वैशाख १२ गते गएको विनाशकारी भूकम्प र त्यसपछिका पराकम्पबाट घरवारविहीन नागरिकहरूको सङ्ख्या एकै पटक बढ्न गएको छ। भूकम्पबाट कुल ६ लाख ४ हजार ९ सय ३० घर पूर्ण रूपमा र र २ लाख ८८ हजार ८ सय ५६ वटा घर आंशिक रूपमा क्षतिग्रस्त भएको तथ्याङ्क छ। भूकम्पबाट घर गुमाएका व्यक्तिहरूको पुनःस्थापनाका लागि नेपाल सरकारले गरेको प्रतिवद्धता व्यवहारमा कार्यान्वयन हुन सकेको छैन। घर गुमाएर अस्थायी टहरा र त्रिपालमा बसोबास गरिरहेका पीडितहरूको जाडोका कारण मृत्यु भएका तथ्यहरू प्राप्त भएका छन्। यसबाट बालबालिका, ज्येष्ठ नागरिक, सुत्केरी महिला र बिरामीहरू बढी मात्रामा प्रभावित भएको पाइएको छ। राजनीतिक विवादका कारण नीति निर्माण र संयन्त्र निर्माणमा ढिलाइ हुने एवम् तिनको कार्यान्वयन सन्तोषजनक नहुनेजस्ता कारणबाट पीडितहरू राज्यले उपलब्ध गराउन प्रतिबद्धता गरेको सुविधाबाट वञ्चित हुन पुगेको आयोगको अनुगमनबाट देखिएको छ। स्थानीयको भावनाअनुसार नमुना घर निर्माणतर्फ ध्यान नपुऱ्याउँदा, अनुमोदन सम्झौता जटिल हुँदा, समयमा अनुदान प्राप्त नहुँदा, सरकोकारवालाबीचको समन्वय प्रभावकारी बन्न नसक्दा लगायतका कारण पनि भूकम्प पीडितको अवस्था दयनीय बन्न पुगेको छ। सक्कली र नक्कली पीडित छुट्ट्याउन कठिनाइ हुँदा स्थानीय तहमा द्वन्द्व निम्तिन सक्ने देखिन्छ। यसै गरी बाढीपहिरो पीडितहरूलाई तत्कालन केही राहत उपलब्ध गराउनेबाहेक उनीहरूको पुनःस्थापनाका लागि ठोस कार्य हुन सकेको देखिएन।

नेपाल सरकारले आवास नीतिअन्तर्गत गरिबका लागि योजनाबद्ध बस्ती विकास कार्यक्रम कार्यविधि तयार गरेको र जनता आवास कार्यक्रमलाई निरन्तरता दिएको छ। सुकुम्बासी, हलिया तथा वादीलगातयका सीमान्तकृत र जोखिममा रहेका समुदायका लागि आवास कार्यक्रम अपर्याप्त छ। तराईमा मुसहरलगायतका समुदाय उचित वासस्थान र शौचालय आदिबाट वञ्चित हुन पुगेका छन्। परालको छाप्रोमा जीवन गुजार्नुपर्ने स्थितिले शीतलहरबाट उत्पन्न हुने समस्याबाट ग्रसित हुनुपरेको छ। सुकुम्बासीको समस्या समाधान गर्न नेपाल सरकारबाट भएको प्रयास अपर्याप्त र प्रभावहीन देखिएको छ। सरकार समस्याप्रति संवेदनशील हुन नसकेको अवस्था छ। यस्ता कतिपय बस्तीहरू डर, धाकधम्की र असुरक्षाको अनुभूति गरेका छन्। भूमिहीन गरिब परिवारलाई आवासको सुविधा उपलब्ध गराउन राज्यले ठोस नीति तर्जुमा गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्नु आवश्यक देखिएको छ। यसको दिगो समाधानको लागि आवश्यक कदम चाल्न आवश्यक देखिएको छ। यस आवमा आयोगमा आवाससम्बन्धी एउटा उजुरी दर्ता भएको छ।

### (ङ) श्रम तथा रोजगारीको अधिकार

रोजगारीको हक नागरिकले आफ्नो योग्यता, चाहनाअनुसारको कामप्राप्तिका साथै सम्मानपूर्ण जीवनयापन गर्न पाउने आधारभूत अधिकार हो । मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २३ ले प्रत्येक व्यक्तिलाई कामको, रोजगारीको स्वतन्त्र छनोट, कामका उपयुक्त र अनुकूल अवस्था, बेरोजगारी विरुद्ध संरक्षणको अधिकारसमेत सुनिश्चित गरेको छ । नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धध, १९६६ को धारा २२ ले प्रत्येक व्यक्तिलाई आफ्नो हितको संरक्षणका लागि ट्रेड युनियनहरू खोल्ने र त्यसमा सम्मिलित हुने अधिकार प्रदान गरेको छ । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा ६ देखि ९ सम्म कामको छनोट गर्ने अधिकार, उत्पादनमूलक रोजगारीको अवसरलगायतका अधिकारलाई सुनिश्चित गरिएको छ । महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १९७९ को धारा ११ मा पक्ष राष्ट्रहरूले पुरुष र महिलाको समानताको आधारमा रोजगारीको छनोटका निमित्त समान मापदण्डको प्रयोग, रोजगारीमा समान अवसरको अधिकार, रोजगारीको स्वतन्त्र रूपले छनोट गर्नेलगायतका अधिकारको व्यवस्था रहेको छ । सबै किसिमका जातीय भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५ को धारा ५ मा जातीय भेदभावबिना पक्ष राष्ट्रहरूले प्रत्येक व्यक्तिको समानताको अधिकार प्रत्याभूत गर्नुपर्ने र सोही धाराको खण्ड (ङ) (१) मा प्रत्येक व्यक्तिलाई काम गर्ने, स्वेच्छाले रोजगारी रोज्ने, कामको उचित र अनुकूल अवस्था प्राप्त गर्ने, बेरोजगारीविरुद्ध संरक्षण पाउने, समान कामका लागि समान पारिश्रमिक पाउनेलगायतका अधिकारको सम्बन्धमा उल्लेख गरिएको छ । नेपालको संविधान ले रोजगारीलाई मौलिक हकको रूपमा लिई प्रत्येक नागरिकलाई पेसा, रोजगारको स्वतन्त्रताको व्यवस्था गरेको छ । त्यस्तै रोजगारी तथा सामाजिक सुरक्षासम्बन्धी हकको व्यवस्था गर्दै प्रत्येक नागरिकलाई कानुनमा व्यवस्था भएबमोजिम रोजगारीको हक हुने उल्लेख छ ।

रोजगारीको हकलाई नेपालको संविधानले मौलिक हकको रूपमा राखेको छ । तथापि, मुलुकमा बेरोजगारी दर ४६ प्रतिशत रहेको छ । सहकारी संस्थाहरूले रोजगारीका अवसरहरू सिर्जना गर्न सहयोग पुऱ्याएका भए पनि रोजगारीको सुरक्षा र न्यूनत्तम पारिश्रमिकसम्बन्धी समस्याहरू व्यापक छन् । नेपाल सरकारले लागू गरेको युवा स्वरोजगार कार्यक्रम पनि राजनीतीकरणका कारण प्रभावकारी हुन सकेको छैन । लामो सङ्क्रमणकाल र राजनीतिक अस्थितरताजस्ता कारणहरूबाट लगानीको वातावरण नहुनु एवम् ग्रामीण क्षेत्रमा वित्तीय संस्थाहरूको पहुँच अभावका कारण लगानीको वातावरणको अभावमा रोजगारीका अवसरहरू बढ्न सकेका छैनन् । निजी क्षेत्रमा रोजगारीको सुरक्षा कमजोर छ । बेरोजगार भत्ता उपलब्ध गराउने प्रतिवद्धता व्यवहारमा कार्यान्वयन भएको छैन । रोजगारीको अभावको कारण युवा जनशक्ति वैदेशिक रोजगारीको लागि विदेशिने क्रम बढ्दै गएको छ । रोजगारीको लागि भारत जाने नेपालीहरूको अभिलेख समेत हुन नसक्दा उनीहरूको अधिकार प्रचलन अत्यन्त दयनीय छ ।

अनौपचारिक क्षेत्रमा कार्यरत मजदुरहरूको अवस्था अझ दयनीय छ। श्रमिकहरूको सेवा, सुविधा न्यून छ र सरकारले तोकेको न्यूनत्तम पारिश्रमिकसम्बन्धी व्यवस्था पूर्णतः लागू भएको छैन। बीमासम्बन्धी व्यवस्था प्रभावकारी रूपमा लागू हुन सकेको छैन। समान कामका लागि महिला र पुरुषबीच ज्यालामा अझै पनि विभेद कायमै छ। यस आवमा आयोगमा आवासको हकसम्बन्धी २ वटा उजुरी दर्ता भएका छन्।

**(च) उपभोक्ताको अधिकार**

प्रत्येक व्यक्तिले वस्तु वा सेवा उपभोग वा प्रयोग गर्नुपर्ने हुँदा प्रत्येक व्यक्ति उपभोक्ता मानिन्छ। जीवनयापनका लागि गुणस्तरीय वस्तु वा सेवा खरिदकर्ता वा प्रयोगकर्ता नै उपभोक्ता हुन्। संयुक्त राष्ट्रसङ्घीय उपभोक्ता हित संरक्षण मार्गनिर्देशन, १९८५ ले उपभोक्तालाई सुरक्षाको अधिकार, सुचित हुने अधिकार, छनोटको अधिकार, सुनुवाइको अधिकार, उपभोक्ता शिक्षाको अधिकार, क्षतिपूर्तिको अधिकार, आधारभूत आवश्यकतामा पहुँचको अधिकार, स्वच्छ तथा स्वस्थ्य वातावरणको अधिकार प्रदान गरेको पाइन्छ। मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २५ को (१) मा प्रत्येक व्यक्तिलाई आफ्नो र आफ्नो परिवारको स्वास्थ्य र कल्याणको लागि खाद्यान्न, कपडा, आवास र औषधोपचारको सुविधा र आवश्यक सामाजिक सेवाहरूलगायत पर्याप्त जीवनस्तरको अधिकार तथा बेरोजगारी, बिरामी, अशक्तता, विधवा, वृद्धावस्था वा आफ्नो काबुबाहिरको परिस्थितिमा जीविकोपार्जनका उपायका अभावमा सुरक्षा पाउने अधिकार हुनेछ भन्ने उल्लेख छ। त्यस्तै आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि, १९६६ को धारा ११ (१) मा प्रत्येक व्यक्तिको पर्याप्त आर्जन, लुगा तथा आवाससमेत आफू स्वयं र आफ्नो परिवारको पर्याप्त जीवनस्तरको निरन्तर सुधारको अधिकार उल्लेख छ। उपभोक्ता संरक्षण ऐन, २०५४ ले पनि यी अधिकारलाई संरक्षित गरेको छ।

आयोगबाट जारी उपभोक्ताको मानव अधिकार अनुगमन मार्गनिर्देशिका बमोजिम आयोगले अनुगमन कार्य गर्दै आएको छ। अनुगमनबाट प्राप्त तथ्यलाई हेर्दा उपभोक्ताको अधिकार प्रचलनको अवस्था सन्तोषजनक छैन। खाद्य तथा पेय पदार्थजस्ता दैनिक उपभोग्य वस्तु तथा सेवा क्षेत्रमा अत्याधिक विसङ्गति देखिएको छ। सहज आपूर्ति र खाद्य सुरक्षाको अभाव, अखाद्य वस्तु मिसावट, म्याद नाघेका खाद्य वस्तुको विक्री, कृत्रिम मूल्यवृद्धि, गुणस्तर र नापतौलमा कमी, वस्तु वा उत्पादन सञ्चय वा भण्डारण, ढुवानी गर्न र वस्तु सुरक्षित राख्न नसकिएको अवस्था छ। वस्तुको ओसारपसार, ग्राहकलाई पर्याप्त सूचना एवम् जानकारी र सतर्कताका लागि लेवलिङ आदिमा प्रशस्त कमीकमजोरी छन्। ग्राहकलाई गलत सूचना र प्रलोभनमा पार्ने विज्ञापन प्रचार-प्रसार आदि मुख्य समस्याका रूपमा देखापरेका छन्। फितलो सरकारी अनुगमन, कालोबजारीमाथि कारबाही भएको अनुभूति हुन नसकेको अवस्था विद्यमान छ। एकातिर बजार स्वच्छ र प्रतिस्पर्धात्मक हुन नसकेको स्थिति छ भने अर्कोतिर अनुगमन र

नियमनको जिम्मेवार वाणिज्य विभागलगायतका सरकारी निकायका काम कारबाही प्रभावकारी र पारदर्शी देखिँदैनन् । यसबाहेक स्रोत र साधन एवम् समन्वयको अभाव, दक्ष जनशक्ति, प्रविधि परीक्षण प्रयोगशालाको कमी र प्रभावकारी तथा अद्यावधिक नियम कानुनको अभाव पनि यसका लागि कारकतत्त्वका रूपमा रहेका छन् ।

देशको सार्वजनिक यातायात प्रणाली सिन्डिकेटलगायतका समस्याबाट ग्रसित हुनु, सरकारले भाडा घटाउन निर्देशन दिँदा पनि सवारी साधनको भाडा नघट्नु, विद्युत् तथा स्वच्छ पिउने पानीको आपूर्ति नियमित हुन नसक्नु, वस्तु तथा सेवाको मूल्य निर्धारण प्रक्रिया न्यायसङ्गत नहुनु, उपभोक्ताले ग्यासलगायत अत्यावश्यकीय वस्तु तथा सेवा सहज प्रक्रियाबाट प्राप्त गर्न नसक्नु, अस्वाभाविक रूपमा मूल्यवृद्धि हुनु, वस्तु तथा सेवाबारे भ्रमपूर्ण विज्ञापन आउनु, आफूमाथि अन्याय हुँदा उपभोक्ताले कानुनी उपचार नपाउनुजस्ता समस्याहरूबाट आमउपभोक्ता आफ्ना अधिकार उपभोग गर्नबाट वञ्चित भएको पाइएको छ ।

आयोगद्वारा भएका अनुगमनहरूबाट खाद्यलगायत विभिन्न वस्तुहरूको गुणस्तरहीनता, मिसावट, जथाभावी मूल्य निर्धारण, सिन्डिकेट प्रणाली र कालोबजारीलाई नियन्त्रण गर्न नसकेको अवस्था देखिन्छ । कानुनी दायराभित्र ल्याउन नसकेको, सार्वजनिक सेवाको गुणस्तर, भ्रमात्मक विज्ञापनलाई नियन्त्रण तथा नियमन गर्न सक्ने कानुनहरू विद्यमान हुँदाहुँदै पनि सम्बन्धित निकायले प्रभावकारी रूपमा अनुगमन र नियमन गर्न सकेको छैन । आम उपभोक्तालाई गुणस्तरीय तथा सहज स्वास्थ्य, शिक्षा, खानेपानी र सञ्चारसँग सम्बन्धित सेवामा समेत सहज पहुँचमा कठिनाइ रहेको पाइएको छ ।

वस्तु तथा सेवाको गुणस्तर, उपलब्धता र न्यायोचित मूल्य निर्धारण प्रक्रियाबारे अनुगमन गर्ने सरकारी निकायलाई थप प्रभावकारी बनाउन, उपभोक्ता शिक्षा प्रवर्द्धन गर्न तथा उपभोक्ताको हितविपरीतका गतिविधिमा संलग्नहरूमाथि छानबिन गरी कानुनी कारबाही गर्न नेपाल सरकारले विशेष ध्यान दिन आवश्यक देखिन्छ ।

### जातीय भेदभावविरुद्धको अधिकार

जातविशेषको आधारमा गरिने निषेध, बहिष्करण र विभेदजन्य कार्यलाई जातीय भेदभावका रूपमा लिइन्छ । मानिस जन्मसिद्ध रूपमा स्वतन्त्र र समान भएकाले जातजाति, उत्पत्ति, धर्म, वर्ण, लिङ्ग, पेसा-व्यवसायलगायत कुनै पनि आधारमा भेदभाव स्वीकार्य हुन सक्दैन । यी कुनै पनि आधारमा गरिने यस्ता व्यवहार नैतिक र कानुनी रूपले समेत अक्षम्य र गम्भीर अपराध हुन् ।

मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रको धारा १ ले सबै व्यक्ति जन्मजात स्वतन्त्र र प्रतिष्ठा तथा अधिकारमा समान हुने; जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचारधारा, राष्ट्रियता वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य कुनै हैसियतलगायतका कुनै पनि आधारमा कुनै पनि किसिमको भेदभाव गर्न नहुने उल्लेख छ । नागरिक तथा

राजनीतिक अधिकारसम्बन्धी अभिसन्धि, १९६६ को धारा २, आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार विषयक अभिसन्धि, १९६६ को धारा २ र अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ को धारा ३ र ४ ले विभेदविरुद्धको अधिकारको प्रत्याभूति गरेका छन्। त्यसै गरी सबै प्रकारका जातीय भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १९६५ तथा महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने अन्तर्राष्ट्रिय महासन्धि, १९७९ को धारा २ ले समेत समानता र अविभेदको सिद्धान्तलाई समेटेको पाइन्छ।

नेपालकोसंविधानले समानताको हकमा राज्यले नागरिकहरूबीच जातजातिको आधारमा भेदभाव नगरिने सुनिश्चितता  गरेको छ। कुनै पनि व्यक्तिलाई जाति, वंश, समुदाय वा पेसाका आधारमा कुनै किसिमको छुवाछुत तथा जातीय भेदभाव नगरिने, भेदभाव व्यवहार दण्डनीय हुने र पीडितले कानुनले निर्धारण गरेअनुसार क्षतिपूर्ति पाउने प्रावधान संविधानमा उल्लेख छ। त्यस्तै कुनै पनि व्यक्तिलाई जातजातिको आधारमा सार्वजनिक प्रयोगमा रहेका सेवा, सुविधा वा उपयोगका कुराहरू प्रयोग गर्नबाट वा सार्वजनिक स्थल वा सार्वजनिक धार्मिक स्थलमा प्रवेश गर्न वा वा धार्मिक कार्य गर्नबाट वञ्चित नगरिने प्रावधान राखिएको छ। जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ ले जातीय भेदभाव र छुवाछुतलाई दण्डनीय मानी सजायको व्यवस्था गरेको छ।

उल्लिखित संवैधानिक र कानुनी व्यवस्था सँगै नीतिगत रूपमा दलित विद्यार्थीहरूको लागि द कक्षा १० सम्म निःशुल्क शिक्षा, उच्चमाध्यमिक विद्यालयमा छात्रवृत्ति कार्यक्रम र रोजगारीको क्षेत्रमा आरक्षण नीति अवलम्बन गरेको छ। भेदभावविरुद्धका प्रावधानको कार्यान्वयन एवम् दलित समुदाय उत्थान र विकासको लागि राष्ट्रिय दलित आयोग, उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समिति, वादी समुदाय उत्थान विकास समिति, जातीय भेदभाव, छुवाछुत तथा दलितहरूको अधिकार प्रवर्द्धन संयन्त्रहरू स्थापना भएका छन्। तर तिनीहरूको प्रभावकारिता देखिन सकेको छैन। वर्तमान संविधानले राष्ट्रिय दलित आयोगलाई सवैधानिक निकायको रूपमा स्तरोन्नति गरेको छ।

जातीय भेदभाव तथा छुवाछुत (अपराध र सजाय) ऐन, २०६८ ले जातीय भेदभाव र छुवाछुतजन्य कार्यलाई अपराध घोषणा गरे पनि अपराधको तुलनामा यससम्बन्धी मुद्दाहरू न्यून मात्रामा अदालतमा दर्ता भएका छन्। आयोगकै अनुगमनबाट पनि नेपाल प्रहरीले जातीय विभेद तथा छुवाछुतको घटना गाँउमा न्याली गरी, माफी माग्न लगाई, कागज गरी गाँउलेलाई समेत सहिछाप गर्न लगाई मिलापत्रमा टुङ्ग्याउने गरेको पाइएको छ।  जातीय विभेद विरुद्धका उजूरीहरूको पहुँच सहज हुन सकेको छैन।

आयोगबाट भएको अनुगमन तथा अनुसन्धानबाट अन्तरजातीय विवाहमा अवरोध, छुवाछुत र दलितहरूमाथि हिंसा तथा दुर्व्यवहारजस्ता विषयहरू प्रमुख समस्याका रूपमा देखिएका छन्। धार्मिक अन्धविश्वास, सामाजिक कुरीति, रुढीवादी संस्कार, अशिक्षा, चेतना र कानुनी ज्ञानको

अभावलगायतका कारण अहिले पनि जातीय विभेद तथा छुवाछुतका घटनाहरू पूर्णतः रोकिन नसकेको अवस्था छ। दलित तथा पिछडिएका वर्गलाई विभेद, विद्यालय तथा सार्वजनिक स्थलमा छुवाछुतजन्य भेदभावजस्ता घटनाहरू भइरहेका छन्। यस्ता घटनाहरूको सम्बन्धमा आयोगले राष्ट्रिय दलित आयोगसँग सहकार्य गरी विभिन्न जिल्लामा जातीय विभेदसम्बन्धी अवस्था र घटनाहरूको अनुगमन गरिरहेको छ। अनुगमनबाट जातीय भेदभावविरुद्धका घटनाहरूमा समाज तथा प्रहरीबाट कानुन कार्यान्वयनभन्दा मेलमिलापमा बढी जोड दिनु, चेतना र पहुँचको अभाव हुनुजस्ता कारणहरूबाट कानुन कार्यान्वयनमा चुनौती कायमै रहेको निष्कर्षमा पुग्न सकिन्छ। यस्ता घटनाहरूको अन्त्यको लागि कानुनको प्रभावकारी कार्यान्वयन र चेतनामूलक कार्यक्रमहरूलाई साथसाथै लैजानु आवश्यक देखिन्छ। यस आवमा आयोगमा जातीय भेदभाव र भाषिक भेदभावमा ५ वटा उजुरी दर्ता भएका छन्।

**बाल अधिकार**

बाल अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९ ले १८ वर्षमुनिका व्यक्तिहरूलाई बालबालिकाको रूपमा मान्यता दिइएको छ। नेपाल पक्ष राष्ट्र भएको यस महासन्धिले बालबचाउको अधिकार, बाल विकासको अधिकार, बाल संरक्षणको अधिकार र बाल सहभागिताको अधिकारलाई जोड दिएको छ। नेपालकोसंविधानको धारा ३९ ले प्रत्येक बालबालिकालाई आफ्नो पहिचान तथा नामको हक हुने, पालनपोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा प्राप्त गर्ने हक हुने, शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको शोषणविरुद्धको हक हुने व्यवस्था छ। त्यसै गरी असहाय, अनाथ, सुस्त मनस्थिति, द्वन्द्वपीडित, विस्थापित एवम् जोखिममा परेका र सडक बालबालिकालाई राज्यबाट विशेष सुविधा पाउने हक हुने, बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन वा सेना, प्रहरी वा द्वन्द्वमा प्रयोग गर्न नपाइने व्यवस्था गरिएको छ।

उल्लिखित मापदण्डको आधारमा आयोगलबाल अधिकार सम्बन्धमा अनुगमन, अनुसन्धान एवम् प्रवर्द्धनात्मक कार्यक्रमहरू गर्दै आएको छ। आयोगको अनुगमनबाट सबै बालबालिका विद्यालयमा भर्ना हुन नसक्ने, विद्यालय छाड्ने उच्च दर, बन्द हडताल आदिबाट पठनपाठनमा असर पर्न गएको अवस्था छ। गरिबी तथा भौगोलिक विकटतालगायतका कारणले शिक्षाको अधिकारबाट बालबालिका वञ्चित भइरहेको पाइएको छ। दुर्गम क्षेत्र तथा केही अल्पसङ्ख्यक समुदाय, दलित समुदायका बालबालिकाहरूमा अझै पनि शिक्षाको बारेमा चेतनाको कमी देखिन्छ। घर, परिवार र विद्यालयमा बालबालिकामाथि हुने भौतिक सजाय पनि बाल अधिकार संरक्षणमा चुनौतीको रूपमा रहेको छ। निर्वाचनमा राजनीतिक दलहरूबाट बालबालिका प्रयोग गर्ने प्रवृतिमा केही कमी आएता पनि पूर्ण सुधार आउन सकेको छैन। आयोगको अनुगमनका क्रममा धेरैजसो विद्यालयमा हातले, प्लास्टिकको पाइप वा अन्य यस्तै साधनहरूको प्रयोग गरेर विद्यार्थीलाई हिर्काउने (खास गरी गाला चड्काउने,

थप्पड हान्ने, झापड लाउने, कान तान्ने, कपाल तान्ने) जस्ता क्रियाकलापहरू गर्ने गरेको पाइएको छ। बालबालिकालाइ पेटमा चिमोट्ने, कपाल वा कान तान्ने, बालबालिकालाई अप्ठेरो हुने गरी राख्ने, डेस्कबेन्चमा उभ्याउने परिपाटी अन्त्य हुन सकेको छैन । प्रायः शिक्षकहरूबाट कुखुरा वामुर्गा बनाउने, कान तान्ने वा कान बटार्ने, उठबस गराउने (१० देखि २० पटकसम्म), पछाडिको कपाल तान्ने वा कान नजिकको कपाल तान्ने, गालामा र टाउकोमा कुट्ने गरेको पाइएको छ। पेटमा चिमोट्ने, घुँडा टेकाउने, कक्षाकोठाबाट केही समय बाहिर पठाउने, ठूलो स्वरमा हप्काउने, चक वा डस्टरले हान्नेजस्ता शारीरिक दण्डका स्वरूपहरू विद्यार्थीमाझ प्रयोग गर्ने गरिएको पाइएको छ। सामुदायिक विद्यालयको तुलनामा निजी विद्यालयमा शारीरिक सजाय दिने प्रचलन बढी देखिन्छ।

बालश्रम बाल अधिकार संरक्षणमा ठूलो चुनौतीका रूपमा रहेको छ। बालबालिकाको कुल जनसङ्ख्याको ३३.९ प्रतिशत बालबालिका बालश्रममा रहेका छन्। सहरी तथा तराई-मधेसको क्षेत्रमा घरेलु बालश्रमिक, औद्योगिक क्षेत्रमा क्रियाशील बालश्रमिक, यातायात क्षेत्रमा संलग्न बालश्रमिक, होटल आदि व्यवसाय र मनोरञ्जनको क्षेत्रमा संलग्न बालश्रमिकलगायतका समस्याहरू छन् भने पहाडी र हिमाली क्षेत्रमा बालबालिकाहरूलाई भरियाको रूपमा समेत प्रयोग गरेको पाइएको छ। नेपाल सरकारले बालश्रम उन्मूलनका लागि ल्याएका नीति तथा कार्यक्रमहरूको प्रभावकारिता देखिन सकेको छैन।

बालबालिकामाथि हुने हिंसाका घटनाहरू बाल अधिकार संरक्षणमा ठूलो चुनौतीका रूपमा रहेका छन्। खास गरी बालिकाहरू यौनदुर्व्यवहारबाट पीडित भइरहेका छन्। बालविवाह अर्को ठूलो चुनौती हो। जनगणना २०६८ अनुसार १४ वर्षमुनिका ११.५ प्रतिशत बालबालिकाको बालविवाह हुने गर्दछ। यस्तै सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको पुनःस्थापना कार्य पनि प्रभावकारी नभएको पाइन्छ।

महिला बालबालिका समाज कल्याण मन्त्रालयअन्तर्गत रहेको केन्द्रीय बाल कल्याण समितिको २०७३ मा प्रकाशित प्रतिवेदनमा विराटनगर, भक्तपुर र कास्कीमा गरी ३ बाल सुधारगृह रहेका छन्। यी सुधारगृहमा ४ बालिकासहित २३४ बालक गरी २३८ जना राखिएको छ। जम्मा ४४ जिल्लामा ५७२ आवासीय बालगृह सञ्चालनमा रहेका छन्, जसमा १६ हजार ८ सय ८६ बालबालिकालाई संरक्षण दिइएको छ।

बाल अधिकारसम्बन्धी यस आवमा १४ वटा उजुरी दर्ता भएका छन्। आयोगले नेपाल सरकारलाई बाल अधिकारको संरक्षणको लागि नीतिगत सिफारिस गर्ने निर्णय गरेको छ। निर्णयमा सरकारलाई धर्मपुत्रसम्बन्धी कानुनी व्यवस्था, नीतिसमेत आवश्यक संशोधन गर्न भनिएको छ। त्यस्तै जनचेतना र सचेतना वृद्धि गर्ने दायित्व अभिभावक बाबुआमा वा स्वयम्को हुने भएकाले त्यसतर्फ सचेतनामूलक कार्यक्रमसमेत सञ्चालन गर्नगराउन भनी उल्लेख छ।

## महिला अधिकार

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १ मा सबै व्यक्ति जन्मजात स्वतन्त्र तथा प्रतिष्ठा र अधिकारमा समान छन् भन्ने उल्लेख गरिएको छ। सोही घोषणापत्रको धारा २ मा सबै अधिकार विना लैङ्गिक विभेद सबैलाई समान रूपमा प्राप्त हुने कुरामा जोड दिइएको छ। नागरिक तथा राजनीतिक अधिकार विषयक अनुबन्ध, १९६६ र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा २ र ३ ले पक्ष राष्ट्रहरूलाई अनुबन्धमा उल्लेख अधिकार बिनालैङ्गिक विभेद सम्मान र सुनिश्चित गर्न राज्यपक्षलाई निर्देशन गरेका छन्। महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने अन्तर्राष्ट्रिय महासन्धि, १९७८ ले लैङ्गिक विभेद अन्त्य गर्न राष्ट्रिय कानुनमा महिला अधिकारको संरक्षण गर्न, राष्ट्रिय कानुनमा रहेका विभेदकारी व्यवस्थाहरू खारेज गर्न तथा महिला अधिकारको संरक्षण र संवर्द्धनका लागि नयाँ कानुनहरूको निर्माण गर्न तथा महिला अधिकारको प्रभावकारी संरक्षणका लागि राष्ट्रिय संयन्त्रको निर्माण गर्न समेत राज्य पक्षको दायित्व निर्धारण गरेको छ। महिलाका राजनीतिक अधिकारसम्बन्धी महासन्धि, १९५२ को धारा २ ले महिलालाई पुरुषसरह राजनीतिक अधिकार प्रदान गर्दै मतदान गर्न पाउने, निर्वाचित हुन पाउने, सार्वजनिक पद धारण गर्न पाउनेलगायतका अधिकारको सुनिश्चितता गरेको छ।

नेपालको संविधानमा महिलाको हकअन्तर्गत महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव नगरिने, महिलालाई प्रजनन स्वास्थ्य तथा प्रजननसम्बन्धी हक मौलिक हकको रूपमा हुने उल्लेख छ। महिलाविरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य नगरिने र त्यस्तो कार्य कानुनद्वारा दण्डनीय हुने, पैतृक सम्पत्तिमा छोरा र छोरीलाई समान हक उल्लेख छ। त्यस्तै सामाजिक न्यायको हकमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक प्रदान गरेको छ। घरेलु हिंसा ( कसुर, सजाय) ऐन २०६६, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र नियमावली २०६५ मा समेत प्रत्यक्ष/अप्रत्यक्ष रूपमा महिला अधिकारसम्बन्धी व्यवस्था रहेका छन्। महिला अधिकारसम्बन्धी प्रावधान कार्यान्वयनका लागि सरकारी संयन्त्रको साथमा राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोगलगायत संयन्त्रको स्थापना गरिएको छ। नेपालको संविधानले राष्ट्रिय महिला आयोगलाई संवैधानिक निकायका रूपमा राखेको छ।

कानुनी तथा नीतिगत रूपमा महिला अधिकारको प्रवर्द्धन सकारात्मक रूपमा भइरहेको भए पनि समाजमा अझै पनि लैङ्गिक विभेद कायमै रहेको छ। महिलाहरूको साक्षरता दर पुरुषको ६५ प्रतिशतको तुलनामा ५७.४ प्रतिशतमात्र रहेको छ। महिला घरमूली २५.७३ प्रतिशत र १९.७१ प्रतिशत महिलाको स्वामित्वमा घर वा जग्गा रहेको छ। नेपाल लैङ्गिक समानतासम्बन्धी विश्व परिसूचकमा ९८औं स्थानमा रहेको छ। समावेशीकरणको नीति

अवलम्बन गरी राज्यका निकायहरूमा महिला सहभागिता क्रमशः बढ्दै जानुलाई सकारात्मक रूपमा लिन सकिन्छ ।

आर्थिक रूपमा महिलाको धेरै हदसम्म पुरुषमाथिको निर्भरता कायमै छ । घरायसी कामलाई कामको रूपमा गणना गरिएको छैन । असामाजिक मूल्य-मान्यता एवम् व्यवहारतः विभेद, दमन, शोषण, अन्याय, अत्याचार र वहिष्करण आदिका कारण नेपाली महिलाको अवस्था राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा शैक्षिकलगायत राष्ट्रिय जीवनका सबै क्षेत्रमा पुरुषको तुलनामा सक्षम हुन सकेको छैन । झुमा, देउकी, छाउपडी र कुमारीजस्ता सामाजिक कुप्रथाहरू अझै पूर्णरूपमा हटाउन सकिएको छैन । दाइजो तथा तिलक, बालविवाह, मञ्जुरीबिना विवाह, बोक्सीको आरोपमा कतिपय परिबारमा सदस्यहरूबाटै हिंसा अथवा दाइजो नल्याएका कारण कुटपिटदेखि मार्नेसम्म कार्यले नेपाली समाजमा महिलाहरू विभेदको सिकार भइरहेका छन् ।

घरेलु हिंसाका घटनाहरूमा बढोत्तरी भइरहेको छ । समय र विकासक्रम सँगसँगै महिलामाथि हुने विभेद, हिंसाको प्रकार र रूप पनि फरक हुँदै गइरहेको छ । आधुनिक प्रविधिलाई दुरूपयोग गरी महिलामाथि हिंसा गर्ने प्रचलन पनि रहिआएको छ । भिडियो एक्स-रेमार्फत भ्रूणको पहिचान गरी छोरी भएमा गर्भपतन गर्ने परिपाटीलाई यस रूपमा लिन सकिन्छ । बलात्कार, यौन दुर्व्यवहार, एसिड छर्कने/आगो लगाउने र कुटपिटजस्ता घटनाहरूबाट महिलाहरू पीडित भइरहेका छन् ।

नेपाल संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्का घोषणाहरू १३२५ र १८२० को कार्यान्वयनका लागि कार्ययोजना बनाउने दक्षिण एसियामै पहिलो मुलुक भए पनि कार्यान्वयन पक्ष भने सन्तोषजनक छैन । महिला ओसारपसार तथा बेचबिखनका घटनाहरू नियन्त्रणमा आउन सकेका छैनन् । बढ्दो बेरोजगारी र श्रमको उचित कदर नहुँदा मानिसहरू देशबाहिर रोजगारको खोजीमा जाने क्रम बढ्दो छ र यसरी विदेशिनेहरूमा महिलाहरू अत्यन्त जोखिममा छन् । उनीहरूलाई यौनशोषण तथा देहव्यापारका लागि जबर्जस्ती प्रयोग गरिने क्रम ज्यादै विकराल हुँदै गएको छ; जसको प्रत्यक्ष-परोक्ष चपेटामा नेपाली महिलाहरू परिरहेका छन् ।

महिलामा पनि पिछडिएका, अल्पसङ्ख्यक महिलाहरूको अवस्था थप दयनीय छ । यस आवमा आयोगले मुस्लिम तलाकी महिला तथा बालबालिकाहरूको अवस्था सम्बन्धमा बाँके, पर्वत र सुनसरी जिल्लामा अनुगमन गरेको थियो । बाँकेमा विद्यालयले तोकेका पोशाक नलगाएको भनी विद्यालय प्रवेशमा रोक, दाइजो नल्याएको निहुँमा घरपरिबारबाट कुटपिट लगायतका विषयमा अनुगमन गरिएको थियो । महिला अधिकारसम्बन्धी यस आवमा १२ वटा उजुरी दर्ता भएका छन् ।

### आदिवासी/जनजातिको अधिकार

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ का अनुसार आदिवासी/जनजाति भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै सांस्कृतिक पहिचान, बेग्लै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको जाति वा समुदायलाई बुझिन्छ। आदिवासीसम्बन्धी अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धि, १६९ मा भूमि अधिकार, प्राकृतिक साधन-स्रोतमा पहुँच, शिक्षा, स्वास्थ्य, रोजगारीलगायतका विषयलाई समेटिएको छ। यस महासन्धिले निर्णय प्रक्रियामा सहभागिताको अधिकारलाई जोड दिनुका साथै आदिवासीका अधिकारहरू संरक्षण, संवर्द्धन गर्नेलगायतका विषय उल्लेख गरेको छ। आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासमाथिको अधिकार, उनीहरूलाई प्रत्यक्ष रूपमा प्रभाव पार्ने विकास योजना तथा कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन तथा मूल्याङ्कन प्रक्रियामा सहभागी हुने अधिकार प्रदान गरिएको पाइन्छ।

नेपालको संविधान, २०७२ मा मौलिक हकअन्तर्गत शिक्षा तथा संस्कृतिसम्बन्धी हकमा प्रत्येक समुदायलाई कानुनमा व्यवस्था भएबमोजिम आफ्नो मातृभाषामा आधारभूत शिक्षा र आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र संवर्द्धनको हक हुनेछ भन्ने उल्लेख छ। सामाजिक न्यायको हकमा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछिपरेका महिला, दलित, आदिवासी जनजाति, मधेसी समुदाय, उत्पीडित वर्ग, गरिब किसान र मजदुरलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक हुने उल्लेख गरिएको छ। राज्यको दायित्व, निर्देशक नीतिहरूमा राज्यको दायित्वअन्तर्गत शिक्षा, स्वास्थ्य, आवास, खाद्य सम्प्रभुता र रोजगारीमा निश्चित समयका लागि आरक्षणको व्यवस्था गरी आर्थिक तथा सामाजिक रूपले पिछडिएका आदिवासी जनजातिको उत्थान गर्ने नीतिका साथै सकारात्मक विभेदका आधारमा विशेष व्यवस्था गर्ने नीति छ। शिक्षा, स्वास्थ्य, आवास, खाद्य सम्प्रभुता र रोजगारीमा निश्चित समयका लागि आरक्षणको व्यवस्था गरी आर्थिक तथा सामाजिक रूपले पिछडिएका आदिवासी जनजाति, मधेसी, दलितलगायत सीमान्तकृत समुदाय तथा गरिबीको रेखामुनिका मजदुर किसानको उत्थान गर्ने नीति राज्यले अवलम्बन गर्नेछ भन्ने उल्लेख गरेको छ। त्यसै गरी राज्यले महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिमलगायत अल्पसङ्ख्यक, भूमिहीन, सुकुम्बासी, कमैया, अपाङ्ग, पिछडिएका क्षेत्र तथा समुदाय र द्वन्द्वपीडितका लागि सकारात्मक विभेदका आधारमा विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्नेछ भनी उल्लेख गरिएको छ।

स्वायत्त सरकारी निकायको रूपमा वि.सं. २०५८ मा स्थापित आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले आदिवासी जनजातिहरूको उत्थान तथा सशक्तीकरण गर्ने उद्देश्यसहित कार्य गर्दै आएको छ। संविधानले नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक एवम् बहुसांस्कृतिक मुलुक भएको हुनाले आपसी पहिचान र विविधताप्रति सम्मानको अवधारणा

क्रमशः विकास हुँदै गएको छ। यति हुँदाहुँदै पनि यसमा अपेक्षित मात्रामा कार्य हुन सकेको अवस्था छैन। समावेशितासम्बन्धी व्यवस्था कार्यान्वयनमा आएपछि सार्वजनिक सेवामा आदिवासी जनजातिको सहभागिता बढे पनि न्यून सहभागिताको अवस्था विद्यमान नै छ।

यस आवमा आयोगको अनुगमन टोलीले दोलखा जिल्ला सुरी गाविसका सुरेल समुदायको मानव अधिकारको अवस्था अनुगमन गरेको थियो; जसमा स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षालगायतका मानव अधिकारका विषयहरू समावेश थिए। दोलखा सुरेल जातिको बसोबास रहेको एक मात्र जिल्ला हो। यस जातिको मुख्य बसोबास सुरी गाविस वडा नं ७ मा रहेको छ। वडा नं. ७ मा ४५, वडा नं.८ मा ८ र खारे गाविस ३ मा ४ गरी जम्मा ५७ घरधुरी रहेको यस जाति (महिला १०६ जना र पुरुष १०४ जना) को जनसङ्ख्या (सुरेल जाति उत्थान समाज महासचिव विकास सुरेका अनुसार) जम्मा २१० जना रहेको छ। राष्ट्रिय जनगणना, २०६८ मा सुरेल जातिको जनसङ्ख्या उल्लेख रहेको देखिन्न। शिक्षाको हकमा सुरेल समुदायबाट स्नातक तहमा अध्ययनरत एक जना, एसएलसी पास गर्ने ११ जना, +२ गर्ने ३ जना र ५ कक्षासम्म छात्र १७ जना र छात्रा १६ जना अध्ययनरत रहेको अवस्था छ। त्यसै गरी उपेक्षाका खोटाङबाट लोपोन्मुख माझी जातिको मानव अधिकार अवस्थाबारे अनुगमन गरेको थियो।

राज्यले आदिवासी जनजातिको सशक्तीकरणका कार्यक्रमहरू सञ्चालनमा ल्याउनु आवश्यक देखिएको छ। नेपालमा सङ्घीयताको स्वरूपसम्बन्धमा बहस भइरहँदा भविष्यमा अल्पसङ्खसङ्ख्यक तथा आदिवासीहरूको अधिकार सुनिश्चित गर्नेसम्बन्धमा सरोकारवालाहरूको विशेष ध्यान जानुपर्ने देखिन्छ।

### ज्येष्ठ नागरिकको अधिकार

शारीरिक, सामाजिक तथा सांस्कृतिक अवस्थालाई जेष्ठ नागरिक मापनको आधार मानिए पनि उमेरमा विशेष जोड दिइएको पाइन्छ। अतः यस आधारमा जेष्ठ नागरिक भन्नाले प्रौढ वा औसत उमेर नाघेका व्यक्तिलाई बुझाउँदछ। ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ ले ६० वर्ष उमेर पुगेको नेपाली नागरिकलाई जेष्ठ नागरिकको परिभाषाअन्तर्गत राखेको छ।

ज्येष्ठ नागरिकको अधिकारलाई विभिन्न अन्तर्राष्ट्रिय र राष्ट्रिय कानुनहरूमा उल्लेख गरिएको छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा सबै व्यक्तिलाई बिना भेदभाव समान अधिकारप्राप्त हुने उल्लेख छ। धारा २५ (१) ले प्रौढावस्थामा समेत जीविकोपार्जनका लागि सामाजिक सुरक्षाको अधिकार हुने व्यवस्था छ। आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि, १९६६ को धारा १० मा प्रत्येक व्यक्तिको सामाजिक सुरक्षाको अधिकारलाई राज्यले स्वीकार गर्नुपर्ने प्रावधान छ। संयुक्त राष्ट्रसङ्घको महासभाबाट १६ डिसेम्बर १९९१ मा पारित राष्ट्रसङ्घीय वृद्धवृद्धासम्बन्धी सिद्धान्तहरूमा सबै

सदस्य राष्ट्रलाई स्वाधीनता, सहभागिता, आत्मसम्मानलगायतका सिद्धान्तहरूलाई आफ्नो राष्ट्रिय कार्यक्रममा समावेश गर्नुपर्ने भनी विशेष जोड दिइएको छ ।

नेपालको संविधानमा समानताको हकअन्तर्गत धारा १८ को उपधारा (३) को प्रतिबन्धात्मक वाक्यांशमा बालक, वृद्ध तथा अपाङ्ग वा शारीरिक वा मानसिक रूपले अशक्त व्यक्तिको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सकिने प्रावधान छ । महिला, श्रमिक, वृद्ध, अपाङ्ग तथा अशक्त र असहाय नागरिकलाई कानुनमा व्यवस्था भएबमोजिम सामाजिक सुरक्षासम्बन्धी हक र निर्देशक सिद्धान्तअन्तर्गत राज्यले असहाय, वृद्ध, आदिको संरक्षण र उन्नतिका लागि सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्ने उल्लेख छ । जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ ले जेष्ठ नागरिकको हेरविचार, स्याहारसम्भार तथा सामाजिक सुरक्षासम्बन्धमा चर्चा गरेको छ । जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ ले जेष्ठ नागरिकको हेरविचार, स्याहारसम्भार तथा सामाजिक सुरक्षाको लागि केन्द्रीय जेष्ठ नागरिक कल्याण समितिको गठन र जेष्ठ नागरिक कल्याणकोषको व्यवस्था गरेको छ । सरकार र गैरसरकारी क्षेत्रले सरकारको स्वीकृति लिई हेरचाह तथा दिवा सेवा केन्द्रको स्थापना र सञ्चालन गर्न व्यवस्था गरिएको छ

नेपालमा ज्येष्ठ नागरिकको सङ्ख्या कुल जनसङ्ख्याको ८.१३ प्रतिशत रहेको छ । औसत आयुमा वृद्धिसँगै यो सङ्ख्यामा क्रमिक रूपमा वृद्धि भइरहेको छ । सामाजिक सुरक्षाको अवधारणाअनुसार सरकारले हाल सामाजिक सुरक्षाअन्तर्गत ७० वर्ष उमेर पूरा गरेका जेष्ठ नागरिकलाई २ हजार रुपियाँका दरले मासिक भत्ता प्रदान गर्दै आएको छ । सरकारले ज्येष्ठ नागरिकका लागि मनोरञ्जन तथा तोकिएका क्षेत्रहरूमा विशेष छुट प्रदान गर्न सेवाप्रदायकहरूलाई उत्प्रेरित गर्ने नीति लिएको छ ।सर्वोच्च अदालतले ऐनअनुरूप ज्येष्ठ नागरिकहरूलाई सार्वजनिक तथा अन्य सेवामा ५० प्रतिशत छुट दिन सरकारका नाममा परमादेशको आदेशसमेत जारी गरेको छ । केही सार्वजनिक सवारी साधनहरूमा ज्येष्ठ नागरिक आरक्षण सिटको व्यवस्था गरी भाडामा ५० प्रतिशत छुट दिने नीति लिइएको छ । तर त्यसको कर्यान्वयन पक्ष कमजोर छ । राष्ट्रिय मानव अधिकार आयोगले गरेको अनुगमनको आधारमा ज्येष्ठ नागरिक भत्तालाई निर्वाहमुखी हुने गरी वृद्धि गर्ने, सार्वजनिक यातायात र स्वास्थ्य क्षेत्रमा शुल्क छुट गर्ने, ज्येष्ठ नागरिकसम्बन्धी ऐनको समयानुकूल संशोधन गर्ने, ज्येष्ठ नागरिकलाई परित्याग गर्ने कार्यलाई आपराधीकरण गर्नेलगायतका विषयहरूमा गरिएका सिफारिसहरू अझैसम्म कार्यान्वयन हुन सकेका छैनन् ।

आयोगले ज्येष्ठ नागरिकका अधिकारको लागि कार्य गर्दै आएको छ । यस आवमा आयोगले मोरङ, सुनसरी, रसुवा, धादिङ, नुवाकोट लगायतका जिल्लामा ज्येष्ठ नागरिकको अवस्था सम्बन्धमा अनुगमन गरेको थियो । अनुगमनबाट दुर्गम क्षेत्रमा बसोवास ज्येष्ठ नागरिकहरूले वृद्धभत्ताको लागि परिवारका सदस्यलाई वारेस दिएर पठाउदा उनीहरूले नपाएको अवस्था

छ। आफ्ना भनाइ राख्न सक्नेले मात्र सीमित मात्रामा यातायात एवम् स्वास्थ्य सुविधाको उपभोग गर्न पाएको अवस्था छ। निजी र सरकारी अस्पतालमा ज्येष्ठ नागरिकलाई उपचारमा छुट दिने भनिए पनि कार्यान्वयन अवस्था कमजोर छ। वीर, गङ्गालालजस्ता अस्पतालमा समेत यो सुविधा कार्यान्वयनमा आउन सकेको छैन। स्रोत खुलाएर बजेट निकासा नभएको र सोधभर्ना पनि दिने नगरेकाले निःशुल्क तथा छुट सुविधा दिन समस्या रहेको जानकारी अस्पताल व्यवस्थापन समितिको भनाइ छ।

पश्चिमा संस्कृतिको बढ्दो प्रभाव, बसाइँसराइ, वैदेशिक रोजगारीलगायतका कारणबाट परिवार विखण्डनको क्रम तीव्र हुँदै गएको छ। यसबाट सबैभन्दा बढी ज्येष्ठ नागरिकहरू प्रभावित बनेका छन्। वृद्धावस्थाबाट कमजोर मानसिक तथा शारीरिक अवस्थामा उनीहरूको हेरचाहमा गम्भीर समस्याहरू देखिएका छन्। अतः ज्येष्ठ नागरिकको मानव अधिकारलाई सम्बोधन गर्न सम्बन्धित सरोकारवालाहरूको ध्यान केन्द्रित गर्न ढिला भइसकेको छ। यस आवमा ज्येष्ठ नागरिकको अधिकार हनन भएको भनी २ वटा उजुरी दर्ता भएका छन्।

## अपाङ्गता भएका व्यक्तिहरूको अधिकार

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ ले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रियसम्बन्धी दीर्घकालीन अशक्तताद्वारा सिर्जित विभिन्न अवरोधहरूसँगको अन्तरक्रियाको कारणले समाजमा अन्य व्यक्तिसरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गमा सहभागी हुन बाधा भएको व्यक्ति समेतलाई अपाङ्गता भएको व्यक्तिभनी परिभाषित गरेको छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको ऐच्छिक अभिसन्धि, १९६६, यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहारविरुद्धको महासन्धि, १९८४ मा प्रत्यक्ष र परोक्ष रूपमा शारीरिक अवस्थाको आधारमा भेदभाव गर्न नहुने अधिकारको सुनिश्चितता गरिएको छ। त्यस्तै महिलामाथि सबै प्रकारका हिंसा उन्मूलन गर्ने महासन्धि, १९७९, बाल अधिकारसम्बन्धी महासन्धि, १९८९, मृत्युदण्डको उन्मूलनसँग सम्बन्धित नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको दोस्रो ऐच्छिक अभिसन्धि, १९८९ र जेनेभा महासन्धि, १९४९ (युद्ध वा सशस्त्र द्वन्द्वकालमा मात्रै लागू हुने) लगायतका दस्तावेजहरूमा शारीरिक अवस्थाको आधारमा भेदभावलाई निषेध गरी उनीहरूको अधिकारलाई सुनिश्चित गरिएको छ। यी दस्तावेजले कानुनका अगाडि सबै समानलगायत विभेदविरुद्धको अधिकारलाई जोड दिएका छन्। अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ एवम् इच्छाधीन आलेख, २००६ ले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको सुनिश्चितता गर्नुका साथै यस्ता अधिकारसम्बन्धी सामान्य सिद्धान्तहरूसमेत प्रतिपादन गरेको छ।

नेपालको संविधानले समानता र अविभेदको सिद्धान्तलाई अवलम्बन गरेको छ, जसअनुसार कुनै पनि आधारमा कसैलाई पनि भेदभाव नगरिने भनी उल्लेख गरेको छ। अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकारको सम्बन्धमा पनि मौलिक हकमा विशेष व्यवस्थाको साथै विभिन्न ऐनमा पनि अपाङ्गता भएका व्यक्तिहरूको संरक्षण तथा कल्याणसँग सम्बन्धित व्यवस्था गरिएको छ। अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९, अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१, अपाङ्गसम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजना, २०६३, स्थानीय स्वायत्त शासन ऐन, २०५५, नगरपालिका अनुदान सञ्चालन कार्यविधि, २०६७ तथा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०६५ मा अपाङ्गता भएका व्यक्तिहरूका सम्बन्धमा उल्लेख छ। त्यस्तै अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र वितरण निर्देशिका, २०६५, अपाङ्गता भएका व्यक्तिहरूलाई आन्तरिक हवाईयात्रामा दिइने छुट वा सहुलियतसम्बन्धी कार्यविधि, २०६३, नेपाल राष्ट्रिय भवन निर्माण आचारसंहिता, २०६० निर्माण भएको पाइन्छ। यसका अतिरिक्त शिक्षा ऐन, २०२८, शिक्षा नियमावली, २०५९, विशेष शिक्षा नीति, २०५३, छात्रवृत्तिसम्बन्धी नियमावली, २०६० (चौथो संशोधन २०६७), निजामती सेवा ऐन, २०४९ ( दोस्रो संशोधन, २०६४), निजामती सेवा नियमावली, २०५० (सातौं संशोधन, २०६४), नेपाल टेलिकम नियमावली, रेडियो नेपालको सेवा नियमावली, आयकर ऐन, २०५८, बालबालिकासम्बन्धी ऐन, २०४८ आदि ऐन, नियम तथा नियमावलीहरूले अपाङ्गता भएका व्यक्तिहरूका बारेमा विभिन्न व्यवस्था गरेका छन्। हाल व्यवस्थापिकासंसद्मा अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी विधेयक विचाराधीन छ।

राष्ट्रिय जनगणना २०६८ ले कुल जनसङ्ख्याको १.९४ प्रतिशत व्यक्तिहरूमा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको देखाएको छ। सरकारी विद्यालयहरूमा सुस्त श्रवण, दृष्टिविहीन र सुस्त मनस्थिति भएका विद्यार्थीहरूका लागि विशेष शिक्षा र छात्रवृत्तिलगायत निःशुल्क शिक्षाको व्यवस्था एवम् शैक्षिक सत्र २०६६/२०६७ का लागि शिक्षा विभागले श्रेणी विभाजन गरी कक्षा १ देखि ८ सम्मका विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था गरेको छ। निजामती सेवा ऐनअनुसार सरकारी सेवामा अपाङ्गता भएका व्यक्तिहरूका लागि ५ प्रतिशत सिट आरक्षण व्यवस्थाको साथै सीपमूलक तालिमको व्यवस्था, रेडियो र टेलिभिजनहरूमा अपाङ्गतासम्बन्धी कार्यक्रमलगायत आवश्यक सामग्री आयातमा भन्सार छुट आदि व्यवस्था गरेको छ। नेपाल प्रहरी सेवामा कार्यरत रहँदारहँदैको अवस्थामा अपाङ्गताको सिकार हुने व्यक्तिहरूलाई अशक्त-वृत्ति, सन्तति-वृत्ति, शैक्षिक भत्ता र आर्थिक सहायतासम्बन्धी व्यवस्था गरिएको छ। टेलिभिजनमा कार्यरत अपाङ्गता भएका व्यक्तिहरूका लागि छात्रवृत्ति, नेपाल टेलिकममा र शिक्षक सेवामा अपाङ्गता भएका व्यक्तिहरूका लागि रोजगारीमा, सामुदायिक विद्यालयमा शिक्षक तथा कर्मचारी नियुक्तिमा र रेडियो नेपालको स्थायी सेवामा अपाङ्गता भएका व्यक्तिहरूका लागि ५ प्रतिशत आरक्षणको व्यवस्था छ।

आयोगले अपाङ्गता भएका व्यक्तिहरूका लागि सहज पहुँचका लागि अपाङ्गता संरचना निर्माणसम्बन्धमा सरकारको ध्यानाकर्षण गराउँदै आएको छ। शारीरिक अपाङ्गता, आर्थिक अवस्था कमजोर अवस्थामा आयोगले अनुसान्धान प्रतिवेदनसमेतको आधारमा उनीहरूको पालनपोषणको व्यवस्था मिलाउन सरकारलाई सिफारिस गरेको छ। उजुरीमाथि आयोगको अनुगमनबाट परिवार, समुदाय र राष्ट्रले अपाङ्गता भएका व्यक्तिहरूको विषयलाई अधिकारमुखी अवधारणा र सोचबाट नहेरी पुरानो कल्याणकारी अवधारणा र मूल्यमान्यताबाट हेर्ने परिपाटीको कारण उनीहरूका समस्या प्राथमिकतामा नपरेको अवस्था छ। सामाजिक अन्धविश्वास, अशिक्षा, हेलचेक्र्याइँ दुर्व्यवहार आदिको कारण उनीहरूले विभिन्न आक्षेपहरू सहनुका साथै कतिपय अवस्थामा अमानवीय व्यवहार भोग्नुपरेको छ। विद्यमान कानुन तथा नीतिहरूको पूर्ण कार्यान्वयन नहुनु साथै सार्वजनिक अपाङ्गमैत्री भौतिक संरचना तथा सवारी साधन नहुनु, सवारी साधनमा आरक्षित कोटामा पहुँच नहुनु त छँदैछ। शैक्षिक क्षेत्रमा समेत अपाङ्गमैत्री पूर्वाधारको विकास, रोजगारमा उचित व्यवस्था, शिक्षामा पहुँच पुग्न सकेको छैन। महिला र बालबालिकमाथि हुने हिंसाका कारण मानसिक रूपमा अस्वस्थ हुने र दीर्घकालीन रूपमा मानसिक अपाङ्गता हुने क्रम वृद्धि हुँदै गएको छ। अपाङ्गता भएका व्यक्तिहरूका लागि अपाङ्गमैत्री भौतिक संरचना, सञ्चारजगत्, रोजगार, शिक्षा तथा न्यायमा पहुँच पुग्न सकेको अवस्था छैन। विशेष शिक्षाअन्तर्गत अपाङ्गता भएका विद्यार्थीका बाबु-आमाले विद्यार्थीलाई विद्यालयमा भर्ना गरेपछि बेवास्ता गर्ने प्रचलन विद्यमान छ। शिक्षकहरूलाई पर्याप्त तालिम नहुनुका साथै अपाङ्गता भएका विद्यार्थीहरूमा छात्राको सङ्ख्या बढी भए पनि विद्यालयमा महिला शिक्षिका नरहेको साथै अपाङ्गमैत्री विद्यालय भवन नभएको कारण अध्ययनलाई निरन्तरता दिन सकेका छैनन्। प्राथमिक शिक्षापश्चात् सोभन्दा माथि अध्ययन गर्न शिक्षाको अवसर जिल्लामा प्राप्त गर्न नसक्ने हुँदा अध्ययनलाई निरन्तरता दिन नसकेको स्थिति छ। यी र यस्ता आधारमा विभेद भोग्नुभनेको उनीहरूको मानव अधिकार उल्लङ्घन हो।

अपाङ्गता भएका व्यक्तिहरूको हक-अधिकार संरक्षणका लागि सबै क्षेत्रमा र तहमा उनीहरूको पहिचान, पहुँच र सामर्थ्य वृद्धिका लागि अपाङ्गता भएका व्यक्ति पनि मानिस नै हुन् भन्ने भावनाबाट प्रेरित भई प्रभावकारी कदम चाल्न आवश्यक छ। विभेदकारी कानुनको खारेजी, भएका कानुनको प्रभावकारी कार्यान्वयन, अपाङ्गमैत्री भौतिक संरचना तथा सार्वजनिक भवन निर्माण, अपाङ्गतासम्बन्धी सचेतना अभिवृद्धिजस्ता कार्यक्रमलाई सबैले आआफ्नो तहबाट प्रयास गर्न आवश्यक छ। यस आवमा आयोगमा अपाङ्गता भएका व्यक्तिहरूको हक-अधिकार हननसम्बन्धी ५ वटा उजुरी दर्ता भएका छन्।

## आप्रवासी कामदारहरूको अधिकार

प्रत्येक व्यक्तिले आफ्नो योग्यता, क्षमता र छनोटअनुसार रोजगारी प्राप्त गर्नु उसको अधिकार हो। आप्रवासी कामदार र उनीहरूका परिवारका सदस्यहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९९० को धारा २ (१) ले आफू नागरिक नरहेको राष्ट्रमा तलब पाउने क्रियाकलापमा लगाइने वा लागेको वा लगाइएको व्यक्तिलाई सम्झनुपर्दछ भनी आप्रवासी कामदारको परिभाषा गरेको छ। यस महासन्धिले आप्रवासी कामदारलाई विभेदविरुद्धको अधिकार, राष्ट्रियताको अधिकार, यातना, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको अधिकार, दासत्व, दासव्यापार, जबरजस्ती श्रमविरुद्धको अधिकार, गैरकानुनी पक्राउविरुद्धको अधिकार, स्वच्छ, निष्पक्ष सुनुवाइ, स्वतन्त्रता र सुरक्षा, स्वैच्छिक गिरफ्तारी वा थुनाविरुद्धका अधिकारलाई सुरक्षित गरेको छ।

वैदेशिक रोजगारसम्बन्धी ऐन, २०६४ र वैदेशिक रोजगार नीति कार्यान्वयनमा रहेका छन्। त्यसै गरी वैदेशिक रोजगारसम्बन्धी न्यायाधीकरण, श्रम-सहचारीको व्यवस्था छ। यसबाहेक सरकारले वैदेशिक रोजगारका निमित्त कामदार पठाउने सम्बन्धमा रोजगारमूलक देशहरूमा सम्झौतामार्फत विशेष व्यवस्थासमेत गर्दै आएको छ। यसअनुरूप नेपाल सरकारले दक्षिण कोरियामा कामदार पठाउने उद्देश्यले इपिएस पद्धतिअन्तर्गत न्यूनत्तम शुल्कमा कामदार पठाउनका लागि सम्झौता गरेको छ। यस्तै जापान, युएई र बहराइनसँग द्विपक्षीय सम्झौता भएको छ।

नेपाल मूल रूपमा कामदार पठाउने राष्ट्र हो। खुला सिमाना पार गरी भारत जाने कामदारहरूको कुनै अभिलेख नै छैन। नेपालले ११० वटा मुलुकलाई श्रमका लागि खुला गरेको छ, जसमध्ये ५ वटा देशसँग मात्र श्रम सम्झौता भएको छ भने ६ वटा मुलुकसँग न्यूनत्तम ज्यालाको सम्झौता भएको छ। सरकारले खाडी मुलुकमा जाने जनशक्तिका लागि फ्री भिसा र फ्री टिकटसम्बन्धी प्रावधान ल्याई लागू गरे पनि व्यवहारमा प्रभावकारी देखिन सकेको छैन। यसबाट व्यवसायीले बढी रकम लिई १० हजारको भरपाइ दिने गरेको भनी समाचारहरू बाहिर आइरहेका छन्। ५ हजारभन्दा बढी आप्रवासी भएका देशमा श्रम सहचारी र एक हजारभन्दा बढी महिला कामदार भएको देशमा महिला श्रम सहचारी राख्नुपर्ने व्यवस्था भए पनि ५ वटा देशमा मात्र श्रम सहचारी छन्।

आयोगबाट आप्रवासी कामदारहरूको अधिकार संरक्षणका सम्बन्धमा विषयगत अधिकृतहरू तोकी केन्द्रीय र क्षेत्रीय कार्यालयहरूबाट कार्य सम्पादन हुँदै आइरहेको छ। आयोगका कार्यालयहरूबाट अनुगमन, परामर्श छलफल, प्राप्त उजुरीहरूमा सहजीकरण र कारबाहीका माध्यमबाट भइरहेका छन्। आप्रवासी नेपाली कामदारहरूको मानव अधिकार संरक्षणमा गन्तव्य मुलुकका राष्ट्रिय मानव अधिकार संस्थासँग समझदारीपत्र हस्ताक्षर, द्विपक्षीय सूचना

आदानप्रदान एवम् समझदारीपत्र सम्पन्न नभएका मुलुकका राष्ट्रिय मानव अधिकार संस्थाहरूमा यस्ता विषयका उजुरीहरूका सम्बन्धमा सम्बोधनका लागि अनुरोध गरी कारबाही अगाडि बढाइएको अवस्था छ। विभिन्न नेपाली समुदायहरूसँग सूचना तथा जानकारीहरू लिने र सोही आधारमा नेपाल सरकारसँग सम्बोधनका लागि ध्यानाकर्षण तथा अनुरोध गर्ने कार्यहरू भएका छन्। नेपाल सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरू, सञ्चारजगत् आदिसँग समन्वयमार्फत कार्य भइरहेको छ। आयोगमा प्राप्त विषयतग उजुरीहरूमा कारबाही अगाडि बढाउने, उजुरीका सम्बन्धमा सम्बन्धित कार्यालयहरूमा सहजीकरण आदि कार्य निरन्तर भइआएका छन्।

आप्रवासी नेपाली कामदारहरूको संरक्षणका सम्बन्धमा सन् २०१५ को १६ नोभेम्बरमा राष्ट्रिय मानव अधिकार समिति कतारसँग १० बुँदे समझदारीपत्र सम्पन्न भयो। सो समझदारीपत्रको कार्यान्वयनको लागि दुवै (समिति र आयोग)-संस्थाबाट सम्पर्क अधिकृत तोकी कार्य भइरहेको छ। उक्त समझदारीपत्र कार्यान्वयनका लागि ११ बुँदे कार्यान्वयन योजनामा १८ डिसेम्बर २०१६ मा द्विपक्षीय हस्ताक्षर सम्पन्न भएको थियो। कार्यान्वयन योजनामा विशेषतः प्रभावकारी सूचना आदानप्रदानका लागि सम्पर्क अधिकृत तोक्ने, वैदेशिक रोजगारमा पठाउने निजी कम्पनीहरूलाई प्रशिक्षित गर्ने साथै समिति र आयोगले आफ्ना सम्बद्ध मन्त्रालयका कर्मचारीहरूलाई आप्रवासी कामदारहरूको अधिकारका सम्बन्धमा क्षमता अभिवृद्धि गर्ने कुरामा जोड दिएको छ। त्यसै गरी समितिले नेपाली कामदारहरूका गुनासा समाधानको सहजीकरणका लागि निःशुल्क कानुनी एवम् व्यवसायिक सुरक्षा र स्वास्थ्यसँग सम्बन्धित विषयमा अध्ययन तथा अनुसन्धानका लागि सहयोग गर्ने, आवश्यकताअनुसार कामदारहरूको अधिकारसम्बन्धी शैक्षिक सामग्रीहरू तयार गरी वितरण गर्ने उल्लेख छ। यसको साथै अनुभव र विज्ञता आदानप्रदान गर्ने, मानव अधिकार संस्थासम्बन्धी एसिया प्रशान्त मञ्चको सहजीकरणमा दुवै (समिति र आयोग) कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने, प्रवासन चक्र (Migration Cycle)को विषयमा अनुगमन गर्ने उल्लेख छ। यसको साथै समझदारीपत्रको प्रगति समीक्षाका लागि उच्चस्तरीय भ्रमण तथा छलफल गर्ने, समझदारीपत्रको समीक्षा प्रत्येक ६/६ महिनामा गर्ने र प्राप्त सुझाव र अनुभव मानव अधिकार संस्थाको एसिया प्रशान्त मञ्चमा आदानप्रदान एवम् यस्ता प्रकारका समझदारीपत्र अन्य देशहरूमा सम्पन्न गर्नको लागि प्रयास गर्ने विषय पनि समझदारीपत्रको कार्यान्वयन योजनामा समावेश गरिएको छ।

समझदारीपत्र कार्यान्वयनको सन्दर्भमा सम्पर्क अधिकृत तोक्ने कार्य भएको छ। राष्ट्रिय मानव अधिकार समिति कतारले नेपाली समुदायको लागि समुदाय सहायता कक्ष (Community Help Desk) को स्थापना गरी नेपाली भाषामा गुनासा सुनवाइ गर्ने गरेको छ। राष्ट्रिय मानव अधिकार आयोगले केन्द्रिय कार्यालयमा दुई जना अधिकृत र क्षेत्रीय तथा

उपक्षेत्रीय कार्यालयहरूमा आप्रसावन सम्पर्क अधिकृत र वैकल्पिक सम्पर्क अधिकृत तोकी कार्य गर्दै आएको छ । समभ्कदारीपत्रलाई अनुसूची ८ मा समावेश गरिएको छ ।

| **आप्रवासी कामदार र उनीहरूका परिवारका सदस्यहरूको संरक्षण सम्बन्धी कार्यहरू** | | | | | |
|---|---|---|---|---|---|
| **क्र.सं.** | **कार्यक्रमको विषय** | **कार्यक्रम स्थान** | **कार्यक्रमको मिति** | **लक्षित समूह** | **कैफियत** |
| १ | आप्रवासी कामदारहरूको मानव अधिकारको अवस्था अवस्था विषयक अन्तर्क्रिया | विराटनगर, मोरङ | २०७३/६/१० | जिल्लास्थित सरोकारवाला निकाय तथा संस्थाहरू | |
| २ | वैदेशिक रोजगारीका क्षेत्रमा देखिएका समस्याहरू र आयोगको प्राथमिकता क्षेत्रहरू पहिचान सम्बन्धमा छलफल | केका, हरिहरभवन | @)&#÷^÷ !$,!^ / !* | सुरक्षित आप्रवासनका क्षेत्रमा कार्यरत गैसका प्रमुख/प्रतिनिधिहरू<br>वैदेशिक रोजगार व्यवसायी महासङ्घका प्रमुख/प्रतिनिधिहरू<br>सम्बन्धित मन्त्रालय एवम् विभागका पदाधिकारीहरू | |
| ३ | आप्रवासी कामदारहरूको अवस्था विषयक अन्तरसंवाद र सरोकारवालाको भूमिका विषयक अन्तरसंवाद | कञ्चनपुर | २०७३/८/५ | जिल्ला स्थित सरोकारवाला निकाय तथा संस्थाहरू | |
| ४ | आप्रवासी कामदारहरूको मानव अधिकारको अवस्था र सरोकारवालाहरूको भूमिका विषयक अन्तर्क्रिया | इलाम | २०७३/८/२० | जिल्लास्थित सरोकारवाला निकाय तथा सङ्घसंस्थाका प्रमुख/प्रतिनिधिहरू | |
| ५ | आप्रवासी कामदारहरूको अधिकारको अवस्था विषयक अन्तर्क्रिया | मकवानपुर | २०७३/१०/१४ | जिल्लास्थित सरोकारवाला निकाय तथा सङ्घसंस्थाका प्रमुख/प्रतिनिधिहरू | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | अनुगमन एवम् परामर्श छलफल | काठमाडौं | २०७३/११/५ | पौरखी संस्थाको कार्यालय एवम् आवधिक गृहका प्रमुख/प्रतिनिधिहरू | |
| ७ | अनुगमन एवम् परामर्श छलफल | काठमाडौं | २०७३/११/६ | वैदेशिक रोजगार व्यवसायी महासङ्घको कार्यालयका प्रमुख/प्रतिनिधिहरू | |
| ८ | आप्रवासी कामदारहरू उनीहरूको परिवारको अवस्था विषयक अन्तर्क्रिया | सोलुखुम्बु | २०७३/११/१३ | जिल्लास्थित सरोकारवाला निकाय तथा सङ्घसंस्थाका प्रमुख/प्रतिनिधिहरू | |
| ९ | आप्रवासी कामदारहरूको अधिकार र चुनौती विषयक अन्तरसंवाद | गुरलिया नपा, बर्दिया | @)&$÷@÷!) | जिल्लास्थित सरोकारवाला निकाय तथा सङ्घसंस्थाका प्रमुख/प्रतिनिधिहरू | |
| १० | आप्रवासी कामदारहरूको अधिकार र चुनौती | नेपालगञ्ज उनपा, बाँके | @)&$÷@÷#) | जिल्लास्थित सरोकारवाला निकाय तथा सङ्घसंस्थाका प्रमुख/प्रतिनिधिहरू | |
| ११ | आप्रवासी कामदारहरूको मानव अधिकारसम्बन्धी सम्मेलन | जनकपुर | २०७४/२/२९ र ३० | मध्यमाञ्चल क्षेत्र अन्तगर्तका १० जिल्ला | |

यसै गरी वैदेशिक रोजगारको क्रममा स्वदेशमा ठगीमा पर्ने गरेको पाइएको छ। नौ वर्षको तथ्याङ्कले वैदेशिक रोजगारमा विभिन्न मुलुकमा जानेहरूको तथ्याङ्क हेर्दा ३६ लाख देखिन्छ। अभिलेखबद्ध रूपमा वैदेशिक रोजगारमा जाने महिलाहरूको सङ्ख्या ५ प्रतिशतभन्दा तल र २ तिहाई सङ्ख्या ३५ वर्षमुनिकाको छ।

वैदेशिक रोजगारीमा जानेमध्ये करिब ३६ प्रतिशत सङ्ख्या मध्य, पूर्व र पश्चिम तराईका १० जिल्लाहरूमा रहेको छ। महिला कामदारहरूको हकमा उच्च १० जिल्लाहरूमध्ये पहाड र तराईका जिल्लाहरू पर्दछन्। त्यसमा पनि बहुसङ्ख्यक पहाडी जिल्लाका महिलाहरू वैदेशिक रोजगारमा गएको देखिन्छ । मुख्य गन्तव्य मुलुकहरूमा मलेसिया (३१ प्रतिशत), कतार (२७ प्रतिशत), साउदी अरब (२१ प्रतिशत), युनाइटेड अरब इमिग्रेटस (१२.५ प्रतिशत) रहेको देखिएको छ। आलेखबद्ध कामदारहरूको सङ्ख्या यकिन गर्न सकिने अवस्था छैन। वैदेशिक रोजगारमा जाने महिलाहरू भारत, श्रीलङ्का, बङ्गलादेश हुदै खाडी मुलुकहरूमा जाने गरेको

पाइएको छ । विशेषतः महिला कामदारहरू संस्थागत प्रणालीभन्दा व्यक्तिमार्फत जाने गरेको देखिन्छ । खाडी मुलुकहरूमा महिलाहरू जबरजस्ती श्रममा पर्ने गरेको, यौन दुर्व्यवहार, जबरजस्ती यौन-शोषणमा पर्ने गरेको पाइएको देखिन्छ ।

आयोगले आप्रवासी कामदारहरूको अधिकार संरक्षणका विषयलाई प्राथमिकतामा राखी परामर्श छलफल, क्षेत्रीय सम्मेलनहरू र अन्तरक्रिया र अनुगमन सम्पन्न गरेको थियो । यस विषयमा केन्द्रित रही आयोगलाई कामकारबाही थप प्रभावकारी बनाउन विभिन्न सुझावहरू प्राप्त भएका थिए । यी पक्षलाई मध्यनजर राखी कार्य गर्ने हो भने वैदेशिक रोजगारलाई सुरक्षित र मर्यादित बनाउनका लागि उपयुक्त हुने देखिन्छ । प्राप्त सुझावहरूलाई निम्नानुसार बक्समा प्रस्तुत गरिएको छः

- भ्रमण प्रवेशाज्ञा (Visit Visa)मा जाने महिलाहरू जबरजस्ती श्रम तथा शोषणमा पर्ने गरेको,
- वैदेशिक रोजगारबाट पीडित भएका पीडितहरूको अनुपातमा वैदेशिक रोजगार विभागमा उजुरी सङ्ख्या न्यून रहेको,
- उजुरी तथा न्यायिक प्रक्रिया केन्द्रीकृत रहेको र पीडितहरूलाई विभागले पर्याप्त र उचित सम्बोधन गर्न नसकेको,
- नेपाल सरकारले विभिन्न गन्तव्य मुलुकसँग गरेको द्विपक्षीय समझदारीपत्र र श्रमसम्झौताको कार्यान्वयनको अवस्थाको अनुगमन र अनुसन्धान गर्न आवश्यक रहेको,
- फ्री टिकट र फ्री भिसाको कार्यान्वयन नभएको,
- वैदेशिक रोजगारको सन्दर्भमा श्रम तथा रोजगार मन्त्रालय र अन्य मन्त्रालयहरू परराष्ट्र, गृह र महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय बीच प्रभावकारी र प्रणालीगत अन्तरमन्त्रालय समन्वय नभएको,
- वैदेशिक रोजगार विभागमा पीडितमैत्री वातावरण नरहेको,
- भारतमा कामदार जाने धेरै अगाडिदेखिको अभ्यास भए पनि यसमा पर्याप्त अध्ययन/अनुसन्धान हुन नसकेको र तथ्याङ्क प्रणाली नभएको,
- वैदेशिक रोजगारको क्रममा गन्तव्य मुलुकका अदालतले मृत्युदण्डको सजाय सुनाएका नेपाली कामदारहरूको विषयमा अध्ययन तथा अनुसन्धान नभएको र गर्नुपर्ने आवश्यकता रहेको,
- गन्तव्य मुलुकमा नेपाली आप्रवासी कामदारहरूको मृत्युको कारण हृदयाघात (Cardiac Arrest), प्राकृतिक मृत्यु (Natural Death)भनी त्यहाँका अस्पतालले प्रमाणित गर्ने गरे पनि त्यस्तो अवस्था नरहेको,
- यसबारेमा यथार्थ पत्ता लगाउनका लागि गन्तव्य मुलुकमा मृत्यु भई नेपालमा ल्याइने

शवहरूको नेपालमा पुनः शव परीक्षण (Post Mortem)गरी अध्ययन गर्नुपर्ने आवश्यकता रहेको,

- अधिकांश मृतकको मृत्युको कारण हृदयाघात (Cardiac Arrest)लगायत मुटुको समस्याले असमायिक निधन हुने गरेको,
- वैदेशिक रोजगारमा जाने नेपाली कामदारहरूको स्वास्थ्य परीक्षण गर्दा मुटुसम्बन्धी परीक्षण नहुने सोसँग सम्बन्धित उच्च रक्तचापको मात्र परीक्षण हुने गरेको,
- नेपालका स्वास्थ्य संस्थाहरूले गर्ने स्वास्थ्य परीक्षणको गुणस्तर, मापदण्ड र परीक्षण प्रविधि एवम् प्रणालीको विषयमा अनुगमन, अध्ययन अनुसन्धान गर्न आवश्यक रहेको,
- वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षणसम्बन्धी विषयमा श्रम मन्त्रालय, स्वास्थ्य मन्त्रालयका प्रतिनिधिसमेतको विशेषज्ञ समिति निष्क्रिय रहेको,
- वैदेशिक रोजगारमा जाने कामदारहरूको स्वास्थ्य परीक्षण गर्ने सन्दर्भमा निजी स्वास्थ्य संस्थाहरूको एकाधिकार (Monopoly) रहेको,
- नेपाली कामदारहरूलाई सर्वसुलभ र सहज हुने प्रकारको स्वास्थ्य परीक्षणको प्रणाली अवलम्वन गर्नुपर्ने आवश्यकता रहेको र
- वैदेशिक रोजगारका विषयमा अध्यागमन विभाग र कार्यालय तथा वैदेशिक रोजगार विभागबीच प्रत्यक्ष प्रणालीगत सम्बन्ध नरहेको ।

आयोगले वैदेशिक रोजगारमा गएकाहरूले भोग्नुपरेका समस्याहरू एवम् उनीहरूको अधिकारका विषयमा केन्द्रित रही कार्य गर्दै आएको छ । आयोगबाट *ædÞ;sfÞ/f # ;o gÞkfnL cnkqÞ , æ>Lnª\f k}ofOPsf () dlxnf cnkqÞ* शीर्षकमा प्रकाशित-प्रसारति समाचारप्रति नेपाल सरकारका निकायहरूमा आवश्यक कायार्थको लागि पत्राचार भएको थियो । नेपालको अन्तराष्ट्रिय विमानस्थल प्रयोग नगरीभारत तथा श्रीलङ्काको बाटो हुँदै अन्य मुलुकमा अभिलेख नराखी विदेशिने नेपाली कामदारहरूलाई व्यवस्थित गर्ने सन्दर्भमा नेपाल सरकारले लागू गरेको प्रक्रियाका बारेमा जानकारी माग गरेको थियो । उक्त जानकारीका सम्बन्धमा नेपाल सरकारका निम्नबमोजिमका प्रयासहरू भएको जानकारी प्राप्त भएको छः

- भारतीय मार्ग प्रयोग गरी अवैध रूपले वैदेशीक रोजगारीमा जाने साधारण राहदानीबाहक नेपाली नागरिकहरूलाई नियमन गर्नको लागि नेपाल सरकार परराष्ट्र मन्त्रालय (मा. मन्त्रीस्तर)-बाट मिति २०६६/१०/११ मा भएको निर्णयबमोजिम भारतीय विमानस्थल प्रयोग गरी वैदेशिक रोजगारीमा नेपाली कामदारहरूलाई रोक लगाउने सम्बन्धमा

पराष्ट्र मन्त्रालयको मिति २०६६/१०/११ को पत्रबाट निर्देशन भएपश्चात् भारतीय मार्ग भई खाडी क्षेत्रका साउदी अरब, बहराइन, कतार, कुवेत, संयुक्त अरब इमिरेट्स, मलेसिया लेवनान आदिमा साधारण राहदानीबाहक नेपाली नागरिकहरूलाई भारतको कुनै पनि अन्तराष्ट्रिय विमानस्थलबाट उल्लेखित देशहरू यात्रा गर्नको लागि भारतको नयाँ दिल्लीस्थित नेपाली दुतावासबाट जारी गरिएका NOC (No Objection Certificate) पेश गरेपछि मात्र स्वीकृति दिनको २४/१०/२०१० मा भारतको विदेश मन्त्रालयमा पत्रमार्फत अनुरोध गरिएको र सो पश्चात् दुतावासबाट जारी गरिएको NOC को आधारमा साधारण राहदानीबाहक नेपाली नागरिकहरूलाई माथि उल्लेखित देशहरूमा भारतको अध्यागमनले अन्तर्राष्ट्रिय विमानस्थलबाट उड्ने अनुमति दिने गरेको ।

- रोजगारी, विवाह, शिक्षा तथा स्वास्थ्य जस्ता कारणले भारतमै केही समयदेखि बसोबास गरिरहेका नेपाली साधारण राहदानीबाहकहरूको हकमा NOC जारी गर्दा राहदानी, भिसा, हवाई टिकट आदिको प्रतिलिपि, भारतमा बसेको प्रमाण तथा आवेदकसँग भारतबाट विदेश जानुपर्ने कारणसहितको निवेदन माग गर्ने गरी सो माथि जाँचबुझ गरी मात्र भ्रमणको लागि भारतीय अध्यागमनले अनुमति दिने गरेको ।

मानव बेचबिखन रोकथाम र सुरक्षित वैदेशिक रोजगारका सम्बन्धमा आयोगबाट नेपाल सरकारलाई ४ निरोध (रोकथाम), संरक्षण, अभियोजन र सूचना, अध्ययन तथा अभिलेखसम्बन्धी) वटा शीर्षकभित्र ३३ बुँदाहरूमा सिफारिसहरूसमेत उल्लेख गरी कार्यान्वयनको लागि पठाइसकेको छ । उक्त सिफारिसलाई प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले २०७३ साउन १० गते सम्बन्धित मन्त्रालय र मन्त्रालयले सम्बद्ध विभाग तथा कार्यालयहरूलाई पत्राचार गरेको जानकारी प्राप्त भएको छ । जसमाश्रम बैङ्क सञ्चालन, विद्यालयको कक्षा ८ र १० को सामाजिक अध्ययनको पाठचक्रममा मानव बेचबिखन, आप्रवासन र मानव अधिकारका विषयहरू समावेश, आप्रवासी कामदार तथा तिनका परिवारहरूको अधिकार संरक्षणसम्बन्धी महासन्धि १९९० को अनुमोदन आदि विषय रहेका छन् । (सिफारिससम्बन्धी पूर्ण विवरण अनुसूची ९ मा समावेश गरिएको छ ।)

## लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको अधिकार

लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकहरूको अधिकार संरक्षणमा महत्त्वपूर्ण उपलब्धि भएका छन् । नेपालको संविधान, २०७२ को धारा १२ मा लैङ्गिक पहिचाको आधारमा नागरिकता प्रदान गरिने कुरा उल्लेख गरिएको छ । यसै गरी संविधानको धारा १८ मा समानताको हकअन्तर्गत विभिन्न समुदायसहित यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायको अधिकार संरक्षण गर्न

राज्यले विशेष कानुन बनाउन सकिने कुरा उल्लेख गरिएको छ। संविधानको धारा ४२ सामाजिक न्यायको हकअन्तर्गत यस समुदायको राज्यका हरेक निकायमा अन्य समूह र समुदायझैं समानुपातिक समावेशी प्रतिनिधित्वको अधिकार रहने उल्लेख गरिएको छ। नागरिकता र राहदानीसम्बन्धी नियमावलीमा भएको संशोधन र निर्देशिका कार्यान्वयनबाट यस समुदायका नागरिकहरूले लिङ्गको महलमा "अन्य" उल्लेख गरेर नागरिकता र राहदानी पाउन थालेका छन्। यसबाट यस समुदायका व्यक्तिहरूको पहिचानसहितको कानुनी हैसियत प्राप्त भएको छ। सर्वोच्च अदालतको आदेशबमोजिम गठित समलिङ्गी विवाह अध्ययन समितिले समलिङ्गी विवाहलाई कानुनी मान्यता प्रदान गर्न सिफारिस गरी नेपाल सरकारसमक्ष प्रतिवेदन बुझाएको छ। नेपाल सरकारद्वारा उक्त प्रतिवेदन कार्यान्वयनका लागि काम अगाडि बढाउन महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयलाई जिम्मेवारी दिइएको छ। उक्त प्रतिवेदनको कार्यान्वयन भएमा यस समुदायका व्यक्तिहरूको वैवाहिक र परिवारसम्बन्धी अधिकार स्थापित हुने विश्वास लिन सकिन्छ।

अधिकांश लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका व्यक्तिहरू परिवार तथा समाजबाट बहिष्करणमा परेका हुँदा विभिन्न प्रकारका भेदभावको सामना गरिरहेका छन्। पर्याप्त ज्ञानको अभावमा उनीहरूको यौनिकता परिवार र समाजको लागि विवादको विषय बन्ने र पहिचान खुलेको अवस्थामा परिवारको प्रतिष्ठा गुम्ने जस्ता रुढीवादी सोच कायमै रहेको पाइन्छ। आयोगले यस समुदायको अधिकार संरक्षणका लागि निरन्तर अनुगमन गरिरहेको छ। राज्यका निकायहरूमा यस समुदायका मानिसहरूको न्यून उपस्थिति छ। संविधानमा यस यौनिक तथा लैङ्गिक समुदायलाई समावेश गरिएको हुँदा आगामी दिनमा यस समुदायको अधिकार संरक्षण र प्रवर्द्धनमा सकारात्मक वातावरण सिर्जना हुने विश्वास गरिएको छ। यस आवमा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको अधिकार हनन भएको भनी २ वटा उजुरी दायर भएका छन्।

### मानव अधिकार रक्षकको अधिकार

नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय महासन्धिहरू र नेपालको संविधान तथा कानुनमा उल्लेख भएका अधिकारको उपभोग गर्दै स्वतन्त्र रूपमा मानव अधिकार संरक्षण एवम् प्रवर्द्धनसम्बन्धी कार्य गर्न मानव अधिकार रक्षकहरू सक्षम रहेका छन्। मुलुकमा विद्यमान राजनीतिक अस्थिरता र लामो सङ्क्रमणकालीन अवस्थाका कारण मानव अधिकार रक्षकहरूलाई स्वतन्त्र रूपमा काम गर्न अवरोधहरू कायमै छन्।

यस आवमा विशेष गरी तराई/मधेस क्षेत्रमा भएको आन्दोलनको अनुगमनमा मानव अधिकारकर्मी पनि निसानामा परेका थिए। आयोगका अनुगमनले २०७३ फागुन २४ र २६ गते अयोगका कर्मचारीले अनुगमनमा प्रयोग गरिएका बा.७ च ७४७३ र बा.७ च ७४७९ नम्बरका सवारी साधन सप्तरी जिल्लामा तोडफोड गरिएका थिए। अघिल्लो वर्ष पनि सर्लाहीको नवलपुरमा अनुगमनको क्रममा आयोगको सवारी साधन जलाइनुको साथै आयोगका कर्मचारी माथि आक्रमण भएको थियो। सो घट्नापश्चात् आयोगले असुरक्षाको कारण देखाउदै सबै टोली फिर्ता बोलाएको थियो। तत्पश्चात् आन्दोलनको नेतृत्व गरिरहेको संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका नेताहरू आयोगमा उपस्थित भई तोडफोड र आगजनीजस्ता घटना हुन नदिने प्रतिबद्धता जाहेर गरिए पनि दोषीलाई कारबाही गरिएन। निर्बाध रूपमा अनुगमन पुनः सुरु गर्न आयोगलाई आग्रह गरिएबमोजिम अनुगमन सञ्चालन भए पनि प्रतिबद्धता पूर्णत पालना हुन सकेन। यस्ता घटनाको पुनरावृत्तिले आयोगको स्वतन्त्र रूपमा अनुगमन गर्ने कार्यमा गम्भीर अवरोध सिर्जना भयो। २०७३ फागुन २३ गतेको घटनामा सप्तरीमा प्रहरीको गोली लागी मृत्यु भएका मृतक तथा घाइतेका परिवारलाई भेटी सत्यतथ्य बुझी फर्कंदा आयोगका सदस्य तथा प्रवक्ता नेतृत्वको टोलीले प्रयोग गरेको सवारी साधनमाथि सप्तरीको मलेठमा तोडफोड भयो। यस्ता घटनासमेतले आयोगलाई आउँदा दिनमा संवैधानिक कार्यादेश-बमोजिमको कर्तव्य पूरा गर्न अवरोध सिर्जना गर्ने देखिन्छ।

## प्राकृतिक प्रकोप र मानव अधिकार

### (क) भूकम्पबाट प्रभावितहरूको अधिकार

गोरखाको बारपाकलाई केन्द्रविन्दु बनाएर २०७२ वैशाख १२ गते शनिबार गएको ७.६ रेक्टर स्केलको विनाशकारी भूकम्प र त्यसपछि गएका पराकम्प, खास गरी २०७२ वैशाख २९ गते दोलखालाई केन्द्रविन्दु बनाएर गएको ६.८ रेक्टर स्केलको पराकम्पबाट ठूलो धनजनको क्षति भएको छ। भूकम्पबाट ८ हजार ८ सय ९१ जनाको मृत्यु भयो भने २२ हजार ३ सय २ जना घाइते भए। यसबाट कुल ८ लाख ८६ हजार ४ सय ५६ परिवार प्रत्यक्ष रूपमा प्रभावित भएका छन्। भूकम्पबाट कुल ६ लाख ४ हजार ९ सय ३० घर पूर्ण रूपमा क्षतिग्रस्त भएका थिए भने २ लाख ८८ हजार ८ सय ५६ घर आंशिक रूपमा क्षतिग्रस्त भएका थिए। भूकम्पबाट प्रभावित भएका निजी आवासहरूमा कुल सर्वे भएका ९,९६,१६२ मध्ये लाभग्राही सूचीमा परेका कुल आवास सङ्ख्या७,६७,७०५ प्रबलीकरण सूचीमा परेका लाभग्राही सङ्ख्या२४,९९१, अनुदान सम्झौता सम्पन्न६,४१,३१०, पहिलो किस्ता वितरण ६,२०,६४६, दोस्रो किस्ताका लागि प्रमाणीकरण गरिएका९८,६८८, तेस्रो किस्ताका लागि

प्रमाणीकरण गरिएका१९,२८९ लाभग्राहीहरू रहेका राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले आफ्नो वेवसाइटमा उल्लेख गरेको छ ।

उद्धार तथा राहतको कार्य सकिएपछि पुनःस्थापनाका लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरण गठन भए पनि त्यसका कामकारबाही भने प्रभावकारी रूपमा हुन सकिरहेको छैन। राजनीतिकरण, प्राधिकरण गठनमा भएको ढिलाइ, सरकार परिवर्तनसँगै प्राधिकरणको नेतृत्वमा परिवर्तन गराउने प्रवृत्त, प्राधिकरणको नेतृत्व पीडित मैत्री नभई राजनीतिमैत्री हुनुलगायतका विषयहरूले भूकम्पप्रभावितहरूका लागि प्राप्त अन्तर्राष्ट्रिय सहयोगसमेत सदुपयोग हुने कुरामा सन्देह पैदा भयो । पुनःस्थापनाको पर्खाइमा बसेका पीडितहरूको अधिकार संरक्षणमा नकारात्मक प्रभाव परेको छ। पहिलो किस्ताको रकम प्राप्त गर्दा पनि कतिपय पीडितहरू घर निर्माण गर्न इच्छुक देखिएका छैनन् ।

प्रभावकारी व्यवस्थापनको अभावमा भूकम्प गएको २ वर्ष बितिसक्दा पनि अधिकांश भूकम्प पीडितहरू त्रिपाल तथा अस्थायी टहरामा बस्न बाध्य भएका कारण उनीहरूको जीवन कष्टकर भैरहेको छ। पीडितहरू गाँस, बास, स्वास्थ्य, शिक्षालगायतका न्यूनत्तम मानव अधिकारको उपभोगबाट वञ्चित भएको, कतिपय वास्तविक पीडितहरूको पहिचान हुन नसकेको तथा उनीहरूले राहत प्राप्त गर्न नसकेको, विद्यालय, अस्पताल, सांस्कृतिक संरचनालगायतका सार्वजनिक संरचनाहरूको पुनः निर्माण कार्यमा ढिलाइ भैरहेको पाइएको छ ।

आयोगले भूकम्प अतिप्रभावित जिल्लाहरूका अस्पताल, विद्यालय, क्षतिग्रस्त घर तथा संरचनाहरूको अनुगमन गरी प्राप्त तथ्यको आधारमा तत्कालै स्थानीय प्रशासनको ध्यानार्कषणसमेत गराएको थियो। अनुगमनबाट प्राप्त तथ्यका आधारमा अन्तिम प्रतिवेदन तयार गरी सुधार गर्नुपर्ने पक्षमा आयोगले नेपाल सरकारलाई चौंतीस, राजनीतिक दल, गैसस र नागरिक समाजलाई ३/३ र सबैका लागि भनी एउटा सिफारिस गत वर्षमा नै गरे पनि कार्यान्वयन अवस्था सन्तोषजनक छैन। आयोगले सरकारलाई भूकम्प प्रभावितहरूको आर्थिक, सामाजिक, सांस्कृतिकलगायत समग्र मानव अधिकार संरक्षण र संवर्द्धनका लागि पुनर्निर्माणका क्रममा मानव अधिकारमुखी अवधारणा अवलम्बन गर्न भनेको छ। साथै, पुनर्निर्माण कार्ययोजना तर्जुमादेखि कार्यान्वयनका सबै चरणमा भूकम्प प्रभावितहरूको समावेशिता, सहभागिता र पारदर्शिताका आधारमा योजनाबद्ध रूपमा कार्य सञ्चालन गर्न ढिलाइ भएकोमा जोड दिई कार्य अगाडि बढाउन सिफारिस गरिसकेको छ। सरकारी कार्यालयको भवन पुनर्निर्माण गर्दा स्वास्थ्य तथा शिक्षाजस्ता आधारभूत र अत्यावश्यक

विषयसम्बन्धी भवनहरूलाई प्राथमिता दिने तथा नयाँ बन्ने भवनहरू अपाङ्गमैत्री हुने गरी निर्माण गर्ने योजना बनाई कार्यान्वयन गर्न आग्रह गरेको छ।




| | 2073 पौष मसान्त | 2073 चैत्र मसान्त | २०७४ असार मसान्त |
|---|---|---|---|
| निर्माण सम्पन्न घर | 11871 | 21840 | 44916 |
| बन्दै गरेका घरहरु | 24977 | 48678 | 112576 |

;[t| /fli6« kg{lgdf{0f k|lws/0f

मापदण्डविपरीत बनेका घरहरू भूकम्पबाट बढी मात्रामा क्षतिग्रस्त भएको पाइएकाले भवन निर्माणमा वैज्ञानिक मापदण्ड बनाएर लागू गर्न तथा मापदण्डविपरीत भवन निर्माण गर्ने कार्यलाई निरुत्साहित गर्न सचेतना र कानुन कार्यान्वयनलाई प्रभावकारी बनाउनुपर्ने भनी सिफारिसमा उल्लेख छ । भूकम्पबाट नष्ट भएका ऐतिहासिक, धार्मिक एवम् सांस्कृतिक सम्पदाको पुनर्निर्माण गर्दा सोको मौलिकतासमेतलाई दृष्टिगत गरी समुदायको सांस्कृतिक अधिकारको सुनिश्चित गर्न, सरकारी भवन भत्किएका स्थानमा नागरिकका अत्यावश्यक व्यक्तिगत कागजात (नागरिकता, जग्गाधनी प्रमाणपूर्जा, जन्ममृत्यु एवम् वैवाहिक प्रमाणपत्रजस्ता लिखत) अद्यावधिक हुने गरी पुनर्अभिलेखन गर्नेतर्फ ध्यानाकर्षण गराएको छ। प्राकृतिक प्रकोपपछिको अवस्थामा प्रभावितको लागि उपलब्ध गराइने राहत, सेवा-सुविधा, सहुलियत एवम् मापदण्डसमेतका बारेमा प्रभावित व्यक्तिहरू तथा कार्यान्वयन गर्ने निकायहरूसमेत अनभिज्ञ रहेको पाइएकोले सर्वसाधारणलाई सरकारले प्रदान गर्ने सेवा-सुविधाबारे सुसूचित गर्न सूचना नीति तय गरी कार्यान्वयन गर्नसमेत भनेको छ।

भूकम्पको कारण जमिन चर्किएर पहिरोको जोखिम बढेर बस्ती सार्न भनी प्राविधिक टोलीहरूबाट सिफारिस भएका बस्तीहरू खाली गरी पुनःस्थापना गर्ने कार्य अझै हुन सकेको

छैन। यसबाट मानवीय एवम् भौतिक क्षतिको जोखिम कायमै रहेको पाइन्छ। मुलुकमा विद्यमान राजनीतिक अस्थिरताको प्रभाव भूकम्पपीडितहरूको अधिकार संरक्षणमा समेत परेको पाइएको छ। नेपाल सरकार एवम् राजनीतिक दलहरूले प्राकृतिक प्रकोप-पीडितहरूको पुनःस्थापना एवम् अधिकार संरक्षणजस्ता संवेदनशील विषयमा साझा अवधारणासहित जवाफदेहिता एवम् सहयोगी व्यवहार देखाउन आवश्यक देखिन्छ। भूकम्पपछिको मानव अधिकारको अवस्थासम्बन्धमा आयोगले यसपटक पनि छुट्टै प्रतिवेदन प्रकाशित गरेको छ। प्रतिवेदनमा भूकम्पबाट भएको क्षति, उद्धार, राहत तथा विपद् व्यवस्थापन कार्यका बारेमा मानव अधिकारका दृष्टिकोणले अनुगमन गरी प्राप्त तथ्यहरूको विश्लेषणसहित नेपाल सरकार, राजनीतिक दल, विभिन्न सङ्घसंस्था, नागरिक समाज तथा सरोकारवाला निकायलाई गरेको सिफारिस पनि उल्लेख छ।

### (ख) बाढीपहिरोबाट प्रभावितहरूको अधिकार

नेपालमा बाढीपहिरोको कारण बर्सेनि जमिन कटान, डुवान र बस्तीहरू प्रभावित हुने गरेका छन्। बाढीपीडितहरूलाई खाद्यान्न, बसोबास, स्वास्थ्य सेवा, लत्ताकपडालगायत अत्यावश्यक वस्तु तथा सेवाहरूका बन्दोबस्त हुन नसक्दा उनीहरू गाँस-बास, कपास, शिक्षा, स्वास्थ्यजस्ता अत्यावश्यक सेवाबाट वञ्चित हुनुपरेको छ। विशेषतः सुत्केरी र गर्भवती महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू बढी प्रभावित हुन पुगेको अवस्था छ। बाढीले सडक तथा पुल बगाउँदा विभिन्न जिल्ला तथा गाउँहरूबीच आवतजावतमा अवरोध पुग्नुका साथै खाद्यान्न, औषधिलगायतका राहत सामग्रीहरू आपूर्तिमा समस्या आएको एवम् विद्युत् तथा सञ्चारसेवा अवरुद्ध भएको पाइएको थियो। केही स्थानमा पहिरोले पिउने पानीको भौतिक संरचनामा पुऱ्याएको क्षतिबाट पिउने पानीको अभाव भएको थियो। कतिपय बाढी तथा डुवान प्रभावित क्षेत्रका बासिन्दाहरूको समयमै उद्धार हुन नसकेको अवस्था छ।

अविरल वर्षाले मुलुकका विभिन्न भागमा भएको डुबान एवम् बाढीपछि सिर्जित अवस्थाप्रति आयोगले मोरङ, झापा, सप्तरी, कैलाली, जुम्ला, कालिकोटलगायतका जिल्लाहरूमा अनुगमन गरेको थियो। त्यसक्रममा स्थानीय बासिन्दाको घरमा खोला पसी पुऱ्याएको क्षति, विस्थापित हुँदाको अवस्था, धनजनको क्षतिजस्ता विषय, बाँधलगायतका संरचना भत्किएका कारणबाट थप मानवीय सङ्कट आउन नदिने लगायतका पक्षलाई मध्यनजर राखिएको थियो। बाढीबाट विस्थापितहरूका लागि तत्कालै गाँस-बास र स्वास्थ्यको उचित व्यवस्था नरहेकोले पीडितहरू कष्टकर जीवन बिताउन बाध्य भएको अवस्था छ। जुम्लामा ३ दिनदेखिको निरन्तर वर्षाका कारण हवाई यातायत अवरुद्ध भई दैनिक जीवनयापनमा कठिनाइ भएको तथ्यलाई औँल्याइएको थियो।

डुबान एवम् बाढीपछि देखा पर्न सक्ने सरुवा रोगको प्रकोप तथा महामारी आउन नदिन सम्बन्धित पक्ष सचेत हुनुपर्ने देखिन्छ। देशको दक्षिणी सीमामा निर्माण गरिएको तटबन्ध तथा

सङ्कटबाट नेपाली भूभागमा पर्न गएको प्रभाव, तटबन्धको अन्तर्राष्ट्रिय सीमा मापदण्ड तथा प्राविधिक पक्षका सम्बन्धमा समेत विस्तृत अध्ययन गरी उत्पन्न हुने जलप्रकोप र मानवीय सङ्कटको यर्थाथपरक ढङ्गबाट सम्बोधन गर्नु आवश्यक छ।

आयोगले प्राकृतिक प्रकोपका कारण घरबारविहीन भएका तथा उच्च जोखिममा परेका सबैको पुनर्वास, शिक्षा, स्वास्थ्यजस्ता अत्यावश्यकीय सेवाहरूको उचित प्रबन्ध मिलाउन, बाढीप्रभावित क्षेत्रमा महामारी फैलन सक्ने अवस्थातर्फ सतर्क रही आवश्यक व्यवस्था मिलाउन एवम् महामारीका सङ्केत देखिएका स्थानहरूमा स्वास्थ्य टोलीहरू परिचालन गर्न पनि आग्रह गरेको थियो। प्राकृतिक प्रकोपबाट हरेक वर्ष हुने गरेको यसप्रकारको सङ्कट न्यून गर्न प्राकृतिक प्रकोपको जोखिम क्षेत्र पहिचान गरी सावधानीका आवश्यक उपायहरू अवलम्बन गर्न तथा स्थायी उद्धारगृह निर्माण गरी राहत सामग्रीहरूको व्यवस्थित वितरण गर्नेतर्फ ध्यान दिनसमेत आयोगले नेपाल सरकारको ध्यानाकर्षण गराएको छ। आयोगले दिएको निर्देशन कार्यान्वयन नहुनुले अहिले पनि तराई-मधेश क्षेत्रका पीडितहरूले अझ पनि दयनीय जीवन गुजार्नुपरेको छ।

## सीमा क्षेत्रमा बसोबास गर्ने नागरिकहरूको मानव अधिकार

यस आवमा आयोगका सदस्यद्वय मोहना अन्सारी र गोविन्द शर्मा पौड्यालको नेतृत्वमा मेचीदेखि महाकाली क्षेत्रको सीमामा बसोबास गर्ने नेपाली नागरिकहरूको मानव अधिकार अवस्थाको बारेमा अनुगमन सम्पन्न भयो। अनुगमनबाट सीमा क्षेत्रमा बसोबास गर्ने नागरिकहरूको जीवनको अधिकार, मर्यादित जीवन जीउन पाउने अधिकार, स्वतन्त्रताको अधिकार, सुरक्षाको अधिकारको सम्मान हुन सकेको पाइदैँन। अपमाननजनक तथा अमानवीय व्यवहारविरुद्धको अधिकार, निष्पक्ष सुनुवाइको अधिकार, शिक्षाको अधिकार, स्वास्थ्यको अधिकार, उपभोक्ताको अधिकार दयनीय छ। त्यसै गरी सम्पतिको अधिकार, राष्ट्रियताको अधिकार, विकासको अधिकार र जीविकोपार्जन लगायतका बहुआयामिक अधिकारहरूको प्रचलनको अवस्था अत्यन्त दुरावस्थामा रहेको पाइएको छ। सीमा क्षेत्रका नागरिकहरूको मानव अधिकार अवस्थाको सुधारको लागि प्रभावकारी रूपमा सीमा क्षेत्रमा कार्य हुनु जरुरी देखिएको छ। खुल्ला सीमाना र भारतीय पक्षबाट एकतर्फी रूपमा सीमा क्षेत्रमा निर्माण गरेका बाँध तथा तटबन्धको कारण नेपालीहरूको जीविकोपार्जन अत्यन्त कठिन अवस्थामा रहेको हुँदा भारत सरकारसँग कुटनीतिक माध्ययमबाट वार्ता गरी समस्या समाधान गर्न नेपाल सरकारबाट तत्काल कदम चाल्नुपर्ने अवस्था पाइएको थियो। यस सम्बन्धीको प्रतिवेदन आगामी आवमा सार्वजनिक गर्ने तयारी भइरहेको छ।

# परिच्छेद – ३
# संरक्षणसम्बन्धी

**आयोगद्वारा सम्पादित संरक्षणसम्बन्धी कार्यहरू**

**उजुरी व्यवस्थापन**

**(क) उजुरी दर्ता**

आयोगले आफ्नो कार्यादेश बमोजिम मानव अधिकार उल्लङ्घन वा दुरुत्साहनसम्बन्धी घटनामा उजुरी ग्रहण गर्दै आएको छ । यस्ता उजुरी पीडित, पीडितको परिवार वा जोकोहीबाट वा सञ्चार-माध्यममा सम्प्रेषित समाचारका आधारमा स्वयं पनि ग्रहण गर्दै आएको छ । आयोगबाट प्राप्त उजुरीमाथि अनुगमन, अनुसन्धान एवम् छानबिन गरी आवश्यक कानुनी कारबाहीका लागि सरकार वा सरोकारवाला निकायसमक्ष सिफारिस हुँदै आएको छ । यस वर्ष आयोगका केन्द्रीय, क्षेत्रीय र उपक्षेत्रीय कार्यालयहरूमा जम्मा २१० उजुरी दर्ता भएका छन् । यसरी दर्ता हुन आएका कतिपय उजुरीहरू विगतको सशस्त्र द्वन्द्वकालमा भएका घटनासँग पनि सम्बन्धित रहेका छन् ।

**(ख) क्षेत्रगत आधारमा उजुरीहरू**

यस आर्थिक वर्षमा आयोगमा दर्ता भएका २१० उजुरीहरू मध्ये सबैभन्दा बढी केका ललितपुरमा ७३ छन् भने सबैभन्दा कम क्षेका नेपालगञ्ज र उक्षेका जुम्लामा ६/६ वटा रहेका छन् । त्यसै गरी क्षेका विराटनगरमा २९, जनकपुर ३१, धनगढीमा २६ र पोखरा ९ वटा छन् । उक्षेका बुटवल १६ र उपक्षेत्रीय कार्यालय खोटाङमा १४ वटा उजुरी दर्ता भएका छन् ।

**(ग) प्रमुख ९ महासन्धिका आधारमा  उजुरीहरू**

प्रमुख नौ महासन्धिमा आधारित उजुरीको प्रकृति हेर्दा यस आवमा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी ८९, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी ३०, यातनाविरुद्धको अधिकारसम्बन्धी ३९, बाल अधिकारसम्बन्धी १४, महिला अधिकारसम्बन्धी १२, व्यक्ति बेपत्ताविरुद्धको अधिकारसम्बन्धी ७, अपाङ्गता भएका व्यक्तिका अधिकार हननसम्बन्धी ५,आप्रवासी कामदारकाको अधिकारसम्बन्धी ४, र भेदभावसम्बन्धी ५ गरी जम्मा २१० उजुरी  दायर हुन आएका छन् ।

### (घ) विषयगत आधारमा उजुरीहरू

यस वर्ष न्याय प्रशासनमा सबैभन्दा बढी ५६, यातना/दुर्व्यवहारमा ३९ र जीवनको अधिकार हनन भएको भनी नौ उजुरी परेका छन्। अज्ञात समूहबाट व्यक्ति बेपत्ता पारिएको भनी ७ उजुरी दर्ता भएका छन्। गैरन्यायिक थुनाविरुद्ध ९ र स्वतन्त्रताको हक हनन भनी १ उजुरी दर्ता भएको अवस्था छ। त्यसै गरी स्वास्थ्यको अधिकार ८, आवासको हक १ र स्वच्छ वातावरणको हक हनन भएको भनी ४ उजुरी दर्ता हुन आएका छन्। महिला अधिकारको उल्लङ्घन १२ र बाल अधिकार हननमा १४ उजुरी रहेका छन्। जातीय र भाषिक विभेदविरुद्ध तथा अपाङ्गता भएका व्यक्तिको अधिकार हननमा ५/५ उजुरी छन्। अन्य (शरणार्थी १, ज्येष्ठ नागरिक २ र मानव बेचबिखन २) मा ५ वटा उजुरी दर्ता भएको अवस्था छ।

### (ङ). अनुसन्धान

मानव अधिकार उल्लङ्घन र दुरुत्साहनका घटनासम्बन्धमा आयोगमा दर्ता भएका माथि उल्लिखित उजूरीहरू र यस आव अगाडि दर्ता भएका उजुरीहरूमा पनि आयोगले अनुसन्धान कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउँदै आएको छ। यस अवधिमा पनि विगत वर्षहरू र यस आवमा दर्ता भएका उजुरीमाथि अनुसन्धान सम्पन्न गरेको छ। आयोगबाट नयाँ र पुराना गरी जम्मा २२० उजुरीमाथि अनुसन्धान सम्पन्न भएको छ। जसमा केन्द्रीय कार्यालयबाट ५९ वटा, क्षेत्रीय कार्यालय विराटनगरबाट ५७ वटा, क्षेत्रीय कार्यालय जनकपुरबाट १६ वटा, क्षेत्रीय कार्यालय पोखराबाट १८, क्षेत्रीय कार्यालय नेपालगञ्जबाट १३, क्षेत्रीय कार्यालय धनगढीबाट १२ वटा उजुरीको अनुसन्धान सम्पन्न गरिएको छ। उपक्षेत्रीय कार्यालय खोटाङबाट ११ वटा, उपक्षेत्रीय कार्यालय बुटवलबाट १२ वटा र उपक्षेत्रीय कार्यालय जुम्लाबाट २२ उजुरीको अनुसन्धान सम्पन्न गरिएको छ। यसरी अनुसन्धान गरिएका कतिपय उजुरीहरू सशस्त्र द्वन्द्वसँग पनि सम्बन्धित छन्; जसमा नागरिक तथा राजनीतिक अधिकारअन्तर्गत जीवनको अधिकार, यातना, बेपत्ता रहेका छन्। त्यसै गरी आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारमा विस्थापित, पुनःस्थापना, सम्पत्ति लुटपाट, क्षतिपूर्ति, महिला, बालबालिकाको अधिकार आदि छन्। विस्तृत विवरण अनुसूची ५ मा राखिएको छ।

### (च) उजुरी फछ्र्यौट र सिफारिस

यस आवमा अयोगबाट अनुसन्धान सम्पन्न भएका २०१ वटा उजुरीहरूको फछ्र्यौट भएको छ। जसमा सिफारिस गरिएको संख्या ४५ (क्षतिपूर्ति तथा कारवाहीको लागि ३८ र नीतिगत ७, टुङ्ग्याउने १, खारेजी ६३ र तामेली राख्ने भनी ९२ वटा उजुरीमाथि निर्णय गरिएको छ। यससम्बन्धी विस्तृत विवरण अनुसूची ६ मा समावेश गरिएको छ।

**मानव अधिकार अवस्था अनुगमन**

मानव अधिकारको संरक्षणका लागि आयोगले २ किसिमबाट अनुगमन गर्दै आएको छ। पहिलो, आयोग आफैँद्वारा एकल रूपमा र दोस्रो, आयोगसहित सरोकारवालाहरूसँग समन्वय र सहकार्यमा। आयोगले मानव अधिकारसँग प्रत्यक्ष एवम् परोक्ष घटना र मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिसम्झौता तथा राष्ट्रिय कानुनले व्यवस्था गरेका हक-अधिकारको हनन र कार्यान्वयनको अवस्थालाई ध्यानमा राखी अनुगमनसम्बन्धी कार्य अगाडि बढाउँदै आएको छ। सामान्यतः अनुगमन कार्य नियमित रूपमा हुने गर्दछ; जसमा समग्र मानव अधिकार अवस्था, स्थानीय तह निर्वाचनको अनुगमन, कैदीबन्दीहरूको अधिकार, कारागार तथा हिरासतको अवस्था, गैरकानुनी थुना रहेका छन्।

आर्थिक, समााजिक तथा सांस्कृतिक अधिकारमा मुक्त हलियाहरूको अवस्था, अस्पताल एवम् स्वास्थ्य अवस्था, उपभोक्ताको अधिकार, प्राकृतिक प्रकोप (बाढी-पहिरो/भूकम्प) बाट विस्थापितहरूको अधिकार आदि छन्।

त्यसै गरी सामुहिक अधिकार अन्तर्गत जेष्ठ नागरिक, महिला, बालबालिका, आदिवासी जनजाति, अल्पसङ्ख्यक/सीमान्तकृत समुदायहरू, अपाङ्गता भएका व्यक्तिको अधिकार, आप्रवासी कामदारहरूको अवस्था र मानव बेचबिखनको अवस्थालगायतका विषयमा पनि आयोगबाट अनुगमन हुँदै आएको छ। यस बाहेक तत्काल कुनै असहज अवस्था उत्पन्न भएमा वा कुनै विषयमा अनुगमन गर्नुपर्ने अवस्था आइपरेको स्थितिमा आयोगले आकस्मिक रूपमा पनि अनुगमन गर्ने गरेको छ।

यस आर्थिक वर्षमा आयोगले मानव अधिकारसँग सम्बन्धित विभिन्न विषयलाई लिएर ३५० वटा अनुगमन गरेको छ। केन्द्रीय कार्यालयबाट ४८ पटक अनुगमन गरेको छ भने क्षेत्रीय कार्यालयहरू विराटनगरबाट ५५, नेपालगञ्ज ६७, जनकपुर २३, धनगढी ३५ र पोखराबाट ३१ पटक अनुगमन भएको अवस्था छ। उपक्षेत्रीय कार्यालयहरूबाट खोटाङ २४, बुटवल ४८ र जुम्लाले १९ पटक अनुगमन गरेको छ।

यस आवमा आयोगले मानव अधिकारका मुद्दाहरूमा आयोग, प्रतिष्ठान एवम् मानव अधिकारको क्षेत्रमा कार्यरत विभिन्न सङ्घसंस्थाहरूसँग समन्वय र सहकार्यमा अनुगमन गरेको छ। राष्ट्रिय दलित आयोग, आदिवासी जनजाति प्रतिष्ठान, इन्सेक, सिबिन, कोकन, ओपरडेक, माइती नेपाल, एबिसी नेपाललगायतका मानव अधिकारका क्षेत्रमा कार्यरत सङ्घसंस्थाहरूसँगको सहकार्य र समन्वयमा अनुगमन भएको छ।

सहकार्यमा अनुगमन गरिएका विषय सामान्यतः तराई-मधेसमा भएको आन्दोलनमा मानव अधिकारको अवस्थासँग सम्बन्धित छन्। विराटनगरले मधेसी मोर्चाद्वारा गरिएको बन्दमा मानव अधिकार अवस्थाको सम्बन्धमा नागरिक समाज, आन्दोलनकारीले पेट्रोलमा आगो

लगाउँदा २ जना बालिकाको हातखुट्टा जली घाइते भएको भनिएको घटनामा इन्सेक, कोकन र थर्ड एलायन्ससँग र महिलामाथि बलात्कार गरिएको भनिएको घटनामा जागरण नेपालसँगको सहकार्यमा अनुगमन गरेको थियो । क्षेका पोखराले कास्कीमा जिल्ला प्रशासन कार्यालय, जिल्ला बालकल्याण समिति, महिला बालबालिका कार्यालय, स्थानीय नागरिक समाजसँगको बालगृहका बालबालिकाको अवस्था तथा उद्धारको सम्बन्धमा र इन्सेकसँगको सहकार्यमा पृथ्वी राजमार्ग बस-व्यवसायी सङ्घद्वारा आयोजित बन्दमा मानव अधिकार अवस्थाको सम्बन्धमा अनुगमन गरेको थियो । केन्द्रीय कार्यालय, शिक्षा मन्त्रालय र शिक्षा विभागसँगको सहकार्यमा पर्सा र धनुषामा बाल अधिकारको अवस्थासम्बन्धमा अनुगमन सम्पन्न भएको थियो ।

तराई-मधेसलगायतका जिल्लामा भएको आन्दोलनमा मानव अधिकार अवस्थासम्बन्धी अनुगमन केन्द्रीय कार्यालयसँगको समन्वयमा भएको देखिन्छ । कतिपय अनुगमनमा माननीय अध्यक्ष एवम् सदस्यहरूको नेतृत्व रहेको छ । बारा र पर्सामा आयोगका माननीय अध्यक्षको नेतृत्वमा मानव अधिकार अवस्थाको अनुगमन गरिएको थियो । क्षेका विराटनगरले मोरङको सोराभागा, बबियाविर्ता, दर्वेसालगायतका क्षेत्रमा सञ्चालित पोल्टी फर्मबाट निस्किएको फोहोर र दुर्गन्धको कारण सो क्षेत्रका बासिन्दाको स्वास्थ्यमा पर्न पुगेको प्रतिकूल असरलाई मध्यनजर राखी अनुगमन गरेको थियो । अनुगमनसम्बन्धी विस्तृत विवरण अनुसूची ४ मा समावेश छ ।

# परिच्छेद – ४

# संवर्द्धनात्मक गतिविधिहरू

मानव अधिकारसम्बन्धी शिक्षा र सचेतनामा विस्तार एवम् मानव अधिकारको वकालत, पक्षपोषण तथा सूचना सम्प्रेषणसम्बन्धी कार्य विस्तारमा संवर्द्धनात्मक कार्यको भूमिका महत्वपूर्ण हुन्छ। संवैधानिक एवम् कानुनी दायित्वअन्तर्गत रही आयोगले यसप्रकारका गतिविधहरू सञ्चालन गर्दै आएको छ; जसबाट मानव अधिकारको अभिवृद्धि एवम् संस्कृतिको विकासमा टेवा पुग्न गएको छ। आयोगले संवर्द्धनसम्बन्धी गतिविधिहरूलाई थप व्यवस्थित र प्रभावकारी बनाउन राष्ट्रिय मानव अधिकार आयोग मानव अधिकार सहकार्य तथा समन्वयसम्बन्धी निर्देशिका, २०६९ जारी गरी गतिविधिहरू सम्पन्न गर्दै आएको छ।

मानव अधिकारको संवर्द्धनका निमित्त विविध विषयमा अन्तरक्रिया, छलफल, सभा, गोष्ठी, कार्यशाला, तालिमलगायतका विभिन्न कार्यक्रमहरू सम्पन्न भएका छन्। यस वर्ष पनि आयोगले "सबैका लागि घरघरमा मानव अधिकार, शान्ति र विकासको आधार" भन्ने मूल नारासहित आयोगका गतिविधिहरू अगाडि बढाएको थियो। यस आवमा आयोगले एकल र सहकार्य/समन्वयमा संवर्द्धनसम्बन्धी विभिन्न कार्यक्रमहरू सम्पन्न गरेको छ। यस क्रममा अयोगबाट ३६९ ओटा संवर्द्धनसम्बन्धी कार्यहरू भएका छन्। यस्ता कार्यहरू केकाबाट ३३, क्षेकाहरू क्रमशः विराटनगरबाट ९० (अन्तरक्रिया ४८, छलफल १५, मानव अधिकार शिक्षा ९, क्षेत्रीय सम्मेलन १ र अन्य १७), जनकपुरबाट २४ (अन्तरक्रिया ११, छलफल ८, बैठक र दिवस २/२), पोखराबाट ४९, (अन्तरक्रिया १८, छलफल १३, सचेतना ७, तालिम २, प्रभातफेरि १, हाजिरी जवाफ २ र अन्य ६) नेपालगञ्जबाट ३५ (अन्तरक्रिया १५, छलफल ६, बैठक ४, सचेतना र दिवस २/२ र अन्य ६) र धनगढीबाट ३४ (अन्तरक्रिया १४, छलफल १०, दिवस २ र अन्य ८) वटा कार्यक्रमहरू सम्पन्न भएका छन्। त्यसै गरी उपक्षेत्रीय कार्यालयहरू– खोटाङबाट ३४ (अन्तरक्रिया ४, छलफल १९, मानव अधिकार ३ र अन्य ८), वुटवलबाट ४६ (अन्तरक्रिया १५; छलफल २०; र्‍याली ३; सचेतना, तालिम र दिवस २/२ र प्रशिक्षण गोष्ठी एक/एक) तथा जुम्लाबाट २४ (अन्तरक्रिया १३, छलफल छ, दिवस २, जिङ्गल प्रसारण २ र फिल्म प्रदर्शनी १) वटा कार्यक्रमहरू सम्पन्न भएका छन्।

यस आवमा भएका ३० भन्दा बढी कार्यक्रम अन्य सङ्घसंस्थाहरूको सहकार्य र समन्वयमा सम्पन्न भएका छन्। सहकार्य र समन्वय गरिएका संस्थाहरूमा बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोग, व्यवस्थापिका-संसद् विधायन समिति, उच्च अदालत पाटन, न्याय सेवा

तालिम केन्द्र, नेपाल बार एसोसिएसन, नेपाल पत्रकार महासङ्घ, गैरसरकारी संस्था महासङ्घलगायतका संस्थाहरू छन् । यस्तै पूर्वाञ्चल मानव अधिकार सञ्जाल, मानव अधिकार रक्षक परिषद्, ओरेक नेपाल, मानव अधिकार मञ्च इलाम, फियान नेपाल, महिला तथा बालबालिका कार्यालय, रिडेफ नेपाल, इन्सेक, सिविन, कोकन, कोसिस, सिजोप र खाद्य अधिकार सञ्जाल कैलाली रहेका छन् । रेडियो कार्यक्रम-सामुदायिक रेडियो प्रसारक संस्था र थाहा सञ्चार, मानव अधिकार चलचित्र केन्द्र, उपभोक्ता हित संरक्षण मञ्च, निलहिरा समाज, जुरी नेपाल, एफडब्लुएलडीसँग पनि समन्वय र सहकार्य भएको छ । यस बाहेक आयोग अन्य सङ्घसंस्थाद्वारा आयोजित मानव अधिकारसम्बन्धी विभिन्न ३७८ कार्यक्रमहरूमा (प्रमुख अतिथि/अतिथि, स्रोत व्यक्ति/विशेषज्ञ, तथा सहभागीको रूपमा) सहभागी भएको छ । संवर्द्धनात्मक गतिविधिसम्बन्धी विवरण अनुसूची ७ मा उल्लेख छ ।

# परिच्छेद – ५

# महाशाखा, शाखा र एकाइबाट सम्पन्न भएका कार्यहरू

**(क) प्रशासन महाशाखा**

प्रशासन महाशाखामार्फत आयोगले आफ्नो दैनिक कार्यका अतिरिक्त आयोगसँग सम्बन्धित व्यवस्थापन, मानव संशाधन तथा सुदृढीकरणलगायतका कार्यहरू गर्दै आएको छ । यस आवमा पनि प्रशासन महाशाखामार्फत आयोगबाट मानव अधिकार संरक्षण र संवर्द्धनलगायतका कार्यहरू सम्पन्न गर्न केका, क्षेका र उक्षेकाको लागि व्यवस्थापकीय कार्यहरू सम्पन्न भएका छन् । तिनमा कार्यालय व्यवस्थापन, सामग्रीहरूको खरिद, निर्माण/मर्मत, सूचना प्रविधि, भण्डार व्यवस्थापन, कर्मचारी व्यवस्थापन, आन्तरिक तथा बाह्य तालिम भ्रमण व्यवस्थापनसम्बन्धी कार्यहरू रहेका छन् ।

खरिदसम्बन्धी कार्यमा सवारी साधन (३ वटा जिप) कार्यालयका लागि आवश्यक फर्निचर, सूचना प्रविधिसँग सम्बन्धित सामग्रीहरू एवम् अन्य आवश्यकीय वस्तु खरिद गरिएको छ । निर्माण/मर्मतसम्बन्धी कार्यमा प्रिफ्याब टहराहरू (ठूला र साना आकारका ३/३ वटा), २ वटा शौचालय निर्माण गरिएको छ ।

स्थानीय निर्वाचन अनुगमनको लागि सवारी साधन भाडामा लिने कार्य भएको छ । सूचना प्रविधिसँग सम्बन्धित काममा आउन सक्ने सामग्रीहरूको मर्मत-सम्भारसम्बन्धी नयाँ हार्ड डिस्कको व्यवस्था, सर्भरको क्षमतामा वृद्धि, सेवासम्बन्धी वार्षिक करार नवीकरण गरिएको अवस्था छ । आयोग परिसरमा फूलबारी निर्माण गरिएको छ । भण्डार व्यवस्थापनअन्तर्गत ७ वटा सवारी साधन (४ जिप र ३ स्कुटर) र अन्य सामानहरू लिलामी गरिएको छ । खरिद भएका सम्पूर्ण सामानहरूको व्यवस्थित भण्डारण गर्ने व्यवस्था मिलाइएको छ ।

त्यसै गरी यस आवमा लिइएको परीक्षामा उत्तीर्ण भएका १४ जना कर्मचारीहरूको नियुक्ति तथा पदस्थापना, ३० कर्मचारीहरूको लागि कार्यकक्ष, टेबुल कुर्सीलगायत बस्ने ठाउँको व्यवस्थापन गरिएको छ । त्यस्तै सफल उत्तीर्ण ४ जना उम्मेदवार नियुक्ति लिन नआएकोमा वैकल्पिक उम्मेदवारलाई नियुक्ति दिइएको छ । खुल्ला प्रतियोगितातर्फ सफल २५ जना कर्मचारीहरूको सेवा प्रवेश तालिम सम्पन्न गरी आयोगका बिभिन्न कार्यालयहरूमा नियुक्ति तथा पदस्थापना र कार्यालयको आवश्यकतालाई ध्यानमा राखी कार्यालय सहयोगी २ र १ जना सुरक्षागार्डलाई करारमा नियुक्ति गरिएको छ ।

यस आवमा ३ जना उपनिर्देशक, १ जना प्रशासकीय अधिृकत र १ जना लेखापालको सरुवा भएको छ । ३ जना सहायक प्रथमको मानव अधिकार अधिकृतमा बढुवा भएको छ । यस आवमा १ जना उपनिर्देशक ४ जना अधिकृत, १ जना सुरक्षा अधिकृत, २ जना सूचना प्रविधि तथा अभिलेख सहायक र २ जना सहायक प्रथमले,रे दिएको राजिनामा स्वीकृत भएको छ ।

नव नियुक्त कर्मचारीहरूको वृत्ति विकास र काममा सहजताका लागि सेवा प्रवेशबाहेक विषयगत तालिम एवम् कार्यशाला गोष्ठी आयोजना गरिएको थियो । उपलब्ध तालिममा सेवा प्रवेश तालिम, प्रशिक्षक प्रशिक्षण तालिम, आधारभूत मानव अधिकार अनुगमन तथा अनुसन्धानसम्बन्धी तालिम, Operationalization of the Monitoring Framework for Implementation of Human Rights to Adequate Food in Nepal" कार्यशाला गोष्ठी, Intermediate Level Training on the Convention Against Torture (CAT), Intermediate Level Training on ICCPR/ Trainingon Report Writing रहेका छन् ।

अन्तर्राष्ट्रिय तहमा माननीय अध्यक्ष, सदस्य, सचिव र कर्मचारी तहमा भएका भ्रमणको लागि आवश्यक व्यवस्थापन गर्ने कार्य सम्पन्न गरिएको छ ।

मर्मतका लागि विभिन्न फर्म/कम्पनीहरूसँग वार्षिक नवीकरण सम्झौता, खरिद समिति, मूल्याङ्कन समिति र लिलामी समितिहरू गठन, कार्यालय सरसफाइ र अन्य व्यवस्थापनसम्बन्धी कार्य र कर्मचारीहरूका लागि रु. १,००,०००/को वार्षिक औषधी उपचार बिमा गरिएको छ ।

### (ख) आर्थिक व्यवस्थापन महाशाखा

यस वर्ष नेपाल सरकारवाट आर्थिक वर्ष २०७३/२०७४ को लागि बजेट उपशिर्षक नं.२१४०११३ चालूतर्फ रु.१७,३९,२६,०००।-(सत्र करोड उनन्चालीस लाख छब्बीस हजारमात्र) विनियोजन भएकोमा रु.१४,३३,७८,२९६।४२ (चौध करोड तेत्तिस लाख अठ्हत्तर हजार दुईसय छयानब्वे रुपियाँ बयालिस पैसा) मात्र निकासा तथा खर्च भएको छ । त्यसै गरी बजेट उपशीर्षक नं.२१४००१३ चालूतर्फ रु.६५,७०,०००।-(पैंसठी लाख सत्तरी हजार रुपियाँ) विनियोजन भएकोमा रु.६५,२१,८४९।१२ (पैंसठी लाख एक्काइस हजार आठ सय उनान्पचास रुपियाँ बाह्र पैसा) मात्र निकासा तथा खर्च भएको छ । त्यस्तै बजेट उपशीर्षक नं.६०२०१२३ चालूतर्फ रु.१५,८९,४१२।-(पन्ध्र लाख उनान्नब्बे हजार चार सय बाह्र रुपियाँमात्र) विनियोजन भएकोमा रु.१५,३६,९१९।६६ (पन्ध्र लाख छत्तीस हजार नौसय उन्नाइस रुपियाँ छैसठी पैसामात्र) खर्च भएको र बजेट उपशीर्षक नं.२१४०११४ पूँजिगततर्फ रु. २,१०,००,०००।-(

दुई करोड दश लाखमात्र) विनियोजन भएकोमा रु.२,०७,५६,६१५।५१ (दुइ करोड सात लाख छपन्न हजार छ सय पन्ध्र रुपियाँ एकाउन्न पैसा) मात्र निकासा तथा खर्च भएको छ ।

त्यसै गरी यो वर्ष राजस्व आम्दानी रु.८,८१,५९७-(आठ लाख एकासी हजार पाँच सय सन्तानब्बे रुपियाँमात्र) भई राजस्व रकम बैङ्क दाखिला भएको छ। धरौटीतर्फ गत आ.व.सम्मको जिम्मेवारीसहित यो वर्षको कुल आम्दानी रु.४९०,९५३।९७ (चार लाख नब्बे हजार नौ सय त्रिपन्न रुपियाँ सन्तानब्बे पैसामात्र) भएकोमा रु.१६८,०१२।५० (एक लाख अठसठ्ठी हजार बाह्र रुपियाँ पचास पैसामात्र)धरौटी फिर्ता भई बाँकी रु. ३२२,९४१।४७ (तीन लाख बाइस हजार नौ सय एकचालीस रूपैयाँ सतचालीस पैसामात्र) धरौटी बाँकी छ ।यससम्बन्धी बाँकी विवरण अनुसूची १२ मा समावेश गरिएको छ ।

## (ग) कानुन महाशाखा

मानव अधिकारसँग सम्बन्धित प्रचलित कानुनको आवधिक रूपमा पुनरावलोकन, त्यसमा गर्नुपर्ने सुधार तथा संशोधनका सम्बन्धमा नेपाल सरकारसमक्ष सिफारिस-लगायतका कार्यहरू आयोगले यस महाशाखामार्फत गर्दै आएको छ। यस आर्थिक वर्ष २०७३/२०७४ मा सम्पादित कार्यहरूको विवरण देहायबमोजिम रहेको छ :

## कानुन पुनरावलोकन

यस आवमा किसानको अधिकारसँग सम्बन्धित कानुनहरूको पुनरावलोकनसम्बन्धी कार्य सम्पन्न भएको छ। किसानको अधिकारसम्बन्धी कानुनको पुनरावलोकनबाट किसानले दाबी गर्न सक्ने तथा उनीहरूको अधिकारको उल्लङ्घन भएमा सम्बन्धित निकायलाई जिम्मेवार बनाउन सक्ने ठोस संयन्त्र एवम् नियमनकारी निकायको अभाव देखिएको छ। कृषि विकास गर्ने तथा किसानको पहिचान र सम्मानलाई प्रवर्द्धन गर्ने तर्फका नीति, योजना तथा कार्यक्रमहरूलाई कानुनमा ढाल्ने र व्यावहारिक रूपमा राज्यले जिम्मेवारपूर्ण ढङ्गले कार्यान्वयन गर्ने वातावरण निर्माण गर्नुपर्ने अवस्था छ। ठोस कानुनको अभाव र विद्यमान कानुनी प्रावधानहरू एकत्रित नहुनुका साथै न्यायिक निर्णयहरू कार्यान्वयनमा आउन नसकेका कारण पनि उनीहरूको अधिकारको संरक्षण हुन सकेको छैन ।

उल्लिखित अवस्थामा किसानको अधिकार प्रत्याभूतिका लागि एकीकृत नयाँ कानुन निर्माण, किसानको हकहित प्रतिकूल रहेका कानुनहरूको शीघ्र पुनरावलोकन गर्नुपर्ने देखिन्छ। विद्यमान कानुनहरू अधिकारमुखी अवधारणाभन्दा पनि कल्याणकारी अवधारणामा आधारित रहेकोले हकअधिकार तथा दाबी सिर्जना गर्ने भन्दा पनि सरकारी निकायमा निर्भर रहनुपर्ने अवस्था छ। यस पक्षलाई समेत मध्यनजर राखी कानुनी सुधारका प्रयासलाई अधिकारमुखी दृष्टिकोणबाट अगाडि बढाउनुपर्ने, भइरहेका अधिकारमुखी कानुनहरूको प्रभावकारी

कार्यान्वयनका लागि राज्यले आवश्यक उपायहरूको अवलम्बन गर्नुपर्ने अवस्था छ। किसानका हकहितमा बनेका कानुनहरूको परिपालना हुन नसकेको अवस्था तथा आर्थिक सामाजिक अधिकारबाट वञ्चित हुनुपरेको अवस्थामा मानव अधिकार उल्लङ्घनविरुद्ध उपचार दिलाउन तथा उल्लङ्घन पुनः नदोहोरिने प्रत्याभूति दिन राज्यलाई जवाफदेही बनाउन आयोगले पनि आफ्नो कार्यादेशलाई प्रभावकारी तवरले अभ्यास गर्नुपर्ने लगायतका सुझावहरू समावेश गरिएका छन्। उक्त प्रतिवेदन आगामी आवमा प्रकाशित गर्ने लक्ष्य राखिएको छ।

**विधेयकहरूको पुनरावलोकन**

राष्ट्रिय मानव अधिकार आयोगले यस आवमा पनि कानुन निर्माणका लागि तयार गरिएका विधेयकहरूमाथि मानव अधिकारको दृष्टिकोणबाट पुनरावलोकन गरी सम्बन्धित निकायहरूसमक्ष सुझावहरूसमेत प्रस्तुत गरेको थियो। नेपालको संविधानबमोजिम गठन हुनुपर्ने मानव अधिकारसम्बन्धी विषयगत संवैधानिक आयोगहरू गठन गर्ने सम्बन्धमा तयार गरिएका विभिन्न ६ वटा विधेयकहरूमाथि पुनरावलोकन गरेको थियो। अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धमा बनेको विधेयक २०७२ र यातना दिने तथा निर्मम, अमानवीय वा अपमानजनक व्यवहार (नियन्त्रण) विधेयक २०७१ समेत गरी ८ वटा विधेयकहरूमाथि पुनरावलोकन गरेको छ। पुनरावलोकन गरिएका विधेयकहरूमा ३ महले सुझावसहित सम्बन्धित निकायसमक्ष पेस गरिसकिएको छ। यसै आवमा राष्ट्रिय मानव अधिकार आयोग ऐनलाई समयसापेक्ष बनाउन परिमार्जन गरी व्यवस्थापिका-ससदबाट पारित गराउन प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा पठाएको थियो।

**संवैधानिक आयोगहरू गठन गर्ने सम्बन्धमा तयार गरिएका विधेयकहरू**

नेपालको संविधानतः गठन हुनुपर्ने मानव अधिकारसम्बन्धी विषयगत संवैधानिक आयोगहरू गठन गर्ने सम्बन्धमा नेपाल सरकारले विभिन्न विधेयकहरू तयार गरेको थियो। यसमा विशेषतः मानव अधिकारसँग सम्बन्धित विधेयकहरूमा राष्ट्रिय समावेशी आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७३, राष्ट्रिय दलित आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७३ रहेका छन्। त्यसै गरी आदिवासी जनजाति आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७३, मधेसी आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७३, थारू आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७३ र मुस्लिम आयोग सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७३ छन्। ती विधेयकमाथि आयोगले पुनरावलोकन गरी पुनरावलोकन मस्यौदामाथि सरोकारवालाहरूबीच व्यापक छलफल गराई सुझाव लिइएको थियो। प्राप्त सुझावहरूलाई समेत समावेश गरी कार्यान्वयनका लागि व्यवस्थापिका-संसद्को

विधायन समित र सामाजिक न्याय तथा मानव अधिकार समिति, प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय र सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा पेस गरिएको छ ।

माथि उल्लिखित विधेयकहरूमा प्रमुख रूपमा उजुरी ग्रहण गर्न सक्ने, विशेषतः राष्ट्रिय मानव अधिकार आयोगसँगको सम्बन्ध र समन्वय, सचिवको नियुक्ति, नेपाल सरकारसँग सम्पर्क गर्दा प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालयमार्फत हुनुपर्ने उल्लेख छ। मुस्लिम, थारू, मधेसीको परिभाषा गरिनुपर्ने, आयोगहरूका कर्मचारीहरूको नियुक्ति तथा आयोगका पदाधिकारीहरू नियुक्त हुँदा यस आयोगबाट मानव अधिकार उल्लघङ्नकर्ता भनी नाम सार्वजनिक गरेको वा अभिलेख राखेको व्यक्तिलाई त्यस्ता आयोगमा नियुक्त नगर्ने लगायतका सुझावहरू समावेश छन् । राष्ट्रिय समावेशी आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा नौं, राष्ट्रिय दलित आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा एघार, आदिवासी जनजाति आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा ८ वटा सुझाव उल्लेख छ। मधेसी आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा १०, थारू आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा ९ र मुस्लिम आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा १० बुँदामा सुझाव प्रस्तुत गरिएको छ ।

### अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी विधेयक २०७२

नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धमा तयार गरेको विधेयक २०७२ माथि आयोगले पुनरावलोकन गरी तयार ३२ वटा सुझावहरू कार्यान्वयन गर्न भनेको छ। तयार गरिएको ३ महले सुझाव व्यवस्थापिका संसद्को विधायन समिति र सामाजिक न्याय तथा मानव अधिकार समितिसमक्ष पठाइएको छ। यसका अतिरिक्त प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय र महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयमा पनि पेस गरिएको छ ।

### यातना दिने तथा निर्मम, अमानवीय वा अपमानजनक व्यवहार (नियन्त्रण) विधेयक २०७१

यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ लाई प्रतिस्थापन गर्ने प्रस्तावसहित नेपाल सरकारले तयार गरेको यातना दिने तथा निर्मम, अमानवीय वा अपमानजनक व्यवहार (नियन्त्रण) विधेयक २०७१ माथि पनि पुनरावलोकन गरिएको छ। विधेयकको पुनरावलोकन, पुनरावलोकनपछि सरोकारवालाहरूसँगको छलफलपछि प्रस्तुत विधेयकमा १४ बुँदे सुझाव व्यवस्थापिका संसद् विधायन समिति र प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसमक्ष प्रस्तुत गरिएको छ ।

### नियमावली तथा निर्देशिका सम्बन्धमा

यस आर्थिक वर्षमा राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारीको सेवा, सर्त र सुविधासम्बन्धी नियमावली, २०७२ मा दोस्रो संशोधनका लागि प्रस्ताव तयार गरिएको छ। यसबाहेक पीडित र साक्षी संरक्षणसम्बन्धी निर्देशिका र मानव अधिकार आयोगका सिफारिस वा आदेश कार्यान्वयन नगर्ने व्यक्ति, पदाधिकारी वा निकायको नाम सार्वजनिक र अभिलेख गर्ने सम्बन्धी नियमावलीको मस्यौदा तयार भएको छ। प्रस्तावित नियमावली र निर्देशिकाहरू आगामी आर्थिक वर्षमा कार्यान्वयनमा आउने अवस्था रहेको छ।

### मानव अधिकारमैत्री कानुन निर्माण सम्बन्धमा

नेपालको संविधान बमोजिम बनाउनुपर्ने कानुनहरू मानव अधिकारमैत्री हुनुपर्ने भनी आयोगले सम्बन्धित निकायसमक्ष आफ्नो धारणा प्रस्तुत गरेको थियो। यसका साथै संविधानको धारा २४९ को उपधारा (२) को खण्ड (च) र राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा ४ को उपदफा (१) को खण्ड (ग) बमोजिमको कार्यादेश पूरा गर्ने सन्दर्भमा नेपाल सरकारबाट मस्यौदा भएका कुनै पनि विधेयकहरूका बारेमा मानव अधिकारको दृष्टिकोणबाट सुझाव प्रस्तुत गर्नका लागि आयोगमा पठाइदिन लिखित अनुरोध गरिएको थियो। सरकारले यस विषयमा आयोगको अनुरोधलाई सम्मान गरेको अवस्था देखिएन।

### मुद्दा-मामिला

विगत आर्थिक वर्षबाट जिम्मेवारी सरिआएका र यस आर्थिक वर्षमा आयोगलाई विपक्षी बनाई सर्वोच्च अदालतमा दर्ता भएका मुद्दाहरूमा आयोगका तर्फबाट लिखित जवाफ प्रस्तुत गर्ने, अदालतसमक्ष उपस्थित भई बहस/पैरवी गर्ने कार्य सम्पन्न भएको छ। विगत आर्थिक वर्षमा आयोगलाई विपक्षी बनाई अन्य अदालतमा (उच्च अदालत दिपायल र जिल्ला अदालत) दर्ता मुद्दा विचाराधीन अवस्थामा रहेको देखिन्छ। विगत आर्थिक वर्षमा आयोगविरुद्ध ७ वटा मुद्दाहरू दर्ता भएकोमा यस आर्थिक वर्षमा यो सङ्ख्या जम्मा २ रहेको छ। आयोगलाई विपक्षी बनाई दर्ता भई चालू अवस्थामा रहेका मुद्दाको सङ्ख्या हाल १५ रहेको छ।

### महत्त्वपूर्ण निर्णय प्रकाशन

विगत आर्थिक वर्षबाट सुरु भएको आयोगबाट भएका विभिन्न महत्त्वपूर्ण निर्णयहरू छनौट गरी प्रकाशन गर्ने कार्यले निरन्तरता पाएको छ। आयोगले गरेका महत्त्वपूर्ण निर्णयहरूलाई समेटी यस आवमा मानव अधिकार नजिरका रूपमा दोस्रो र तेस्रो अङ्क नेपाली भाषा र पहिलो अङ्क अनुवाद गरी अङ्ग्रेजी भाषामा समेत प्रकाशित गरिएको छ।

### आयोगका सिफारिस कार्यान्वयन

मानव अधिकार उल्लङ्घनको घटनामा मुद्दा दायर गर्नको लागि राष्ट्रिय मानव अधिकार आयोगबाट भएका सिफारिसहरूको कार्यान्वयन सन्दर्भमा मानव अधिकार उल्लङ्घनको विषयमा मुद्दा चलाउने सम्बन्धमा महान्यायाधिवक्ताको कार्यालयले तयार गरेको सरकारी मुद्दासम्बन्धी ऐन २०४९ को संशोधन प्रस्ताव सम्मानित सर्वोच्च अदालतको रिट नं. ०६८-WS–००६३ नि.नं. ९०२९ विपरीत देखिँदा उक्त प्रस्ताव अदालतको आदेशअनुकूल बनाई आयोगको सिफारिस बमोजिम महान्यायाधिवक्ताको कार्यालयले अनिवार्य रूपमा मुद्दा चलाउने व्यवस्था हुन भनी लिखित प्रतिक्रिया प्रस्तुत गरिएको छ। गत आवमा मानव अधिकार उल्लङ्घनको घटनामा मुद्दा दायर गर्नका लागि आयोगबाट भएका सिफारिसहरूको कार्यान्वयन सन्दर्भमा रहेका जटिलता, समाधानका विकल्प तथा सुझावसम्बन्धी कार्यदलले दिएको सुझावको आधारमा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ र सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ सम्बन्धमा पेस गरिएको संशोधन प्रस्ताव सरकारले व्यवस्थापिका संसद्समक्ष प्रस्तुत नगरेको अवस्था छ।

### बाह्य कार्यक्रमहरूमा सहभागिता

मानव अधिकार कानुनसँग सम्बन्धित विभन्न बाह्य कार्यक्रमहरूमा उपस्थित भई आयोगका तर्फबाट प्रतिनिधित्व गर्ने गरिएको छ। खाद्य अधिकार, विपद् व्यवस्थापन, अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा सुझाव दिइएको थियो। समावेशी आयोग गठनसम्बन्धी, थारू आयोगको गठनसम्बन्धी, कारागारसम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्न बनेको तथा प्रजनन स्वास्थ्यसम्बन्धी एवम् देवानी तथा फौजदारी संहितासम्बन्धी विधेयकका मस्यौदाहरूमाथि कार्यक्रममा उपस्थित भई आयोगका तर्फबाट सुझाव प्रस्तुत गरिएको छ। संविधानको कार्यान्वयन र जवाफदेहिता, सामाजिक न्यायको अधिकार, सङ्क्रमणकालीन न्याय र आयोगका सिफारिसहरूको कार्यान्वयन अवस्था, फैसला निगरानी सभा, अदालतमा प्रतिनिधित्व र प्रतिरक्षा एवमं न्यायका लागि भएका प्रयासहरू, कानुनी र संरचनागत सुधारका सम्भावनासम्बन्धी गरी १४ वटा कार्यक्रमहरूमा उपस्थित भई सुझाव उपलब्ध गराइएको थियो।

### अन्य

यस आवमा लोकसेवा आयोगबाट तयार भएको सङ्गठित संस्थाका कर्मचारीसँग सम्बन्धित सामान्य सिद्धान्तका व्यवस्थाहरू अनिवार्य रूपमा लागू गर्न यस आयोगमा समेत पत्राचार भएको थियो। सो सम्बन्धमा भएको सामान्य छलफल पछि लोकसेवा आयोगले तयार गरेको

उक्तसामान्य सिद्धान्त आयोगको हकमा कार्यान्वयन नहुने भनी पुनः लोकसेवा आयोगले नै अर्को पत्राचार यस आयोगमा गरेको थियो। जसले एकातर्फ मानव अधिकार आयोग स्थापनाको आधार पेरिस सिद्धान्त र संविधानको धारा २९३ को सन्दर्भमा सकारात्मक सन्देश प्रवाह गरेको छ भने अर्कोतर्फ यो आयोग आफ्ना कर्मचारी व्यवस्थापन गर्ने सन्दर्भमा स्वतन्त्र र स्वायत्त भएको सन्देश पनि प्रवाह गरेको छ।

**(घ) नीति, अनुसन्धान तथा योजना महाशाखा**

आयोगको रणनीतिक योजनामा समावेश गरिएका रणनीतिक लक्ष्यहरूमा प्रगति हासिल गर्न नीति अनुसन्धान तथा योजना महाशाखामार्फत आयोगले कार्यक्रमहरू गर्दै आएको छ। यस आवमा आयोगबाट सरकारी तथा परियोजना बजेटअन्तर्गतको योजना तर्जुमा गरी योजना/कार्यक्रम कार्यान्वयन अवस्थाको अनुगमन गरेको छ। यसमा चौमासिक तथा वार्षिक कार्ययोजना कार्यान्वयन स्थिति निर्दिष्ट गरिएको समयसीमा तथा स्वीकृत बजेटको परिधिभित्र रही सम्पन्न भए-नभएको साथै समग्र उपलब्धि र समस्याहरूका बारेमा केन्द्रीय/क्षेत्रीय/उपक्षेत्रीय कार्यालयसँग छलफल/अन्तरक्रियालगायतका कार्यक्रम सम्पन्न भएका थिए।

आयोगबाट आव २०७३/२०७४ मा वार्षिक रूपमा तय गरेका कार्यक्रमको प्रगति समीक्षाको साथै आव २०७४/२०७५ को वार्षिक कार्ययोजना तर्जुमाका सम्बन्धमा २०७४ साउन ८–९ मा अन्तरक्रियात्मक छलफल सम्पन्न गरेको थियो। कार्यक्रममा आयोगका माननीय अध्यक्ष तथा सदस्यहरूलगायत केन्द्रीय, क्षेत्रीय तथा उपक्षेत्रीय कार्यालयबाट सहभागिता रहेको थियो। आयोगको आव २०७३/२०७४ मा वार्षिक कार्य प्रगति ९२ प्रतिशत रहेको देखिन्छ।

आव २०७३/२०७४ को प्रथम चौमासिकको योजना कार्यान्वयन अवस्था सम्बन्धमा केन्द्रीय स्तरको चौमासिक कार्य प्रगति समीक्षा २०७३/९/४–६ सम्पन्न भयो। त्यसै गरी दोस्रो चौमासिकको प्रगति सम्बन्धमा क्षेत्रीय स्तरमा विराटनगर, नेपालगञ्ज र पोखरामा समीक्षा कार्यक्रम सम्पन्न भयो। समीक्षा कार्यक्रममा आयोगका माननीय सदस्य श्री प्रकाश वस्ती, सचिव श्री वेदप्रसाद भट्टराई तथा क्षेत्रीय र उपक्षेत्रीय कार्यालयका प्रमुख, मानव अधिकार अधिकृत, लेखा प्रमुख, प्रशासन प्रमुखसमेतको उपस्थिति रहेको थियो।

आयोगको नीति अनुसन्धान तथा योजना महाशाखाबाट आयोगको आव २०७३/२०७४ अन्तर्गत कार्यक्रम कार्यान्वयनका सम्बन्धमा गरिएको समीक्षा कार्यक्रम निम्नानुसार सम्पन्न भएको थियो:

| क्र.स. | समीक्षा स्थान | मिति | कैफियत |
|---|---|---|---|
| १ | धुलिखेल, काभ्रेपलान्चोक | २०७३/३/१४–१५ | आव २०७२/२०७३ को वार्षिक प्रगति समीक्षा र आव २०७३/२०७४ को कार्यक्रम तर्जुमा : केन्द्र, क्षेत्र र उपक्षेत्रको प्रतिनिधित्व रहेको |
| २ | धुलिखेल, काभ्रेपलान्चोक | २०७४/४/८–९ | आव २०७३/२०७४ को वार्षिक प्रगति समीक्षा र आव २०७४/२०७५ को कार्यक्रम तर्जुमा : केन्द्र, क्षेत्र र उपक्षेत्रको प्रतिनिधित्व रहेको |
| ३ | धुलिखेल, काभ्रेपलान्चोक | २०७३/९/४–६ | प्रथम चौमासिक प्रगति समीक्षा : केन्द्र, क्षेत्र र उपक्षेत्रको प्रतिनिधित्व रहेको |
| ४ | विराटनगर, मोरङ | २०७३/१२/५–६ | दोस्रो चौमासिक प्रगति समीक्षा : क्षेत्रीय कार्यालयहरू विराटनगर, जनकपुर र उपक्षेत्रीय कार्यालय खोटाङको प्रतिनिधित्व |
| ५ | नेपालगञ्ज, बाँके | २०७३/१२/१६–१७ | दोस्रो चौमासिक प्रगति समीक्षा : क्षेत्रीय कार्यालयहरू नेपालगञ्ज र धनगढी साथै उपक्षेत्रीय कार्यालयहरू बुटवल र जुम्ला कार्यालयको प्रतिनिधित्व |
| ६ | पोखरा, कास्की | २०७३/१२/२६–२७ | दोस्रो चौमासिक प्रगति समीक्षा : पोखरा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालयको प्रतिनिधित्व |

आयोगको नीति अनुसन्धान तथा योजना महाशाखाबाट आयोगको आव २०७३/२०७४ अन्तर्गत वार्षिक कार्यक्रम कार्यान्वयन अवस्था अनुगमन मूल्याङ्कनको विवरण निम्नानुसार रहेको छ :

| क्र.स. | अनुगमन भ्रमण स्थान | मिति | कैफियत |
|---|---|---|---|
| १ | क्षेत्रीय कार्यालय, धनगढी | २०७३/१०/५–८ | |
| २ | क्षेत्रीय कार्यालय, नेपालगञ्ज | २०७३/१०/३–५ | |
| ३ | क्षेत्रीय कार्यालय, पोखरा | २०७३/१०/१९–२१ | |
| ४ | क्षेत्रीय कार्यालय, जनकपुर | २०७४/२/१९–२० | |
| ५ | क्षेत्रीय कार्यालय, विराटनगर | २०७३/५/२६ – ३१ | |

| | | | |
|---|---|---|---|
| ६ | उपक्षेत्रीय कार्यालय, खोटाङ | २०७३/१०/१९–२१ | |
| ७ | उपक्षेत्रीय कार्यालय, बुटवल | २०७३/११/७–१० | |
| ८ | उपक्षेत्रीय कार्यालय, जुम्ला | २०७३/१२/२०–२४ | |

यसका अतिरिक्त यस महाशाखामार्फत राष्ट्रिय योजना आयोगको सचिवालय, अर्थ मन्त्रालयलगायत अन्य सम्बन्धित निकायमा आयोगको नीति तथा कार्यक्रम, वार्षिक कार्ययोजना कार्यान्वयन अवस्था तथा प्रगति विवरणका सम्बन्धमा निरन्तर पत्राचार हुँदै आएको छ।

### (ङ) अन्तर्राष्ट्रिय सन्धि अनुगमन महाशाखा

यस आवमा आयोगले यस महाशाखामार्फत निम्नानुसार कार्य सम्पन्न गरेको छः

### मानव अधिकार राष्ट्रिय कार्ययोजनाको अनुगमन/ प्रतिवेदन प्रकाशन

मानव अधिकार राष्ट्रिय कार्ययोजनाको स्वतन्त्र अनुगमनको जिम्मेवारी रामअआलाई छ। सोही आधारमा आयोगले ५७ भन्दा बढी जिल्लामा विषयवस्तुमा केन्द्रित रही अनुगमन गरेको छ। अनुगमनबाट मानव अधिकार अवस्थामा विगतको तुलनामा केही सुधारात्मक संङ्केत देखिएको पाइएको छ। साक्षरता दरमा वृद्धि, नागरिकका अधिकारहरू र आफ्नो दायित्वप्रति सरकारी निकायहरू सजगतामा वृद्धि हुँदै गएको छ। मानव अधिकार शिक्षा, वातावरण र विकासमा सचेतना वृद्धि, घरेलु तथा महिला हिंसाका घटनाहरूको उजागर र त्यसप्रकारका घटना सम्बन्धमा सरकारी निकायहरूको सजगता बढेको स्थिति छ। द्वन्द्व-पीडितहरूले सरकारबाट केही मात्रामा भए पनि अन्तरिम राहत प्राप्ति एवम् संस्थागत सुधारका कामहरूले गति लिँदै गएको देखिएको छ। यी सकारात्मक प्रयासका बाबजुद पनि नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको उपभोगमा उल्लेखनीय सुधार आउन सकेको देखिदैन। यी र यस्तै प्राप्त तथ्यको आधारमा आयोगले मानव अधिकार राष्ट्रिय कार्ययोजना प्रतिवेदनसमेत प्रकाशनमा ल्याएको छ।

### अनुगमन

जातीय विभेद तथा छुवाछुत सम्बन्धमा पनि यस महाशाखामार्फत आयोगले अनुगमन गरेको छ। यस क्रममा दोलखा, सिन्धुली, सिन्धुपाल्चोक, सल्यान, रुकुम, बारा र सिरहालगायतका जिल्लाहरूमा जातीय विभेद एवम् छुवाछुतको अवस्थाबारेमा अनुगमन गरेको थियो। बोक्सीको आरोपमा कुटपिट गरी मलमूत्र खुवाई लक्ष्मी परियारको मृत्यु भएको भनिएको घटनासम्बन्धमा अनुगमन भएको छ। उपत्यकाभित्रका ११ स्थानका इँटा भट्टाहरूमा बाल श्रमिकको प्रयोग भए-

नभएको, काठमाडौँभित्रका केही विद्यालयहरूमा बालबालिकामाथि हुने शारीरिक दण्ड-सजाय सम्बन्धमा तथा  रामेछाप र काभ्रेमा मातृभाषा शिक्षाको अवस्थाबारेमा अनुगमन गरिएको थियो। त्यसै गरी आयोगले आकस्मिक अनुगमन पनि गर्दै आएको छ। यस अवधिमा जम्मा ५० वटा आकस्मिक अनुगमन भएको देखिन्छ। त्रिवि शिक्षण अस्पतालका प्रा.डा. गोविन्द केसीले चिकित्सा क्षेत्रको सुधारको विषयमा विभिन्न मागहरू राखी विभिन्न समयमा गरेको अनशन, निजको मागको समर्थनमा आयोजित धर्ना, भेला तथा ऱ्याली रहेका छन्। त्यसै गरी नेकपा माओवादी (विप्लप समूह)ले आह्वान गरेको उपत्यका तथा नेपाल बन्द, हिरासत, विभिन्न समूहबाट गरिएका विरोधका कार्यक्रमहरूमा अनुगमन भएको छ।

### कार्यक्रमहरू

आयोगले यस अवधिमा विभिन्न तालिम/छलफल कार्यक्रम सम्पन्न गरेको छ। मानव अधिकार उल्लङ्घनमा राष्ट्रिय जाँचबुझ तालिम, मानव अधिकारसम्बन्धी आधारभूत तालिम र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन र नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी विषयक मध्यम (Intermediate) र माानसिक तनाव व्यवस्थापनतालिमको आयोजना गरिएको थियो। यातना तथा निर्मम, अमानवीय वा अपमानजनक व्यवहार (नियन्त्रण) विधेयक २०७१, यातनासम्बन्धी प्रतिवेदन तयारी, सबै किसिमका जातीय विभेद उन्मुलनसम्बन्धी महासन्धिको रुजुसूची तयार, सो विषयमा विश्वव्यापी आवधिक समीक्षाको सिफारिसहरूको कार्यान्वयन अवस्था विषयमा छलफल भएको थियो। त्यसै गरी समुदायको सिकाइ तथा अनुभव आदान-प्रदान, विश्वव्यापी आवधिक समीक्षाका सिफारिसहरूको कार्यान्वयन अनुगमन कार्ययोजना मध्यावधि समीक्षा, जातीय विभेद तथा छुवाछुतसम्बन्धी नेपाललाई प्राप्त विश्वव्यापी आवधिक समीक्षाको सिफारिसहरूको कार्यान्वयन अवस्था, सडक विस्तार ट्राफिक व्यवस्थापन तथा पैदल यात्रीहरूको अधिकारलगायतका विषयमा सरोकारवालाहरूसँग छलफल गरेको थियो।

### अन्तर्राष्ट्रिय महासन्धिसम्बन्धी

सरकारले संयुक्त राष्टसङ्घीय यातनाविरुद्धको समितिमा नेपाल सरकारको तर्फबाट पेस गर्नभनी तयार गरेको प्रतिवेदनउपर यस महाशाखाले  २०७३/७/३ मा गृह मन्त्रालयलाई आफ्नो राय/सुझाव पठाएको छ। आयोगको सुझावमा बिनापुर्जी पक्राउ गर्ने, गैरकानुनी थुनामा राख्ने, गैरकानुनी हत्या, बेपत्ता, यातना र थुनामा रहेको अवस्थामा भएका मृत्युजस्ता घटनाहरूमा आयोगले गरेका सिफारिसहरूको कार्यान्वयन समावेश गर्न भनिएको छ। दोषीहरूमाथि गरिएको कारवाहीको तथ्याङ्कगत विवरण, कारागार तथा थुनुवा केन्द्रहरूको सुधार, बालबालिकाहरूलाई सुधार गृहमा राख्ने व्यवस्था, कैदीबन्दीहरूको मानव अधिकारको

प्रत्याभूतिको लागि गठित आयोग तथा समितिहरू र गैरसरकारी संस्थाहरूले दिएका प्रतिवेदनहरूको कार्यान्वयनको अवस्थासम्बन्धी विवरण समावेश गर्न भनिएको छ । यसअलवा व्यक्ति बेपत्ता पार्ने (कसुर र सजाय) सम्बन्धी विधेयक, राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को संशोधन विधेयकको सम्बन्धमा समेत उल्लेख गर्न आग्रह गएिको छ ।

**अन्य**

नेपाल सरकारले पठाउनुपर्ने यातनाविरुद्धको महासन्धि र महिलाविरुद्ध हुने सबै प्रकारका विभेदविरुद्धको महासन्धिमाथि सुझाव प्रस्तुत गरेको थियो । निर्वाचन आयोगसँग भएको समझदारीअनुरूप मानव अधिकारको दृष्टिकोणबाट स्थानीय निर्वाचन एवम् शिक्षा, स्वास्थ्य, खाद्य अभाव, बाढीपहिरोबाट प्रभावित पीडितहरूको अवस्थाबारेमा अनुगमन गरेको थियो । अनुगमनबाट प्राप्त तथ्यका आधारमा राहत र क्षतिपूर्तिलगायत अल्पकालीनन तथा दीर्घकालीन व्यवस्थापनका लागि नेपाल सरकारलाई सिफारिससहित पत्राचार गरेको थियो ।

### (च) लैङ्गिक तथा सामाजिक समावेशी महाशाखा

आयोगले लैङ्गिक तथा सामाजिक समावेशीकरणसम्बन्धी मुद्दालाई प्राथमिकतामा राखी कार्य गर्दै आएको छ । यस आवमा आयोगबाट विशेषतः लैङ्गिक उजुरीमाथि अनुगमन, अनुसन्धान साथै संवर्द्धनसम्बन्धी कार्यहरू सम्पन्न भएका छन् ।

निजी विद्यालयमा अध्यापनमा संलग्न शिक्षिकाहरूले सुत्केरी हुँदाका बखत बिदा नपाउने र विद्यालय छोड्न बाध्य हुनुपर्ने विषयमा आयोगमा उजुरी परेको थियो । सोही आधारमा आयोगको केन्द्रीय, क्षेत्रीय र उपक्षेत्रीय गरी ९ वटा कार्यालबाट जिल्ला छनोट गरी अनुगमन गरिएको थियो । अनुगमनबाट प्राप्त तथ्यका आधारमा मानव अधिकार उल्लङ्घनको विषय मानी कार्यान्वयको निम्ति सरोकारवालाहरूसँग केन्द्रीय स्तरमा अन्तर्क्रिया सम्पन्न भएको थियो । कार्यक्रममा प्याप्सन तथा एनप्याप्सनका केन्द्रीय प्रतिनिधिहरू, निजी विद्यालयका शिक्षक सङ्गठनका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । त्यसै गरी महिला विकास कार्यलय, राष्ट्रिय महिला आयोग, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, जनस्वास्थ्य कार्यालयका प्रतिनिधिहरू उपस्थिति थियो । अन्तर्क्रियाबाट प्राप्त सुझावसमेतलाई मध्यनजर राखी सुत्केरी बिदा पाउने वातावरण निर्माणको लागि सरोकारवाला निकायहरूलाई निर्देशन दिएको थियो ।

यस आवमा काभ्रेपलाञ्चोक र ओखलढुङ्गामा दलित महिलाको मानव अधिकार विषयक दुई वटा अन्तर्क्रिया सम्पन्न हुनुको साथै अनुगमनसमेत गरिएको छ । त्यसै गरी रसुवामा विवाहमा पोङ खाने प्रचलनले तामाङ समुदायका महिलामा परेको असर सम्बन्धमा अनुगमन तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । इन्डोनेसियाली एक युवतीलाई नेपाली युवकले

विवाह गरी दुःख दिएको घटनासम्बन्धमा अनुगमन गरेको छ । त्यसै गरी स्थानीय निर्वाचन लैङ्गिकमैत्री भए-नभएको सम्बन्धमा अनुगमन भएको छ ।

महिलाको आत्महत्यामा दिनानुदिन वृद्धि भएको भनी विभिन्न सञ्चारमाध्यममा प्रकाशित र प्रसारित समाचार सम्प्रेषणका आधारमा डेस्क पुनरावलोकन गरी सूचना एवम् तथ्यहरू सङ्कलन गरिएको छ । महिला हिंसा सम्बन्धमा वीवीएस नेपाल, जस्टिस फर अल, सीएमसी. नेपाल र बाल विवाह अन्त्यको लागि राष्ट्रिय जाचँबुझ गर्ने सम्बन्धमा आयोग र यूएनएफपीएबीच छलफल भएको छ । आयोगको संयोजकत्वमा चौखटका प्रतिनिधिहरूको सहभागितामा लैङ्गिकता र राष्ट्रिय मानव अधिकार आयोग विषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ । जसमा कोलम्बिया विश्वविद्यालयका १५ जना विद्यार्थीहरूको सहभागिता रहेको थियो ।

जबरजस्ती करणीलाई गम्भीर प्रकृतिको अपराध मानिन्छ । जबरजस्ती करणीका घटनाहरूमा अदालतबाट फैसला भएपनि पीडितले न्याय नपाएको अवस्था विद्यमान छ । राज्यलाई आफ्नो दायित्व बोध स्मरण गराउन र पीडितमैत्री वातावरण निर्माणको लागि आयोगले सार्वजनिक जाचँबुझ कार्यक्रम सम्पन्न गरेको थियो । कार्यक्रममा न्यायधीश, प्रजिअ, सरकारी वकिल, नेपाल प्रहरीका प्रतिनिधि, महिला विकास अधिकृत, समाजसेवी तथा पीडितहरूको सहभागिता रहेको थियो । यस कार्यक्रमअन्तर्गत पीडितसँग अन्तरवार्ता, ५ अन्तर्क्रिया, ५ अनुगमन र १५ वटा बैठक र एउटा सार्वजनिक सुनुवाइ सम्पन्न भएको थियो । जसको आधारमा निम्न सुझावहरू तय गरिएका थिए:

क) आर्थिक अवस्था नै न्याय प्राप्तिमा मुख्य बाधक देखिएकोले महिलाहरूलाई न्यायिक उपचारमा लाग्ने सम्पूर्ण खर्चहरू उपलब्ध गराउने व्यवस्था गरिनुपर्ने,

ख) पीडितले प्राप्त गर्ने क्षतिपूर्तिको रकम राज्यकोषबाट उपलब्ध गराई राज्यले पीडकबाट सरकारी बाँकीसरह असुलउपर गर्नुपर्ने,

ग) कानुनी सचेतना कार्यक्रम निरन्तर रुपमा सञ्चालन गर्नुपर्ने,

घ) नियमित सुनवाइ जिल्ला अदालतमा मात्र नभएर उच्च अदालतसम्म पनि लागू हुने गरी नियम संशोधन गरिनुपर्ने,

ङ) अदालत, सरकारी वकिलको कार्यलय र नेपाल प्रहरीमा महिला जनशक्ति कम भएकोले महिला जनशक्तिमा वृद्धि गरिनुपर्ने र

च) सेवा प्रदायक निकायहरूमा महिलामैत्री व्यवहार र वातारण निर्माण गर्नुपर्ने,

(छ) त्यस्ता घटनामा पीडितले नागरिकतामा बाबुको नाम उल्लेख गर्न नचाहेमा अन्य उपायका लागि नेपाल सरकारलाई लेखी पठाउने,

(ज) जबरजस्ती घटना अनुसन्धानपश्चात् मद्दा चल्ने पीडितले तत्काल शारीरिक, मानसिक तथा बसोबासको निम्ति पर्याप्त राहत कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारलाई लेखी पठाउने,

(झ) न्यायिक प्रणालीलाई पूर्वाधारयुक्त लैङ्गिकमैत्री वातावरण बनाउन नेपाल सरकारलाई लेखी पठाउने,

(ञ) पीडित महिलाको घटना पुनस्थापना गर्नको लागि पुनर्स्थापना गृहमा ४५ दिनमात्र राख्न सकिने व्यवस्था रहेकोले पीडितको पुनःएकीकरण नहुँदासम्म पुर्नस्थापना गृहमा राखिने व्यवस्था मिलाउन नेपाल सरकारलाई लेखी पठाउने,

(ट) अदालतबाट मुद्दा फैसलापश्चात् पीडितले प्रयाप्त क्षतिपूर्ति पाउने व्यवस्थाका लागि स्पष्ट कानुनी व्यवस्थागर्न र क्षतिपूर्ति विशेष कोषको व्यवस्था र उक्त कोष जिल्ला अदालतमा रहने व्यवस्था मिलाउन नेपाल सरकारलाई लेखी पठाउनुपर्ने,

(ठ) उजुरी गर्ने तथा साक्षीको संरक्षणको सुनिश्चितता गर्न कानुन निर्माणको लागि तत्काल लेखी पठाउनुपर्ने,

(ड) न्यायिक प्रक्रियाको क्रममा अदालतमा मुद्दा दायर भैसकेपछि अनुसन्धान निकाय (प्रहरी) बाहिरिने र अभियोजन निकाय (सरकारी वकिल) को मात्र उपस्थितिले मुद्दाको प्रभावकारितामा असर पर्ने हुनाले यस प्रकारका घटनामा दुवै निकायको समान सहभागिता हुने वातावरण तथा कानुन निर्माण गर्न नेपाल सरकारलाई लेखी पठाउनुपर्ने,

(ढ) जक घटनामा पीडितको चरित्रसँग जोडेर हेरिने र सामाजिक दबाबका बाबजुद् पनि केही महिलाले उजुरी दिएमा सामाजिक वहिस्काण, सम्पत्ति कब्जा, मानसिक अवस्थामा सुधारको लागि विशेष कार्यक्रम ल्याउन नेपाल सरकारलाई सिफारिस गर्नुपर्ने,

(ण) जक घटनाका पीडितलाई उद्धार तथा संरक्षण गर्दा महिला मानव अधिकारकर्मीले समेत विभिन्न धम्की, दुर्व्यवहार भोग्नुपरेको देखिएकोले मानव अधिकार रक्षकको सुरक्षाको लागि कानुन बनाउन नेपाल सरकारलाई लेखी पठाउनुपर्ने र

(त) यस प्रकृतिका अपराधलाई राजनीतिकरण गरी अपराधीलाई संरक्षण नदिन राजनैतिक दलहरूलाई भूमिकानिर्वाह गर्न आग्रह गर्नुपर्ने ।

यी सुझावहरूलाई मध्यनजर राखी नेपाल सरकारलगायत सरोकारवालाहरूबाट आआफ्नो भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ ।

### (छ) सामूहिक अधिकार महाशाखा

आयोगले सामूहिक अधिकार महाशाखामार्फत सामूहिक अधिकारको क्षेत्रमा कार्य गर्दै आएको छ । यस आवमा यस महाशाखाबाट अनुगमन, छलफल एवम् अन्तरक्रियालगायतका कार्यहरू सम्पन्न भएका छन् ।

यो आवमा आयोगले विशेषतः आदिवासी, जनजाति र ज्येष्ठ नागरिकको अधिकारमा केन्द्रित रही आफ्ना गतिविधि सम्पन्न गरेको छ । यसै सन्दर्भमा २२ औं विश्व आदिवासी दिवसको अवसरमा २०७३ असार २४ गते आइएलओ महासन्धि १६९ कार्यान्वयनका लागि तयार पारिएको कार्ययोजनाको मस्यौदाउपर छलफल कार्यक्रम आयोजना गरियो । कार्यक्रममा नेपाल सरकारका सम्बन्धित निकाय, आदिवासी जनजाति महासङ्घ, आदिवासी जनजातिको क्षेत्रमा कार्यरत सङ्घसंस्थाका प्रतिनिधि एवम् विज्ञहरूको सहभागिता थियो । कार्यक्रममा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण महाशाखा प्रमुखले मन्त्रालय, लाहुरनीप र आयोगको तर्फबाट कार्यपत्र प्रस्तुत भएको थियो ।

यस वर्ष लोपोन्मुख आदिवासी जनजाति हायू र सुरेल समुदायको मानव अधिकार अनुगमन सम्पन्न भयो । रामेछाप र सिन्धुली जिल्लामा अवस्थित यी समुदायको बसोवास रहेको स्थानमा पुगी मानव अधिकार अवस्था सम्बन्धमा २०७३ माघ ३ देखि १० सम्म अनुगमन गरिएको थियो । अनुगमनको क्रममा सम्बन्धित सरोकारवालासँग अन्तरक्रिया गरी उनीहरूको अवस्थाबारे तथ्य/सूचना सङ्कलन गरिएको थियो । कार्यक्रममा हायू जाति उत्थान समाजका केन्द्रीय अध्यक्ष, महासचिवलगायतका पदाधिकारीहरू, सो समुदायका अगुवा, ज्येष्ठ नागरिक, जिप्रका, जिविस, जिशिका, मबाका प्रमुख/प्रतिनिधि, विद्यालयका शिक्षक एवम् मानव अधिकारकर्मीहरूको सहभागिता रहेको थियो ।

- आदिवासी जनजाति समुदायको मानव अधिकार अनुगमन र ज्येष्ठ नागरिकको अधिकार अनुगमन गर्नका लागि रुजुसूची तयार
- रामेछाप र सिन्धुली जिल्लामा लोपोन्मुख आदिवासी हायू समुदायको मानव अधिकारको अवस्था अनुगमन
- हायू समुदायका ज्येष्ठ नागरिक, महिला, तथा जानकारहरूसँग अन्तरक्रिया
- सुरेल जातिको मानव अधिकारको अवस्था अनुगमन/अन्तरक्रिया
- आइएलओ महासन्धि १६९ कार्यान्वयनका लागि तयार पारिएको कार्ययोजनाको मस्यौदाउपर छलफल
- ज्येष्ठ नागरिकको मानव अधिकार अनुगमन/अन्तरक्रिया

त्यसै गरी लोपोन्मुख आदिवासी जनजाति सुरेल जाति (दोलखा जिल्लाको सुरी गाविसमा मात्रै बसोवासरत) को मानव अधिकारको अवस्थाबारेमा अनुगमन गरेको थियो। अनुगमनको क्रममा अन्तरक्रियासमेत गरिएको थियो। कार्यक्रममा सुरेल जाति उत्थान समाजका केन्द्रीय अध्यक्ष, महासचिवलगायतका पदाधिकारीहरू, सो समुदायका अगुवा, ज्येष्ठ नागरिक, जिप्रका, जिविस, जिशिका, मबाका, गाविस, हुराडेकका प्रमुख/प्रतिनिधि, विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरू एवम् मानव अधिकारकर्मीहरूको सहभागिता रहेको थियो। यसै आवमा आयोगका सदस्यको नेतृत्वको अनुगमन टोलीबाट बाँके जिल्लाका आदिवासी थारू समुदायको मानव अधिकार अवस्था अनुगमन गर्नुका साथै सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रमसमेत सम्पन्न भएको थियो।

अनुगमनबाट प्राप्त तथ्यका आधारमा केन्द्रीय तथ्याङ्क विभागसँग सुरेल समुदायलाई राष्ट्रिय जनगणनामा नसमेटिनुको कारणका सम्बन्धमा जानकारी माग गरिएको थियो। यसको साथै भाषा, संस्कृति संरक्षणका लागि भएका नीति तथा कार्यक्रमको सम्बन्धमा जानकारी गराउनका लागि संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयमा पत्राचार गरिएको थियो।

ज्येष्ठ नागरिकको अधिकारका विविध पक्षको अनुगमन गर्न सहज र व्यवस्थित बनाउन आयोगले सम्बन्धित क्षेत्रका विज्ञहरूको सल्लाह र सुझावमा अनुगमन रुजुसूची तयार गरेको छ। सोही आधारमा आयोगका कार्यालयहरूबाट अनुगमन भएको छ। ज्येष्ठ नागरिकको मानव अधिकारको अवस्था सम्बन्धमा अनुगमन गरिएका जिल्लाहरूमा नुवाकोट, धादिङ र रसुवा रहेका छन्। ३ चरणमा सम्पन्न अनुगमन २०७४ वैशाख १४ देखि २१ सम्म रसुवा, २०७४ जेठ १८ देखि २५ सम्म नुवाकोट र २०७४ जेठ २१ देखि २८ सम्म धादिङ जिल्ला रहेका छन्। अनुगमनको क्रममा वृद्धाश्रम र दिवा सेवा केन्द्रका ज्येष्ठ नागरिकहरूसँग भेटघाट, छलफलको साथै विषयमा केन्द्रित रही सरोकारवालाहरूसँग अन्तरक्रियासमेत सम्पन्न भएको थियो। कार्यक्रममा जिप्रका, जिल्ला प्रहरी कार्यालय, जिसस, मविका, जिजका, जिल्ला अस्पताल, जिल्ला कारागार, नपा, गापा, इपका, ज्येष्ठ दिवा सेवा केन्द, मानव अधिकारको क्षेत्रमा कार्यरत सङ्घसंस्थाका प्रमुख/प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।

### (ज) सूचना तथा सञ्चार शाखा

यस आवमासूचनाको हक सम्बन्धमा विभिन्न कार्यहरू सम्पन्न भएका छन्। सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम प्रकाशित गर्नुपर्ने त्रैमासिक कार्यसम्पादन विवरण (प्रमुख क्रियाकलापहरू) आयोगले आर्थिक वर्ष २०७३/२०७४ मा नियमित रूपमा प्रकाशित गरेको छ। प्रकाशित

विवरणमा आयोगको स्वरूप र प्रकृति; आयोगको दूरदृष्टि, आयोगको ध्येय; आयोगको लक्ष्य; आयोगको मूल्य मान्यता; आयोगकोरणनीतिक उद्देश्य; आयोगको पाचौँ रणनीतिक योजना (२०१५-२०) का प्राथमिकताहरू रहेका छन् । त्यसै गरी आयोगको काम, कर्तव्य र अधिकार; आयोगमा रहने कर्मचारी सङ्ख्या समावेश छ । दरबन्दी विवरण र कार्य विवरण; आयोगको साङ्गठनिक संरचना; आयोगका विभागहरू र विभागले गर्ने कामहरू; आयोगबाट प्रदान गरिने सेवा; आयोगका विभाग, महाशाखा, शाखा, एकाइ र प्रमुख जिम्मेवार अधिकारीको बारेमा खुलाइएको छ । यसको साथ सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि; निर्णय गर्ने प्रक्रिया र अधिकारी तथा निर्णयउपर उजुरी सुन्ने अधिकारीको बारेमा उल्लेख छ ।

त्यस्तै ती त्रैमासिक विवरणमा आयोगले हरेक त्रैमासिक अवधिमा सम्पादन गरेका प्रमुख कामको विवरण, सूचना अधिकारी र कार्यालय संस्था प्रमुखको नाम र पद, आयोग सम्बद्ध सम्बन्धित ऐन, नियम, विनियम वा निर्देशिकाको सूची, यस अवधिको आयोगको आम्दानी, खर्च तथा आर्थिक कारोवारसम्बन्धी अद्यावधिक विवरण पनि उल्लेख गरिएको छ । आयोगको केन्द्रीय कार्यालयबाट प्रकाशित उक्त त्रैमासिक प्रतिवेदनहरू आयोगको वेभसाइट www.nhrcnepal.org मा पनि हेर्न सकिन्छ । प्रकाशित सूचना आयोगले सूचना पाटीमा टाँस्नुका साथै नियमित रूपमा राष्ट्रिय सूचना आयोगमा समेत पठाइएको छ । यसै गरी सूचनाको हक सम्बन्धमा आयोगकाले गरेका क्रियाकलापहरू आयोगबाट प्रकाशित हुने मानव अधिकारपत्रमा समेत नियमित रूपमा प्रकाशित गर्ने गरिएको छ । आयोगका सबै क्षेत्रीय कार्यालयहरूले समेत आआफ्नो कार्यालयको त्रैमासिक प्रकाशन गरेका छन् । राष्ट्रिय मानव अधिकार आयोगले सूचनाको माग गरी आयोगमा निवेदन दिएकाहरूलाई आयोगका सबै कार्यालयहरूबाट सूचना उपलब्ध गराएको छ। यस्तै सूचना आयोगद्वारा विभिन्न समयमा आयोजना गरिएका कार्यक्रमहरूमा आयोगका सूचना अधिकारीको सहभागिता रहँदै आएको छ ।

विभिन्न निकायहरूले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २७ बमोजिम गठित सूचना वर्गीकरण समितिसमक्ष पठाउनुपर्ने सूचनाको विवरणसम्बन्धी ढाँचा तयार गरी राष्ट्रिय मानव अधिकार आयोगले प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालयमा रहेको सूचना वर्गीकरण समितिमा पठाएको छ । आयोगले आयोगले आफ्ना सबै केन्द्रीय, क्षेत्रीय तथा उपक्षेत्रीय कार्यालयहरूमा सूचना अधिकारी तोकेको छ । यस आवमा आयोगमा माग गरिएका २ वटा निवेदनमाथि आवश्यक प्रक्रिया पुऱ्याई सूचना उपलब्ध गराएको थियो ।

### (झ) बाल अधिकार डेस्क

बाल अधिकार यस डेस्कमार्फत आयोगले बाल अधिकारका मुद्दालाई विशेष प्राथमिकतामा राखी संरक्षण एवम् संवर्द्धनार्थ कार्य गर्दै आएको छ । बाल अधिकार उल्लङ्घनका उजुरी

ग्रहण, उजुरीउपर अनुगमन र अनुसन्धान तथा प्रवर्द्धनमूलक कार्यहरू हुँदै आएका छन् । अनुगमन, अनुसन्धान र प्रवर्द्धनात्मक कार्यबाट प्राप्त तथ्यको आधारमा बाल संरक्षण, बाल विकास, बाल सहभागिता र बाल बचाउलगायतका विषयमा नेपाल सरकार एवम् सम्बन्धित निकायलाई कार्यान्वयनका लागि सिफारिस गर्दै आएको छ । यस आवमा पनि आयोगबाट बाल अधिकारको क्षेत्रमा सम्पादित प्रमुख गतिविधिहरू निम्नानुसार रहेका छन् :

आफ्ना मागहरू पूरा गराउन बन्द, हडतालजस्ता गतिविधिको सहारा लिने परिपाटी सामान्य बन्दै गइरहेको छ । त्यसमा पनि विद्यालय लक्षित बन्दबाट त्यसको प्रत्यक्ष नकरात्मक असर विद्यालय र अध्यनरत विद्यार्थीहरूमा पर्न जान्छ । यस आवमा पनि उपत्याकालगायत मुलुकका विभिन्न स्थानमा विद्यालयहरू बन्द गराइएको थियो । सहजतापूर्वक पठनपाठनको वातावरण मिलाउन बन्द विद्यालय खुलाउन आयोगले पहल गरेको थियो ।

यस आवमा आयोगबाट विद्यालयमा छात्रामाथि भएको भनिएको यौनदुराचारमा प्रहरीबाट कानुनी कारबाही अगाडि नबढाइएको, र्‍यालीमा सहभागी छात्राको मृत्यु भएको भनिएको घटनामा अनुसन्धान गरिएको छ । त्यसै गरी प्रअबाट विद्यार्थीलाई दिइएको दण्डसजायका उजुरीमाथि अनुसन्धान सम्पन्न भएको अवस्था छ ।

यस आवमा आयोगमा बाल अधिकार हनन भएको भनी जम्मा १४ वटा उजुरी दर्ता हुन आएका छन् । उजुरीका प्रमुख विषयमा विद्यालयमा शारीरिक सजाय, शिक्षाको अधिकारबाट वञ्चित, विद्यालय/इँटाभट्टामा मृत्यु आदि रहेका छन् । आयोगले बाल अधिकारका विषयमा परेका र स्वविवेकमा ग्रहण गरिएका उजुरीहरूमध्ये यस आवमा १९ वटामा निर्णय गरेको देखिन्छ । जसमा सचेतनामूलक कार्यक्रम समेत सञ्चालन गर्न-गराउन नीतिगत सिफारिस रहेको छ । त्यसै गरी खारेजी ११, तामेली ५, पुनः आयोगमा पेस १ र क्षतिपूर्ति, स्वास्थ्य उपचार, मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउन १ रहेका छन् ।

**(त्र) मानव बेचविखनविरुद्ध विशेष समाधीक्षकको कार्यालय**

मानव बेचबिखन नियन्त्रण गर्नका लागि अन्तर्राष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय तहमा कार्यरत संस्थाहरूबीच समन्वय, महिला र बालबालिकाको मानव अधिकारको अवस्थामा सुधार ल्याउनका लागि यस कार्यालयमार्फत आयोगले कार्य गर्दै आएको छ । विशेषतः बहस, पैरवी, दबाबमूलक कार्याक्रम, कार्याशाला गोष्ठी, तालिम, अनुसन्धान र अनुगमनको माध्यमबाट कार्यहरू हुँदै आएका छन् ।

यस आवमा आयोगले सामाजिक सञ्जालमा आएको सूचनाको आधारमा मानव बेचबिखनबाट पीडित महिलालाई सिरियाबाट स्वदेश फिर्तीका लागि पहल गरेको थियो । आयोगले नेपाल सरकारको कन्सुलर सेवा विभाग त्रिपुरेश्वरसँग समन्वय गरी सम्बन्धित

नेपाली दूतावासबाट स्वदेश फिर्तीको व्यवस्था मिलाइएको थियो। आयोगको क्षेका धनगढीबाट १ जना महिला २ वर्षीय बालकसहित दिल्लीबाट हराएको भन्ने सूचनाको सम्बन्धमा सम्बन्धित जिल्ला प्रहरी कार्यालय र महिलाका आफन्तहरूसँग समन्वय गरी सकुशल स्वदेश फिर्ती गराउन सफल भएको थियो। त्यसै गरी श्रीलङ्कामा ९० जना अलपत्र भएको भनी सञ्चारमाध्यममा आएको समाचारलाई अध्ययन गरी स्वदेश फिर्तीका लागि सरोकारवाला निकायहरूसँग समन्वय गरी कार्य अगाडि बढाएको थियो।

बेलायतमा भूकम्प पीडित बालबालिकाहरूको बिक्री भन्ने विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्चारमाध्यममा आएको समाचारको सम्बन्धमा डेस्क अनुगमन कार्य हाल पनि जारी छ। यसको साथै बाँके, बर्दिया, कैलाली, कञ्चनपुर, रूपन्देही, नवलपरासी, कपिलवस्तु जिल्लाहरूमा मानव बेचबिखनविरुद्धको अधिकारका सम्बन्धमा अनुगमन सम्पन्न भएको छ।

सन् २००५ देखि प्रकाशित मानव बेचबिखनविरुद्धको राष्ट्रिय प्रतिवेदनले यसपटक पनि निरन्तरता पाएको छ। सन् २०१५/१६ मा प्रकाशित प्रतिवेदनमा विशेष गरी आव २०७२/२०७३ मा भएका घटनाहरूलाई तथ्याङ्कमा समावेश गरिएको छ। जसअनुसार, नेपाल प्रहरीमा नेपाल प्रहरीमा मानव बेचबिखनसम्बन्धी जम्मा २१२ वटा उजुरी दर्ता भएको र जसमा ३५२ जना पीडित रहेको देखिन्छ। मुद्दाहरूमा १० जनामा ४ जना बालबालिका, ९५ प्रतिशत महिला पीडत र ४ जनामा ३ जना कुनै औपचारिक शिक्षा प्राप्त नगरेको देखिन्छ। उजुरीको तथ्याङ्कमा ४८ प्रतिशत जनजाति, २९ प्रतिशत ब्राह्मण/क्षेत्री, १५ प्रतिशत दलित र ८ प्रतिशत मधेसी समुदायका मानिसहरू पीडत भएको देखिन्छ।

मानव बेचबिखनविरुद्धमा कार्यरत विभिन्न गैरसरकारी संस्थाहरू, नेपाल प्रहरीको अपराध अनुसन्धान महाशाखा र विदेशस्थित नेपाली दूतावासको तथ्याङ्कअनुसार मानव बेचबिखनमा परेका २३,२०० जना पीडितमध्ये ६,१०० जना बेचबिखनमा परेका, १३,६०० जनालाई बेचबिखनका लागि प्रयास गरिएको र ३,९०० व्यक्तिहरूका हालसम्म हराइरहेको देखिन्छ। मानव बेचबिखनका लागि प्रयास गरिएको १३,६०० जना व्यक्तिहरूमध्ये ९८ प्रतिशत महिलाहरू, (५० प्रतिशत बालबालिका र ५० प्रतिशत वयस्क) देखिन्छ। मानव बेचबिखनमा परेका ६,२०० व्यक्तिहरूमा ४० प्रतिशत पुरुष र बाँकी महिला देखिन्छ। हराइरहेका ३,९०० जना व्यक्तिहरूमा ७० प्रतिशत बालिकाहरू रहेका छन्।

आयोगको विशेष समाधीक्षकको कार्यालयबाट भूकम्प प्रभावित १४ वटा जिल्लाका जिल्ला प्रहरी कार्यालयहरूबाट मानव बेचबिखनसम्बन्धी सूचना सङ्कलन कार्य भएको छ। यसमा नेपाल प्रहरीमा मुद्दा दर्ता भएको आधारमा मात्रै भूकम्पपश्चात् मानव बेचबिखनको मुद्दा दर्तामा वृद्धि भएको देखिँदैन भूकम्पअघि र पछि मानव बेचबिखनको मुद्दा दर्ताको प्रवृत्तिमा फरक देखिएको छ। काठमाडौँमा २३ वटाबाट घटेर १५ वटा, नुवाकोटमा ७ बाट १, काभ्रेमा

१ बाट शून्य, सिन्धुपाल्चोकमा ४ बाट २ मा झरेको छ। धादिङ र मकवानपुरमा २ बाट बढेर ४, रामेछापमा शून्यबाट बढेर १, ओखलढुङ्गामा शून्यबाट बढेर २ वटा मानव बेचबिखनका मुद्दा दर्ता भएको देखिन्छ। भूकम्प प्रभावित १४ वटा जिल्लामा ४४,१३१ जना बालबालिकाहरू जोखिममा रहेको मापन गरिएको छ। भूकम्प प्रभावित काठमाडौँ जिल्लाबाहेकका जिल्लामा हराएका बालबालिकाहरूको सङ्ख्या भूकम्प अगाडि ८२९ रहेको र पश्चात् भने सो सङ्ख्या११६५ अर्थात् ४०.५ प्रतिशतले वृद्धि भएको देखिन्छ।

सो प्रतिवेदनअनुसार भारतसँग सीमा जोडिएका १४ जिल्लाहरूको विभिन्न नाकाहरूबाट नेपाल प्रहरीको सीमा निगरानी केन्द्रले २०६९/२०७० देखि आव २०७२/२०७३ सम्म ४ वर्षमा जम्मा ३,६४० जनालाई नेपाल भारतको सीमा नाकाबाट उद्धार (फर्काउने) कार्य गरेको देखिन्छ; जसमा १९३६ जनाको उमेर र लिङ्गअनुसारको अभिलेख रहेको छ। उद्धार गरिएकामध्ये ९६ प्रतिशत महिलाहरू र ४ प्रतिशत पुरुष रहेका छन्; जसमा ८४ प्रतिशत सङ्ख्या बालिकाहरूको रहेको छ।

मनोरञ्जन उद्योगहरू (डान्स बार, मसाज पार्लर, क्याबिन रेस्टुराँ)मा के-कति सङ्ख्यामा श्रमजीवी महिलाहरू तथा बालबालिकाहरू कार्यरत छन् भन्ने यकिन तथ्याङ्क छैन। मनोरञ्जन उद्योगहरू एउटै निकायमा दर्ता नभई विभिन्न निकायहरूमा (जस्तै कुनै महानगरपालिका/उपमहानगर वा नपा, कुनै घरेलु तथा साना उद्योगमा कुनै कम्पनी रजिस्ट्रारको कार्यालय) दर्ता हुने हुदाँ उद्योगको सङ्ख्या यकिन गर्न कठिनाइ हुनुका साथै कतिपय दर्ता नभई सञ्चालनमा रहेका छन्।

### (ट) सूचना-प्रविधि एकाइ

आयोगमा सूचना प्रविधिको पहुँच विकास गर्न सूचना प्रविधिसम्बन्धी छुट्टै एकाइको व्यवस्था गरिएको छ। यसबाट सूचना प्रविधिको विकासमा सहजता र सरलता आएको छ। Virtualization(VMWare) system Installed गरी Data/Files Centralized गरिएको छ।कार्यालयमा रहेका ब्रान्डेड कम्प्युटर सञ्चालनका लागि विभिन्न सफ्टवेयरहरू प्रयोगमारहेका छन्। यसको साथै Email Server (Mailer Daemon), Antivirus लगायत अन्य सफ्टवेयरहरूको लाइसेन्स नवीकरण गरी खरिद गरिएको छ। यो आर्थिक वर्षमा Network Security (Firewall), Mail Server, Web site, Antivirus, Internet, आदिको सेवा नवीकरण तथा खरिद गरी सूचना प्रविधिमा अधिकतम प्रयोग गर्ने गरी सेवा विस्तार कार्य सम्पन्न भएको छ।

आयोगको Website www.nhrcnepal.org मा यस आर्थिक वर्षमा आयोगका स्वं.कर्मचारी दयाराम परियारको नाममा आयोगको वेबसाइटमा छुट्टै पेज डिजाइन गरिएको छ। साथै,

नयाँ सामग्रीहरू (प्रतिवेदन, प्रेस विज्ञप्ति, बुलेटिन, ऐन नियम, योजना, नीति, आयोगका गतिविधि आदि) Update/Upload सम्बन्धी कार्य सम्पन्न गरिएका छन्। आयोगको Website लाई नयाँ design/Layout कार्य निरन्तर चलिरहेको छ। आयोगको गतिविधिहरू बढीभन्दा बढी समुदायमा पहुँच पुऱ्याउनका लागि आयोगका नाममा सञ्चालन गरिएका सामाजिक सञ्जालहरू (Facebook, Twitter and Youtube) मा पनि तस्बिरसहित प्रतिवेदन, प्रेस विज्ञप्ति, भिडियो, गतिविधिहरू आदि update/upload गरी सञ्चालन भइरहेको छ। आयोगको सामाजिक सञ्जालहरूबाट प्राप्त उजुरी तथा जानकारीहरू दैनिक रूपमा सम्बन्धित कार्यालयहरूमा पठाउने गरिएको छ। आयोगको Facebook पेजमा जम्मा गरी ८७५८ Followers रहेका छन् भने Twitter मा ३३०३ Followers रहेका छन्।

आयोगमा पर्ने उजुरीहरूलाई व्यवस्थित गर्ने उद्देश्यले उजुरीहरूलाई System मा हाल्न बनाइएको CMRS (Complaint Management & Report System) अर्को सफ्टवेयर हो। यसबाट आयोगमा परेका उजुरीहरूको प्रतिवेदन तथा अवस्था कस्तो छ भनी हेर्न सकिन्छ। यसमा निर्णय भइसकेका उजुरीहरू राख्नको लागि पनि Archive Software सञ्चालन गरी कार्य चलिरहेको छ। यस कार्यको लागि काठमाडौँसहित आयोगको सबै क्षेत्रीय तथा उप-क्षेत्रीय कार्यालयहरूमा सो CMRS software चलाउनको IT Equipment Installed गरी Data Entry सम्बन्धी कार्य पनि अगाडि बढेको छ। हालसम्म आयोगको ३ वटा क्षेत्रीय (धनगढी, नेपालगञ्ज र पोखरा) र खोटाङ उपक्षेत्रीय कायालयमा भएको उजुरीहरूको file scan गरी CMRS मा Data Entry गर्ने कार्य भइरहेको छ।

आयोगको कर्मचारीहरूको लेखाजोखा राख्ने उदेश्यले बनाइएको PIS (Personnel Information System) Software web base पनि चालु अवस्थामा छ। यसको साथै कर्मचारीहरूको E-Attendence राखी सञ्चालनमा आइरहेको छ। यस PIS software बाट यस आर्थिक वर्षबाट आयोगका केन्द्रीय कार्यालयका कर्मचारीहरूले आफ्नो बिदाको रेकर्ड अवस्था हेर्ने व्यवस्था गरिएको छ। त्यस्तै आर्थिक प्रशासन शाखालाई पनि व्यवस्थित गर्ने भनी बनाइएको लेखासम्बन्धी Acct 2000 Software पनि सञ्चालनमा छ। यसबाट दाता तथा विभिन्न दातृ निकायबाट प्राप्त भएको सहयोग रकमको लेखाजोखा हुने गर्दछ। सम्पूर्ण Server systems live Backup हुने भए पनि साप्ताहिक रूपमा छुटै Backup गर्ने गरिएको छ।

आयोगका प्रतिवेदनहरू तथा अन्य इ-दस्तावेजहरू सिधा केन्द्रीय कार्यालमा भएको सरभरबाट सूचना आदानप्रदान (इमेलमार्फत) भइरहेको छ। आयोगका केन्द्रीय, क्षेत्रीय तथा उप-क्षेत्रीय कार्यालयहरूमा रहेका कम्प्युटर तथा अन्य उपकरणहरू पुराना हुँदै गएको हुँदा कार्य सम्पादन समस्या आउन थालेको छ। यसबाट केन्द्र  क्षेत्र र उप-क्षेत्रमा कर्मचारीहरूलाई छिटोछरितो रूपमा कार्य गर्न असहज भएको अवस्था छ।

सूचना प्रविधिलाई अझ आधुनिकीकरण गर्ने सम्बन्धमा पनि आयोगबाट कार्य भइरहेको छ। सूचना प्रविधि तथा वेवसाइट एकाइलाई दरबन्दी वृद्धि गरी महाशाखा बनाई आयोगमा सूचना प्रविधिको एउटा समूहले कार्य गरिरहेको छ। यसमा आयोगको केन्द्रीय कार्यालय र क्षेत्रीय तथा उप-क्षेत्रीय कार्यालयहरूको डाटा Centralized गर्ने सन्दर्भमा कामहरू पनि भइरहेका छन्। आयोगको Data तथा Complaints file लाई अझ आधुनिकीकरण गरी आयोगको केन्द्रीय कार्यालयमा Data Centre र सोको Backup Data Center को लागि प्रयास भइरहेको छ। यसबाट आयोगमा भएका विभिन्न सफ्टवेयरहरूबाट तथ्याङ्क समावेश गर्दा त्यसका तथ्याङ्कहरूलाई Centralize गर्नको लागि थप सहज र सुरक्षित हुनेछ।

यस आर्थिक वर्षमा आयोगमा सूचना प्रविधि कर्मचारीको सङ्ख्या वढेको छ। आयोगको IT Unit लाई Support को लागि मानव अधिकार अधिकृतको नेतृत्वमा केन्द्रमा २ जना सूचना प्रविधि अधिकृत, ३ जना सूचना प्रविधि तथा अभिलेख सहायक, हाल क्षेत्रीय कार्यालय जनकपुर, पोखरा र नेपालगञ्जमा १/१ जना सूचना प्रविधि तथा अभिलेख सहायक तहमा कर्मचारी कार्यरत रहेका छन्। यस आर्थिक वर्षमा सूचना प्रविधि अधिकृत २ जना (महिला १ र पुरुष १), सूचना प्रविधि तथा अभिलेख सहायकमा ७ जना सफल उम्मेदवारको नियुक्ति भएको छ। सहायकमा कार्यरत २ जना कर्मचारीले दिएको राजिनामा स्वीकृत भइसकेको छ।

### (ठ) प्रतिवेदन एकाइ

आयोगले प्रतिवेदन, जर्नललगायतका सामग्रीहरू प्रकाशन गर्दै आएको छ; जसमा केन्द्रीय कार्यालय, क्षेत्रीय/उपक्षेत्रीय कार्यालयमार्फत सम्पादित गतिविधिहरू समावेश गरिन्छ। यस आवमा आयोगबाट प्रतिवेदन र पुस्तिका गरी १५सामग्रीहरू प्रकाशन गरी वितरण गरिएको छ।

**यस आवमा आयोगबाट प्रकाशित प्रकाशनहरू**

| | | |
|---|---|---|
| १ | Selected Decision of The NHRC, Nepal vol. 1 | कार्तिक २०७३ |
| २ | मानव अधिकारसम्बन्धी जान्नुपर्ने कुराहरू | मङ्सिर २०७३ |
| ३ | मानव अधिकारसम्बन्धी महत्त्वपूर्ण निर्णयहरू (वर्ष १ अङ्क २) | माघ २०७३ |
| ४ | वार्षिक प्रतिवेदन | माघ २०७३ |
| ५ | मानव अधिकार उल्लङ्घनसम्बन्धी राष्ट्रिय जाँचबुझ निर्देशिका, २०७३ | फागुन २०७३ |
| ६ | राष्ट्रिय कार्ययोजना अनुगमन प्रतिवेदन | फागुन २०७३ |
| ७ | सङ्क्षिप्त वार्षिक प्रतिवेदन २०७२–२०७३ | फागुन २०७३ |
| ८ | Annual Progress Report 2072–2073 | फागुन २०७३ |

| | | |
|---|---|---|
| ९ | भूकम्प प्रभावितहरूको मानव अधिकारको अवस्थाबारेमा तेस्रो अनुगमन प्रतिवेदन २०७४ | जेठ २०७४ |
| १० | मानव अधिकारसम्बन्धी जान्नुपर्ने कुरा (परिमार्जित संस्करण) | जेठ २०७४ |
| ११ | मानव अधिकारसम्बन्धी महत्त्वपूर्ण निर्णयहरू (वर्ष २ अङ्क ३) | असार २०७४ |
| १२ | Trafficking in Persons National Report 2015/2016 | असार २०७४ |
| १३ | रणनीतिक योजना २०१५-२०२० (दोस्रो संशोधनसहित) | असार २०७४ |
| १४ | मानव अधिकार सम्बाहक (चौमासिक) जर्नल | चौमासिक |
| १५. | मानव अधिकार पत्र | |

यसै गरी उपक्षेका खोटाङ र जुम्लाबाट आयोगको सङ्क्षिप्त परिचयसहितको ब्रोसर प्रकाशन भएको थियो । आयोगका केन्द्रीय, क्षेत्रीय र उपक्षेत्रीय कार्यालयहरूबाट एफएम रेडियोमार्फत नेपाली र स्थानीय भाषामा सचेतनामूलक कार्यक्रम एवम् जिङ्गलहरू प्रसारण हुँदै आएको छ । आयोगले आफ्नै वेवसाइट, ट्विटर, फेसबुकमार्फत पनि सूचनाहरू प्रवाह गर्दै आएको छ ।

### (ड) मानव अधिकार स्रोत केन्द्र

आयोगको केन्द्रीय, क्षेत्रीय र उपक्षेत्रीय कार्यालयमा स्थापित स्रोत केन्द्रहरूलाई थप व्यवस्थित बनाउने कार्यहरू निरन्तर हुँदै आएका छन् । स्रोत केन्द्रमा दैनिक, साप्ताहिक पत्रपत्रिका, मानव अधिकारसम्बन्धी पुस्तक, जर्नल आदिको व्यवस्था हुँदै आएको छ । केन्द्रीय कार्यालयमा कार्यालय समयभित्र पत्रपत्रिका, पुस्तक, जर्नललगायत इन्टरनेट सुविधा उपयोग गर्न चाहनेहरूका लागि व्यवस्था गरिएको छ । क्षेत्रीय र उपक्षेत्रीय कार्यालयस्थित स्रोत केन्द्रबाट मानव अधिकारको विषयमा अध्ययन/अनुसन्धान गर्न सक्ने वातवरण मिलाइएको छ । स्रोत केन्द्रबाट आयोगले प्रकाशन र उत्पादन गरेका सामग्रीहरू निःशुल्क वितरण हुँदै आएको छ । यस वर्ष आयोगको केन्द्रीय कार्यालयको स्रोत केन्द्रमा ११३ खरिद गरिएको छ । यसै गरी क्षेत्रीय र उपक्षेत्रीय कार्यालयहरूमा पुस्तकहरूबाट पुस्तकहरू बिक्री गरिएका छन् । यस अवधिमा आयोगको केन्द्रीय कार्यालयबाट ११८० जनालाई आयोगका प्रकाशनहरू वितरण गरेको देखिन्छ । यसै गरी क्षेत्रीय र उपक्षेत्रीय कार्यालयबाट समेत पुस्तक खरिद एवम् आयोगका प्रकाशन वितरण हुँदै आएका छन् ।

### (ढ) अभिलेखीकरण एकाइ

यस अभिलेखालय एकाइमार्फत मानव अधिकार आयोगले मानव अधिकार उल्लङ्घन र दुरुत्साहनसम्बन्धी उजुरीसँग सम्बन्धित सामग्रीहरूको अभिलेखीकरण विशेष व्यवस्थाका साथ सुरक्षित र व्यवस्थित रूपमा राख्ने कार्य हुँदै आएको छ । सो फाइलहरूको सुरक्षार्थ अग्नि

निरोधक (Fire proof) क्याबिनेटमा फाइलहरू व्यवस्थित रूपमा राखिएको छ। यस अभिलेखालयमा आयोगबाट विभिन्न मितिमा तामेली, खारेजी, टुङ्ग्याउने र सरकारलाई सिफारिस गर्ने भनी निर्णय गरिएका सक्कल उजुरी फाइलहरूको भौतिक एवम् विद्युतीय प्रणालीबाट व्यवस्थापन गरिएको छ। आयोगबाट निर्णय भएका फाइलहरूलाई विद्युतीय प्रणालीअन्तर्गत आयोगको उजुरी व्यवस्थापन र अभिलेख प्रणाली (Complaints Management and Reporting System–CMRS) मा समेत तथ्याङ्क राखी सोहीअनुसार विद्युतीय कपी (स्क्यान) गरी आयोगको निर्णय मिति र वर्णानुक्रमअनुसार मिलाई राखिएको छ।

आयोगको केन्द्रीय, क्षेत्रीय र उपक्षेत्रीय कार्यालयहरूमा दर्ता भएका उजुरीहरूमध्ये हालसम्म ८०४० वटा उजुरीसँग सम्बन्धित फाइलहरू विद्युतीय प्रणालीमा राखिएको छ। जसमध्ये, यस आर्थिक वर्षमा २१२ वटा नयाँ फाइलहरू समावेश गरिएका छन्। केन्द्रीय कार्यालयअन्तर्गत रहेको अभिलेख शाखामा हाललसम्म ४,४६२ वटा फाइल अभिलेख गरिएकोमा यस आवमा जम्मा ४२ वटा नयाँ फाइलहरू अभिलेख भएका छन्। अनुसन्धान महाशाखाका मानव अधिकार अधिकृत कर्मचारीहरूसँग कार्य पूरा भई नसकेका फाइलहरूमध्ये ३१४ वटा फाइलहरू समावेश गर्ने कार्य भइरहेको छ।

आयोगको उजुरी व्यवस्थापन र अभिलेख प्रणालीमा राखिएका उजुरीहरू आयोगको सम्बन्धित कर्मचारीले इन्टरनेट र सर्भरका माध्यमबाट जुनसुकै स्थानबाट पनि हेर्न, सामग्रीहरू उतार गर्न र अद्यावधिक गर्न सकिनेछ। दर्ता भएका उजुरी फाइलहरूको कारवाही, कार्यान्वयनको अवस्था र निर्णयहरूको जानकारी सम्बन्धित कार्यालयबाट तत्काल प्राप्त गर्नुका साथै विद्युतीय कपीमार्फत अध्ययन गर्न सकिन्छ। यसका साथै पीडितको नाम, आरोपित पीडकको नाम, पीडितको जिल्ला, अभिलेख नम्बर, उजुरी दर्ता नम्बर,घटना मिति, आयोगमा दर्ता मिति, मानव अधिकार उल्लङ्घनको विषय, अभिलेखालय नम्बर, आयोगबाट भएको निर्णय मिति र निर्णयको प्रकारबाट विषयगत प्रतिवेदनसमेत प्राप्त गर्न सकिन्छ।

## परिच्छेद – ६

# आयोग र सरोकारवाला निकायहरूबीच सम्बन्ध

आयोगको अस्तित्वको आधार नै यसका सरोकारवालहरूबीचको सम्बन्ध र सहकार्य हो। आयोगलेस्थापनाकालदेखि नै राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय निकाय/सङ्घसंस्था एवम् दातृ निकायहरूबीच सम्बन्ध, सहकार्य र समन्वयमा कार्य गर्दै आएको छ। यस आवमा पनि आयोगले सरोकारवालासँग आवश्यकता र औचित्यताको आधारमा विषयगत मुद्दामा केन्द्रित रही सहकार्य र समन्वयका साथ कार्य गर्दै आएको छ।

### (क) आयोग र राष्ट्रपति कार्यालय

सविधानतः आयोगले हरेक वर्ष वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिसमक्ष पेस गर्नुपर्दछ। राष्ट्रपतिले प्रधानमन्त्रीमार्फत सो प्रतिवेदन छलफलको लागि सङ्घीय संसद्समक्ष पेस गर्न लगाउने प्रावधान छ। सोही प्रावधानबमोजिम आयोगले प्रत्येक वर्ष प्रतिवेदन पेस गर्दै आएको छ। यस आवमा पनि आयोगको गत आवको वार्षिक प्रतिवेदन आयोगका अध्यक्षबाट सम्मानीय राष्ट्रपतिसमक्ष पेस भएको थियो। आयोगका अध्यक्षले आयोगबाट सम्पादित कार्यहरू, भोग्नुपरेका चुनौती र मानव अधिकारका विविध पक्षहरूमाथि प्रकाश पार्नुभएको थियो। यस क्रममा आयोगका अन्य पदाधिकारीबाट पनि मानव अधिकारको विविध पक्षको चर्चासहित राष्ट्रपतिमार्फत सरकारको ध्यानाकर्षणको लागि विशेष आग्रह गर्नुभएको थियो। राष्ट्रपतिबाट पनि मानव अधिकारको संरक्षण र मानव अधिकार संस्कृतिको विकासका लागि आयोगले विषम परिस्थितिमा पनि विशेष भूमिका निर्वाह गरेको भन्दै धन्यवाद दिनुभएको थियो। मानव अधिकारको संस्कृति विकासको लागि आफ्नो ठाउँबाट पहल हुने र आयोगले थप मनोबलका साथ कार्य गर्न अनुरोध गर्नुभएको थियो।

### (ख) आयोग र व्यवस्थापिका-संसद्

मानव अधिकारसँग सम्बन्धित कानुन तर्जुमा गर्नमा व्यवस्थापिका-संसद्को भूमिका विशेष र महत्त्वपूर्ण हुन्छ। आयोगले व्यवस्थापिका-संसद्को विषयगत समिति र सभासद्हरूसँग मानव अधिकारका विषयमा आवश्यकता, विषयको गम्भीरता र औचित्यको आधारमा आवश्यकताअनुसार अन्तरक्रिया, गोष्ठी, छलफललगायतका कार्यहरू हुँदै आएका छन्।

यस आवमा रामअआले वार्षिक प्रतिवेदन सम्बन्धमा आयोगमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ। यसमा व्यवस्थापिका-ससद् सामाजिक तथा मानव अधिकार समितिका सभापति तथा सदस्यहरूको सहभागिता रहेको थियो। वि.सं.२०७३ असोज २६ गते व्यवस्थापिका-

ससद् सामाजिक तथा मानव अधिकार समितिको आयोजनामा मानव अधिकार आयोगको वार्षिक प्रतिवेदनमाथि छलफल भएको थियो । छलफलमा समितिका सभापति एवम् सदस्य र आयोगका अध्यक्ष र सदस्यहरूको सहभागिता रहेको थियो। छलफलमा आयोगको वार्षिक प्रतिवेदनमाथि व्यवस्थापिका-संसद्मा छलफल प्रारम्भ गरिएकोमा आयोगको तर्फबाट धन्यवाद दिइएको थियो । आयोगका अध्यक्ष सदस्यहरूले आयोगका सिफारिस कार्यान्वयनका लागि समितिले विशेष पहल गर्नुपर्नेमा जोड दिनुभएको थियो। समितिका सभापति र सदस्यहरूबाट आयोगले मानव अधिकारको संरक्षण र संवर्द्धनको लागि आफ्नो भूमिकालाई थप प्रभावकारी बनाउन विभिन्न सुझावहरू प्राप्त भएका थिए ।

नेपालको संविधानमा  मानव अधिकारसम्बन्धी विषयगत आयोगहरू–राष्ट्रिय समावेशी आयोग, राष्ट्रिय दलित आयोग, आदिवासी जनजाति आयोग, थारु आयोग, मुस्लिम आयोग, मधेशी आयोगहरू गठनसम्बन्धी व्यवस्था गरिएको छ। यी आयोग गठन गर्ने सम्बन्धमा नेपाल सरकारद्वारा तयार गरिएका विधेयकका मस्यौदाहरूमाथि आयोगले सरोकारवालाहरूबीच छलफल गरेको थियो । छलफलपछि मानव अधिकारको दृष्टिकोणबाट ती विधेयकमाथि पुनरावलोकन गरी आयोगले व्यवस्थापिका संसद्मा विधायन समित र सामाजिक न्याय तथा मानव अधिकार समिति र प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय तथा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा पेस गरेको थियो ।

### (ग) आयोग र सरकार

मानव अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपालना गर्ने दायित्व राज्यको हो । मानव अधिकारको संरक्षण र संवर्द्धनमा सरकारको सबैभन्दा महत्त्वपूर्ण भूमिका रहन्छ। आयोगको दैनिक कार्य सञ्चालनदेखि संरक्षण र संवर्द्धनलगायतका कार्य सम्पन्न गर्न आवश्यक पर्ने पर्याप्त बजेट, कार्यकक्षलगायत आधारभूत सुविधाहरू उपलब्ध गराउनु राज्यको दायित्व हो । मानव अधिकारको संरक्षण र प्रवर्द्धनका लागि सरकारको अहम् भूमिका हुन्छ ।

आयोगले राज्यका निकायहरूबीच मानव अधिकारका विषय र आयोगसँग सम्बन्धित आर्थिक र प्रशासनिकलगायतका विविध विषयमाथि विचार विमर्श, परामर्श वा छलफल गर्दै आएको छ । आयोगका सिफारिस कार्यान्वयनदेखि आर्थिक व्ययभार बिहोर्नुपर्ने भएकोले पनि सहकार्य र समन्वयमा नै कार्य हुँदै आएको छ। आवश्यकता र विषयवस्तुको गाम्भीर्य हेरी समयसमयमा नेपाल सरकारका मन्त्री, उच्चपदस्थ अधिकृतहरूलाई आमन्त्रण गरी मुलुकको मानव अधिकार अवस्थाका सम्बन्धमा छलफल गर्ने तथा आवश्यक निर्देशन दिने गरेको छ। सामान्यतया आयोगको वार्षिकोत्सव कार्यक्रम र अन्तर्राष्ट्रिय मानव अधिकार दिवस (१० डिसेम्बर) को अवसर पारी सम्माननीय प्रधानमन्त्रीलाई आमन्त्रण गरी मानव अधिकारको

अवस्थाको सम्बन्धमा जानकारी गराउनुका साथै सरकारका तर्फबाट समेत स्पष्ट धारणा आउने गरेको छ ।

विशेषतः आयोगले सरकारबाट सम्पादित कार्यक्रमहरू मानव अधिकारमैत्री छन्-छैनन् ? संस्थागत र कार्यात्मक रूपमा मानव अधिकारका मुद्दालाई जोड्न सकिएको छ-छैन ? राष्ट्रिय कानुनहरू मानव अधिकारका मूल्यमान्यतासँग तालमेल खान्छन्-खाँदैनन् ? लगायतका विषयमा ध्यानाकर्षण गराउनुका साथै आवश्यकता र विषयको प्राथमिकताअनुसार समन्वय गर्दै आएको छ। यसै सन्दर्भमा आयोगले संविधान प्रदत्त प्रत्यक्षतः मानव अधिकारसँग सम्बन्धित आयोग गठनसम्बन्धी सरकारी मस्यौदामाथि पुनरावलोकन गरी नेपाल सरकारसमक्ष पेस गरेको थियो ।

त्यसै गरी अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी विधेयक २०७२ र यातना दिने तथा निर्मम, अमानवीय वा अपमानजनक व्यवहार (नियन्त्रण) विधेयक २०७१ माथि पुनरावलोकनसहित कायार्थ नेपाल सरकारलाई पठाएको थियो। यसको साथै संविधानको धारा २४९ को उपधारा (२) को खण्ड (च) र राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा ४ को उपदफा (१) को खण्ड (ग) बमोजिमको कार्यादेश पूरा गर्ने सन्दर्भमा नेपाल सरकारबाट मस्यौदा भएका कुनै पनि विधेयकहरूको बारेमा मानव अधिकारको दृष्टिकोणबाट सुझाव प्रस्तुत गर्नका लागि आयोगमा पठाइदिन लिखित अनुरोध गरेको थियो। यसै गरी आयोगले मानव बेचबिखनसम्बन्धी राष्ट्रिय प्रतिवेदन (आव २०७०–२०७१ र २०७१–२०७२) मा उल्लेख गरिएका मानव बेचबिखनविरुद्धको कार्यलाई थप प्रभावकारी बनाउन सरकारलाई सिफारिस गरेको छ। यसरी गरिएका सिफारिसमा निरोधात्मक (रोकथाम) सम्बन्धी १०, संरक्षणसम्बन्धी १४, अभियोजनसम्बन्धी ६ र सूचना, अध्ययन र अभिलेखसम्बन्धी ३ गरी जम्मा ३३ वटा सिफारिस रहेका छन् ।

यसका अलवा आयोगका महत्त्वपूर्ण कार्यक्रमहरूमा सरकार प्रमुख, मन्त्रीहरूलाई प्रमुख अतिथि/अतिथिको रूपमा आमन्त्रण गरी मानव अधिकारका जल्दाबल्दा मुद्दाहरूमाथि ध्यानाकर्षण गराउँदै आएको छ। आयोगले सुरक्षा निकायबाट आफू मातहतका कर्मचारीहरूका लागि मानव अधिकारका विविध विषयमा हुने तालिममा स्रोत व्यक्तिका रूपमा सहभागी हुँदै आएको छ। यसको साथै सरकारी निकायबाट हुने मानव अधिकारसम्बन्धी कार्यक्रममा सहभागी बनी आफ्नो धारणा प्रस्तुत गर्दै आएको छ ।

### (घ) आयोग र संवैधानिक निकाय

आयोग र विभिन्न संवैधानिक निकायबीच मानव अधिकारका मुद्दामा आयोगले सहकार्य र समन्वयमा कार्य गर्दै आएको छ। यस आयोगबाट यस आवमा विशेषतः कार्य प्रकृतिको

आधारमा संवैधानिक निकायको रूपमा रहेको लोकसेवा आयोग, निर्वाचन आयोग र अख्तियार दुरूपयोग अनुसन्धान आयोगसँग समन्वय र सहकार्यमा कार्यहरू भएका थिए ।

यस आवमा आयोगमा विभिन्न तहमा रिक्त दरबन्दी पदपूर्तिसम्बन्धी कार्य भएको थियो । आयोगले पदपूर्तिको लागि लिखित परीक्षाको सम्पूर्ण जिम्मेवारी लोकसेवा आयोगलाई दिएको थियो । सोहीअनुसार लोकसेवा आयोगले लिखित परीक्षा लिई परिणामसमेत आयोगलाई उपलब्ध गराई आयोगले अन्तिम नामावली प्रकाशित गरी कर्मचारीहरूलाई कार्यक्षेत्रमा खटाइसकेको अवस्था छ । सङ्गठित संस्थाका कर्मचारीसँग सम्बन्धित सामान्य सिद्धान्तका व्यवस्थाहरू अनिवार्य रूपमा लागू गर्न भनी लोसेआले यस आयोगमा समेत पत्राचार भएको थियो । रामअआ स्थापनाको आधार आधारभूत पेरिस सिद्धान्त र आयोग सरकारी संस्थान नभएको हुँदा सो सिद्धान्त यस आयोगको हकमा लागू नहुने भनी लिखित जवाफ पठाएको थियो । पछि लोसेआबाट सामन्य सिद्धान्त रामअआको हकमा अनिवार्य रूपमा रूपमा लागू नहुने व्यवहोरासहितको जानकारी गराउँदै लोकसेवा आयोगले यस आयोगको स्वायत्तता र स्वतन्त्रताको विषयमा सम्मान प्रकट गरेको थियो ॥ यसपछि पनि रामअआको आग्रहबमोजिम लोसेआले आयोगका परीक्षासम्बन्धी कार्यमा उल्लेखनीय सहयोग गर्दै आएको छ । लोकसेवा आयोगसँगको सहकार्य र समन्वयमा भएका पदपूर्तिसम्बन्धी कार्यबाट आयोगको कर्मचारी व्यवस्थापन र स्थायित्वका लागि लामो समयदेखि विद्यमान समस्या समाधानमा सकारात्मक योगदान पुग्न गएको छ ।

यस आवमा आयोगले निर्वाचन आयोगसँग पनि समन्वयन र सहकार्यमा मानव अधिकारसम्बन्धी कार्यलाई अगाडि बढाएको थियो । विशेषतः मानव अधिकारको दृष्टिकोणबाट स्थानीय तह निर्वाचन अनुगमनका सम्बन्धमा निआ र रामअआबीच समझदारीपत्रमा हस्ताक्षर भएको थियो । समझदारीपत्रमा मतदाता शिक्षा तथा मताधिकार सचेतनाका लागि आवश्यकताअनुसार एकल वा छुट्टाछुट्टै आवश्यक सामग्री प्रकाशन, निर्माण, प्रचार/प्रसारण, अनुगमन कार्यलाई सहजीकरणकरणका लागि २ आयोगबीच आवश्यक सहयोग आदान-प्रदान गर्ने उल्लेख गरिएको थियो । यसको साथै यस आयोगले अनुगमनबाट देखिएका कमीकमजोरी निआलाई जानकारी गराउने, समाधानको लागि आपसी सहकार्य गर्ने, माननीय तहमा संयुक्त संयन्त्र स्थापना गरी कार्य गर्ने र क्षेत्राधिकारको सम्मान गर्ने लगायतका विषय समावेश गरिएका थिए । यस आवमा आयोगले अख्तियार दुरूपयोग अनुसन्धान आयोगको हिरासतको पनि अनुगमन गरेको थियो ।

### (ङ) आयोग र राजनीतिक दल, नागरिक समाज/गैरसरकारी संस्था/पेसागत सङ्घसङ्गठनहरू

आयोगले संविधान र ऐनको परिधिभित्र रही सरोकारवालाहरूसँग समन्वय र सहकार्यमा कार्य गर्दै आएको छ। जसमा राजनैतिक दल, नागरिक समाज, मानव अधिकारको क्षेत्रमा क्रियाशील सङ्घसंस्थाहरू, गैसस एवम् पेसागत सङ्घसङ्गठनहरूसँग रहेका छन्। सहकार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाउन आयोगले सहकार्यसम्बन्धी निर्देशिका तयार गरी प्रयोगमा ल्याइसकेको छ।

यस आवमा आयोगबाट मानव अधिकारका विविध विषयहरूमाथि सरोकारवालाहरूसँग अनुगमन एवम् प्रवर्द्धनात्मक कार्यहरू सम्पन्न भएका छन्। आयोगले आफ्ना कार्यक्रमहरूमा सरोकारवालाहरूलाई आमन्त्रण गरी विषयवस्तुमा सुझावहरू लिँदै आएको छ। आयोगले पनि नागरिक समाज, गैसस एवम् पेसागत सङ्घसङ्गठनहरूद्वारा आयोजित कार्यक्रमहरूमा सहभागी भई विषयगत धारणाहरू व्यक्त गर्दै आएको छ। आयोगले मानव अधिकार दिवसको सन्दर्भमा मानव अधिकारको क्षेत्रमा कार्यरत सङ्घसंस्थाहरूसँगको सहकायकार्यमा महाभेला गर्दै आएको छ।

यस आवमा आयोगले समन्वय र सहकार्यमा विभिन्न राजनीतिक दल एवम् सङ्घसंस्थाहरूसँग कार्य गरेको छ। विशेषतः संयुक्त मधेसी मोर्चासँग तराई आन्दोलनबारे छलफल गर्नुको साथै आन्दोलन गर्दा कर्तव्यलाई पनि पालना गर्न स्मरण गराउदै आएको छ। गैससहरू, जसमा सिजोपसँग वातावरणीय शान्ति क्षेत्र राष्ट्रिय गोष्ठी, नेपाएसँग भूकम्पपछिको मानव अधिकार अवस्थाको अध्ययनका लागि नेपाल बार एसोसिएसन, नेपाल पत्रकार महासङ्घ र गैसस महासङ्घसँगको सहकार्यमा शिविर सञ्चालन, कोसिससँग मानसिक स्वास्थ्यसम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम कार्यक्रम छन् । न्याय सेवा तालिम केन्द्रसँग मानव अधिकार सेवा प्रवेश तालिम, रेडियो कार्यक्रम-सामुदायिक रेडियो प्रसारक संस्था र थाहा सञ्चारको सहकार्यमा मानव अधिकार अवस्था, मानव अधिकार चलचित्र केन्द्रसँग मानव अधिकार अन्तर्राष्ट्रिय चलचित्र महोत्सव प्रदर्शनी, उपभोक्ता हित संरक्षण मञ्चसँग उपभोक्ता मानव अधिकारसम्बन्धी छलफल, राष्ट्रिय समूहसँग महिला तथा बालबालिका, चेलिबेटी बेचबिखनविरुद्धको र्‍याली कार्यक्रम सम्पन्न भएको छ। त्यसै गरी बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन- बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगका कर्मचारीहरूलाई तालिम, व्यवस्थापिका-संसद्सँग विधायन समितिसँग फौजदारी तथा देवानी संहिता विधेयकसम्बन्धी छलफल, निलहिरा समाजसँग यौनिक हिंसा लैङ्गिक अल्पसङ्ख्यकको अधिकारको जानकारी पुस्तिका प्रकाशन रहेका छन्। जुरी नेपालसँग खाद्य अधिकार दिगो

शान्ति विषयमा कार्यशाला गोष्ठी, उच्च अदालत पाटनसँगको सहकार्यमा कानुनको शासन विषयमा अन्तरक्रिया, एफडब्लुएलडीसँग छलफललगायतका कार्यक्रम सञ्चालन भएको अवस्था छ ।

### (च) आयोग र अन्तर्राष्ट्रिय सङ्गठनहरू

आयोगले आफ्नो कार्यसम्पादनको सिलसिलामा अन्तर्राष्ट्रिय सङ्घसङ्गठनहरूसँग पनि सहकार्य र समन्वयमा कार्य गर्दै आएको छ । यस आवमा आयोग अन्तर्राष्ट्रिय स्तरमा सम्पन्न विभिन्न छलफल/तालिममा सहभागी भएको छ । यस क्रममा आयोगका अध्यक्ष/सदस्यबाट१५ र सचिव/कर्मचारीबाट १६ वटा गरी जम्मा ३१ कार्यक्रममा सहभागी भएको अवस्था छ । यस प्रकृतिका कार्यक्रमहरू कोरिया, इन्डोनेसिया, कतार, भारत, बेल्जियम, स्वीट्जरल्यान्ड-लगायतका देशहरूमा सम्पन्न भएका थिए । कार्यक्रममा मानव अधिकारको नीतिनिर्माण, आदिवासी जनजातिको अधिकार, मानव बेचबिखन तथा ओसारपसार, दिगो विकास, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको अधिकार, महिला अधिकार, बाल विवाहजस्ता विषयहरूमा तालिम तथा अनुभव आदान-प्रदान भएको थियो । राष्ट्रिय मानव अधिकार आयोग नेपाल र राष्ट्रिय मानव अधिकार संस्थाहरूको एसिया प्रशान्त मञ्च (The Asia Pacific Forum of National Human Rights Institutions) एसिया प्यासिफिक फोरम (एपीएफ)-को संयुक्त आयोजनामा २०७३ भदौ १३–१५ सम्म राष्ट्रिय जाँचबुझसम्बन्धी तालिम सम्पन्न भएको थियो । राष्ट्रिय मानव अधिकार आयोग, नेपाल र राष्ट्रिय मानव समिति कतारबीच आप्रवासी कामदारहरूको अधिकार संरक्षणार्थ सन् २०१५ नोभेम्बर १६ मा कतारमा सम्पन्न समझदारी पत्रमा उल्लेख भएबमोजिम सो समझदारीपत्रको कार्यान्वयनका लागि द्विपक्षीय हस्ताक्षर भएको थियो । राष्ट्रिय मानव अधिकार आयोग बङ्गलादेशका मानार्थ सदस्य प्राध्यापक श्री मेघना गुहाठार्कुताको नेतृत्वमा सचिव हिरणमय बरईसहित ७ सदस्यीय टोलीले नेपाल भ्रमण गरेको थियो । भ्रमणको क्रममा टोलीले आयोगबारेमा जानकारी लिएको थियो । विशेषतः मानव अधिकार उल्लङ्घनसम्बन्धी उजुरी, अनुसन्धान प्रक्रिया, सिफारिस कार्यान्वयनको अवस्था, आप्रवासी कामदारहरूको अवस्था एवम् स्थानीय तहको निर्वाचनमा आयोगमा भूमिकालगायतका विषयमा विस्तृत जानकारी लिएको थियो ।

### (छ) आयोग र सङ्क्रमणकालीन संयन्त्र

आयोगले स्थापनाकालदेखि नै सशस्त्र द्वन्द्वसँग सम्बन्धित उजुरीलाई प्राथमिकतामा राखी कार्य गर्दै आएको छ । ती मुद्दा सङ्क्रमणकालीन संयन्त्रमार्फत सम्बोधन गर्ने भनी विस्तृत शान्ति सम्झौतामा समेत उल्लेख भएको थियो तर लामो समयसम्म संयन्त्र गठन हुन सकेन । वि.सं. २०७१ माघ २७ गते बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरूपण तथा मेलमिलाप आयोग

ऐन २०७१ को अधीनमा रही २ आयोगको गठन भयो। दुवै आयोग आफ्नो २ वर्ष कार्यकाल सकी एक वर्ष समयावधि थप्न सक्ने प्रावधानबमोजिम हाल कार्यरत रहेका छन्।

यस आवमा पनि आयोग र दुवै संयन्त्रबीच अनुभव आदानप्रदान भएका छन्। बेपत्ता पारिएका व्यक्तिको छानबिनका लागि बेपत्ता आयोगका कर्मचारीको अनुसन्धान क्षमता विकास गर्ने उद्देश्यले रामअआले विषयगत तालिमको आयोजना गरेको थियो। तालिममा बेपत्ता पारिएका व्यक्तिहरूको छानबिनसम्बन्धी सैद्धान्तिक अवधारणा, रामअआको अनुभव, बेपत्ता छानबिन सम्बन्धमा राष्ट्रिय अन्तर्राष्ट्रिय अभ्यास, डिएनए एवम् फरेन्सिक परीक्षण र व्यक्तिको पहिचानलगायतका विषयलाई समावेश गरिएको थियो।

### (ज) रणनीतिक योजना सहयोग परियोजना

युएनडिपीको सहयोग रहेको यस परियोजनामार्फत आयोगलाई तालिम/प्रकाशनलगायतका कार्यमा आर्थिक सहयोग पुऱ्याउँदै आएको छ। यस आवमा परियोजनाको सहयोगमा आयोगबाट नव नियुक्त कर्मचारीहरूका लागि आधारभूत मानव अधिकार तालिम (पहिलो र दोस्रो चरण) सम्पन्न भएको छ। त्यसै गरी Pedagogy of Training, Intermediate Level Training on ICCPR, CAT, ESCR, CERD, CRC, CEDAW, ILO 169, CRPD, Training on Report Writing भएका छन्। यसको साथै Training on Accounting and Administrative Management and Advanced Level Training on Leadership and Management सम्पन्न भइसकेको अवस्था छ। यसको साथै परियोजनाको सहयोगमा स्वास्थ्यकर्मी र मानव अधिकार रक्षकलाई केन्द्रित गरी क्षेत्रीय स्तरमा (विराटनगर, पोखरा, नेपालगञ्ज र धनगढी) मानसिक स्वास्थ्य र मानव अधिकार विषयक तालीम आयोजना गरिएको थियो। यसअलवा राष्ट्रिय मानव अधिकार आयोगको सम्बन्धमा नागरिकको धारणाबारे सर्वेक्षण भएको थियो। सङ्घीय शासन-प्रणालीमा मानव अधिकार आयोगको संरचना कस्तो हुनुपर्छ भनी विज्ञबाट अध्ययन गराइएको थियो। अविभेद र विविधतासम्बन्धी नीति, जनसम्पर्क साझेदारी रणनीति र अपाङ्गता भएका व्यक्तिहरूको महासन्धिको कार्यान्वयनको वर्तमान अवस्थाको अध्ययनसमेत गरिएको थियो। स्थानीय तहको निर्वाचन अनुगमन र प्रतिवेदन प्रकाशनको लागि पनि सहयोग पुऱ्याएको छ। यसको साथै आयोगको वार्षिक प्रतिवेदन (नेपाली र अङ्ग्रेजी–सङ्क्षिप्त रूप) र मानव अधिकारबारे जान्नुपर्ने कुराहरू प्रकाशनार्थ सहयोग पुऱ्याएको छ।

# परिच्छेद–७

# उपलब्धि, चुनौती, समाधानका सम्भावित उपाय र भावी कदमहरू

**उपलब्धि**

यस अवधिमा आयोगले गरेको मानव अधिकारको संरक्षण र संवर्द्धनात्मक कार्यहरूबाट विभिन्न उपलब्धि हासिल भएका छन्। आयोगले "सबैको लागि घर-घरमा मानव अधिकार : शान्ति र विकासको आधार" भन्ने आह्वानलाई आधार मानी मानव अधिकार संरक्षण र संवर्द्धनसम्बन्धी कार्यलाई विशेष प्राथमिकतामा राखी कार्य गरेको छ।

**(क) जनशक्ति व्यस्थापन**

यस आवमा पनि आयोगमा रिक्त विभिन्न पदको दरबन्दी लोकसेवा आयोगको संलग्नतामा पूर्ति भएको छ। आयोगको २०७३ को विज्ञापनअनुसार आन्तरिक र खुला गरी ४९ कर्मचारीहरूको नियुक्ति तथा पदस्थापना भइसेकेको छ।

**(ख) उजुरी ग्रहण, अनुगमन र अनुसन्धान**

यस अवधिलाई आयोगमा मानव अधिकार उल्लङ्घन भएको भनी जम्मा २१० उजुरी दर्ता भएका छन्। मानव अधिकारसँग सम्बन्धित विविध विषयमा ३५० वटा अनुगमनका कार्यक्रमहरू सम्पन्न भएका छन्। आयोगमा विभिन्न समयमा परेका पुराना र नयाँ गरी २२० उजुरीमाथि आयोगले अनुसन्धान सम्पन्न भएको अवस्था छ।

**(ग) उजुरी निरूपण र सिफारिस**

अनुगमन र अनसन्धानबाट प्राप्त तथ्यलाई आधार मानी२०१ जसमा सिफारिस गरिएको संख्या ४५
(क्षतिपूर्ति तथा कारवाहीको लागि ३८ र नीतिगत सिफारिस ७), टुङ्ग्याउने १, खारेजी ६३ र तामेली राख्ने भनी ९२ वटा उजुरीमाथि निर्णय गरिएको छ। आयोगबाट सिफारिस गरिएका विषयमा ३८ वटा उजुरीमा कारबाही तथा क्षतिपूर्ति उपलब्ध गराउने उल्लेख छ। त्यसै गरी सिफारिसमा निःशुल्क स्वास्थ्य उपचार, उपचारको रकम सोधभर्ना, कानुनबमोजिम बाहेक अत्यधिक बल प्रयोग नगर्न र दोषीउपर कानुनी कारबाही गर्नुपर्ने,

हिरासतमा गरिने स्वास्थ्य परीक्षणमा र पोस्टमार्टम प्रतिवेदनमा सुधार गर्नेलगायतका विषय रहेका छन् ।

### (घ) संवर्द्धन

मानव अधिकार संवर्द्धनतर्फ पनि विभिन्न उपलब्धिहरू हासिल भएका छन् । यस आवमा अयोगबाट ३६९ ओटा संवर्द्धनसम्बन्धी कार्यहरू भएको देखिन्छ। सम्पादित कार्यहरूमा केकाबाट ३३, क्षेकाहरू क्रमशः विराटनगर ९० (अन्तरक्रिया ४८, छलफल १५, मानव अधिकार शिक्षा नौ, क्षेत्रीय सम्मेलन १ र अन्य १७), जनकपुर २४ (अन्तरक्रिया ११, छलफल ८, बैठक र दिवस २/२), पोखरा ४९, (अन्तरक्रिया १८, छलफल १३, सचेतना ७, तालिम २, प्रभातफेरि १, हाजिरी जवाफ २ र अन्य ६) नेपालगञ्ज ३५ (अन्तरक्रिया १५, छलफल छ, बैठक ४, सचेतना र दिवस २/२ र अन्य ६) र धनगढी ३४ (अन्तरक्रिया १४, छलफल १०, दिवस २ र अन्य ८) रहेका छन् । त्यसै गरी उपक्षेत्रीय कार्यालयहरू–खोटाङ ३४ (अन्तरक्रिया ४, छलफल १९, मानव अधिकार ३ र अन्य ८), बुटवल ४६ (अन्तरक्रिया १५, छलफल २०, ऱ्याली ३, सचेतना, तालिम र दिवस २/२ र प्रशिक्षण गोष्ठी १/१) र जुम्ला २४ ( अन्तरक्रिया १३, छलफल छ, दिवस २, जिङ्गल प्रसारण २ र फिल्म प्रदर्शनी १) रहेका छन् ।

आयोगले मानव अधिकार सचेतनासम्बन्धी विभिन्न सामग्रीहरू उत्पादन र वितरण गरेको छ । मानव अधिकारबारे आधारभूत जानकारी दिने वृत्तचित्रको उत्पादनमार्फत मानव अधिकार सचेतनामा सहयोग पुग्न गएको छ। यसको साथै ३ वर्षको कार्य विवरणलाई समावेश गरी असारमा आयोगले सरोकारवालालाई आयोगको स्थितिपत्र सम्बन्धमा जानकारी गराएको थियो ।

### (ङ) प्रकाशन

यस अवधिमा प्रतिवेदन/जर्नल गरी जम्मा १५ वटा प्रकाशन भएका छन्; जसमा वार्षिक प्रतिवेदनलगायत विषयगत प्रतिवेदन रहेका छन् । गत आवबाट थालनी भएको जर्नल मानव अधिकार सम्बाहक (चौमासिक) को प्रकाशनले मानव अधिकारका विषयलाई प्राथमिकता दिएको छ । मानव अधिकार, महिला अधिकार, सङ्क्रमणकालीन न्याय, मानव बेचबिखन तथा ओसारपसार, मौलिक हक, खाद्यको अधिकारलगायतका विषय रहेका छन् । यसका साथै विभिन्न विषय विज्ञका प्राज्ञिक लेख तथा अनुसन्धानमूलक लेखहरू जसमा नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका अतिरिक्त विविध विषयहरू समेटिएका छन् । वि.सं. २०७२ साल वैशाख १२ गतेको विनाशकारी भूकम्पबाट प्रभावितहरूको अधिकार संरक्षणको लागि प्रभावित

जिल्लाहरूमा अनुगमन गरी प्रतिवेदन सार्वजनिक गरेको थियो । मानव अधिकारका जान्नुपर्ने कुरा (पुस्तिका) लाई पुनः (छैटौं संस्करण) प्रकाशन गरी वितरण गरिएको छ ।

### (च) प्रेस नोट/प्रेस विज्ञप्ति

यस अवधिमा मानव अधिकारका समसामयिक विषयमा प्रेस विज्ञप्ति ३७ र प्रेस नोट १३ वटा जारी भएका छन् । जसमा विभिन्न घटनाको अनुसन्धान, दोषीउपर कारबाही, बालअधिकारको सम्मान, बेपत्ता पारिएकाहरूको अवस्था सार्वजनिक, सडक दुर्घटनातर्फ सचेत हुन, कारागार सुधार, सप्तरीको दुखद घटनाप्रति ध्यानाकर्षण, भूकम्प पीडितको उचित बसोबास, स्थानीय तह निर्वाचन अनुगमन, ट्राफिक प्रहरीसँग समसामयिक गुनासा, डुबान र बाढी पीडितको उद्धार, दण्डहीनता अन्त्य सम्बन्धमा ध्यानाकर्षण आदि विषय रहेका छन् । यस अवधिमा २ वटा पत्रकार सम्मेलन भएका छन् । विस्तृत शान्ति सम्झौता र मानव अधिकार अवस्था विषयमा २०७३ मङ्सिर ५ र स्थानीय निर्वाचन २०७४ सम्बन्धमा वैशाख २६ गतेपत्रकार सम्मेलन सम्पन्न भएका थिए ।

### (छ) सहकार्य र समन्वय

### (क) राष्ट्रिय

यस अविधमा आयोगले सहकार्य र समन्वयलाई निरन्तरतत दिएको छ। व्यवस्थापिका-संसद्को सामाजिक न्याय तथा मानव अधिकार समिति, सांसद्, सरकारी निकाय/सुरक्षा निकायका अधिकारी, आयोगका पूर्व-पदाधिकारी, नागरिक समाजका प्रतिनिधि, मानव अधिकारको क्षेत्रमाका कार्यरत मानव अधिकारकर्मीहरूसँग मानव अधिकारका विषयगत विषयमा केन्द्रित रही छलफल गर्दै आएको छ। यस आवमा ३० भन्दा बढी कार्यक्रम सरोकारवाला सङ्घसंस्थाहरूसँगको सहकार्य र समन्वयमा भएका छन् ।

### (ख) अन्तर्राष्ट्रिय

अन्तर्राष्ट्रिय रूपमा संयुक्त राष्ट्रसङ्घअन्तर्गतका निकाय, मानव अधिकार आयोगहरूको छाता सङ्गठन अन्तर्राष्ट्रिय समन्वय समिति (International Coordination Committee of NHRIs) र मानव अधिकार आयोगहरूको एसिया प्रशान्त मञ्च (Asia Pacific Forum- APF) लगायत दातृ निकायहरूसँग व्यावसायिक रूपमा आफ्नो कार्यसम्पादन गरिरहेको छ । आयोगका माननीय अध्यक्ष, सदस्य र कर्मचारी तहबाट समय-समयमा छलफल, अनुभव आदानप्रदान, तालिम आदिको लागि अन्तर्राष्ट्रिय भ्रमण हुँदै आएको छ ।यस आवमा कोरिया, इन्डोनेसिया, कतार, भारत, बेल्जियम, स्विट्जरल्यान्ड-लगायतका देशहरूमा माननीयको तहबाट १५ पटक र सचिव तथा कर्मचारीको तहबाट १६ पटक गरी

जम्मा ३१ पटक विदेश भ्रमण भएको छ। यसअन्तर्गत मानव अधिकार नीति निर्माण, आदिवासी जनजातिको अधिकार, मानव बेचबिखन तथा ओसारपसार, दिगो विकास, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको अधिकार, महिला अधिकार, बाल विवाहलगायतका विषयहरू थिए। यी र यस्ता कार्यबाट अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार हुनुका साथै राष्ट्रिय रूपमा मानव अधिकार संस्कृतिको विकास, सचेतना, समन्वय र सहकार्यमा सहयोग पुग्न गएको छ। नेपालको मानव अधिकार आयोग र कतारको मानव अधिकार समितिबीच वैदेशिक कामदारहरूको विषयमा भएको समझदारीपत्रलाई महत्त्वपूर्ण उपलब्धिका रूपमा लिन सकिन्छ।

### (ज) आयोगको वार्षिक प्रतिवेदनमाथि छलफल आरम्भ

संविधानतः आयोगले आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्नुपर्दछ। राष्ट्रपतिले प्रधानमन्त्रीमार्फत सो प्रतिवेदन व्यवस्थापिका-संसद्समक्ष पेस गर्ने संवैधानिक व्यवस्था रहेको छ। विगत वर्षसम्म छलफलमा आउन नसकेको आयोगको वार्षिक प्रतिवेदन यस आवबाट छलफलमा आएको छ। सामाजिक न्याय तथा मानव अधिकार समितिले आयोगको वार्षिक प्रतिवेदनलाई छलफलमा ल्याई आयोगका सिफारिस कार्यान्वयनका लागि सरकारलाई निर्देशन दिनुले पनि मानव अधिकारको संरक्षण र संवर्द्धनमा थप टेवा पुग्ने देखिन्छ।

## चुनौतीहरू

### (क) दण्डहीनताको अवस्था

राजनीतिक अस्थिरता, अस्थिर एवम् कमजोर सरकार, कानुन कार्यान्वयनको फितलो अवस्था र मानव अधिकार उल्लङ्घनका दोषी एवम् अपराधमा संलग्न व्यक्तिहरूलाई राजनीतिक संरक्षणका कारण मुलुकमा दण्डहीनताको अवस्था विद्यमान छ। रामाअआबाट दोषी किटानी गरिएका तथा अदालतबाट सजायको फैसला भएका व्यक्तिहरूलाई समेत प्रभावकारी कानुनी कारबाही नहुँदा दण्डहीनताले प्रश्रय पाएको छ। सर्वोच्च अदालतका फैसला कार्यान्वयनको अवस्था, आयोगले नेपाल सरकारलाई गरेका सिफारिस (१४.३ प्रतिशत पूर्ण कार्यान्वयन, ४७.९ प्रतिशत आंशिक कार्यान्वयन र ३७.८ प्रतिशत सिफारिसहरूउपर कुनै सम्बोधन हुन नसकेको) न्यून कार्यान्वयन हुनुले पनि दण्डहीनताको झझल्को दिन्छ। अधिकार प्राप्तिका नाममा हुने शान्तिपूर्ण आन्दोलन कतिपय अवस्थामा हिंसात्मक हुन पुग्दा आन्दोलनकारीहरूबाट आयोगकै माननीय सदस्यसहितको सवारी साधन तोडफोड गरिनुजस्ता कार्यले पनि मानव अधिकारको संरक्षणमा प्रशस्त चुनौती देखिएको अवस्था छ।

### (ख) सङ्क्रमणकालीन परिवेश

१० वर्षे सशस्त्र द्वन्द्वपछिको अवस्था र शान्ति प्रक्रिया (सङ्क्रमणकालीन मुद्दाको सम्बोधन हुन नसकेको अवस्था) एवम् संविधान कार्यान्वयन सन्दर्भमा मुलुकले अपेक्षित गति लिन सकेको छैन। करिब २ दशकपश्चात् सङ्घीय प्रणालीअन्तर्गत स्थानीय तहको निर्वाचन भए पनि मुलुकले सङ्क्रमणकालीन अवस्थाबाट पार पाउन सकेको छैन। यसको प्रत्यक्ष नकरात्मक प्रभाव कानुनी शासन र मानव अधिकार संरक्षण, संवर्द्धन र मानव अधिकार संस्कृतिको विकासमा परेको छ। द्वन्द्वका क्रममा भएका मानव अधिकार हननका घटनाहरूको सम्बोधन हुन नसक्दा पीडितले न्यायको अनुभूति गर्न सकेका छैनन्। सरकार र राज्यका संयन्त्र सबल हुन नसक्दा मानव अधिकार उल्लङ्घनका दोषीहरूले उन्मुक्तिको अवस्था, कानुनी शासनको पूर्णतः अनुभूति गर्न नसक्नुले पनि मानव अधिकार संरक्षण र संस्कृतिको विकासले गति लिन नसकेको अवस्था छ।

विगतको सशस्त्र द्वन्द्वको पीडाबाट अहिले पनि समाज मुक्त हुन सकेको छैन। द्वन्द्वबाट सिर्जित घाउहरू अहिले बिसेक हुन सकेका छैनन्। सेना समायोजनजस्ता कार्य सम्पन्न भए पनि ध्वस्त भौतिक संरचना पुनः निर्माण हुन नसकेको स्थिति छ। लामो समय बितिसक्दा पनि द्वन्द्व पीडितहरूले न्यायको अनुभूति गर्न पाएका छैनन्। सङ्क्रमणकालीन न्यायलाई सम्बोधन गर्न व्यक्ति बेपत्ता छानबिन र सत्य निरूपण तथा मेलमिलाप आयोगले निर्धारित समयावधि समाप्त हुन लाग्दा पनि कानुन संशोधन हुन नसकेको अवस्था छ। वि.सं. २०७४ माघ २७ गते थपिएको समयावधिमा पनि कार्य सम्पन्न हुन सक्ने अवस्था विद्यमान देखिँदैन।

### (ग) आयोगका सिफारिस कार्यान्वयन नहुनु

यस आवमा पनि मानव अधिकार उल्लङ्घन, हनन एवम् दुरुत्साहन भएको भनी परेका उजुरी, नयाँ र पुराना उजुरीउपर अनुसन्धान गरी क्षतिपूर्ति एवम् कानुनी कारबाहीका लागि गरिएका सिफारिसहरू कार्यान्वयन हुन नसकेको अवस्था छ। आयोगले नेपाल सरकारलाई गरेका सिफारिसहरूमध्ये (१४.३ प्रतिशत पूर्ण कार्यान्वयन, ४७.९ प्रतिशत आंशिक कार्यान्वयन र ३७.८ प्रतिशत सिफारिसउपर कुनै सम्बोधन हुन छैन। कार्यान्वयन भएका सिफारिसहरू क्षतिपूर्ति उपलब्ध गराउने विषयसँग मात्र सम्बन्धित छन्। मानव अधिकार उल्लङ्घनका घटनामा संलग्नहरूमाथि कानुनी कारबाही र घटनाको अनुसन्धान गरी कानुनी कारबाही गर्नू भनी गरिएका सिफारिसहरूको कार्यान्वयन अवस्था अत्यन्त दयनीय छ।

### (घ) सरकारबाट अपेक्षित सहयोग प्राप्त नहुनु

सरकारी निकायबाट मानव अधिकारको सम्मान, संरक्षण, परिपालन र मानव अधिकार संस्कृति विकासको लागि अपेक्षित सहयोग प्राप्त हुन हुन सकेको छैन। विशेषतः विशेष

प्रकृतिका कार्यक्रम सम्पन्न गर्नका लागि आवश्यकता र औचित्यताको आधारमा गरिने कतिपय कार्यक्रमामा अर्थमन्त्रालयबाट मागबमोजिमको बजेट उपलब्ध हुन नसकेको अवस्था छ। प्रतिनिधिसभा र प्रदेशसभाको पहिलो चरणको निर्वाचन अनुगमनको लागि माग गरिएको बजेट निर्वाचनको दिन उपलब्ध गराइएको थियो। त्यसै गरी मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन आयोजनाको लागि बजेट उपलब्ध हुन सकेन। यसबाट आयोगका कामकारबाहीहरू प्रभावित हुन पुगेका छन्।

### (ङ) कानुनी अपर्याप्तता

संविधानले मुलुक सङ्घीय संरचनामा प्रवेश गरिसकेपछि अन्य आयोगहरूको हकमा प्रादेशिक सरचनाको बारेमा बोलेको छ। रामअआको बारेमा यस विषयमा संविधान मौन छ। यो विषय र आयोगले गरेका सिफारिस उपर महान्यायाधिवक्ता कार्यालयले अनिवार्य रूपमा मुद्दा चलाउनु पर्ने विषयमा समेत आयोगले राष्ट्रिय मानव अधिकार आयोग ऐनमा संशोधनको लागि गत आवमा नै संशोधन प्रस्ताव पेश गरेकोमा सरकारबाट सो प्रस्ताव व्यवस्थापिका संसद् समक्ष पठाइएको छैन। त्यस्तै अवस्था आयोगका कर्मचारीहरूको सेवा, शर्त र सुविधा सम्बन्धी विधेयकमा पनि रहेको छ।

### (च) रामअआ र अन्य आयोगबीच सम्बन्ध

संविधानले राष्ट्रिय मानव अधिकार आयोगका अतिरिक्त मानव अधिकारसँग प्रत्यक्ष सम्बन्ध राख्ने ६ वटा आयोगको स्थापना गरेको छ। यसमा राष्ट्रिय समावेशी आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय महिला आयोग, आदिवासी जनजाति आयोग, मधेसी आयोग, थारू आयोग र मुस्लिम आयोग छन्। रामअआ र यी आयोगबीच क्षेत्राधिकार, कार्य प्रकृति र प्रतिवेदनमा फरक मत सम्बन्धमा प्रस्ट हुनु आवश्यक भइ सम्बन्धित विधेयकमा सुझाव प्रस्तुत गरेको थियो। तर आयोगले दिएका कुनैपनि सुझाव समावेश नभई ती विधेयकहरू परित भएर आएको अवस्थामा ती आयोगहरू र यस आयोगबीचको समन्वय चुनौतीपूर्ण रहेको छ।

### (छ) भौतिक पूर्वाधारको अभाव

आयोगले स्थापनाकालदेखि नै उचित र पर्याप्त भौतिक पूर्वाधारको अभावमा कार्य गर्दै आएको छ। गत २०७२ वैशाखमा आएको भूकम्पबाट केन्द्रीय कार्यालयको भवन क्षतिग्रस्त भई काममा अवरोध पुगेको थियो। हाल पुरानो भवनको अगाडि खाली रहेको जग्गामा प्रिफ्याव निर्माण गरी कार्य सञ्चालन गर्दै आएको छ। जनशक्तिको तुलनामा उचित पूर्वाधार तयार नहुँदा आयोगको कामकारबाहीमा बाधा पुग्न गएको अवस्था छ। यस बाहेक आयोगका अन्य कार्यलयहरूको अवस्था पनि यस्तै रहेको छ। सरकारबाट यसतर्फ गम्भीरतापूर्वक ध्यान दिनुपर्ने आवश्यकता रहेको छ।

### (ज) मानव अधिकारमैत्री संस्कृति विकास सुस्त गतिमा

मानव अधिकारको संस्कृतिको विकासबिना सभ्य समाजको परिकल्पना गर्न सकिँदैन। समाजको विकासक्रमलाई हेर्दा मानव अधिकारको क्षेत्रमा धेरै कार्यहरू भए पनि मानव अधिकार संस्कृतिको विकास सन्तोषजनक वा द्रुत गतिमा हुन सकेको छैन। यसबाट प्रत्येक व्यक्ति, संस्था, वर्ग, समुदायमा मानव अधिकारको अनुभूति हुन नसकेको अवस्था छ। यसको लागि विशेष गरी सबै राजनीतिक दलहरू र सरकारको भूमिका पूर्ण सकारात्मक नहुँदा चुनौति कम हुन सकेको छैन।

### (झ) रुढीवादी मानसिकताको विद्यमानता

अहिले पनि नेपाली समाजको ठूलो हिस्सा रुढीग्रस्त मानसिकताबाट गुज्रिरहेको छ। बोक्सी, छाउपडी प्रथा र दहेजजस्ता कुप्रथा विद्यमान छन्। बोक्सी, छाउपडी र दहेज प्रथाको सिकार विशेषतः महिलाहरूले बन्नुपरेको अवस्था छ। बोक्सी भनी दिसा खुवाउने, कपाल मुड्ने र ज्यान लिने, दहेज नल्याएको वा कम ल्याएको भनी कुटपिट र जिउँदै जलाइने कार्य सामान्यजस्तै बनेको छ। छाउपडी प्रथाका कारण कतिपय महिलाले ज्यानसमेत गुमाउनुपरेको छ।

### (ञ) समन्वयको अभावमा वाञ्छित प्रतिफल प्राप्त नहुनु

वर्तमान अवस्थामा सरोकारवाला निकायहरूबीच मानव अधिकार र विकासका मुद्दामा समन्वय र सहकार्यको अभाव देखिन्छ। फलतः सरकारी-सरकारी, सरकारी र गैरसरकारी एवम् गैरसरकारी-गैरसरकारी निकायबीच काम नहुने, दोहोरिने तथा काम पन्छाउने मनोवृत्तिको विकास हुन पुगको छ। समयमा कार्य सम्पादन हुन नसक्दा बजेट फ्रिज हुने हुनाले अन्तिम समयमा हतारमा कार्य हुने गरेको छ। फलतः लगानीअनुरूप अपेक्षित परिणाम प्राप्त हुन सकेको छैन।

### (ट) राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाहरूको खर्च अपारदर्शी हुनु

मानव अधिकारको संरक्षण र संवर्द्धनका क्षेत्रमा कार्यरत राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाहरूको खर्च पारदर्शी हुन वा बनाउन नसक्दा जनमानसमा नकरात्मक सन्देह प्रवाह हुन पुगेको छ। अर्थ मन्त्रालयको वेवसाइटमा आयोगको नाममा विभिन्न सहयोग भनी उल्लेख गरिए पनि आयोगलाई कुनै आधिकारिक जानकारी प्राप्त हुन सकेको छैन। यसबाट ऐन, नियमको परिधिभित्र रही कार्यरत संङ्घसंस्थाहरूमा नकरात्मक असर पर्न गएको अवस्था छ।

**चुनौती समाधानका सम्भावित उपायहरू**

उपर्युक्त चुनौतीहरूलाई सम्बोधन गर्न आयोगले निम्नानुसारका सुझावहरू प्रस्तुत गरेको छ :

**नेपाल सरकारलाई**

(क) संविधान कार्यान्वयनका लागि समय-सीमाभित्रै मौलिक हकलगायतका मानव अधिकारसँग सम्बन्धित विषयमा तत्काल मानव अधिकारमैत्री कानुन निर्माणका लागि आवश्यक कार्य गर्न,

(ख) संविधान कार्यान्वयनको वातावरण तय गर्न,

(ग) राष्ट्रिय मानव अधिकार आयोग ऐन संशोधन र मानव अधिकार सेवा विधेयकलाई तत्काल संसद्बाट पारित गर्ने व्यवस्था मिलाउन,

(घ) आयोगका सिफारिसहरू कार्यान्वयनको सुनिश्चिततताको लागि सरकारी मुद्दासम्बन्धी नियमावली तत्काल संशोधन गर्न,

(ङ) आयोगको अनुगमन, अनुसन्धान एवम् संवर्द्धनात्मक कार्यबाट प्राप्त तथ्य/प्रमाणका आधारमा मानव अधिकारको उल्लङ्घन, हनन तथा ज्यादती र मानवीय कानुनको उल्लङ्घनसम्बन्धमा आयोगबाट गरिएका सिफारिसहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न,

(च) बेपत्ता पारिएका व्यक्ति छानबिन र सत्यनिरूपण तथा मेलमिलाप आयोगलाई आवश्यक पर्ने कानुन निर्माणको वातावरण तयार गर्न साथै आवश्यक र दक्ष जनशक्ति उपलब्ध गराउन

(छ) दण्डहीनताको अन्त्यको लागि गैरकानुनी कार्यमा संलग्न वा अदालतबाट दोषी ठहरिएका सबैलाई कानुनी दायरामा ल्याउन,

(ज) कानुनी शासन र मानव अधिकारको सम्मान गर्दै दण्डहीनताको अन्त्य गर्न,

(झ) आयोगको वार्षिक प्रतिवेदन व्यवस्थापिका-संसद्मा पेस गरी छलफललाई निरन्तरता दिने वातावरण निर्माण गर्न,

(ञ) आयोगलाई आवश्यक आर्थिक तथा भवनलगायत भौतिक स्रोत साधन उपलब्ध गराउन,

(ट) आयोगको काममा बाधाअवरोध पुग्ने गरी समयसमयमा अर्थ मन्त्रालयबाट हुने गरेका अवरोधको अन्त्य गर्न,

(ठ) राजनीतिक हस्तक्षेप नगरी कानुनतः अपराध अनुसन्धान कार्यमा आवश्यक सहयोग पुऱ्याउन र

(ड) मानव अधिकारसम्बन्धीराष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गर्न-गराउन ।

**राजनीतिक दलहरूलाई**

(क) दण्डहीनतालाई प्रश्रय नदिन र कानुनी शासनको सम्मान गर्न,

(ख) संविधानतः मानव अधिकारमैत्री कानुन निर्माणका लागि पहल गन

(ग) शान्तिसुरक्षा कायम गर्नका लागि सरकारलाई विशेष सहयोग गर्न,

(घ) आफ्ना विरोधका कार्यक्रम शान्तिपूर्ण र मानव अधिकारका मूल्य-मान्यताभित्र रही सञ्चालन गर्न र

(ङ) मानव अधिकारका मुद्दामा साझा अवधारणा निर्माण गरी अगाडि बढ्न ।

**भावी कदमहरू**

मानव अधिकारको संरक्षण, संवर्द्धन, परिपालना र संस्कृति विकासबिना सभ्य समाज र राष्ट्रको परिकल्पना सम्भव छैन । यी कार्यलाई सार्थक रूप दिन आयोगले संविधान र ऐनको सीमाभित्र रही आफ्ना कार्य गर्दै आएको छ । विशेषतः आयोगद्वारा तर्जुमा गरिएको रणनीतिक योजना (२०१५–२०२०) को आधारमा आयोग अगाडि बढिरहेको अवस्था छ ।

विगतमा झैँ भावी दिनहरूमा आयोगले रणनीतिक योजनामा निर्धारण गरेका लक्ष्य हासिल गर्नका लागि अगाडि बढ्नेछ । यसका लागि संसद्, सरकार, संवैधानिक निकाय, राजनीतिक दल, नागरिक समाज, गैसस एवम् सरोकारवालाहरू (नागरिक) सँगको सहकार्य र समन्वयलाई थप प्रभावकारी बनाउनेछ । यसका साथै मानव अधिकारसँग सम्बन्धित राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय सङ्घसंस्था/दातृ निकाय आदिसँग समन्वय र सहकार्यलाई अझ मजबुत तुल्याउनेछ ।

आयोगको ऐनमा देखिएका कमजोर प्रावधानको संशोधन, मानव अधिकार उल्लङ्घनकर्ताको अभिलेख राख्न तथा आयोगका सिफारिसहरू कार्यान्वयनका लागि विशेष कार्ययोजनाका साथ सरकार र सम्बन्धित निकायलाई थप दबाब दिनेछ । मानव अधिकारमैत्री कानुन निर्माण, त्यसको कार्यान्वयन (३ वटै तह– स्थानीय, प्रदेश र केन्द्र) फौजदारी अदालतसम्बन्धी रोम विधान, बेपत्ता विरुद्धको अन्तर्राष्ट्रिय महासन्धिलगायतका मानव अधिकारसम्बन्धी महासन्धि अनुमोदन गराउनका लागि आफ्नो भूमिकालाई थप प्रभावकारी बनाउनेछ । यसका साथै नेपाल पक्ष भएका विभिन्न महासन्धिअनुरूप राज्यलाई दायित्व निर्वाह गर्न सहयोग पुऱ्याउने एवम् विश्वव्यापी आवधिक समीक्षामा नेपाललाई प्राप्त सिफारिसहरूको कार्यान्वयन गर्ने-गराउनेतर्फ थप पहल गर्नेछ ।

रणनीतिक योजनाद्वारा निर्धारित प्रक्रिया अवलम्बन गरी आयोगले आगामी वर्षमा घरघरमा मानव अधिकार सन्देश पुऱ्याउने कार्यलाई निरन्तरता दिनेछ । मानव अधिकारको संरक्षण,

संवर्द्धन र संस्कृति विकासका लागि राष्ट्रिय मानव अधिकार प्रतिष्ठानलाई मूर्तरूप दिनेछ। अनुसन्धान कार्यलाई थप प्रभावकारी रूपमा अगाडि बढाउनुका साथै जिल्ला-जिल्लामा मानव अधिकारका चुनौती विषयमा प्राथमिकता भनी निर्धारण गरिएका मुद्दालाई सम्बोधन गर्न योजनागत कार्य अगाडि बढाउनेछ। रणनीतिक योजनलाई समायसापेक्ष परिमार्जन गरी मानव अधिकारका जल्दाबल्दा मुद्दालाई सम्बोधन गरिनेछ।

घरघरमा मानव अधिकार, शान्ति र विकासको आधार ! आह्वानलाई सार्थक तुल्याउनु आयोगको दायित्व हो । बिनाभेदभाव, बिनाधर्म, जात, रङ, वर्ण सबैका लागि सधैँका लागि लागू हुने मानव अधिकारको कुनै सीमा पनि हुँदैन । मानव अधिकारका मूलभूत वा स्थापित मूल्य-मान्यताबिना समानता, न्याय, मानव मर्यादाको परिकल्पना पनि सम्भव हुँदैन । अतः राष्ट्रिय वा अभिभावकीय संस्थाको हैसियतले आयोगले विगतबाट अनुभव लिई सविधान, ऐन र रणनीतिक योजनामा केन्द्रित भई आफ्ना कामकारबाहीहरूलाई समयानुकूल अगाडि बढाउनुपर्ने आवश्यकता छ।

# अनुसूची–१

## आयोगमा कार्यरत पदाधिकारी र कर्मचारीहरू

| क्र. स | नाम | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री अनूप राज शर्मा | माननीय अध्यक्ष | |
| २ | श्री प्रकाश वस्ती | माननीय सदस्य | |
| ३ | श्री सुदिप पाठक | माननीय सदस्य | |
| ४ | श्री मोहना अन्सारी | माननीय सदस्य | |
| ५ | श्री गोविन्द शर्मा पौड्याल | माननीय सदस्य | |
| ६ | श्री वेदप्रसाद भट्टराई | सचिव | |

**सचिवालय**

| | | | |
|---|---|---|---|
| ७ | उमा जोशी | मानव अधिकार अधिकृत | स्वकीय सचिव, माननीय अध्यक्ष |
| ८ | रविलाल नेपाली | अधिकृत तृतीय | स्वकीय सचिव, माननीय सदस्य |
| ९ | सुजाता लोहनी | अधिकृत तृतीय | स्वकीय सचिव, माननीय सदस्य |
| १० | सुशिला रिजाल | अधिकृत तृतीय | स्वकीय सचिव, माननीय सदस्य |
| ११ | निलम परियार | सहायक प्रथम | स्वकीय सचिव, माननीय सदस्य |
| १२ | नरबहादुर घर्ती | सवारी चालक | |
| १३ | यादव पौडेल | सवारी चालक | |
| १४ | रामकृष्ण थारु | सवारी चालक | |
| १५ | भरत गिरी | सवारी चालक | |
| १६ | भीमबहादुर खत्री | सवारी चालक | |
| १७ | प्रमोद राय | कार्यालय सहयोगी | |
| १८ | बिन्दा पाण्डे | कार्यालय सहयोगी | |
| १९ | शर्मिला तामाङ | कार्यालय सहयोगी | |
| २० | सरोज कार्की | कार्यालय सहयोगी | |
| २१ | सूर्यकान्त खतिवडा | कार्यालय सहयोगी | |

**प्रशासन महाशाखा**

| | | | |
|---|---|---|---|
| २२ | लोकनाथ बास्तोला | मानव अधिकार अधिकृत | |
| २३ | घनश्याम भण्डारी | मानव अधिकार अधिकृत | |
| २४ | कल्पना बस्याल घिमिरे | प्रशासकीय अधिकृत | |
| २५ | बाबुकाजी केसी | सुरक्षा अधिकृत | |
| २६ | सागर श्रेष्ठ | सहायक प्रथम | |
| २७ | अनिजकुमार परियार | सहायक प्रथम | |
| २८ | मिथिला बिहारी हुजेदार | सहायक प्रथम | |

| | | | |
|---|---|---|---|
| २९ | अजिता ढकाल | कार्यालय सहयोगी | |
| ३० | विनिता केसी | कार्यालय सहयोगी | |
| ३१ | इन्दीरा पोखरेल | कार्यालय सहयोगी | |
| ३२ | लालबहादुर लामा | कार्यालय सहयोगी | |
| ३३ | लक्ष्मण राना | कार्यालय सहयोगी | |
| ३४ | प्रदीप सुवेदी | कार्यालय सहयोगी | |
| ३५ | राधा दहाल | कार्यालय सहयोगी | |
| ३६ | राजन सापकोटा | कार्यालय सहयोगी | |
| ३७ | रोजिना तामाङ | कार्यालय सहयोगी | |
| ३८ | सावित्रा मरासिनी | कार्यालय सहयोगी | |
| ३९ | तारा बास्तोला | कार्यालय सहयोगी | |
| ४० | शान्ता सेढाईं | कार्यालय सहयोगी | |
| ४१ | कुमार तामाङ | सवारी चालक | |
| ४२ | बालमुकुन्द कार्की | सवारी चालक | |
| ४३ | भीमबहादुर लामा | सवारी चालक | |
| ४४ | राजकुमार घिमिरे | सवारी चालक | |
| ४५ | रामशरण श्रेष्ठ | सवारी चालक | |
| ४६ | संग्रामजीत लामा | सवारी चालक | |
| ४७ | श्रीराम कार्की | सवारी चालक | |
| ४८ | कृष्ण श्रेष्ठ | सुरक्षा गार्ड | |
| ४९ | खगेन्द्र थापा मगर | सुरक्षा गार्ड | |
| ५० | प्रेमकुमार चौधरी | सुरक्षा गार्ड | |
| ५१ | चन्द्रकला विष्ट | क्लिनर | |
| ५२ | हीरामाया महर्जन | क्लिनर | |
| ५३ | इन्द्रबहादुर सुवाल | माली | |
| ५४ | नारायण महर्जन | माली | |

**अनुसन्धान महाशाखा**

| | | | |
|---|---|---|---|
| ५५ | यज्ञप्रसाद अधिकारी | उपनिर्देशक | |
| ५६ | कल्पना झा | मानव अधिकार अधिकृत | |
| ५७ | खिमानन्द बस्याल | मानव अधिकार अधिकृत | |
| ५८ | गीताकुमारी दाहाल | मानव अधिकार अधिकृत | |
| ५९ | गीता श्रेष्ठ | मानव अधिकार अधिकृत | |
| ६० | जीवन न्यौपाने | मानव अधिकार अधिकृत | |
| ६१ | दीपेन्द्रबहादुर सिंह | मानव अधिकार अधिकृत | |
| ६२ | नीतु गर्तौला | मानव अधिकार अधिकृत | |
| ६३ | मञ्जु खतिवडा रेग्मी | मानव अधिकार अधिकृत | |
| ६४ | मायादेवी शर्मा | मानव अधिकार अधिकृत | |
| ६५ | रेगम महर्जन | मानव अधिकार अधिकृत | |

| | | | |
|---|---|---|---|
| ६६ | श्री राम अधिकारि | मानव अधिकार अधिकृत | |
| ६७ | पबीत्रा भण्डारि | मानव अधिकार अधिकृत | |
| ६८ | लोककुमार श्रेष्ठ | मानव अधिकार अधिकृत | |
| ६९ | मन्दिरा श्रेष्ठ | मानव अधिकार अधिकृत | |
| ७० | मुक्तिराम सुबेदि | सहायक प्रथम | |
| ७१ | तारा वाग्ले | मानव अधिकार अधिकृत | |

**पर्वद्धन महाशाखा**

| | | | |
|---|---|---|---|
| ७२ | कोषराज न्यौपाने | उपनिर्देशक | |
| ७३ | हरिप्रसाद ज्ञवाली | मानव अधिकार अधिकृत | |
| ७४ | दुर्गा पोखरेल | मानव अधिकार अधिकृत | |
| ७५ | लक्ष्मी राई | प्रशासकीय अधिकृत | |
| ७६ | डेगराज भट्टराई | सहायक प्रथम | |

**अन्तर्राष्ट्रिय सन्धि अनुगमन महाशाखा**

| | | | |
|---|---|---|---|
| ७७ | वद्रीप्रसाद सुवेदी | मानव अधिकार अधिकृत | |
| ७८ | लोकनाथ बास्तोला | मानव अधिकार अधिकृत | |
| ७९ | सोमनाथ सुवेदी | मानव अधिकार अधिकृत | |
| ८० | मनमाया रानामगर | मानव अधिकार अधिकृत | |
| ८१ | कुमारी शरण उँराव | मानव अधिकार अधिकृत | |
| ८२ | किरणप्रसाद घिमिरे | सहायक प्रथम | |
| ८३ | माया गैरे | सहायक प्रथम | |

**सामूहिक अधिकार महाशाखा**

| | | | |
|---|---|---|---|
| ८४ | वीरबहादुर बुढामगर | मानव अधिकार अधिकृत | |
| ८५ | मधु सुनाम | मानव अधिकार अधिकृत | |

**आर्थिक व्यवस्थापन महाशाखा**

| | | | | |
|---|---|---|---|---|
| ८६ | ७९ | रारा कर्माचार्य | लेखा अधिकृत | |
| ८७ | ८० | जितेन्द्र कार्की | लेखापाल | |
| ८८ | ८१ | सफला लामिछाने | लेखापाल | |
| ८९ | ८२ | ज्ञानेन्द्र महर्जन | कार्यालय सहयोगी | |

**लैङ्गिक, सामाजिक समावेशी महाशाखा**

| | | | |
|---|---|---|---|
| ९० | सरिता ज्ञवाली | मानव अधिकार अधिकृत | |
| ९१ | दीपा आचार्य अधिकारी | मानव अधिकार अधिकृत | |

**कानुन महाशाखा**

| | | | |
|---|---|---|---|
| ९२ | श्यामबाबु काफ्ले | मानव अधिकार अधिकृत | |
| ९३ | दिव्यकुमार झा | मानव अधिकार अधिकृत | |
| ९४ | रञ्जिता साह | मानव अधिकार अधिकृत | |
| ९५ | मणिराम थापा | सहायक प्रथम | |

**नीति, योजना तथा योजना महाशाखा**

| | | | |
|---|---|---|---|
| ९६ | टीकाराम पोखरेल | उपनिर्देशक | |
| ९७ | जायश्वर चापागाई | मानव अधिकार अधिकृत | |
| ९८ | दीपक नेपाली | मानव अधिकार अधिकृत | |
| ९९ | कृष्णनारायण श्रेष्ठ | सहायक प्रथम | |

**मानव बेचबिखनविरुद्ध समधीक्षकको कार्यालय**

| | | | |
|---|---|---|---|
| १०० | कमल थापा क्षेत्री | मानव अधिकार अधिकृत | |
| १०१ | यशोदा बन्जाडे | मानव अधिकार अधिकृत | |

**बैठक सम्बन्ध एकाइ**

| | | | |
|---|---|---|---|
| १०२ | वासुदेव बजगाईं | मानव अधिकार अधिकृत | |

**प्रतिवेदन एकाइ**

| | | | |
|---|---|---|---|
| १०३ | कैलाशकुमार सिवाकोटी | मानव अधिकार अधिकृत | |

**सूचना प्रविधि एकाइ**

| | | | |
|---|---|---|---|
| १०४ | सुवोध पोखरेल | मानव अधिकार अधिकृत | |
| १०५ | रिदिप खनाल | सूचना प्रविधि अधिकृत | |
| १०६ | रविता त्वाती | सूचना प्रविधि अधिकृत | |
| १०७ | समन मानन्धर | सूचना प्रविधि तथा अभिलेख सहायक | |
| १०८ | अस्मिता पोखरेल | सूचना प्रविधि तथा अभिलेख सहायक | |
| १०९ | पद्मा जिसी | सूचना प्रविधि तथा अभिलेख सहायक | |

**मानव अधिकार स्रोत केन्द्र**

| | | | |
|---|---|---|---|
| ११० | सीता रेग्मी | सहायक प्रथम | |

**क्षेत्रीय कार्यालय, विराटनगर**

| | | | |
|---|---|---|---|
| १११ | झंकरबहादुर रावल | मानव अधिकार अधिकृत | |
| ११२ | नवराज सापकोटा | मानव अधिकार अधिकृत | |

| | | | |
|---|---|---|---|
| ११३ | पम्फादेवी मैनाली | मानव अधिकार अधिकृत | |
| ११४ | प्रमोद नेपाल | लेखा अधिकृत | |
| ११५ | रेखा दत्त | मानव अधिकार अधिकृत | |
| ११६ | सन्तोष आचार्य | मानव अधिकार अधिकृत | |
| ११७ | सन्ध्याकुमारी पुडासैनी | मानव अधिकार अधिकृत | |
| ११८ | खिला रेग्मी | सहायक प्रथम | |
| ११९ | राजीवकुमार कर्ण | सहायक प्रथम | |
| १२० | भीमसेन थापा मगर | सहायक प्रथम | |
| १२१ | विन्दा अधिकारी | लेखापाल | |
| १२२ | देवेन्द्र रेग्मी | कार्यालय सहयोगी | |
| १२३ | मथुरा थापा रेग्मी | कार्यालय सहयोगी | |
| १२४ | विष्णु पराजुली | सवारी चालक | |
| १२५ | पदमबहादुर श्रेष्ठ | सुरक्षा गार्ड | |
| १२६ | शेरसिंह दर्लामी मगर | सुरक्षा गार्ड | |
| १२७ | ज्ञानचन्द्र राजवंशी | सुरक्षा गार्ड | |

## क्षेत्रीय कार्यालय, जनकपुर

| | | | |
|---|---|---|---|
| १२८ | सुवर्ण कर्माचार्य | निर्देशक | |
| १२९ | उषाकिरण मेघी | मानव अधिकार अधिकृत | |
| १३० | भुवन नाथ | लेखा अधिकृत | |
| १३१ | चीरञ्जीवी कोइराला | मानव अधिकार अधिकृत | |
| १३२ | दीपक यादव | मानव अधिकार अधिकृत | |
| १३३ | रेवा रेग्मी | मानव अधिकार अधिकृत | |
| १३४ | नवलकिशोर सिंह | सुचना प्रविधि सहायक | |
| १३५ | निर्मला बोगटी | लेखापाल | |
| १३६ | पवन भण्डारी | सहायक प्रथम | |
| १३७ | विभा ढुङ्गाना | जनसम्पर्क सहायक | |
| १३८ | रामनन्दन साह | कार्यालय सहयोगी | |
| १३९ | शशिभुषण सिंह | कार्यालय सहयोगी | |
| १४० | सरोजकुमार मण्डल | सवारी चालक | |
| १४१ | अभिमन्युकुमार सिंह | सुरक्षा गार्ड | |
| १४२ | गम्भीरकान्त झा | सुरक्षा गार्ड | |
| १४३ | रामविनय मण्डल | सुरक्षा गार्ड | |

## क्षेत्रीय कार्यालय, पोखरा

| | | | |
|---|---|---|---|
| १४४ | सूर्यबहादुर देउजा | उपनिर्देशक | |
| १४५ | सम्झना शर्मा | प्रशासकीय अधिकृत | |
| १४६ | खिमलाल सुवेदी | मानव अधिकार अधिकृत | |
| १४७ | ज्योतिप्रसाद घिमिरे | मानव अधिकार अधिकृत | |
| १४८ | मोहन काफ्ले | मानव अधिकार अधिकृत | |

| | | | |
|---|---|---|---|
| १४९ | रेखा बास्तोला | मानव अधिकार अधिकृत | |
| १५० | कृष्णप्रसाद अधिकारी | लेखापाल | |
| १५१ | विनोद परियार | सहायक प्रथम | |
| १५२ | हरि तामाङ | सवारी चालक | |
| १५३ | देवु खवास | कार्यालय सहयोगी | |
| १५४ | सन्तोष बराल | स.प्र.तथा अभिलेख सहायक | |
| १५५ | दामोदर पौडेल | सुरक्षा गार्ड | |
| १५६ | रेशमलाल लम्साल | सुरक्षा गार्ड | |
| १५७ | सन्तोष गायक | सुरक्षा गार्ड | |

### क्षेत्रीय कार्यालय, नेपालगञ्ज

| | | | |
|---|---|---|---|
| १५८ | मुरारीप्रसाद खरेल | उपनिर्देशक | |
| १५९ | रमेशकुमार थापा | मानव अधिकार अधिकृत | |
| १६० | द्वारिकाकुमारी अधिकारी | मानव अधिकार अधिकृत | |
| १६१ | टङ्कप्रसाद खनाल | मानव अधिकार अधिकृत | |
| १६२ | लक्ष्मी पौडेल | मानव अधिकार अधिकृत | |
| १६३ | विजया उप्रेती, मैनाली | लेखा अधिकृत | |
| १६४ | अजितकुमार ठाकुर | सहायक प्रथम | |
| १६५ | सुलोचना चौधरी | स.प्र.तथा अभिलेख सहायक | |
| १६६ | रेशमबहादुर थापा मगर | सवारी चालक | |
| १६७ | टीकाराम अधिकारी | कार्यालय सहयोगी | |
| १६८ | सन्तोष चन्द | कार्यालय सहयोगी | |
| १६९ | गणेशबहादुर बुढामगर | सुरक्षा गार्ड | |
| १७० | भरतसिंह परियार | सुरक्षा गार्ड | |
| १७१ | हरिबहादुर के.सी. | सुरक्षा गार्ड | |

### क्षेत्रीय कार्यालय, धनगढी

| | | | |
|---|---|---|---|
| १७२ | दीपकजङ्ध्वज कार्की | उपनिर्देशक | |
| १७३ | मोहनदेव जोशी | मानव अधिकार अधिकृत | |
| १७४ | पवनकुमार भट्ट | मानव अधिकार अधिकृत | |
| १७५ | दीपक कार्की | लेखा अधिकृत | |
| १७६ | लक्ष्मी पौडेल | मानव अधिकार अधिकृत | |
| १७७ | भुपेन्द्रबहादुर धामी | लेखापाल | |
| १७८ | महिमा चौधरी | सहायक प्रथम | |
| १७९ | विदेशराम चौधरी | सहायक प्रथम | |
| १८० | विकास राई | सवारी चालक | |
| १८१ | तिलु थापा | कार्यालय सहयोगी | |
| १८२ | वीरबहादुर साह | कार्यालय सहयोगी | |
| १८३ | गोरखबहादुर खत्री | सुरक्षा गार्ड | |

| | | | |
|---|---|---|---|
| १८४ | नृप शाही | सुरक्षा गार्ड | |
| १८५ | शङ्करराज पाठक | सुरक्षा गार्ड | |

**उपक्षेत्रीय कार्यालय, खोटाङ**

| | | | |
|---|---|---|---|
| १८६ | दीपक घिमिरे | मानव अधिकार अधिकृत | |
| १८७ | अम्बिका घिमिरे | मानव अधिकार अधिकृत | |
| १८८ | सुमित्रादेवी राई | मानव अधिकार अधिकृत | |
| १८९ | गायत्री खत्री | लेखापाल | |
| १९० | लालबहादुर राई | सहायक प्रथम | |
| १९१ | लोकनाथ घिमिरे | सहायक प्रथम | |
| १९२ | युवराज रिजाल | कार्यालय सहयोगी | |
| १९३ | अम्बरबहादुर रावल | सुरक्षा गार्ड | |
| १९४ | ज्ञानबहादुर दाहाल | सुरक्षा गार्ड | |

**क्षेत्रीय कार्यालय, बुटवल**

| | | | |
|---|---|---|---|
| १९५ | बुद्धनारायण सहनी | उपनिर्देशक | |
| १९६ | चन्द्रकान्त चापागाईं | मानव अधिकार अधिकृत | |
| १९७ | दीपक ठाकुर | मानव अधिकार अधिकृत | |
| १९८ | कल्पना नेपाल (आचार्य) | मानव अधिकार अधिकृत | |
| १९९ | अनिशकुमार पौडेल | मानव अधिकार अधिकृत | |
| २०० | विमला नेपाली (लाखे) | जनसम्पर्क सहायक | |
| २०१ | टीकाराम पन्थी | कार्यालय सहयोगी | |
| २०२ | मेनुका पोखरेल | कार्यालय सहयोगी | |
| २०३ | घनश्याम थारु चौधरी | सवारी चालक | |
| २०४ | कौशलप्रसाद सिंह | सुरक्षा गार्ड | |
| २०५ | सुर्यमणि चौधरी | सुरक्षा गार्ड | |
| २०६ | हरिप्रसाद लामिछाने | सुरक्षा गार्ड | |

**क्षेत्रीय कार्यालय, जुम्ला**

| | | | |
|---|---|---|---|
| २०७ | मानबहादुर कार्की | मानव अधिकार अधिकृत | |
| २०८ | कुमारी महरा | मानव अधिकार अधिकृत | |
| २०९ | धनराज शाही | मानव अधिकार अधिकृत | |
| २१० | रमेश रावत | मानव अधिकार अधिकृत | |
| २११ | राजेन्द्रप्रसाद न्यौपाने | सहायक प्रथम | |
| २१२ | नरेन्द्र खत्री | लेखापाल | |
| २१३ | बलसिंह सुनार | कार्यालय सहयोगी | |
| २१४ | कुम्भबहादुर महतारा | सुरक्षा गार्ड | |
| २१५ | जीवन महत | सुरक्षा गार्ड | |

## अनुसूची–२
## सङ्गठन तालिका



# अनुसूची–३
# यस वर्ष आयोगमा परेका उजुरीहरू

| महिना | केन्द्रीय कार्यालय | क्षेत्रीय कार्यालयहरू | | | | | उपक्षेत्रीय कार्यालयहरू | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ललितपुर | विराटनगर | जनकपुर | नेपालगञ्ज | धनगढी | पोखरा | खोटाङ | बुटवल | जुम्ला | |
| साउन | ६ | ६ | - | १ | १ | ४ | ३ | - | - | **२१** |
| भदौ | ८ | ५ | ४ | १ | ४ | - | १ | - | - | **२३** |
| असोज | ५ | ४ | ३ | - | ५ | - | - | १ | - | **१८** |
| कार्तिक | १ | ४ | ३ | २ | - | - | - | १ | - | **११** |
| मङ्सिर | ५ | १ | - | - | ५ | १ | १ | ५ | - | **१८** |
| पुस | ८ | ३ | २ | - | १ | - | - | १ | - | **१५** |
| माघ | ६ | - | २ | - | ३ | - | १ | ५ | १ | **१८** |
| फागुन | ३ | - | ५ | - | २ | - | ५ | - | १ | **१६** |
| चैत | ६ | १ | १ | - | १ | २ | २ | १ | - | **१४** |
| वैशाख | ५ | ३ | १ | - | १ | - | - | १ | - | **११** |
| जेठ | १४ | २ | ३ | १ | १ | १ | १ | १ | ४ | **२८** |
| असार | ६ | - | ७ | १ | २ | १ | - | - | - | **१७** |
| जम्मा | **७३** | **२९** | **३१** | **६** | **२६** | **९** | **१४** | **१६** | **६** | २१० |

## ९ महासन्धिमा आधारित उजुरीहरू

| क्र.स. | महासन्धि | विषय | केका | क्षेका | | | | | उपक्षेका | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ललितपुर | विराटनगर | जनकपुर | पोखरा | नेपालगञ्ज | धनगढी | खोटाङ | बुटवल | जुम्ला | |
| १. | नागरिक/ राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि | न्याय-प्रशासन | १६ | ७ | २ | - | १ | १७ | ६ | ६ | १ | **५६** |
| | | धम्की | १ | | | | | | | | | **१** |
| | | गैरकानुनी थुना | २ | २ | २ | | | | २ | १ | | **९** |
| | | जीवनको अधिकार | ८ | १ | | | | | | | | **९** |
| | | अपराध पीडितको अधिकार | १ | | | | | | | | | **१** |
| ५२ | तत्कालीन सुरक्षाफौजद्वारा पक्राउ परेका व्यक्तिबाट सैनिक हिरासतमा हत्या | २०७४/१/१० | ओदिन व्यारेक (बटुकदल गण) पाँचथर | |
| ५३ | ट्रेक्टरबाट ७ जनाको समूहले रड झिकिरहेको अवस्थामा मादक पदार्थ सेवन गरेका सैनिक जवान आई अश्लील शब्द प्रयोग गरी गालीगलौज, अन्धाधुन्द कुटपिट एवम् ९ राउण्ड हवाइफायरपछिको अवस्था | २०७४/१/१३ | नेपाली सेनाको गुल्म, कप्तानगञ्ज, सुनसरी | |
| ५४ | सुरक्षा गार्ड (जिल्ला अदालत) प्रह र प्रजबाट शारीरिक/मानसिक यातना | २०७४/१/१३-२० | गौतमपुर, सुनसरी | |

| | | | | |
|---|---|---|---|---|
| ५५ | प्रहरी टोलीबाट एक जनाको हत्या र एक जना घाइते तुल्याइएको भनिएको घटना सम्बन्धमा | २०७४/१/१३-२० | इप्रका अनारमनी, चारपाने ४, झापा | |
| ५६ | जबरजस्ती करणी उद्योग | २०७४/१/१३-२० | झापा | |
| ५७ | १४ वर्षीया बालिकामाथि जबरजस्ती करणी | २०७४/१/१३-२० | मोरङ | |

**क्षेका, जनकपुर**

| क्र. स. | अनुसन्धानको विषय | अनुसन्धान मिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| १. | –एक पुरुष बन्दी स्वास्थ्य उपचारबाट वञ्चित –मानसिक यातना | २०७३/६/१३ | जिल्ला कारागार शाखा, पर्सा | जम्मा २ उजुरीमाथि अनुसन्धान |
| २. | प्रहरीद्वारा यातना | २०७३/१०/८ | सिरहा | |
| ३. | जातीय विभेद | २०७३/१०/९ | सिरहा | |
| ४ | जातीय विभेद | २०७३/१०/१० | सिरहा | |
| ५. | व्यक्तिगत जग्गा उपभोगबाट वञ्चित | २०७४/२/५ | मकवानपुर | |
| ६. | निजी जग्गाबाट हाइटेन्सन लाइन वितरण | २०७४/२/५ | बारा | |
| ७. | महिला हिंसा | २०७४/२/७ | बारा | |
| ८. | –शिक्षाको अधिकारबाट वञ्चित –विद्यार्थीलाई शारीरिक सजाय | २०७४/२/५–११ | पर्सा | |
| ९. | सुरक्षाकर्मीद्वारा हत्या | २०७४/२/१६–२१ | महोत्तरी | |
| १०. | प्रहरीद्वारा दुर्व्यवहार | २०७४/२/१७ | सिराहा | |
| ११. | राहतबाट वञ्चित | २०७४/२/१७ | सिराहा | |
| १२. | न्याय-प्रशासन | २०७४/२/१७ | सिराहा | |
| १३. | तराई जनतान्त्रिक मुक्ति मोर्चाद्वारा एक डिष्ट्रिलरीसँग चन्दा माग | २०७४/२/१७ | सिराहा | |
| १४. | गाविस सचिवबाट महिलामाथि कुटपिट | २०७४/२/२० | रौतहट | |

**क्षेका, पोखरा**

| क्र. स. | अनुसन्धानको विषय | अनुसन्धान मिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| १. | स्थानीय प्रशासन एवम् स्थानीयहरूबाट खानेपानी वञ्चित | २०७३/७/५–११ | पर्वत | |
| २. | –शङ्कास्पद मृत्यु - झुण्डिएको) प्रहरी प्रशासनबाट अनुसन्धान अगाडि नबढाइएको –समाजबाट वहिष्कार एवम् भेदभाव सम्बन्धमा कानुनी कारबाही नचलाइएको | २०७३/१०/९–१५ | तनहुँ | जम्मा २ उजुरीमाथि अनुसन्धान |
| ३. | सुरक्षाकर्मीबाट बेपत्ता | २०७३/१०/९–१५ | तनहुँ | |
| ४. | तत्कालीन नेकपा (माओवादी)-का कार्यकर्ताबाट घरमा बस्न वा सम्पत्तिको उपभोग गर्नबाट वञ्चित | २०७३/१०/२६–११–३ | म्याग्दी | |
| ५. | म्याग्दी जिप्रकाबाट नाता प्रमाणित गर्न आलटाल/नागरिकता प्राप्त गर्नबाट वञ्चित - न्याय-प्रशासन ) | २०७३/१०/२६–११–३ | म्याग्दी | |
| ६. | बेनी आक्रमणको भोलिपल्ट तत्कालीन शाही नेपाली सेनाबाट भएको बम आक्रमणमा एकको मृत्यु | २०७३/१०/२६–११–३ | म्याग्दी | |
| ७. | तत्कालीन सुरक्षाकर्मी (शाही नेपाली सेना) द्वारा माओवादीको आरोपमा शिक्षण पेशामा | २०७३/१०/२६–११–३ | म्याग्दी | |

| | | | | |
|---|---|---|---|---|
| | रोक लगाउनुको साथै घरमा बस्नबाट वञ्चित | | | |
| ८. | नेपाल सरकार र नेपाल विद्यूत प्राधिकरणको मध्य-मर्स्याङ्दी १३२ के.भी. विद्युत प्रसारण लाइनबाट स्थानीय बासिन्दाहरू प्रभावित | २०७३/११/१२–१८ | भुलभुले, लमजुङ | |
| ९. | तत्कालीन नेकपा (माओवादी)-का कार्यकर्ताबाट अपहरण, कुटपिट एवम् सम्पत्तिको उपभोगबाट वञ्चित | २०७३/११/१२–१८ | लमजुङ | |
| १०. | सुरक्षाकर्मीबाट हत्या | २०७३/११/१२–१८ | लमजुङ | |
| ११. | तत्कालीन शाही नेपाली सेनाबाट व्यक्तिगत सामान जफत गरी फिर्ता नदिएको | ०७३/११/१२–१८ | गोरखा | |
| १२. | –स्थानीय बासिन्दा र प्रहरी प्रशासनबाट व्यक्तिलाई वहिष्कार एवम् धम्की दिएको सम्बन्धमा कारबाही नभएको<br>– गण्डकी मेडिकल कलेज -चरक हस्पिटल)-को लापरबाहीबाट मृत्यु भएकोमा र प्रहरी प्रशासनबाट कानुनी कारबाही नभएको | २०७४/३/१५–२१ | गोरखा<br>तनहुँ | जम्मा ३ उजुरीमाथि अनुसन्धान |
| १३. | व्यक्तिलाई गाँस, बास र कपासबाट वञ्चित गरी सुरक्षित र सम्मानपूर्वक | २०७४/३/१५–२१ | कास्की | |

| | | | | |
|---|---|---|---|---|
| | बाँच्न पाउने हकबाट वञ्चित (सम्पत्तिसम्बन्धी अधिकार) | | | |
| १४. | व्यक्तिग सम्पत्ति एवम् सुरक्षित रूपमा बाँच्न पाउने अधिकार हनन | २०७४/३/१५–२१ | गेरखा | |
| १५ | विद्यालयबाट विद्यार्थीमाथि अमानवीय र अपमानजनक व्यवहार | २०७४/३/१५–२१ | कास्की | |
| १६ | नेपाल प्रहरीबाट विश्वविद्यालयका विद्यार्थीमाथि कुटपिट तथा यातना | २०७४/३/१५–२१ | कास्की | |

**क्षेका, नेपालगञ्ज**

| क्र. स. | अनुसन्धानको विषय | अनुसन्धान मिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | व्यक्तिलाई गैरकानुनी रूपमा पक्राउ गरी यातना | २०७३/६/९–१० | बर्दिया | |
| २. | तत्कालीन .नेकपा (माओवादी)-का कार्यकर्ताद्वारा २०६३ मङ्सिर २६ बाट सम्पत्ति उपभोग गर्नबाट वञ्चित | २०७३/९/२१ | सल्यान | |
| ३. | तत्कालीन .नेकपा (माओवादी)-का कार्यकर्ताद्वारा २०५५ चैत २४ मा गोली हानी हत्या | २०७३/९/२१ | हिवल्चा, सल्यान | |
| ४. | इप्रकाको प्रहरी टोलीबाट दिइएको शारीरिक यातना | २०७३/९/२१ | थारमारे, सल्यान | |

| | | | | |
|---|---|---|---|---|
| ५ | तत्कालीन .नेकपा (माओवादी)-का कार्यकर्ताद्वारा अपहरणपश्चात् हत्या | २०७३/१०/१३ | रोल्पा | |
| ६. | २०५९ साउन ५ मा तत्कालीन शाही नेपाली सेना (नयाँ गोरख गण, दाङ)-ले होटलबाट पक्राउ गरी हत्या गरिएका व्यक्तिलाई क्षतिपूर्ति र दोषीमाथि कारबाहीको अवस्था | २०७३/१०/१४ | रोल्पा | |
| ७. | घाँस काटिरहेको अवस्थामा नेपाली सेनाले बिछ्याएको बम-विष्फोटन भई घाइते महिलाको मृत्यु भएको घटना | २०७३/१०/१५ | रोल्पा | |
| ८. | तत्कालीन नेकपा (माओवादी)-बाट अपहरणपश्चात् स्थिति अज्ञात पारिएको व्यक्तिको अवस्था सम्बन्धमा | २०७३/११/१४–२० | दाङ | |
| ९. | तत्कालीन नेकपा (माओवादी)-बाट अपहरणपश्चात् स्थिति अज्ञात पारिएको व्यक्तिको अवस्था सम्बन्धमा | २०७३/११/१४–२० | दाङ | |
| १०. | तत्कालीन सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता बनाइएका व्यक्तिको अवस्था सम्बन्धमा | २०७३/११/१४–२० | दाङ | |

| | | | | |
|---|---|---|---|---|
| ११ | तत्कालीन नेकपा (माओवादी)-बाट अपहरणपश्चात् स्थिति अज्ञात पारिएको व्यक्तिको अवस्था सम्बन्धमा | २०७३/११/१४–२० | दाङ | |
| १२ | श्रीमान् र बाबुबाट पीडित (घरेलु हिंसाा) भनिएकी महिलाको उजुरी सम्बन्धमा | २०७३/११/१४–२० | दाङ | |
| १३ | घरेलु कामका लागि काठमाडौँ लगिएकी महिला हराएको भनिएको घटना | २०७३/११/१४–२० | दाङ | |

**क्षेका, धनगढी**

| क्र. स. | अनुसन्धानको विषय | अनुसन्धान मिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| १. | टीकापुर भदौ ७ र ८ गतेको घटना (तराई आन्दोलनको क्रममा आन्दोलनकारीबाट एसएसपीसहित ८ प्रहरी र १ नाबालकको हत्या) | २०७३/४/२५–२८ र ५/२–५ | कैलाली | |
| २. | हतियार हराएको विषयमा सुदूरपश्चिम पृतना मुख्यालयमा अनुसन्धानको क्रममा आरोपित जवानहरूमाथि यातना | २०७३/५/२२–२५ | बैतडी | |
| ३. | रोजगारीबाट वञ्चित (विद्यालयमा कार्यरत शिक्षकलाई हटाइएको) | २०७३/९/३–९ | कैलाली | |

| | | | | |
|---|---|---|---|---|
| ४ | स्थानीयबाट फर्मको रूपमा कुखुरा नपाल्न धम्की | २०७३/९/३–९ | कैलाली | |
| ५ | प्रहरीको भ्यान ठक्कर दिँदा मृत्यु | २०७३/९/३–९ | कञ्चनपुर | |
| ६ | न्याय-प्रशासन (झुण्डिएर मृत अवस्थामा फेला परेकोमा प्रहरीबाट कानुनी कारबाही नचलाइएको) | २०७३/९/३–९ | कञ्चनपुर | |
| ७ | प्रहरीबाट व्यक्तिलाई यातना | २०७३/९/३–९ | इप्रका सुखड, कैलाली | |
| ८ | जबरजस्ती करणीमा प्रहरीले कानुनी कारबाही नचलाएको | २०७३/९/३–९ | कञ्चनपुर | |
| ९ | व्यक्ति बेपत्ता भएकोमा प्रहरीबाट खोजतलास नगरिएको | २०७३/९/३–९ | कैलाली | |
| १० | तत्कालीन नेकपा (माओवादी)-बाट सम्पत्ति कब्जा | २०७३/१०/९ | कैलाली | |
| ११ | प्रहरीबाट व्यक्तिमाथि दुर्व्यवहार | २०७३/१०/१० | कैलाली | |
| १२ | मगरसङ्घको नाममा रहेको जग्गा टीकापुर नविसबाट व्यक्तिलाई बिक्री | २०७३/१०/१० | कैलाली | |

**उक्षेका, खोटाङ**

| क्र. स. | अनुसन्धानको विषय | अनुसन्धान मिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| १. | पति, सासु र देउरानी मिली कर्तव्य गरी हत्या गरेको विषयमा प्रहरीले किटानी जाहेरी दर्ता नगरेको | २०७३/६/८ | ओखलढुङ्गा | |

| | | | | |
|---|---|---|---|---|
| २. | बोक्सीको आरोपमा ७२ वर्षिया वृद्धमाथि कुटपिट/घाइते तुल्याएकोमा जाहेरी दर्ता भए पनि आरोपित पीडकद्वयलाई उन्मुक्ति दिन खोजेको | २०७३/७/४–१० | जिल्ला प्रहरी कार्यालय, खोटाङ | |
| ३. | आरोपित व्यक्तिसँग नाम मिलेकै आधारमा निर्दोषलाई पक्राउ गरी प्रहरी हिरासतमा राखिएको | २०७४/१/१५–१८ | जिल्ला प्रहरी कार्यालय, खोटाङ | |
| ४. | –तत्कालीन सुरक्षा फौजद्वारा व्यक्तिको सम्पत्ति कब्जा<br>–चौकीदारसहितका पुराना कैदी बन्दीहरूले कारागारमा यातना<br>–लेनदेनको विषयमा पक्राउपश्चात् यातना<br>–महिला प्रहरीमाथि एक व्यक्तिले हातपात गरेको आरोपमा प्रहरीद्धारा हिरासतमा यातना<br>–जक मुद्दामा नाम मिलेकै आधारमा निर्दोष व्यक्ति पक्राउ | २०७३/१२–२/१–४ | –लेखर्क गाविस ४, भोजपुर<br>–जिल्ला कारागार शाखा, भोजपुर<br>–इलाका प्रहरी कार्यालय घोडेटार भोजपुर<br>–इप्रका, सुन्तले, भोजपुर<br>–प्रका, साङपाङ, भोजपुर | जम्मा ५ उजुरीमाथि अनुसन्धान |
| ५. | द्वन्द्वको समयमा तत्कालीन नेकपा (माओवादी)- द्वारा व्यक्ति विस्थापित र सम्पत्ति कब्जा | २०७४/१/२८/२–३ | खोटाङ | |

| | | | | |
|---|---|---|---|---|
| ६ | परपुरुषसँग सम्बन्ध राखेको भनिएको विषयमा दुवै पक्षबीच पुनः छलफल गर्ने बहानामा प्रहरी कार्यालयबाट बेपत्ता | २०७३/१२/२०-२१ | जिल्ला प्रहरी कार्यालय, खोटाङ | |
| ७. | प्रहरी हिरासतमा कुटपिट एवम् दुर्व्यबहार | २०७३/७/ | जिल्ला प्रहरी कार्यालय, खोटाङ | |

**उक्षेका, बुटवल**

| क. स. | अनुसन्धानको विषय | अनुसन्धान मिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| १. | व्यक्ति बेपत्ता | २०७३/७/२२–२८ | अर्घाखाँची | |
| २. | व्यक्ति विस्थापित | | | |
| ३. | व्यक्तिको अपहरणपश्चात् हत्या | | | |
| ४ | व्यक्ति बेपत्ता | | | |
| ५. | स्वास्थ्यको अधिकारबाट वञ्चित | | | |
| ६. | व्यक्ति हत्या | | | |
| ७. | व्यक्ति हत्या | | | |
| ८. | विस्थापित | | | |
| ९. | धम्की | | | |
| १०. | पाँच जना व्यक्ति बेपत्ता | | | |
| ११. | सचिवसहित कर्मचारीबाट दलितको आरोपमा कुटपिट | २०७३/८/७– ८ | पाल्ही गाविस, नवलपरासी | |
| १२. | हिन्दु मुस्लिमबीचको विवादमा एक जना हिन्दुको मृत्यु भएको घटना | २०७३/१०/१४-१८ | विद्यानगर गाविस ८, कपिलवस्तु | |

| | | | | |
|---|---|---|---|---|
| १३. | – क्षतिपूर्ति–४<br>–हत्या, स्थिति अज्ञात, मृत्यु, विस्थापित, पक्राउ, न्यायमा पहुँच–१<br>–सम्पत्ति कब्जा–२ | २०७३/१०/२३– २९ | पाल्पा | जम्मा १२ उजुरीमाथि अनुसन्धान |

**उक्षेका, जुम्ला**

| क.स. | अनुसन्धानको विषय | अनुसन्धान मिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| १. | –घरेलु हिंसा (श्रीमानबाट श्रीमती कुटपिट)<br>–नेपाली सेनाबाट दुई व्यक्तिमाथि कुटपिट<br>–अज्ञात समूहबाट एक व्यक्ति कुटपिट<br>–तत्कालीन नेकपा (माओवादी)-बाट व्यक्ति कुटपिट–२<br>–तत्कालीन सयूक्त सुरक्षाफौजबाट व्यक्तिको घरमा आगजनी–३<br>–तत्कालीन सयूक्त सुरक्षाफौजबाट व्यक्तिको पसलका सामान लुटपाट<br><br>–सुनथराली बिमानस्थल कालिकोट निर्माणका ठेकेदारबाट पारिश्रमिक नपाएको<br>–तत्कालीन शाही नेपाली सेनाले निर्माणाधीन सुनथराली | २०७३/५/२७–६–१ | मान्मा, कोटवाडा, कुमालगाउँ, मालकोट र लालु गाविस, कलिकोट | जम्मा ८ उजुरीमाथि अनुसन्धान |

| | | | | |
|---|---|---|---|---|
| | विमानस्थलबाट चौकीदारको जिम्मामा रहेका सामान लुटपाट<br>–तत्कालीन शाही नेपाली सेनाबाट व्यक्तिगत घरायसी सामान लुटपाट<br>–तत्कालीन शाही नेपाली सेनाबाट व्यक्ति बेपत्ता | | | |
| २. | -घरेलु हिंसा (श्रीमानबाट श्रीमती कुटपिट)<br>–तत्कालीन शाही नेपाली सेनाबाट कुटपिट<br>–तत्कालीन संयुक्त | २०७३/७/२३–२७ | रोवा, कार्कीवाडा, सोभागाउँ, गमगडी, मुगु | जम्मा ४ उजुरीमाथि अनुसन्धान |
| ३. | –तत्कालीन नेकपा (माओवादी)-बाट जबरजस्ती सङ्गठनमा सामेल गराएपछि कुटपिट सहन नसकी भाग्दा घरमा हत्या<br>–तत्कालीन नेकपा (माओवादी)-का कार्यकर्ताबाट जबरजस्ती सङ्गठनमा सामेल गराउन खोज्दा नमानेपछि कुटपिट<br>– तत्कालीन नेकपा (माओवादी)-का कार्यकर्ताले गरेको खुकरी प्रहारबाट घाइते<br>–प्रहरी हिरासतमा यातना साथै क्षतिपूर्तिबाट वञ्चित | २०७३/११/१७– २२ | हुम्ला | जम्मा ४ उजुरीमाथि अनुसन्धान |

| | | | | |
|---|---|---|---|---|
| ४. | २०७४ वैशाख ३१ गते स्थानीय निर्वाचनमा भएको झडपमा प्रहरीले चलाएको गोली लागी मृत्यु भएको घटना | २०७४/२/२-५ सम्म | नरहरिनाथ गापा ६, कालिकोट | |
| ५. | अपाङ्गता भएका व्यक्ति (४७ जना) सामाजिक सुरक्षा भत्ताबाट वञ्चित | २०७४/३/१३–१८ | जुम्ला | |
| ६. | –तत्कालीन नेकपा (माओवादी)-का कार्यकर्ताले घरको छतमा बम बनाइरहेको अवस्थामा विष्फोट भई घाइते<br>–तत्कालीन नेकपा (माओवादी)-बाट विस्थापितलाई स्वागतसहित घर फर्काएको लगायतका कारण देखाई जिजपबाट कुटपिट<br>–तत्कालीन नेकपा (माओवादी)-का कार्यकर्ताबाट कालोमोसो दल्नुको साथै सम्पत्ति लुटपाट<br>–तत्कालीन नेकपा (माओवादी)-बाट अपहरणपश्चात् स्थिति अज्ञात<br>–तत्कालीन नेकपा (माओवादी)-बाट अपहरणपश्चात् हत्या | २०७४/३/१३– १८ | जुम्ला | जम्मा ५ उजुरीमाथि अनुसन्धान |

# अनुसूची–६

## यस आवमा आयोगबाट उजुरीउपर भएका निर्णयहरू

१. मिति २०७२ भदौ ७ गतेको दिन कैलाली जिल्लाको टीकापुरमा थरूहट र सुरक्षाकर्मीबीचको झडपमा परी ८ जना सुरक्षाकर्मी र १ जना सर्वसाधारण नाबालक गरी ९ जना व्यक्तिहरूको मृत्यु भएको, उल्लेख्य सङ्ख्यामा सुरक्षाकर्मी र आन्दोलनरत पक्षका व्यक्तिहरू घाइते भएका र धनजनको क्षतिसम्बन्धी घटनामा आयोगको क्षेका धनगढीबाट स्वविवेकीय उजुरी ग्रहण गरी गरिएको अनुसन्धान प्रतिवेदनमाथि छलफल हुँदा देहायबमोजिमका निर्णयहरू गरियो :–

- टीकापुर घटनामा क्षेत्रीय प्रहरी कार्यालय, धनगढीका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेसहितका आठ जना सुरक्षाकर्मी, एक नाबालकको मृत्यु भएको घटनामा घरभित्रबाट बाहिर निकाली नियोजित रूपमा कब्जामा लिई तथा पेट्रोल छर्की आगो लगाउने समेतका नृशंस र अमानवीय तरिकाले हत्या गरी निजहरूको जीवनको अधिकार अपहरित गरेकोसमेत पाइयो। यस सन्दर्भमा जिल्ला अदालत कैलालीमा मुद्दा दायर भइसकेकाले यो विषय अदालतको विचाराधीन हुन पुगी सोही निकायद्वारा को-कसबाट के-कसरी सो घटना भएको हो न्याय-इन्साफ हुने नै हुँदा आयोगबाट थप केही बोलिरहनुनपर्ने ।

- टीकापुर घटनामा ज्यान गुमाएका प्रहरीका परिवारजनहरूको हेरविचार, उचित शिक्षा-दीक्षा, रोजगारीसमेतको हरसम्भव सुविधा दिन दिलाउन र तिनको निरन्तर अनुगमन गर्न नेपाल सरकारलाई सिफारिस गर्ने ।

- टीकापुर नपामा २०७२ भदौ ७ गते बेलुका र ८ गतेका दिन कर्फ्युको समयमा थारू समुदायका रिसोर्ट, घर, पसल, होटल, एफएम रेडियो स्टेसनका सरसामान-लगायतमा तोडफोड र आगजनी गरिएको, सामग्रीको मूल्याङ्कन गरी वास्तविक क्षतिको अविलम्ब क्षतिपूर्ति र अहिलेसम्म पेसा, व्यापार, व्यवसाय गर्न नपाएको नोक्सानीको आँकलन गरी सोबापतको मुआब्जासमेत दिन नेपाल सरकारलाई सिफारिस गर्ने ।

- टीकापुरमा २०७२ भदौ ७ गते बेलुका र ८ गतेका घटनाका सम्बन्धमा स्वस्फूर्त (स्वविवेक) रूपमा जानकारी लिई कारबाही गर्नुपर्नेमा त्यसो नगरिएको र पीडित पक्षद्वारा दिइएको जाहेरी पनि ग्रहण नगरिएको भई सो आगजनी, तोडफोड र लुटपाटको घटनाका सम्बन्धमा अनुसन्धान गरी दोषीहरूलाई अविलम्ब कानुनबमोजिम कारबाही गर्न-गराउन नेपाल सरकारलाई सिफारिस गर्ने ।

- सुरक्षा निकायको असावधानी, गुप्तचर संस्थाको कमी कमजोरी तथा प्रहरी सङ्गठनहरूबीच एकआपसमा असहयोग र समन्वयको कमी, फितलो सुरक्षा योजना तथा सुरक्षा लापरबाहीको कारणसमेतबाट टीकापुर घटना भएको देखिएको हुँदा भविष्यमा त्यसतर्फ सजग रहन र सुरक्षाकर्मीतर्फको ठूलो क्षति रोक्न समुचित प्रयाससम्म नगर्ने सशस्त्र प्रहरी बलका सशस्त्र प्रहरी नायव महानिरीक्षक (डिआइजी) खडानन्द चौधरी तथा सशस्त्र प्रहरी बल, उग्रतारा गणका प्रहरी उपरीक्षक लक्ष्मणबहादुर सिंहलाई विभागीय कारबाही गर्न र जिल्ला प्रशासन कार्यालय कैलालीका तत्कालीन प्रमुख जिल्ला अधिकारी राजकुमार श्रेष्ठ तथा इलाका प्रशासन कार्यालय टीकापुर कैलालीका तत्कालीन प्रशासकीय अधिकृत सुमन धितालसमेतलाई मानव अधिकार उल्लङ्घनका कार्यमा संलग्नता पुष्टि भई निजहरूको कार्य उदासीनता (Act of omision) भएबाट सचेत गराउनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने ।
- समुदाय स्तरमा मेलमिलापका कार्यक्रम निरन्तर रूपमा सञ्चालन गर्दै थारू समुदायको सांस्कृतिक हकका रूपमा रहेको बडघर प्रथालाई पूर्ववत् अवस्थामा ल्याउने प्रयोजनका लागि भय र संत्रासको वातावरण हटाई पूर्ववत् अवस्था कायम राख्न आवश्यक प्रबन्धका लागि नेपाल सरकारलाई ध्यानाकृष्ट गराउने ।
- अखण्ड सुदूरपश्चिम र थारूवान पक्षलगायत अन्य राजनीतिक दलहरूका नेताहरू खास गरी नेपाल सद्भावना पार्टीका अध्यक्ष राजेन्द्र महतो, सङ्घीय समाजवादी फोरमका अध्यक्ष उपेन्द्र यादव, नेपाली काङ्ग्रेसका सभासद् अमरेशकुमार सिंह, नेकपा क्रान्तिकारी माओवादीका नेता देव गुरुङसमेतले उत्तेजक भाषण गर्दा स्थिति तनावपूर्ण भई मानव अधिकार उल्लङ्घन हुन जाने पृष्ठभूमि तयार भएबाट जिम्मेवार राजनीतिक दलको नेतृत्वबाट मर्यादित व्यवहारको अपेक्षा राख्दै सम्बन्धित राजनीतिक दलहरूको ध्यानाकृष्ट गराउने ।
- टीकापुर घटनाको पृष्ठभूमिको क्रममा २०७२ भदौ ४, ५ र ६ गते भएको घटनामा पनि व्यक्तिको धन-सम्पत्तिमा क्षति पुगी सरकारले सुरक्षा प्रदान गर्न नसकेको पाइएकाले मूल्याङ्कनको आधारमा क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने ।

२. तराई मधेसमा आन्दोलनरत संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा र नेकपा (एमाले) को भ्रातृ सङ्गठन युवा सङ्घ नेपालले मोरङ जिल्लाको रङ्गेलीमा आ-आफ्नो कार्यक्रम गर्ने सन्दर्भमा २०७२ माघ ७ गते प्रहरी र मोर्चाका कार्यकर्ताबीच मोरङ जिल्लाको रङ्गेली र डायनियामा झडप हुँदा आन्दोलनकारीसमेत तीन जनाको मृत्यु, प्रहरी र केही व्यक्तिसमेत घाइते भएकोमा आयोगको केन्द्रीय र क्षेत्रीय कार्यालय विराटनगरको टोलीले गरेको अनुगमन प्रतिवेदन र संयुक्त मधेसी मोर्चाले माघ २०७३ माघ १० गते आयोगको केन्द्रीय कार्यालयमा घटनाको छानबिनका लागि पेस गरेको ज्ञापन-

पत्रसमेतको आधारमा उक्त घटनाको आयोगको टोलीबाट अनुसन्धान भई पेस हुन आएको प्रतिवेदनमाथि छलफल हुँदा देहायबमोजिमका निर्णयहरू गरियो :–

**क) नेपाल सरकारलाई सिफारिस :–**

– गृह मन्त्रालयलाई शान्ति सुरक्षाको जोखिमपूर्ण अवस्था रहेका अवस्थामा प्रमुख जिल्ला अधिकारीको जिल्लामा उपस्थिति अनिवार्य हुने व्यवस्था मिलाउन ।

– मृतकहरू द्रौपतिदेवी चौधरी, महादेव ऋषिदेव र शिबु माझीका परिवारहरूलाई नेपाल सरकारले गरेको निर्णयबमोजिमको आर्थिक सहायता तत्काल उपलब्ध गराई मृतकका बालबालिकाहरू र आश्रित परिवारका सदस्यहरूको आवश्यकताअनुसार उचित शिक्षा र स्वास्थ्यको प्रबन्ध गर्न ।

– रङ्गेली र डायनियामा भएका घाइतेहरूको निःशुल्क उपचारको व्यवस्था र स्वयम् उपचार गराएका घाइतेहरूलाई उपचारबापतको उचित रकम सोधभर्ना उपलब्ध गराउन ।

– मोर्चाका कार्यकर्ताबाट डायनियामा जलाइएका बसका धनीहरूलाई तत्काल क्षतिपूर्ति उपलब्ध गराई सो कार्यमा संलग्न व्यक्तिहरूको पहिचान गरी कानुनी कारबाही गर्न/गराउन ।

– नेपालको संविधानको धारा २४९ को उपदफा (२) बमोजिम गृह मन्त्रालयका सचिव नारायणगोपाल मलेगो, मोरङ जिल्लाका प्रमुख जिल्ला अधिकारी तोयम रायमाझी र प्रहरी उपरीक्षक तारणीप्रसाद लम्साललाई सचेत गराउन ।

– प्रकाश ढकालगायतका व्यक्तिहरूलाई आक्रमण गरी घाइते बनाउने व्यक्तिहरूको पहिचान गरी कानुनबमोजिम कारबाही गर्न ।

– रङ्गेली तथा डायनियामा द्रौपतिदेवी चौधरी, महादेव ऋषिदेव र शिबु माझीको मृत्यु तथा अन्य व्यक्तिहरू घाइते हुने गरी भएका घटनाहरूको सूक्ष्म अनुसन्धान गरी अनुसन्धानबाट देखिएका दोषीउपर कानुनी कारबाही गर्न ।

**ख) संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा र युवासङ्घलाई :**

– दुवै पक्षले नागरिकहरूको मानव अधिकार जोखिम हुने प्रकृतिका कुनै पनि कार्यक्रमहरूको आयोजना नगर्न र त्यस्ता कार्यक्रमहरू गर्नलाई आफ्ना नेता कार्यकर्ताहरूलाई उत्साहित गर्ने कार्य तत्काल बन्द गर्न ।

– सार्वजनिक रूपमा सामान्य राजनीतिक संस्कारविपरीतका उत्तेजक मन्तव्य, अश्लील शब्द र गीत रचनाहरूको माध्यमबाट एकअर्काको मर्यादामा आँच पुऱ्याउने कार्य तत्काल बन्द गरी राजनीतिक संस्कार अवलम्बन गर्दै एकअर्काबीच मानव अधिकारमैत्री व्यवहार गर्नरङ्गेलीमा संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा र युवासङ्घले त्यस स्थानको अवस्था र परिस्थिति बारेमा पूर्ण जानकारी हुँदाहुँदै हठपूर्वक स्थानीय राजनीतिक दलसँग समझदारी र सहमति नगरी सोही स्थानमा कार्यक्रम गर्नुपर्ने आधार पुष्टि गर्न नसकेको सन्दर्भमा आइन्दा यसप्रकारका

कार्यक्रमहरू जुधाउने गरी नगर्न तथा युवासङ्घ, मोर्चा र सम्बद्ध अन्य सबै राजनीतिक दल तथा सङ्घसङ्गठनहरूबाट यसप्रकारका घटना नदोहोऱ्याउन,

- आफ्ना दोषी कार्यकर्ताहरूको पहिचान गरी कानुनी कारबाही गर्ने कार्यमा नेपाल प्रहरीलाई सहयोग गर्न,
- शान्तिपूर्ण कार्यक्रमलाई पूर्णतः शान्ति पूर्ण राख्न कुनै पनि संस्कार र बाहनामा कुनै पनि किसिमका हतियारहरूको प्रयोग निषेध गरी राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनी व्यवस्थाको सम्मान गरी उच्च राजनैतिक चरित्र प्रदर्शन गर्न र
- जोखिमपूर्ण अवस्थामा गरिने हरेक सार्वजनिक कार्यक्रमहरूका बारेमा अनिवार्य रूपमा स्थानीय प्रशासनलाई समयमा नै जानकारी दिने व्यवहारको विकास गर्न ।

३. नेपालको संविधानको मस्यौदा छलफलका लागि जनसमक्ष प्रस्तुत गरेपश्चात् मिति २०७२ साल साउन महिनादेखि तराई केन्द्रित विभिन्न राजनीतिक दल र जातिगत संस्था आदिको संयुक्त लोकतान्त्रिक मोर्चाबाट सञ्चालित आन्दोलनका क्रममा मिति २०७२/५/२९ गते रूपन्देही जिल्ला गोनाहा गाविस वडा नं. ६ बेथरी बजारमा सुरक्षाकर्मीहरूबाट गोली प्रहार हुँदा पर्सा जिल्ला पोखरिया नपा १ वनकटवा घर भई हाल रूपन्देही जिल्ला गोनाहा ६ बेथरी बस्ने ४ वर्षीय बालक चन्दन कुमार पटेल, गोनाहा ६ बस्ने १२ वर्षीय रञ्जना सिंह क्षेत्री, गोनाहा ६ बस्ने बिन्दु भनिने विनोद लाकौल, गोनाहा ६ बस्ने राजकुमार वरईसमेत चार जना व्यक्तिहरूको तत्काल मृत्यु भएको, ऐ जिल्ला हाटी वनगाई गाविस वडा नं. १ छोटी वनगाई घर भएकी सोहवाती मुराव र बेथरी बस्ने नन्दनी पाण्डेको पछि उपचारका क्रममा मृत्यु भएको देखियो । सोही घटनामा परी रूपन्देही जिल्ला मैनहिया गाविस वडा नं. ६ मुर्हहवा बस्ने दीपेन्द्र केवट सहनी, ऐ जिल्ला हाटी वनगाई गाविस वडा नं. १ बस्ने सोरस्वती मुराव, ऐ जिल्ला मैनहिया गाविस वडा नं. ५ बस्ने रामनरेश हरिजन, रूपन्देही जिल्ला मैनहिया गाविस बस्ने पुर्नवासी धोवीसमेत चार जना व्यक्तिहरू घाइते हुनुका साथै हाटबजारमा व्यापार गर्न बसेका व्यापारीहरूको सरसामानसमेत नष्ट भई क्षति पुग्न गएको घटनाका सम्बन्धमा आयोगबाट खटिएको टोलीले गरेको स्थलगत अनुगमन प्रतिवेदन आजको बैठकसमक्ष पेस हुन आएकोमा उक्त प्रतिवेदनमाथि छलफल हुँदा देहायबमोजिम निर्णय गरियो :–

- रूपन्देही जिल्ला गोनाहा गाविस वडा नं. ६ स्थित बेथरी बजारमा भएको घटनामा ४ वर्षीय बालकसहित ६ जना सर्वसाधारण व्यक्तिहरूलाई सुरक्षाकर्मीको गोली लागी मृत्यु भएका व्यक्तिहरूको सम्बन्धमा प्राप्त शव परीक्षण प्रतिवेदनसहितको अन्य तथ्य तथा प्रमाण अध्ययन एवम् विश्लेषण गर्दा सुरक्षाकर्मीले अत्यधिक बल प्रयोग गरेको देखिँदा दोषी पहिचान गरी कानुनबमोजिम कारबाही गर्न सिफारिस गर्ने ।

- उक्त घटनामा परी मृत्यु भएका व्यक्तिहरूबाहेक पछि उपचारका क्रममा मृत्यु हुने सोहवाती मुराव र नन्दनी पाण्डेका हकवालाले हालसम्म पनि क्षतिपूर्ति नपाएको भन्ने देखिन आएकोले निजहरूका हकवालालाई आन्दोलनको क्रममा मृत्यु भएका अन्य पीडितसरह क्षतिपूर्ति उपलब्ध गराउने ।
- घाइते व्यक्तिहरू पुर्नवासी धोवी, रामनरेश हरिजन, सोरस्वती मुराव र दीपेन्द्र केवट सहनीसमेतलाई उपचारको खर्च उपलब्ध गराउन तथा थप निःशुल्क उपचारको समेत व्यवस्था गर्न सिफारिस गर्ने ।
- बेथरी बजारमा तत्कालीन समयमा हाटबजारमा व्यापार गर्न भनी आएका व्यापारीहरूको क्षतिको मूल्याङ्कन गरी वास्तविक क्षतिको क्षतिपूर्ति उपलब्ध गराउन सिफारिस गर्ने ।

**४.** राष्ट्रिय मानव अधिकार आयोगले देशका अधिकांश कारागारको नियमित अनुगमन भई आएको छ । आयोगको कारागार प्रतिवेदनको आधारमा आज बसेको बैठकमा छलफल हुँदा निम्नानुसार सिफारिस गर्ने निर्णय गरियो :–

- कारागारमा रहेका कैदी बन्दीहरूलाई नेपाल सरकारबाट उपलब्ध गराउँदै आएको दैनिक रु.४५/ र आश्रित बालबालिकाको लागि उपलब्ध रु. १०/अत्यन्तै न्यून रहेकाले विद्यमान महँगीसमेतलाई मध्यनजर गरी समयानुकूल उक्त रकम अविलम्ब वृद्धि गर्न/गराउनका लागि बजेटको व्यवस्था मिलाउन ।
- हाल कैदीलाई उपलब्ध गराउँदै आएको चाडपर्व खर्च रु.३००/लाई समायानुकूल बढाउन आवश्यक बजेटको व्यवस्था गर्न/गराउन ।

**५.** गोरखा जिल्ला पृथ्वीनारायण नपा वडा नं. ४ बस्ने हरिबहादुर राना मगर, चितवन जिल्ला पटहानी गाविस वडा नं. २ बस्ने पार्वती न्यौपाने, सिन्धुली जिल्ला महेन्द्र भ्याडी गाविस वडा नं. ५ बस्ने रमेशकुमार राई, धादिङ जिल्ला गजुरी गाविस बस्ने रचना राई, गोरखा घर भई का.जि. गोङ्गबु नयाँ बसपार्क बस्ने सुमनबहादुर मगर, जिल्ला मकवानपुर छतिवन गाविस वडा नं. ८ बस्ने जगतबहादुर रायमाझी, नुवाकोट जिल्ला तर्जामण्डप गाविस वडा नं. ७ बस्ने रामशरण पौडेल, सिन्धुली जिल्ला डुडभन्ज्याङ गाविस वडा नं. ९ बस्ने टेकबहादुर थापा, सिन्धुली जिल्ला डुडभन्ज्याङ गाविस वडा नं. ९ बस्ने खलमाया थापा, भक्तपुर जिल्ला घर भई का.जि. गोङ्गबु चोक बस्ने सविन गाइजु, उदयपुर जिल्ला त्रियुगा नपा वडा नं. ७ बस्ने राममणि पोखरेल, उदयपुर जिल्ला त्रियुगा नपा वडा नं. ४ गाईघाट बस्ने गीतादेवी रेग्मी, उदयपुर जिल्ला त्रियुगा नपा वडा नं. १७ बस्ने श्यामप्रसाद ढुङ्गानासमेत १३ जनाको उजुरी सम्बन्धमा आयोगको बैठकमा छलफल हुँदा उजुरकर्ताहरूले जनआन्दोलन २०६२/२०६३ मा घाइते भई जीवन निर्वाहमा कठिनाइ उत्पन्न भएकोले घाइते अपाङ्गता भएका व्यक्तिको सम्बन्धमा जीविकोपार्जन, आजीवन स्वास्थ्योपचार, सन्ततिहरूका लागि निःशुल्क शिक्षाको प्रबन्ध गराई पाऊँ भनी उजुरी दिएको पाइयो । यसमा नेपाल सरकारले माओवादी सेनाका घाइते अपाङ्ग लडाकुहरू, सशस्त्र द्वन्द्व, ऐतिहासिक जनआन्दोलन र मधेस आन्दोलनका घाइते अपाङ्गहरूका लागि पुनर्स्थापना

एवम् हेरचाह निर्देशिका २०६८ जारी गरेको पाइयो । उक्त निर्देशिकाले जनआन्दोलन २०६२/६३ का घाइते, अपाङ्गसमेतका लागि निश्चित मापदण्ड तोकिएको देखिँदा उक्त निर्देशिकाको प्रभावकारी कार्यान्वयन गर्न गराउनका लागि नेपाल सरकारलाई नीतिगत सिफारिस गर्ने ।

६. बझाङ जिल्ला रिठापाटा गाविस वडा नं. १ बस्ने जङ्गबहादुर बोहोरालाई २०६०/६/११ गतेका दिन नेकपा (माओवादी)- का कार्यकर्ताले कब्जामा लिई हत्या गरेकाले दोषीलाई कारबाही र पीडितलाई क्षतिपूर्ति उपलब्ध गराई पाऊँ भनी आयोगमा उजुरी पर्न आएको, आयोगबाट अनुसन्धान भई अनुसन्धान टोलीको प्रतिवेदन हेर्दा सशस्त्र द्वन्द्वको बेला नेकपा (माओवादी)-ले कब्जामा लिई हत्या भएको कार्य अन्तर्राष्ट्रिय मानवीय कानुन जेनेभा महासन्धि १९४९ को साझा धारा ३ विपरीत भई मानवीय कानुनको उल्लङ्घन भएको देखिँदा दोषीको पहिचान गरी कानुनबमोजिम कारबाही गर्न र पीडितको परिवारले नेपाल सरकारबाट राहत क्षतिपूर्ति प्राप्त गरिसकेको देखिँदा सोही व्यहोरा नेपाल सरकारलाई सिफारिस गर्ने ।

७. बर्दिया जिल्ला नेउलापुर गाविस वडा नं. ७ घर भई इलाका हुलाक कार्यालय भुरीगाउँ बर्दियामा हल्कारा पदमा कार्यरत रामदास थारूलाई ठाकुरद्वार ब्यारेकबाट आएका सुरक्षाकर्मीले २०५९/१२/२६ गते हुलाकमा कार्यरत रहेकै बेला पक्राउ गरी बेपत्ता पारिएकाले कारबाही गरिपाऊँ भनी आयोगमा उजुरी पर्न आएको, आयोगको अनुसन्धान टोलीबाट घटनाको अनुसन्धान हुँदा सुरक्षाकर्मीले पक्राउ गरी बेपत्ता पारेको देखिएको, रक्षा मन्त्रालय शाही नेपाली सेना मध्यपश्चिम पृतना (मानव अधिकार प्रशाखा) त्रिभुवन सैनिक शिविर सुर्खेतको प.सं. १४९९०/मा.अ./०६२/६३/५० मिति २०६२/९/३ गतेको पत्रानुसार रामदास चौधरीलाई वरख गणले सञ्चालन गरेको सैनिक कारबाहीमा मिति २०५८/१२/२६ गते मृत्यु भएको भनी उल्लेख गरेको देखिन्छ। पक्राउ गरेको समयअगाडि दोहोरो भिडन्तमा मृत्यु भएको व्यक्ति रामदास थारू नै हो वा अन्य व्यक्ति भन्ने प्रस्ट नदेखिँदा आयोगको पूर्व निर्णयअनुसार बेपत्ताको फाइल साथै राखी पेस गर्नू ।

८. कञ्चनपुर जिल्ला कालिका गाविस वडा नं. १ दशरथ बस्ती बस्ने कमल विकलाई २०६०/७/३ गते नेकपा (माओवादी)-का कार्यकर्ताले चोरीको अभियोगमा अपहरण/कब्जामा लिई चौराहमा ल्याई हत्या गरेकाले छानबिन गरी पाऊँ भनी आयोगमा उजुरी पर्न आएको, आयोगबाट अनुसन्धान हुँदा निजलाई कब्जामा लिई हत्या गरेको पुष्टि भएकाले माओवादीका कार्यकर्ताको उक्त कार्य सशस्त्र द्वन्द्वमा लागू हुने जेनेभा महासन्धि १९४९ को साझा धारा ३ विपरीत भएको देखिँदा दोषीको पहिचान गरी कानुनबमोजिम कारबाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने ।

९. बाँके जिल्ला नौवस्ता गाविस वडा नं. ८ बस्ने सीताराम थारूलाई मिति २०५९/४/२२ गते कोहलपुरमा चामल किन्न गएको बेला चिसापानी ब्यारेकबाट आएका सुरक्षाकर्मीले पक्राउ गरी बेपत्ता पारेकाले छानबिन गरिपाऊँ भनी आयोगमा उजुरी पर्न आएको, आयोगको टोलीबाट घटनाको अनुसन्धान हुँदा निजलाई बेपत्ता

पारेको देखिएको र पीडित परिवारले बेपत्ता पारेकोमा राहत क्षतिपूर्ति बुझेको देखिँदा बेपत्तासँग सम्बन्धित अन्य फाइलसाथै राखी पेस गर्ने ।

१०. कैलाली जिल्ला धनगढी नपा वडा नं. ८ बस्ने नरदेवी बोहरालाई मिति २०६०/७/१ गते ऐ फूलवारी बसपार्क सेतोपुलस्थित आफ्नै चियापसलमा बसिरहेको बेला तत्कालीन द्वन्द्वको बेला सुरक्षाकर्मी र नेकपा (माओवादी)-का कार्यकर्ताबीच दोहोरो भिडन्तमा क्रस फायरिङ्गमा परि गोली लागी घाइते भएकाले क्षतिपूर्ति उपलब्ध गराई पाऊँ भनी आयोगमा उजुरी पर्न आएको, आयोगको अनुसन्धान टोलीबाट घटनाको छानबिन अनुसन्धान हुँदा प्राप्त प्रमाणको आधारमा दोहोरो भिडन्तमा परी गोली लागी घाइते भएको देखिन आएकोले पीडितलाई क्षतिपूर्ति रु.एक लाख उपलब्ध गराउन र निजको स्वास्थ्योपचार निःशुल्क उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने ।

११. कैलाली जिल्ला वेलादेवीपुर गाविस वडा नं. ३ बस्ने गगनसिंह विकलाई नेकपा (माओवादी)-का कार्यकर्ताले मिति २०६०/५/८ मा सुराकीको आरोपमा अपहरण गरी मरणासन्न हुने गरी कुटपिट गरी घाइते बनाएकाले दोषीलाई कारबाही र क्षतिपूर्तिका लागि आयोगमा उजुरी पर्न आएको, आयोगको अनुसन्धान टोलीबाट घटनाको अनुसन्धान हुँदा माओवादीका कार्यकर्ताले कुटपिट गरी मरणासन्न अवस्थामा छाडी गएको, नेपाल सरकारबाट राहत स्वरूप रु. ४० हजार प्राप्त गरेको देखिँदा माओवादी कार्यकर्ताको उक्त कार्य जेनेभा महासन्धि १९४९ को साझा धारा ३ विपरीत भएको देखिँदा दोषीको पहिचान गरी कारबाही गर्न र स्वास्थ्योपचार निःशुल्क गरी थप रु. ६० हजार उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने ।

१२. जिल्ला सुर्खेत नेटा गाविस वडा नं. ६ बस्ने नीरकबहादुर घर्तीलाई २०६१ साल मङ्सिर ६ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारेको भनी आयोगमा उजुरी दर्ता हुन आएको, निजलाई २०६१ साल पुस ११ गते निजकै बुबा रत्नबहादुर घर्तीलाई जिम्मा लगाई टाढिएको भन्ने देखिएकाले प्रस्तुत उजुरीमा थप कारबाही गर्नुपर्ने नदेखिँदा आयोगको उजुरी कारबाही क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (३) र आयोग ऐन २०६८ को दफा १३ बमोजिम तामेलीमा राख्ने ।

१३. जिल्ला कैलाली रामशिखरमाला गाविस वडा नं. ८ बस्ने रामअवतार चौधरीलाई २०५९ भदौ १४ र ऐऐ. बस्ने सीताराम चौधारीलाई सोही मितिमा घरबाट सुखड बेस क्याम्पका सुरक्षाकर्मीले प्रकाउ गरी ऐ. १५ गते रेडियो नेपालको समाचारमा निजहरूको सुरक्षा कारबाहीमा मृत्यु भएको भनी आयोगमा २०६२ चैत १६ गते आयोगमा उजुरी दर्ता हुन आएको, आयोगको प्रतिवेदनअनुसार निजहरूलाई गिरफ्तार गरी मारेको देखिन आएकाले राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा बमेजिम मानव अधिकार उल्लङ्घनमा नेपाली सेना सुखड बेसक्याम्पका कमान्डरमार्फत बुझी जोजसको संलग्नता छ; निजहरूलाई कानुनबमोजिम कारबाही गर्न र नेपाल सरकारबाट रु. ३ लाख राहत उपलब्ध गराइसकेको देखिँदा निजका आश्रित परिवारका लागि शिक्षा, रोजगार, स्वास्थोपचार-लगायत परिपूरणको व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिस गर्ने ।

१४. जिल्ला बाजुरा मार्तडी गाविस वडा नं. २ बस्ने सुरलाल विकलाई २०५९ साल असोज १२ गते तत्कालीन नेकपा (माओवादी)-ले अपहरण गरी लागेको र सो जानकारी प्रशासनलाई गराएपछि मार्तडीबाट खटिएको सुरक्षाकर्मीले खोजतलास गरी चार जना माओवादी कार्यकर्तासहित निजलाई पक्राउ गरी कब्जामा लिई मारिएकाले कारबाही गरिपाऊँ भनी आयोगमा उजुरी पर्न आएको, आयोगको अनुसन्धान प्रतिवेदनअनुसार कब्जामा लिई मारेको देखिन आएकाले मानव अधिकार उल्लङ्घन भएको देखिन आएकाले राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा १६ बमोजिम नेपाली सेना मार्तडीका कमान्डरबाट बुझी जो-जसको संलग्नता छ; निजलाई कानुनबमोजिम कारबाही गर्न र नेपाल सरकारबाट राहत रु. तीन लाख पाइसकेको देखिँदा निजको आश्रित परिवारको परिपूरणको लागि स्वास्थोपचारसमेतका लागि आवश्यक व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिस गर्ने ।

१५. जिल्ला बाँके मानिकापुर गाविस वडा नं.४ बस्ने अयोध्याप्रसाद यादव मिति २०६१ साल मङ्सिर २४ गते तत्कालीन माओवादी कार्यकर्ता अशोकले सुराकीको आरोपमा स्कुलबाट अपहरण गरी निरन्तर धम्की दिएकाले कारबाही गरी पाऊँ भनी आयोगमा उजुरी पर्न आएको, निजलाई तत्काल अपहरणमुक्त गरिएको, हाल धम्की नभएको र शिक्षण पेसा गरी आएको भन्ने बुझिन आएकाले राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा १३ र आयोगको (उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १०(३) बमोजिम प्रस्तुत उजुरीमा थप कारबाही गरिरहनुपर्ने नदेखिँदा उक्त उजुरीलाई तामेलीमा राख्ने ।

१६. बाँके जिल्ला बाबुगाँउ भवानीपुर गाविस वडा नं. ५ बस्ने लालताप्रसाद धोवीको २०६२/१/७ गते माओवादी कार्यकर्ताले मालपोत कार्यलयको कम्पाउन्डभित्र फालेको बमको छर्राबाट घाइते भएकाले क्षतिपूर्तिका लागि आयोगमा उजरी दर्ता हुन आएको, जिल्ला प्रशासन कार्यलयको ताकेतापत्र हेर्दा मालपोत कार्यलय नेपालगञ्जमा कम्पाउन्डभित्र माओवादीले फालेको बम विस्फोटमा परी लालताप्रसाद धोवीलगायत १९ जना घाइतेको निःशुल्क उपचार गरिदिन भेरी अञ्चल अस्पताल नेपालगञ्जलाई पत्राचार भई निःशुल्क स्वास्थोपचार भई हाल आफ्नो घरायसी काममा निरन्तर रूपमा सक्रिय रहेको पाइएकाले प्रस्तुत उजुरी राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १०(३) बमोजिम प्रस्तुत उजुरीमा थप कारबाही गरी रहनुपर्ने नदेखिँदा उक्त उजुरीलाई तामेलीमा राख्ने ।

१७. जिल्ला कैलाली धनगढी नपा वडा नं. १ बस्ने मणिराम पन्तको घरमा २०६२ पुसदेखि सुरक्षाकर्मी घर कम्पाउन्डमा बसेका कारण असुरक्षा भएको भनी आयोगमा उजुरी पर्न आएको, विस्तृत शान्ति सम्झौतापछि सुरक्षकर्मीले घर-कम्पाउन्ड छाडेकाले उजुरी टुग्याइदिनू भनी आयोगमा लिखित जानकारी दिएको देखिँदा प्रस्तुत (उजुरी आयोगको उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १०(३) बमोजिम टुङ्ग्याइदिने ।

१८. बाँके जिल्ला रमेना गाविस वडा नं. ३ बस्ने विष्णुकुमार अर्याललाई २०६२ माघ २० गते सशस्त्र प्रहरी तालिम केन्द्र बाँकेका प्रहरी निरीक्षकले खोजतलास गरेकाले निर्दोष हुँदा गैहकानुनी गिरफ्तार हुने डरले विस्थापित भएकाले आवश्यक कारबाही गरी पाऊँ भनी आयोगमा उजुरी पर्न आएको, हालको अवस्थाबारे आयोगको टोलीले निज पीडितसँग बुझ्दा हाल डरको अवस्था नभएकाले कारबाही अन्त्य गरी दिन आयोगमा पीडितको लिखित जानकारी प्राप्त भएकाले प्रस्तुत उजुरी मानव अधिकार आयोग (उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १०(३) बमोजिम तामेलीमा राख्ने ।

१९. जिल्ला कैलाली पहलमानपुर गाविस वडा नं. ६ पहलमानपुर बजार बस्ने हेमसागर बराललाई २०५९ साल पुस २६ बेलुकी अन्दाजी ७ बजे पहलमानपुर बजारमा नेपाली सेना र माओवादीबीच दोहोरो भिडन्त हुँदा कोठामा सुतिरहेको अवस्थामा गोली मृत्यु भएकाले दोषीको छानबिन गरी कारबाही गरी पाऊँ भनी आयोगमा उजुरी पर्न आएको, आयोगको अनुसन्धानबाट रु.तीन लाख प्राप्त गरिसकेको देखिएको, दोहोरो भिडन्तमा क्रसफायरिङबाट मृत्यु भएको देखिँदा पीडितको आश्रित परिवारका लागि स्वास्थोपचार, परिपूरण आदिको व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिस गर्ने ।

२०. कैलाली जिल्ला रतनपुर गाविस वडा नं. ४ तिधौडी बस्ने भागीराम चौधरीलाई २०५९ पुस १८ गते सुरक्षाकर्मीले माओवादीलाई लखेट्दै आएको देखि डरले भाग्न लाग्दा सुरक्षाकर्मीले गोली हानी मारेकाले छानबिन गरिपाऊँ भनी आयोगमा उजुरी पर्न आएको, राष्ट्रिय मानव अधिकारको अनुसन्धान प्रतिवेदनअनुसार नेपाली सेना भजनी बेसक्याम्पका तत्कालीन क्याप्टेन रामसिंह बोहराको नेतृत्वमा आएको सुरक्षाफौजको कारबाहीमा मृत्यु भएको हुँदा राज्यबाट रु.तीन लाख राहत प्राप्त गरिसकेको भन्ने समेत देखिँदा नेपाली सेना भजनी बेसक्याम्पका क्याप्टेन रामसिंह बोहोराबाट को-कसको संलग्नता छ भन्ने बारेमा बुझी मानव अधिकार आयोग (उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १७(२) बमोजिम मानव अधिकार उल्लङ्घन भएको देखिँदा निजउपर आवशयक कारबाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने ।

२१. कैलाली जिल्ला पहलमानपुर गाविस वडा नं. २ बस्ने शोभाकर शर्मालाई तत्कालीन नेकपा (माओवादी)-का कार्यकर्ताले घरमा आई चरम यातना दिई २०५९ भदौ १८ गते हत्या गरेकाले कानुनी कारबाही गरिपाऊँ भनी आयोगमा उजुरी दर्ता हुन आएको, आयोगको अनुसन्धानबाट राज्यले क्षतिपूर्तिस्वरूप रु.तीन लाख उपलब्ध गराएकाले दोषी माओवादी कार्यकताको पहिचान गरी कानुनबमोजिम कारबाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने ।

२२. कैलाली जिल्ला पहलमानपुर गाविस बस्ने शीतलदास चोधरीलाई २०५९ मङ्सिर २० गते करिब ६.३० बजेतिर तत्कालीन (माओवादी)-का कार्यकर्ताले बैठकमा जानुछ भनी बोलाई करिब ८ बजेतिर हत्या गरेको, पहलमानपुर बजारमा लास झुन्डचाएको र मानव अधिकार हनन गरेकाले कारबाही गरी पाऊँ भनी आयोगमा उजुरी दर्ता हुन आएको, आयोगको अनुसन्धान टोलकिो प्रतिवेदनअनुसार पीडितले राहत

क्षतिपूर्तिबापत रु. ३ लाख बुझिसकेको देखिँदा दोषी माओवादी कार्यकर्ताको पहिचान गरी कानुनबमोजिम कारबाही गर्न नेपाल सरकारलाइ लेखी पठाउने ।

२३. बाँके जिल्ला बैजापुर गाविस वडा नं. ६ बस्ने शिवलाल रोकायाको घरजगा २०५९ असार ६ गते तत्कालीन (माओवादी)-का कार्यकर्ताहरूले कब्जा गरी विस्थापित गराएकाले कारबाही गरिपाऊँ भनी आयोगमा उजुरी दर्ता हुन आएको, हाल उक्त जग्गा निज शिवलाल रोकायाले बिक्री-वितरण गरी सो स्थानबाट अन्यत्र सरेको र हाल विस्थापितको अवस्था नरहेकोले प्रस्तुत उजुरी राष्ट्रिय मानव आयोग (उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १०(३) बमोजिम तामेलीमा राख्ने ।

२४. बाँके जिल्ला बसुदेवपुर गाविस वडा नं. १ बस्ने दिलकुमार कार्कीलगायत २२ जनाले २०६३ साल भदौ १० गते मोहनापुरमा बाढी आई घरखेत, नगद जिन्सी, पशुचौपया, अन्नपात, लत्ताकपडा बगाई लगेकाले बसोवास तथा सुरक्षाको व्यवस्था मिलाई पाऊँ भनी आयोगमा उजुरी पर्न आएको, नेपाल रेडक्रस सोसाइटीबाट तत्काल राहत सहयोग उपलब्ध भएको र हाल सबै पीडितले आ-आफनो घरव्यवहार चलाई पुनर्स्थापना भई बसेको भनी प्रतिवेदनबाट देखिन आएकाले प्रस्तुत उजुरी राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १० (३) बमोजिम तामेलीमा राख्ने ।

२५. बाजुरा जिल्ला मार्तडी गाविस वडा नं. १ बस्ने हरिश्चन्द्र उपाध्यायको २०६८ मङ्सिर ८ गते टेक्टर दुर्घटनामा घाइते भई खुट्टा भाँचिएको र गाडीको चालकले उपचार नगरेकाले छानबिन पाऊँ भनी आयोगमा उजुरी दर्ता हुन आएको, प्रस्तुत उजुरी फौजदारी प्रकृतिको भएकाले आयोगको क्षेत्राधिकारभित्र पर्ने नदेखिँदा राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १०(१) घ नं. बमोजिम खारेज गर्ने ।

२६. बाके जिल्ला पुरैना गाविस वडा नं. ३ बस्ने तिरथ राम यादवलाई मिति २०६२ असार १६ गते तत्कालीन नेकपा (माओवादी)-का कार्यकर्ताले विस्थापित गराएकाले आवश्यक कारबाही गरी पाउन आयोगमा उजुरी दर्ता हुन आएको, उजुरीकर्ता स्वयंले सोही विषयको मुद्दा अदालतबाट फैसला चलन चलाइमा विचाराधीन रहेको देखिँदा प्रस्तुत ( उजुरी आयोगको क्षेत्राधिकारभित्र पर्ने नदेखिँदा राष्ट्रिय मानव अधिकार आयोग उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १० (१) घ नं. बमोजिम खारेज गर्ने ।

२७. कैलाली जिल्ला शिवापुर नपा वडा नं. १४ बस्ने लोकबहादुर रावलको घरमा २०६३ वैशाख २५ गते समेत विभिन्न मितिमा तत्कालीन नेकपा (माओवादी)-का कार्यकर्ताले धनमाल, सुनचाँदी गरगहना नगदसमेत लुटेको, २०५७ साल फागुन २ गते श्रीमती शान्तादेवी रावलको हातखुट्टा भाँची हत्या गरेकाले आवश्यक कारबाही गरी पाउन आयोगमा उजुरी पर्न आएको, मृत्तकको हकवालाल नेपाल सरकारबाट रु.तीन लाख प्राप्त गरिसकेको हाल उक्त जग्गा नेकपा (माओवादी) वैद्य पक्षका कार्यकर्ताले कब्जा गरी राखेको भन्ने प्रतिवेदन देखिँदा हाल उक्त जगाको कसले उपभोग गरिरहेको छ

थप अनुसन्धान गरी प्रतिवेदन पेस गर्न क्षेत्रीय कार्यालय धनगढीलाई पत्राचार गरी जबाफ आएपछि नियमनुसार पेस गर्न ।

२८. कैलाली जिल्ला लालबोझी गाविस बस्ने वडा नं. ६ बस्ने श्यामादेवी डगौरालाई २०५९ जेठ २९ गते बिहान ९ बजे सुरक्षाकर्मीले गोली हानी मारेकाले छानबिन गरिपाऊँ भनी आयोगमा उजुरी पर्न आएको, आयोगको अनुसन्धान टोलीको प्रतिवेदनअनुसार निज श्यामादेवी डगौराको घरमा तत्कालीन नेकपा (माओवादी)-का कार्यकर्ता बसेको, सेनाको गस्तीमा माओवादी कार्यकर्ताबाट सकेट बम प्रहार भएपछि सुरक्षाकर्मीले घरभित्र प्रवेश गरी गोली हानेको, भागीराम डगौरासहित हर्कबहादुर साउद, अन्य दुई जनासहित सात जनालाई संयुक्त सुरक्षाफौजले भजनीस्थित सुरक्षा बेसक्याम्पमा लागी पक्राउ गरेका तीन जनालाई छाडिएको र बाँकी चार जनालाई बेपत्ता पारेको, सोही साँझको समाचारमा भिडन्तमा छ जना माओवादी कार्यकर्ताको मृत्यु भएको भन्ने समाचार प्रसारण भएको, पीडित परिवारलाई राज्यबाट रु.तीन लाख उपलब्ध गराइसकेको देखिँदा घटनामा संलग्न तत्कालीन भजनी बेसक्याम्पका लेफ्टिनेन्ट राम सिह बोहरासमेत मार्फत जो-जे बुझ्नुपर्ने हो बुझी दोषीलाई बुझी राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १७ (२) बमोजिम आवश्यक कारबाही गर्न नेपाल सरकारलाई लेखी पठाउने ।

२९. कैलाली जिल्ला गदरिया गाविस वडा नं. ४ बस्ने वर्ष १६ को बाधुराम चौधारी र ऐऐ. बस्ने भेषराज रानालाई २०६० साल भदौ १४ गते किताब-कापी किन्न जाँदा ऐ चौमाला गाविसस्थित राजीपुरतर्फ जाने बाटोमा सुरक्षाकर्मीले पक्राउ गरी गोली हानी मारेकाले छानबिन गरी पाऊँ भनी आयोगमा उजुरी दर्ता हुन आएको, आयोगको अनुसन्धान प्रतिवेदनअनुसार पीडितको परिवारलाई नेपाल सरकारबाट तीन/तीन लाख उपलब्ध गराएको देखिँदा घटनामा संलग्न सुरक्षाकर्मीको पहिचान गरी कानुनबमोजिम कारबाही गर्न र पीडित परिवारको स्वास्थोपचारलगायत परिपूरणका लागि आवश्यक व्यवस्था गर्न राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १७ (२) बमोजिम नेपाल सरकारलाई सिफारिस गर्ने ।

३०. बाँके कारागारमा रहेको केही बन्दीले २०६२ चत्रै १७ गते देखि विभिन्न माग राखी तालाबन्दी गरेको सम्बन्धमा आयोगमा उजुरी पर्न आएको, आयोगको अनुसन्धान प्रतिवेदनअनुसार तत्कालीन स्थानीय प्रशासनबाट व्यवस्थापन हुन सक्ने माग पूरा भई कारागार व्यवस्थापन विभागमा थप मागका सम्बन्धमा पत्राचार भइरहेको देखिँदा र कारागारको अवस्थामा क्रमिक सुधार आइरहेको भन्ने देखिँदा प्रस्तुत उजुरी राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १०(३) बमोजिम तामेलीमा राख्ने ।

३१. हुम्ला जिल्ला नयाँपानी गाविस वडा नं. २ बस्ने वीरबहादुर सुनारले आफू कुष्ठरोगी भएकाले गाउँबाट विस्थापित गराएकाले छानबिन गरी पाऊँ भनी आयोगमा उजुरी गरेको, आयोगको अनुसन्धान प्रतिवेदनअनुसार हाल कुनै भेदभाव नभएको आफू खुसी

काठमाडौँमा बसोबास गरी आएको भन्ने देखिँदा प्रस्तुत उजुरी राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १० (२) बमोजिम तामेलीमा राख्ने ।

३२. बाके जिल्ला कटकुइया गाविस वडा नं. २ बस्ने विश्राम यादवको घरजग्गा तत्कालीन नेकपा
(माओवादी)-का कार्यकर्ताले द्वन्द्वकालमा कब्जा गरेको कारण विस्थापित भएको भनी आयोगमा उजुरी पर्न आएको, आयोगको टोलको प्रतिवेदन हेर्दा व्यक्तिबीच घर-जग्गा विवाद देखिएको र देवानी प्रकृतिका उजुरी आयोगको क्षेत्राधिकारभित्र पर्ने नदेखिँदा राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १० (२) बमोजिम खारेजी हुन मनासिव देखी उक्त उजुरी खारेज गर्ने ।

३३. बाके जिल्ला माहदेवपुर गाविस वडा नं. २ बस्ने पवित्रा विकले २०६४ भदौ १३ गते अस्पताल उपचारको क्रममा विवाद भई भेरी अञ्चल अस्पतालका चिकित्सक र नर्सबाट प्रहरी लगाई अभद्र व्यवहार गरेकाले कारबाही गरी पाऊँ भनी आयोगमा उजुरी दर्ता हुन आएको, आयोगको अनुसन्धान प्रतिवेदनअनुसार सो विषयमा मुद्दा परी प्रहरीबाट सार्वजनिक अपराधमा मुद्दा चलाई सजायसमेत भएको भन्ने देखिँदा राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १० (२) बमोजिम खारेजी हुन मनासिव देखी उक्त उजुरी खारेज गर्ने ।

३४. दुग्ध विकास संस्थानका टेक्निकल सातौँ तहका कर्मचारी नरबहादुर साउद २०४७ सालमा दुर्घटनामा परी मेरुदण्ड भाँचिएकोमा संस्थानले मासिक अशक्त वृत्तिबापत रु.४२५/दिने निर्णय भएको हाल सो वृत्ति अनुपयुक्त भएकोले उचित जीवन निर्वाह भत्ता उपलब्ध गराई पाऊँ भनी आयोगमा उजुरी पर्न आएको, आयोगको स्थापना हुनुभन्दा धेरै अगाडिको घटना भएको र आयोगबाट यस सम्बन्धमा कारबाही गर्न उपयुक्त नदेखिँदा राष्ट्रिय मानव अधिकार (उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १०(१) घ नं. बमोजिम खारेज गर्ने ।

३५. जिल्ला बाँकेनैनापुर गाविस ७ बस्ने विहारीलाल कुमारको जगा तिउरी पासी, गोकुल पासीसमेतले २०६४ सालमा कब्जा गरेकोले छानबिन गरी पाऊँ भनी आयोगमा उजुरी पर्न आएको, व्यक्तिगत जग्गा खिचोलासम्बन्धी विवाद यस आयोगको क्षेत्राधिकारभित्र पर्ने नदेखिँदा राष्ट्रिय मानव अधिकार (उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १०(१) घ नं. बमोजिम खारेज गर्ने ।

३६. नुवाकोट जिल्ला विदुर नपा वडा नं. १ बस्न भगवती बुढाथोकी २०६१ जेठ गते हराएकाले खोजतलास गरिपाऊँ भनी आयोगमा उजुरी पर्न आएको, आयोगमा अनुसन्धान प्रतिवेदनअनुसार निज फेला परी व्यवसाय गरी आएको देखिँदा राष्ट्रिय मानव अधिकार (उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १०(१) घ नं. बमोजिम खारेज गर्ने ।

३७. जिल्ला नुवाकोट खानीगाँउ गाविस वडा नं. ४ घर भई हाल कामनपा वडा नं १६ बालाजु काठमाडौँ बस्ने बुनादेवी राईको छोरा वर्ष १३ को मनोज राईलाई मेसिन चोरीको आरोपमा बालाजु प्रहरी चौकीले २०६४ जेठ २७ गते पक्राउ गरी भोलिपल्ट छाडेको, प्रहरीको यातनाको कारण मृत्यु भएकाले कारबाही गरिपाऊँ भनी आयोगमा उजुरी पर्न आएको, आयोगको अनुसन्धान प्रतिवेदनअनुसार मृत्युको कारण Parenchymal Liver Disease (HEPATITLS) भन्ने २०६४/३/३को शिक्षण अस्पताल फरेन्सिक विभागको पोस्टमार्टम रिपोर्टबाट यातनाको कारण मृत्यु भएको भन्ने पुष्टि हुन नआएकाले प्रस्तुत उजुरी मानव अधिकार आयोग (उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १० (२) बमोजिम तामेलीमा राख्ने ।

३८. काठमाडौँजिल्ला काठमाडौँ महानपा वडा नं. ३२ घट्टेकुलो बस्ने शेखर ज्ञवालीले आफ्नो छोरा आर्यन सम्राट् ज्ञवालीलाई बच्चाको इच्छानुसार आफैँ पालन-पोषण गर्न पाऊ भनी आयोगमा उजुरी पर्न आएको, निजकी श्रीमती देवी पौड्यालले आफ्नो सात वर्षको नाबालक छोरालाई आफैँ पालन-पोषण गर्न पाऊँ भनी आयोगमा उजुरी पर्न आएको, आयोगको अनुसन्धान टोलीको प्रयासबाट जिल्ला प्रशासन कार्यालय काठमाडौँको २०७० माघ २२ को निर्णयानुसार आमाकै जिम्मा लगाउने गरी निर्णय भएको र हाल बच्चा निजकै आमासँग रही पालन-पोषण गराएको भन्ने बुझिन आएकाले प्रस्तुत उजुरी मानव अधिकार आयोग (उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १० (२) बमोजिम तामेलीमा राख्ने ।

३९. सिन्धुपाल्चोक जिल्ला कठरी गाविस वडा नं. ९ बस्ने तत्कालीन ६ वर्ष बालक बालकष्ण खड्कालाई २०६० सालमा सरिता श्रेष्ठले पालन-पोषण गर्न, बालगृहमा पढाइदिने भनी प्रलोभनमा पारी बच्चा जिम्मा लगाएको र बच्चासँग लामो समय सम्पर्कविहीन गराएकाले कारबाही गरिपाऊँ भनी आयोगमा उजुरी दर्ता हुन आएको, आयोगको अनुसन्धान प्रतिवेदनअनुसार बाल सेवा केन्द्र खुसीवन, बालाजु काठमाडौँको संस्थामार्फत गोरखापत्रमा सूचनासमेत २०६५/५/८ मा प्रकाशित गरी हाल धर्मपुत्रको रूपमा इटली पठाएको फाइल संलग्न कागजातबाट देखिन आएकाले मानव अधिकार उल्लङ्घन भएको देखिन आएको, बाल सङ्गठन नक्सालमार्फत धर्मपुत्रको रूपमा पठाएको भन्ने देखिँदा धर्मपुत्रसम्बन्धी कानुनी व्यवस्था, नीतिसमेत आवश्यक संशोधन गर्न, जनचेतना र सचेतना वृद्धि गर्ने दायित्व अभिभावक बाबु, आमा स्वयम्को हुने भएकाले त्यसतर्फ सचेतनामूलक कार्यक्रमसमेत सञ्चालन गर्न गराउन गर्न नेपाल सरकारलाई नीतिगत सिफारिस गर्ने ।

४०. काठमाडौँ कीर्तिपुरस्थित पुष्पसदन आवासीय माविमा कक्षा १० मा अध्ययनरत वर्ष १५ की मंन्जु अर्यालको २०६८ असार १० गते आत्महत्याको कारण मृत्यु भएको भनिए तापनि हत्या भएको आशङ्का रहेकाले छानबिन गरिपाऊँ भनी आयोगमा उजुरी पर्न आएको, आयोगमा अनुसन्धान प्रतिवेदनअनुसार त्रिविवि शिक्षण अस्पताल फरेन्सिक विभागको मिति २०६८ असार १२ को शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण Hanging उल्लेख भई आत्महत्या गरेको देखिँदा प्रस्तुत उजुरी राष्ट्रिय मानव

अधिकार (उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १० (१) घ नं. बमोजिम खारेज गर्ने ।

४१. ललितपुर जिल्ला गोदावरी नपा वडा नं. ८ बस्ने नेपाली सेना सैनिक आवसीय माविमा सल्लाघारी भक्तपुरमा कक्षा ७ मा अध्ययनरत सुगोनकुमार घिमिरेलाई होस्टलमा बसी अध्ययनरत अवस्थामा २०७२ जेठ २८ गते निजको बुबा गोविन्दप्रसाद घिमिरेलाई बोलाई विभन्नि कारण देखाई स्कुल छोडाउन निवेदन लेख्न लगाएका कारण कारबाही गरिपाऊँ भनी आयोगमा उजुरी दर्ता हुन आएको, पीडितकी आमा सुभद्रा खनाल घिमिरेले मिति २०७२ असोज २१ गते आफ्नो उजुरीमा थप कारबाही नगर्नका लागि आयोगमा उपस्थित भई निवेदन दिएकाले प्रस्तुत उजुरी राष्ट्रिय मानव अधिकार (उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १०(१) घ नं. बमोजिम खारेज गर्ने ।

४२. जिल्ला मोरङ बयरवन घर भई हाल काजि जोरपाटी बस्ने करुण भट्टराईले विद्यालयको लापरबाहीको कारण २०७० सालको एसएलसी परीक्षा रद्द हुन गएकाले कारबाही गरिपाऊँ भनी आयोगमा उजुरी दर्ता हुन आएको, आयोगको अनुसन्धानअनुसार श्री पुनरावेदन अदालत पाटनको २०७० कात्तिक ५ गतेको आदेशअनुसार सो रद्द भएको परीक्षा उत्प्रेषणको आदेशद्वारा बदर गरी निजको परीक्षाफल प्रकाशित भइसकेको देखिँदा प्रस्तुत उजुरी राष्ट्रिय मानव अधिकार (उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १० (१) घ नं. बमोजिम खारेज गर्ने ।

४३. जिल्ला नुवाकोट सुन्दरादेवी गाविस वडा नं. १ बस्ने वर्ष १३ को राजकुमार नेपालीलाई २०६० कात्तिक १५ गते नेपाली सेनाले पक्राउ गरी गोली हानी मारेकाले दाषीलाई कारबाही गरिपाऊँ भनी आयोगमा उजुरी पर्न आएको, आयोगको अनुसन्धान प्रतिवेदनअनुसार दोषी सुरक्षाकर्मीको पहिचान गरी कारबाही गर्न र क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने भन्ने देखिँदा रक्षा मन्त्रालयको २०७३/६/१६ चन २८ मा उल्लेख भएको दोहोरो भिडन्तमा मृत्यु भएको भन्ने भनाइसँग सहमत हुन सकिएन। अतः घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी कारबाही गर्न र पीडित परिवारलाई नेपाल सरकारबाट रु. २,५३,०००/उपलब्ध गराएको भन्ने देखिँदा थप राहत क्षतिपूर्ति उपलब्ध गराउन राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा १६ को उपदफा (३) (४) नं. बमोजिम सिफारिस गर्ने।

४४. सिन्धुपाल्चोक जिल्ला फुल्पीङ्कोट गाविस वडा नं. १ बस्ने निरबहादुर तामाङको घरमा २०६६ जेठ १५ गते राती बम विष्फोट भई घरमा क्षति पुगेको र छोरी प्रमिला तामाङ र श्रीमती राजकुमारी तामाङ गम्भीर घाइते भएकाले छानबिन गरिपाऊँ भनी आयोगमा उजुरी पर्न आएको, आयोगको अनुसन्धान प्रतिवेदनअनुसार को-कस्को कारणबाट बम विष्फोट भएको सम्बन्धमा जिल्ला प्रहरी कार्यालय, सिन्धुपाल्चोकको मिति २०६६/४/२८ चन २३६ को पत्रानुसार छानबिन टोली गठन भई अनुसन्धान भएको र थप कारबाही भइरहेको भन्ने प्रहरीको अनुसन्धान प्रतिवेदनबाट समेत खुल्न आएको देखिँदा पीडितको क्षति भएको सम्पत्तिको क्षतिपूर्ति उपलब्ध गराउन, पीडितहरूको स्वास्थ्य उपचार, शिक्षा, मनोसामाजिक परामर्शसमेत उपलब्ध गराउन

सरकारलाई सिफारिस गर्ने र घटनाको सन्दर्भमा राजनीतिक दलहरूबाट आरोप प्रत्यारोप भएको बुझिन आएकाले आगामी दिनमा त्यसतर्फ सचेत र जिम्मेवार बन्न राजनीतिक दलहरूलाई ध्यानाकर्षण गराउने ।

४५. बझाङ जिल्ला रिट्ठापाटा गाविस वडा नं .६ घर भई जिल्ला वन कार्यालय बंझाङमा वनपाले पदमा कार्यरत झिल्के खड्कालाई २०६१ असोज १ गते राती तत्कालीन नेकपा (माओवादी)-का कार्यकर्ता घरमा प्रवेश गरी निजलाई अपहरण गरी आगजनी समेत गरेकाले क्षतिपूर्तिसहित सकुशल रिहाइ र दोषीलाई कारबाही गरिपाऊँ भनी आयोगमा उजुरी पर्न आएको, आयोगको अनुसन्धान प्रतिवेदनअनुसार माओवादीका कार्यकर्ताले ६ दिन कब्जामा राखी मुक्त गरिदिएको र १२ कोठे पक्की घर जलेकोले मूल्याङ्कनबमोजिम क्षतिपूर्ति उपलब्ध गराउन, दोषीलाई कारबाही गर्नसमेत राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा १६ को उपदफा (२) (३) नं. बमोजिम सिफारिस गर्ने ।

४६. बर्दिया जिल्ला नेउलापुर गाविस वडा नं. ४ बस्ने अमृत थारू, वसन्ती थारू र लोटन थारूसमेत ३ जनालाई २०५८ असार १६ गते नेपाली सेनाका सुरक्षाकर्मीले पक्राउ गरी यातना दिएकाले छानबिन गरिपाऊँ भनी आयोगमा उजुरी पर्न आएको, आयोगको अनुसन्धान टोलीको प्रतिवेदनअनुसार नेपाली सेनाको बरख दल गणका सुरक्षाकर्मीहरू पर्शुराम कुमाल थारू र लुमाकान्त भण्डारीलाई विभागीय कारबाही गर्न, पीडित अमृत थारूलाई रु. एक लाख उपलब्ध गराउन र वसन्ती थारू र लौटन थारूको स्वास्थ्योपचार निःशुल्क गर्न समेत राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १७ र २४ बमोजिम नेपाल सरकारलाई साथै यातनालाई आपराधिक कार्य मान्ने गरी कानुनको व्यवस्था मिलाउनसमेत नीतिगत सिफारिस गर्ने ।

४७. कैलाली जिल्ला सुगरखाल गाविस वडा नं. ७ बस्ने चित्रनाथ योगी, मानबहादुर खत्री र दीप बरालगायतलाई २०६० मङ्सिर १० गते ऐ वडा नं. हात्तीढुङ्गा भन्ने स्थानमा तत्कालीन शाही नेपाली सेनाले यातना दिएको घटनाको सम्बन्धमा छानबिन गरिपाऊँ भनी आयोगमा उजुरी पर्न आएको, आयोगको अनुसन्धान टोलीको प्रतिवेदनअनुसार घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी विभागीय कारबाही गर्न, पीडितहरू चित्रनाथ योगी, मानबहादुर खत्री र दीप बरालगायतलाई जनही एक/एक लाखका दरले क्षतिपूर्ति उपलब्ध गराउन राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १७ उपनियम ३ बमोजिम नेपाल सरकारलाई सिफारिस गर्ने ।

४८. कैलाली जिल्ला बलिया गाविस वडा नं. ८ डुडेझाडी जंगलमा भएको गोली काण्ड घटनाको छानबिन गरिपाऊँ भनी आयोगमा उजुरी पर्न आएको, आयोगको अनुसन्धान टोलीको प्रतिवेदनअनुसार २०६६ मङ्सिर १९ गते भएको घटनामा सम्बन्धमा राजनीतिक पार्टीसमेतको आह्वान सुकुम्बासी भनिएका व्यक्तिले अतिक्मण गरेको, अतिक्रमण हटाउन वन कार्यालय, प्रहरी प्रशासनबाट सूचना दिइएको, त्यसको अटेर गरी वन अतिक्रमण जारी राखेकोले बल प्रयोग हुँदा दोहोरो झडप र भिडन्तमा

सुरक्षाकर्मी प्रहरी जवान पदमसिंह ऐरे र वन अतिक्रमण गर्ने व्यक्तिमध्ये सञ्जय ढकाल, रूपलाल डगौराथारू, नरेन्द्रबहादुर विकसमेतको मृत्यु भएको र ३४ जना घाइते प्रहरी र १३ जना आन्दोलनकारी घाइते भएको पाइएकाले प्रहरी जवानसहित मृत्तकको परिवारको भरणपोषणको लागि जनही एक/एक लाख क्षतिपूर्ति उपलब्ध गराउन र घाइतेको निःशुल्क स्वास्थोपचारको लागि राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा १६ को उपदफा ३ र ४ बमोजिम नेपाल सरकारलाई सिफारिस गर्ने ।

४९. जिल्ला सुर्खेत नेटा गाविस वडा नं. ६ बस्ने नीरकबहादुर घर्तीलाई २०६१ साल मङ्सिर ६ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारेको भनी आयोगमा उजुरी दर्ता हुन आएको, निजलाई २०६१ साल पुस ११ गते निजकै बुबा रत्नबहादुर घर्तीलाई जिम्मा लगाई टाढिएको भन्ने देखिएकाले प्रस्तुत उजुरीमा थप कारबाही गर्नुपर्ने नदेखिँदा आयोगको उजुरी कारबाही क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (३) र आयोग ऐन २०६८ को दफा १३ बमोजिम तामेलीमा राख्ने ।

५०. जिल्ला कैलाली रामशिखरमाला गाविस वडा नं. ८ बस्ने राम अवतार चौधरीलाई २०५९ भदौ १४ र ऐऐ. बस्ने सीताराम चौधारीलाई सोही मितिमा घरबाट सुखड बेसक्याम्पका सुरक्षाकर्मीले प्रक्राउ गरी ऐ १५ गते रेडियो नेपालको समाचारमा निजहरूको सुरक्षा कारबाहीमा मृत्यु भएको भनी आयोगमा २०६२ चैत १६ गते आयोगमा उजुरी दर्ता हुन आएको, आयोगको प्रतिवेदनअनुसार निजहरूलाई गिरफ्तार गरी मारेको देखिन आएकाले राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा बमेजिम मानव अधिकार उल्लङ्घनमा नेपाली सेना सुखड बेसक्याम्पका कमान्डरमार्फत बुझी जो-जसको संलग्नता छ, निजहरूलाई कानुनबमोजिम कारबाही गर्न र नेपाल सरकारबाट रु.तीन लाख राहत उपलब्ध गराइसकेको देखिँदा निजको आश्रित परिवारको लागि शिक्षा, रोजगार, स्वास्थोपचारलगायत परिपूरणका लागि व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिस गर्ने ।

५१. जिल्ला बाजुरा मार्तडी गाविस वडा नं. २ बस्ने सुरलाल विकलाई २०५९ साल असोज १२ गते तत्कालीन नेकपा (माओवादी)-ले अपहरण गरी लागेको र सो जानकारी प्रशासनलाई गराएपछि मार्तडीबाट खटिएको सुरक्षाकर्मीले खोजतलास गरी चार जना माओवादी कार्यकर्तासहित निजलाई पक्राउ गरी कब्जामा लिई मारिएकाले कारबाही गरिपाऊँ भनी आयोगमा उजुरी पर्न आएको, आयोगको अनुसन्धान प्रतिवेदनअनुसार कब्जामा लिई मारेको देखिन आएकाले मानव अधिकार उल्लङ्घन भएको देखिन आएकोले राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा १६ बमोजिम नेपालि सेना मार्तडीका कमान्डरबाट बुझी जो-जसको संलग्नता छ, निजलाई कानुनबमोजिम कारबाही गर्न र नेपाल सरकारबाट राहत रु.तीन लाख पाइसकेको देखिँदा निजको आश्रित परिवारको परिपूरणको लागि स्वास्थोपचारसमेतको लागि आवश्यक व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिस गर्ने ।

५२. जिल्ला बाँके मानिकापुर गाविस वडा नं.४ बस्ने अयोध्याप्रसाद यादव मिति २०६१ साल मङ्सिर २४ गते तत्कालीन माओवादी कार्यकर्ता अशोकले सुराकीको आरोपमा

स्कुलबाट अपहरण गरी निरन्तर धम्की दिएकाले कारबाही गरिपाऊँ भनी आयोगमा उजुरी पर्ने आएको, निजलाई तत्काल अपहरणमुक्त गरिएको, हाल धम्की नभएको र शिक्षण पेसा गरी आएको भन्ने बुझिन आएकाले राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा १३ र आयोगको (उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १०(३) बमोजिम प्रस्तुत उजुरीमा थप कारबाही गरी रहनुपर्ने नदेखिँदा उक्त उजुरीलाई तामेलीमा राख्ने ।

५३. बाँके जिल्ला बाबुगाँउ भवानीपुर गाविस वडा नं. ५ बस्ने लालताप्रसाद धोवीको २०६२/१/७ गते माओवादी कार्यकर्ताले मालपोत कार्यलयको कम्पाउन्डभित्र फालेको बमको छर्राबाट घाइते भएकाले क्षतिपूर्तिको लागि आयोगमा उजरी दर्ता हुन आएको, जिप्रकाको ताकेतापत्र हेर्दा मालपोतकार्यलय नेपालगञ्जमा कम्पाउन्डभित्र माओवादीले फालेको बम विस्फोटमा परी लालताप्रसाद भोवीलगायत १९ जना घाइतेको निःशुल्क उपचार गरिदिन भेरी अञ्चल अस्पताल नेपालगञ्जलाई पत्राचार भई निःशुल्क स्वास्थ्यपोचार भई हाल आफ्नो घरायसी काममा निरन्तर रूपमा सक्रिय रहेको पाइएकाले प्रस्तुत उजुरी राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १०(३) बमोजिम प्रस्तुत उजुरीमा थप कारबाही गरी रहनुपर्ने नदेखिँदा उक्त उजुरीलाई तामेलीमा राख्ने ।

५४. बर्दियाजिल्ला मनाउ गाविस वडा नं. ३ घर भई जिविस स्थानीय कोष सचिवालयमा कार्यरत मोहनविक्रम अर्याललाई २०५९ साउन २९ गते इप्रका कोहलपुर बाँकेबाट खटिएको सुरक्षाकर्मीले बेपत्ता पारेकाले छानबिन गरिपाऊँ भनी आयोगमा उजुरी दर्ता हुन आएको, निज २०५९ साल असोज २३ थुनामुक्त भई कानुन व्यवसाय गरी आएको पाइएकाले प्रस्तुत उजुरी तामेलीमा राख्ने ।

५५. चितवन जिल्ला शुक्रनगर गाविस वडा नं. ९ घर भई चितवन कारागारमा थुनामा रहेको अवस्थामा पुनः २०५९ जेठ २२ गते नजरबन्दमा राख्ने आदेश भई थुनामा रहेकाले गैरकानुनी थुनामुक्त गरिपाऊँ भनी आयोगमा उजुरी पर्न आएको, आयोगको टोलीले अनुसन्धान गर्दा हाल थुनामुक्त भई आफ्नो पेसाव्यवसाय गरी आएको पाइएकाले आयोगको उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (३) बमोजिम प्रस्तुत उजुरी तामेलीमा राख्ने ।

५६. अछामजिल्ला ठाँटी गाविस वडा नं. १ बस्ने दीलबहादुर शाहलाई २०६० कात्तिक २३ गते डेडेल्धुराका दह ब्यारेकेका सेनाले पक्राउ गरी बेपत्ता पारेको भनी आयोगमा उजुरी दर्ता हुन आएको, आयोगको अनुसन्धान प्रतिवेदनअनुसार राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा १२ (१) (२) र आयोगको क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (३) बमोजिम प्रस्तुत उजुरी तामेलीमा राख्ने ।

५७. जिल्ला बैतडी वसन्तपुर गाविस वडा नं.२ बस्ने र अजय दल गुल्ममा कार्यरत अमल्दार मानबहादुर ठगुना २०६१ माघ १० गतेदेखि बेपत्ता भएकाले छानबिन गरिपाऊँ भनी आयोगमा उजुरी दर्ता हुन आएको, आयोगको अनुसन्धान प्रतिवेदनअनुसार निज २०६६ साल फागुनमा भारतको हरिद्वार देरादुन क्षेत्रमा फेला

परेकाले र हाल आफ्नो घरमा व्यवसाय गरी बसी आएको कारण उजुरी तामेलीमा राख्न निवेदन दिएकाले प्रस्तुत उजुरी राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १० (३) बमोजिम तामेलीमा राख्ने ।

५८. जिल्ला डोटी छपाली वाबुगाँउ भवानीपुर गाविस वडा नं. ६ बस्ने मानबहादुर विकलाई २०६१ कात्तिक १४ गते पक्राउ परेको भनी आयोगमा उजरी पर्न आएको, निजलाई कसले कँहाबाट कुन विषयमा पक्राउ गरेको भन्ने स्पष्ट नहुँदा सो उजुरी आयोगको उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १(ख) बमोजिम खारेज गर्ने ।

५९. बाँके जिल्ला बागेश्वरी गाविस वडा नं. २ बस्ने प्रराग थापालाई २०६२ भाद्र ३० गते सोही गाउँका निर्मल बुढाथोकीले कुटपिट गरेकाले छानबिन गरिपाऊँ भनी आयोगमा उजुरी दर्ता गराएको, सो विषय आयोगको क्षेत्राधिकारभित्र पर्ने नदेखिँदा आयोगको उजुरी आयोगको उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १०(१) (घ) बमोजिम खारेज गर्ने ।

६०. बाँके जिल्ला त्रिवेणी पुस्तक पसल नेपालगञ्जका विश्वप्रसाद पाण्डेलाई २०६२ चैत्र २६ गते आन्दोलनको क्रममा कुटपिट गरी प्रहरीले टाइटन घडी खोली लगेको भनी आयोगमा उजुरी पर्न आएको, आयोगको अनुसन्धान टोलीको प्रतिवेदन हेर्दा जनआन्दोलनको क्रममा घटना भएको हाल सो अवस्था नरहेकोले आयोगको उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १०(३) बमोजिम तामेलीमा राख्ने ।

६१. सशस्त्र द्वन्द्वको बेला विस्थापित शिक्षकहरूको काज र द्वन्द्वरत तत्कालीन नेकपा (माओवादी) बाट अपहरण भएका शिक्षकहरूको जिउज्यान संरक्षण गरिपाऊँ भनी आयोगमा उजुरी पर्न आएको, निवेदक स्वयंले द्वन्द्वको समयमा असहज परिस्थिति भए तापनि हाल अवस्था सामान्य रहेकाले उजुरी टुग्याइदिन आयोगमा निवेदन दिएको देखिँदा प्रस्तुत उजुरी आयोगको (उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १० (३) बमोजिम तामेलीमा राख्ने ।

६२. दार्चुला जिल्ला रिट्ठाचौपाटा गाविस वडा नं. २ बस्ने मानसिंह धामीका नाति नेपाली सेनामा कार्यरत रहेको आरोप लगाई तत्कालीन नेकपा (माओवादी)-ले विस्थापित बनाएकाले मानव अधिकार संरक्षण गरिपाऊँ भनी आयोगमा उजुरी पर्न आएको, राष्ट्रिय मानव अधिकारको अनुसन्धान प्रतिवेदन हेर्दा उजुरकर्ताको मृत्यु भइसकेको र हाल अन्य परिवारका सदस्य आफ्नो घर व्यवसाय सञ्चालन गरी आएको देखिँदा आयोगको उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (३) बमोजिम प्रस्तुत उजुरी तामेलीमा राख्ने ।

६३. कैलाली जिल्ला चुहा गाविस वडा नं. ३ बस्ने कमलबहादुर साउदसमेतलाई २०६३ भाद्र १८ गते मानसिंह धामीका नाती नेपाली सेनामा कार्यरत रहेको आरोप लगाई

तत्कालीन नेकपा (माओवादी)-ले विस्थापित बनाएकोले मानव अधिकार संरक्षण गरिपाऊँ भनी आयोगमा उजुरी पर्न आएको, राष्ट्रिय मानव अधिकारको अनुसन्धान प्रतिवेदन हेर्दा उजुरकर्ताको मृत्यु भइसकेको र हाल अन्य परिवारका सदस्य आफ्नो घर र व्यवसाय सञ्चालन गरी आएको देखिँदा आयोगको उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १०(३) बमोजिम प्रस्तुत उजुरी तामेलीमा राख्ने ।

६४. कैलाली जिल्ला फूलबारी गाविस वडा नं. १ बस्ने लीलाधर सापकोटा ले २०५८ साल पुस ५ गते सैनिकबाट पक्राउ गरिएको, हिरासत मुक्त भएपछि नेकपा (माओवादी)-का कार्यकर्ताले घरमा बस्न नदिने भनी बारम्बार धम्की दिएकाले विस्थापित हुन परेको भनी आयोगमा उजुरी दर्ता गराएको, हाल यस्तो धम्की नरहेकाले तामेलीमा राखी पाऊँ भनी निवेदकले २०६२ फागुन ९ गते उजुरी टुङ्ग्याउन निवेदन दिएकाले प्रस्तुत उजुरी आयोगको उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १०(३) बमोजिम तामेलीमा राख्ने ।

६५. दाङ जिल्ला लक्ष्मीपुर गाविस वडा नं. ३ बेलुवा बस्ने सरद चौधरी, ऐ. बस्ने रामप्रसाद चौधरी, ऐ. बस्ने इन्द्रकला चौधारी र बस्ने खड्गबहादुर विकलाई सुरक्षाकर्मीले २०५९ मङ्सिर १८ गते मारिएको घटनाको सम्बन्धमा कारबाही गरी पाउन उजुरी परेको, यस सम्बन्धमा आयोगको बैठकबाट २०६२/३/२ गते निर्णय भई सिफारिससमेत भइसकेको दोहोरो (११०५,११५६,११५८ र ११५९) दाहोरो दर्ता देखिएकाले आयोगको उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) (घ) नं. बमोजिम खारेज गर्ने ।

६६. नवलपरासी जिल्ला जहदा गाविस वडा नं. २ बस्ने सीताराम तेलीको भाइ शङ्करप्रसाद गुप्ता तत्कालीन नेकपा (माओवादी) पार्टी सङ्गठनमा आबद्ध भएको कारण सेनाको कारबाहीमा मारिएपछि माओवादी कार्यकर्ता आई जर्बजस्ती माओवादी पार्टीमा लाग्न दबाब दिएकोले र जग्गा कब्जा गरेको हुँदा कारबाही गरिपाऊँ भनी आयोगमा उजुरी पर्न आएको, सो जग्गा वन कार्यालयले रोक्का गरेको र विवाद सम्मानित अदालतमा विचाराधीन रही हाल लिलामसमेत भई रु. १,५०,०००/ प्राप्त गरी सकेकोले आयोगको उजुरी टुङ्ग्याइदिन लिखित निवेदनसमेत दिएको देखिँदा प्रस्तुत उजुरी आयोगको उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १०(३) बमोजिम तामेलीमा राख्ने ।

६७. बाँके जिल्ला वसुदेवपुर गाविस वडा नं. १ बस्ने दीलकुमार कार्कीलगायत २२ जनाले २०६३ साल भदौ १० गते मोहनापुरमा बाढी आई घरखेत, नगद जिन्सी, पशुचौपाया, अन्नपात, लत्ताकपडा बगाई लगेकाले बसोबास तथा सुरक्षाको व्यवस्था मिलाई पाऊँ भनी आयोगमा उजुरी पर्न आएको, नेपाल रेडक्रस सोसाइटीबाट तत्काल राहत सहयोग उपलब्ध भएको र हाल सबै पीडितले आआफनो घर-व्यवहार चलाई पुनर्स्थापना भई बसेको भनी प्रतिवेदनबाट देखिन आएकाले प्रस्तुत उजुरी राष्ट्रिय

मानव अधिकार आयोग (उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १० (३) बमोजिम तामेलीमा राख्ने ।

६८. बाजुरा जिल्ला गुदुखाटी गाविस वडा नं. ५ घर भई श्री भवानी निवाविका शिक्षक भक्तबहादुर रावतले सोही विद्यालयका शिक्षक शेरबहादुर बुढालगायत विद्यालय प्रशासनबीच भएको विवादमा छानबिन गरिपाऊँ भनी आयोगमा उजुरी पर्न आएको, प्रस्तुत घटनामा जिल्ला प्रहरी कार्यालयबाट अनुसन्धान भएको र यस आयोगको क्षेत्राधिकारभित्र पर्ने नदेखिँदा आयोगको उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १०(१) (घ) नं. बमोजिम प्रस्तुत उजुरी खारेज गर्ने ।

६९. कैलाली जिल्ला धनगढी नपा वडा नं. २ बस्ने पुनम महतोलाई निजको श्रीमान् मनोज महतो र देवर उद्धव महतोले गाली बेइज्जती गरी ज्यान मार्ने धम्की दिएकाले कारबाही गरिपाऊँ भनी आयोगमा उजुरी दर्ता हुन आएको, सो सम्बन्धमा अनुसन्धान हँदा बहुविवाहमा सजाय भएको र हाल सम्बन्ध विच्छेद भइसकेकोले पीडित स्वयम्ले आयोगको उजुरी खारेज गर्न निवेदन दिएको देखिँदा प्रस्तुत उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (३) बमोजिम खारेज गर्न ।

७०. कैलाली जिल्ला धनगढी नपा वडा नं. २ बस्ने लक्ष्मण डगौरालाई २०६४ वैशाख १९ गते नेकपा (माओवादी)-का कार्यकर्ताले कारबाही गर्ने धम्की दिएको भनी आयोगमा उजुरी पर्न आएको, सम्बन्धित विवाद समाप्त भइसकेकोले उक्त उजुरी तामेलीमा राख्न पीडित भनिएका व्यक्ति लक्ष्मण डगौराले २०६६/५/२३ मा निवेदन दिएको देखिँदा प्रस्तुत उजुरी तामेलीमा राख्ने ।

७१. कैलाली जिल्ला धनगढी नपा वडा नं. ७ बस्ने सावित्री अर्यालको पति काशीराम अर्याललाई २०६४ साल पुस १० गते माओवादी पार्टीको कानुनी सल्लाहकार रामबहादुर केसीले कँहा लुकायौ, पाँच दिनभित्र हाजिर गराउनू भनी धम्की दिएकाले कारबाही गरिपाऊँ भनी आयोगमा उजुरी पर्न आएको, आयोगको अनुसन्धान टोलीको प्रतिवेदन हेर्दा निज काशीराम अर्याललाई ठगी मुद्दामा प्रहरीले खोजतलास गरिरहेको भन्ने बुझिन आएकाले प्रस्तुत विवाद आयोगको क्षेत्राधिकारभित्र पर्ने नदेखिँदा आयोगको उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १०(१) (घ) नं. बमोजिम प्रस्तुत उजुरी खारेज गर्ने ।

७२. रोल्पा जिल्ला लिवाङ ७ बस्ने कृष्ण कुँवरलगायत अन्य केटीहरूलाई समेत सोही जिल्लास्थित नयाँ गोरख गण लिवाङमा कार्यरत सिपाही जनक पुनले विवाह गर्ने लगायतको धम्की दिएको हँदा कारबाही गरिपाऊँ भनी आयोगमा उजुरी पर्न आएको, निज पुनको सरुवा भइसकेको र हाल कुनै समस्या नरहेकोले उजुरी टुग्याइदिन २०६५/२/१४ मा निवेदन प्राप्त हुन आएकोले प्रस्तुत उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १०(१) (घ) नं. बमोजिम खारेज गर्ने ।

७३. रोल्पा जिल्ला घवाङ गाविस वडा नं. ५ तीतेपानी बस्ने सुनमाया बुढामगरलाई २०५९ श्रावण ७ गते तत्कालीन नेपाली सेनाको टोलीले पक्राउ गरी गोलीहानी मारेकोले छानबिन गरिपाऊँ भनी आयोगमा उजुरी गरेको, आयोगको अनुसन्धान टोलीबाट बुझ्दा क्षतिपूर्ति राहतबापत रु.५०,०००/ प्राप्त गरी सकेको, दोहोरो भिडन्तमा सर्वसाधारणको मृत्यु भएको भन्ने खड्क रोकाको बयानबाट समेत बुझिन आएकोले राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को उपदफा ३ र ४ बमोजिम थप रु. १,५०,०००/ क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय भयो। प्रस्तुत उजुरीसाथ अन्य ११ जना व्यक्तिको मृत्युको सम्बन्धमा आयोगको क्षेत्रीय कार्यालय नेपालगञ्जबाट थप अनुसन्धान गरी पेस गर्न लगाउने।

७४. रोल्पा जिल्ला मिझिङ गाविस वडा नं. ३ बस्ने चन्द्रबहादुर विष्टलाई २०६३ श्रावण १७ गते राती नेकपा (माओवादी)-का कार्यकर्ता आई कुटपिट गरी घाइते बनाएको र धम्की दिएकाले कारबाही गरिपाऊँ भनी आयोगमा उजुरी दर्ता हुन आएको, सोही दिनमा २०६४ असोज २९ गते इलाका प्रहरी कार्यालय, सुलीचौर रोल्पामा स्थानीय राजनीतिक दलका प्रतिनिधसहित मिलापत्र गराएको देखिन आएकोले प्रस्तुत उजुरी आयोगको उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १०(३) बमोजिम तामेलीमा राख्ने।

७५. रोल्पा जिल्ला लिवांङ गाविस वडा नं. ६ बस्ने  विष्णु सुनार र ऐऐ. बस्ने देवचन्दलाई पक्राउ गरी नयाँ गोरख गणमा राखिएको भेटघाट गर्न समेत नदिएकाले कारबाही गरिपाऊँ भनी आयोगमा उजुरी दर्ता हुन आएको, निज विष्णु सुनुवार र देवचन्द नेपाली सेनामा कार्यरत सङ्कटकालको अवस्थामा बेपत्ता भएको, गणबाट हराएको हतियार बाहिर लैजाने क्रममा संलग्न रहेको प्रमाणको आधारमा सैनिक ऐन २०६३ बमोजिम कारबाही भई २०६३ को दफा ४२ को उपदफा (२) ,दफा (४९) को (क) दफा ५२ (छ) र ६५ बमोजिम कसुर गरेकाले निजलाई ऐ. ऐनको दफा १०(१) को उपदफा १ को खण्ड ग बमोजिम कारबाही भई बाँकी कदै भुक्तानीको कारागार शाखा रोल्पामा पठाएको भन्ने नयाँ गोरख गण, लिवाङ ब्यारेक रोल्पाको २०६५/२/८ को पत्रबाट जानकारी हुन आएकोले सो विषय आयोगको क्षेत्राधिकारभित्र पर्ने नदेखिँदा राष्ट्रिय मानव अधिकार नियमावली २०६९ को नियम १०(१ (घ) नं. बमोजिम खारेजी  गर्ने।

७६. डडेलधुरा जिल्ला शीर्ष गाविस वडा नं. २ बस्ने बीरबहादुर महतोलाई २०६४ साउन २३ गतेको घटनाको सम्बन्धमा मुद्दा दर्ता गरेको कारण माओवादीका कार्यकर्ताहरू वीरेन्द्र विष्ट, हेमराज गिरीसमेतले ज्यान मार्ने धम्की दिएकोले कारबाही गरिपाऊँ भनी आयोगमा उजुरी दर्ता गरेको, आरोपितहरूलाई कानुनी कारबाही भई थुनामा रहेको भन्ने जिल्ला प्रशासन कार्यालय, डडेल्धुराको २०६४/१०/१७ को पत्रबाट देखिँदा प्रस्तुत उजुरी आयोगको उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १०(३) बमोजिम तामेलीमा राख्ने।

७७. भारतको विहार घर भई धुम्बाराही काठमाडौँमा व्यवसाय गरी बस्ने सोनुकुमार जैसवाललाई २०६६ पुस २ गते महाराजगञ्जका प्रहरीले पक्राउ गरेका भनी आयोगमा

उजुरी पर्न आएको, निजलाई चोरीलगायतका आरोपमा पक्राउ गरी अनुसन्धानपश्चात् २०६६ पुस २२ गते थुनामुक्त गरेको भन्ने फाइल संलग्न कागजातबाट देखिन आएको र पीडित भनिएका स्वयम्ले आयोगको पहलमा थुनामुक्त भएको भनी उजुरी टुग्याइदिन निवेदनसमेत दिएको देखिँदा प्रस्तुत उजुरी आयोगको उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १०(३) बमोजिम तामेलीमा राख्ने ।

७८. रूपन्देही जिल्ला केरवानी गाविस वडा नं. ४ बस्ने भानुभक्त काफ्लेले आफू २०६४ फागुन १६ गते साइकलबाट लडी उच्च रक्तचापको कारण प्यारालाइसिस भएकोमा परिवारले उपचार नगराएको हुँदा कारबाही गरिपाऊँ भनी आयोगमा उजुरी पर्न आएको, सम्मानित भैरहवा जिल्ला अदालतबाट अंश पाई न्याय पाएकोले उजुरी टुग्याइदिन २०६९/१०/९ मा आयोगमा निवेदन दर्ता हुन आएको देखिँदा प्रस्तुत उजुरी आयोगको उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १०(१) घ बमोजिम खारेज गर्ने ।

७९. रूपन्देही जिल्ला खिलीगढ ४ दुर्गानगर बस्ने रामबहादुर थारू र का.जि. कामनपा ७ चाबहिल बस्ने ज्योति पाण्डेबीच २०६७/११/२७ गते सिद्धबाबा मन्दिरमा गई अन्तरजातीय विवाह भएपछि घरपरिवारबाट धम्की आएकाले आयोगमा उजुरी पर्न आएको, श्रीमान्-श्रीमती दुवैले २०६८/५/२९ मा आयोगको आफ्नो उजुरी खारेज गरिदिन लिखित जानकारी दिएको र सो समस्या हाल नरहेको भन्ने उल्लेख गरेकोले प्रस्तुत उजुरी आयोगको उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १०(१) घ बमोजिम खारेज गर्ने ।

८०. नेपाली काङ्ग्रेस अर्घाखाँचीका सचिव विष्णु खनाललाई २०६०।५।१७ गते निजको निवासमा खानतलासीको क्रममा तत्कालीन सेनाका जवानले कुटपिट र दुर्व्यवहार गरेको भनी आयोगमा उजुरी परेकोमा अनुसन्धान हुँदा हाल उक्त उजुरीको अन्त्य गरिदिन जानकारी दिएको देखिँदा प्रस्तुत उजुरी आयोगको उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) नं.बमोजिम तामेलीमा राख्ने ।

८१. नवलपरासी जिल्ला प्रगतिनगर ४ बस्ने अहेव कृष्णप्रसाद सापकोटालाई २०६०।१०।२६, मा तत्कालीन माओवादीले अपहरण गरी लगेको भनी आयोगमा उजुरी पर्न आएको, आयोगको अनुसन्धान प्रतिवेदनअनुसार उक्त उजुरी टुङ्ग्याइदिन लिखित जानकारी प्राप्त हुन आएकाले उक्त उजुरी आयोगको उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१ नं. बमोजिम तामेलीमा राख्ने ।

८२. रोल्पा जिल्ला बुढागाउँ गाविस ५ बस्ने शेरबहादुर पुनलाई मिति २०६० साल फागुन महिनामा तत्कालीन नेकपा (माओवादी)-का कार्यकर्ताले कब्जामा लिई रु.३० हजार जरिवाना गरी श्रमकैदमा राखेकोले कारबाही गरिपाऊँ भनी आयोगमा उजुरी पर्न आएको, आयोगको अनुसन्धान प्रतिवेदनअनुसार निजलाई हाल त्यस्तो धम्की नभएकोले उजुरी तामेलीमा राखी पाऊँ भनी निवेदन दिएको देखिँदा प्रस्तुत उजुरी आयोगको उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) नं. बमोजिम तामेलीमा राख्ने ।

८३. बाँके जिल्ला नेपालगञ्ज ५ बस्ने रवीन्द्रमान शेरचनको इँटा उद्योगको ट्रान्सफरमर नेकपा
(माओवादी)-का कार्यकर्ताले २०६२।१२।१ १ गते कब्जामा लिएको कारण उद्योग बन्द भएको भनी आयोगमा उजुरी पर्न आएको, आयोगको अनुसन्धान प्रतिवेदनअनुसार हाल इँटाभट्टा बिक्री गरेको भन्ने देखिन आएकोले प्रस्तुत उजुरी आयोगको उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) नं. बमोजिम तामेलीमा राख्ने ।

८४. बाँके जिल्ला नेपालगञ्ज ५ बस्ने निर्मलकुमार सिंहलाई २०६२।१।२८ गते अंशसम्बन्धी विवादमा सुरक्षाकर्मीले पक्राउ गरेकोमा कारबाही गरिपाऊँ भनी आयोगमा उजुरी पर्न आएको, आयोगको अनुसन्धान प्रतिवेदन हेर्दा सो विषयमा मिलापत्र भएकोले उजुरी तामेलीमा राख्ने ।

८५. बाँके जिल्ला नेपालगञ्ज १३ बस्ने नितिन श्रेष्ठको घरमा २०६२/१०/२२ मा अज्ञात समूहले बम विस्फोट गराएकोले कारबाही गरिपाऊँ भनी आयोगमा उजुरी पर्न आएको, आयोगको अनुसन्धान टोलीसमक्ष हाल उजुरी तामेलीमा राख्ने निवेदन दिएकाले प्रस्तुत उजुरी आयोगको उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) बमोजिम तामेलीमा राख्ने ।

८६. मध्यपश्चिम क्षेत्रमा चिकित्सकले बिरामीलाई औषधी प्रयोग गर्ने विधि सम्बन्धमा स्पष्ट जानकारी नगराएको कारण आम सेवाग्राही उपभोक्ता पीडित रहेकोले कारबाही गरिपाऊँ भनी रविलाल खत्रीले उजुरी दिएकोमा चिकित्सकले सिफारिस (प्रेस्क्रिप्सन) मा स्पष्ट बुझिने गरी औषधीको असर र प्रभावबारे स्पष्ट जानकारी गराउने व्यवस्था गर्न नेपाल सरकार स्वास्थ्य मन्त्रालय, मेडिकल काउन्सिललाई नीतिगत सिफारिस गर्ने ।

८७. बाँके जिल्ला कम्दी गाविस २ निवासी भगवान् दिन अहिरको सम्बन्धमा नागरिकतासम्बन्धी मुद्दा परेको, फैसलापछि पनि नागरिकता फिर्ता नदिएकाले कारबाही गरिपाऊँ भनी आयोगमा उजुरी पर्न आएको, जिल्ला प्रशासन कार्यालयको २०६४/२/२३ को पत्रानुसार नागरिकता बदरमा मुद्दा विचाराधीन रहेको भन्ने देखिँदा आयोगको उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) (घ) बमोजिम आयोगको क्षेत्राधिकार नदेखिँदा खारेज गर्ने ।

८८. गुल्मी जिल्ला सिमीचौर गाविस वडा नं. ५ बस्ने जयप्रसाद अर्याललाई २०५८/९/४ गते तत्कालीन माओवादीले आगजनी गरी क्षति पुऱ्याएकोले कारबाही गरिपाऊँ भनी उजुरी पर्न आएको, आयोगको अनुसन्धान अनुसार द्वन्द्वपीडितले पाउने क्षतिपूर्ति पाएको र निजले पाउने क्षतिपूर्ति निरन्तर पाउने गरी कारबाही अन्त्य गरी दिन आयोगमा निवेदन दिएको देखिँदा आयोगको उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) बमोजिम तामेलीमा राख्ने ।

८९. बाँके जिल्ला पुरैना ६ घर भई ऐ २ बस्ने मोहम्मद अनिस खाँलगायतका व्यक्तिहरूलाई जाहेरी दरखास्त दर्ता गराएकोमा फिर्ता लिन माओवादीबाट धम्की आएको भनी

आयोगमा उजुरी पर्न आएको, आयोगको अनुसन्धान टोलीसमक्ष हाल धम्कीको अवस्था नरहेकोले तामेलीमा राख्न लिखित जानकारी दिएकोले प्रस्तुत उजुरी आयोगको उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) बमोजिम तामेलीमा राख्ने ।

९०. कैलाली जिल्ला तुल्सीपुर गाविस वडा नं. ४ बस्ने इन्द्रबहादुर बोहोराको जग्गा २०६१ वैशाखमा तत्कालीन माओवादीले कब्जा गरेको, आयोगको अनुसन्धान प्रतिवेदनअनुसार उक्त जग्गा फुकुवा भएको भन्ने स्थानीयवासी-समेतबाट बुझिन आएकाले र सो क्षेत्रमा जग्गाधनी नरहेको भन्ने बुझिन आएकोले पछि निवेदकले थप उजुरी गरेमा पुनः हेरिने नै हुँदा हाल उक्त उजुरी आयोगको उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) बमोजिम तामेलीमा राख्ने ।

९१. काठमाडौँ जिल्ला कमलपोखरी बस्ने सरला खकुरेलको कैलाली जिल्ला खैला गाविस वडा नं. ३ को जग्गा २०५५ सालदेखि माओवादीले कब्जा गरेकाले कारबाही गरिपाऊँ भनी आयोगमा उजुरी पर्न आएको, आयोगको अनुसन्धान टोलीको प्रतिवेदन हेदा हाल निवेदिकाले नै जग्गा फुकुवा भइसकेको जानकारी दिएको देखिँदा आयोगको उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) बमोजिम तामेलीमा राख्ने ।

९२. अछाम जिल्ला भाटाकाटिया गाविस वडा नं. ५ घर भई नेपाली सेनामा कार्यरत पहल शाहको जग्गा २०५८/४/२५ मा कब्जा गरी तत्कालीन माओवादीले विस्थापित बनाएको भनी आयोगमा उजुरी पर्न आएको, जिल्ला प्रशासन कार्यालय अछामको पत्रानुसार निजले राहत रकम बुझेको र हाल जग्गा फुकुवा भइसकेको देखिन आएकोले आयोगको उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) बमोजिम तामेलीमा राख्ने ।

९३. बाँके जिल्ला नेपालगञ्ज १५ बस्ने अबुल बरकत सिद्धिकीसमेत सात जनाले इजाजत प्राप्त गरी राखेको हतियार द्वन्द्वको समयमा सुरक्षा निकायमा बुझाएकोमा द्वन्द्वपश्चात् पनि हतियार फिर्ता नगरेकाले हतियार फिर्ता पाऊँ भनी आयोगमा उजुरी पर्न आएको, आयोगको टोलीबाट अनुसन्धान हुँदा उक्त हतियार पहिले नै पाइसकेको जानकारी गराएकोले आयोगको उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) बमोजिम तामेलीमा राख्ने ।

९४. बाँके जिल्ला बैजापूर १ बस्ने सेतुली चौधरीलाई २०५८/११/१ गते छोरालाई पक्राउ गर्न आएका सुरक्षाकर्मीबीच विवाद भई कुटपिट भएको भनी आयोगमा उजुरी पर्न आएको, पीडितले स्वयम् उजुरी अन्त्य गरी दिन निवेदन दिएको देखिँदा प्रस्तुत उजुरी आयोगको उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) बमोजिम तामेलीमा राख्ने ।

९५. कैलाली जिल्ला दुर्गौली गाविस वडा नं. १ बस्ने रीता चौधरीलाई ऐ. बस्ने राधा बम र रामबहादुर बमले भारतको पिलिया बजारमा २०६४/३/२७ गते विषालु पदार्थ खुवाई रामपाल रानासँग विवाह गराएको र स्थानीयको सहयोगमा त्यहाँबाट फिर्ता भई

बेचिएको कुरा थाहा भएकाले कारबाही अगाडि नबढाएकाले अनुसन्धान गरिपाऊँ भनी आयोगमा उजुरी पर्न आएको, पीडित पीडक दुवैलाई सम्झौता गराई पीडितको २०६६ सालमा विवाह भई बर्दियामा बसोबास गरी आएको भनी निजको बुबाको निवेदन परेकोमा मानव बेचबिखनजस्तो गम्भीर प्रकृतिको अपराधमा मिलापत्र नगराउन, मिलापत्रको सम्झौता मिसिल सामेल नभएको र पीडितलाई समेत नबुझेकोले अबउप्रान्त यस्तो फितलो अनुसन्धान नगराउन निर्देशन दिने ।

९६. कैलाली जिल्ला, चुहा गाविस वडा नं. ८ बागमारा बस्ने वीरबहादुर खत्रीलाई २०६४/२/२१ गते इप्रका कार्यालय लम्कीका प्रहरीले पक्राउ गरी यातना दिएको भनी आयोगमा उजुरी पर्न आएको, आयोगको अनुसन्धान टोलीसमक्ष हाल सबै कुरा मिली सकेकोले उजुरी टुङ्ग्याइदिन पीडितको लिखित निवेदन परेको देखिँदा प्रस्तुत उजुरी आयोगको उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) बमोजिम तामेलीमा राख्ने ।

९७. कैलाली जिल्ला फूलवारी गाविस वडा नं. ५ बस्ने दिलमाया थापा मगरलाई २०६३ चैतमा छिमेकी कमला पंगेनीले खाडी मुलुक कुवेत पठाएकोमा पारिश्रमिक नदिएकोले नेपाल फर्काइ पाऊँ भनी आयोगमा उजुरी पर्न आएको, आयोगको अनुसन्धान प्रतिवेदनअनुसार निज नेपाल फर्की घरमा व्यवसाय गरी बसेकोले उजुरी टुङ्ग्याउन पीडितको निवेदन परेको देखिँदा प्रस्तुत उजुरी आयोगको उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ बमोजिम तामेलीमा राख्ने ।

९८. कैलाली जिल्ला धनुषा १ बस्ने मञ्जु जोगीलाई निजको श्रीमान् तेजबहादुर देउवाले घरेलु हिंसा गरेकोले कारबाही गरिपाऊँ भनी आयोगमा उजुरी पर्न आएको, आयोगको अनुसन्धानबाट उक्त विवाद कञ्चनपुर जिल्ला अदालतमा पुगी सम्बन्ध विच्छेद भइसकेकाले उजुरी टुङ्ग्याइदिन निवेदन दिएको देखिँदा प्रस्तुत उजुरी आयोगको उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) बमोजिम तामेलीमा राख्ने ।

९९. नवलपरासी जिल्ला रामग्राम नपा ९ बस्ने राजेश यादवलाई ऐ. बस्ने विक्रमादित्य गिरी र प्रहरी निरीक्षक ओमप्रकाश चौधरीले अदालतमा विचाराधीन मुद्दाको विषयमा डर, धाक दिने थुन्ने कार्यसमेत गरेकोले कारबाही गरिपाऊँ भनी आयोगमा उजुरी पर्न आएको, आयोगको अनुसन्धान प्रतिवेदनअनुसार हाल त्यस्तो धम्की नभएकाले उजुरी टुङ्ग्याइदिन निवेदन दिएको देखिँदा आयोगको उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) बमोजिम तामेलीमा राख्ने ।

१००. बाँके जिल्ला नेपालगञ्ज १८ बस्ने यज्ञप्रताप राणालाई २०६१/१/२२ गते जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट चन्दा माग्ने, भौतिक कारबाही गर्ने धम्की दिएकाले कारबाही गरिपाऊँ भनी आयोगमा उजुरी पर्न आएको, अनुसन्धान टोलीको प्रतिवेदन हेर्दा हाल त्यस्तो कारबाही गर्ने धम्की नभएकाले उजुरी टुङ्ग्याइदिन आयोगको टोलीलाई निवेदन दिएको देखिँदा प्रस्तुत उजुरी आयोगको उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) बमोजिम तामेलीमा राख्ने ।

१०१. गुल्मी जिल्ला भुर्तुङ गाविस ५ घर भई बुटवल १४ नयाँ गाउँ बस्ने हरिप्रसाद शर्मालाई सीता पराजुलीलगायत वाइसिएलका कार्यकर्ताबाट पैसा माग्ने, भौतिक कारबाही गर्ने धम्की दिएको भनी आयोगमा उजुरी पर्न आएको, आयोगको अनुसन्धन प्रतिवदेनअनुसार हाल धम्की नआएकाले उजुरी टुङ्ग्याइदिन लिखित निवेदन प्राप्त हुन आएकाले आयोगको उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) बमोजिम प्रस्तुत उजुरी तामेलीमा राख्ने ।

१०२. कैलाली जिल्ला धनगढी नपा ३ बस्ने दलबहादुर चौधरीलाई २०५८/३/१० गते माओवादी पार्टीमा जान्छु भनी घरबाट हिँडेको र राज्य पक्षबाट बेपत्ता पारेकोले छानबिन गरिपाऊँ भनी आयोगबाट उजुरी पर्न आएको, आयोगको अनुसन्धान टोलीको प्रतिवेदनअनुसार हाल फर्की सकुशल रहेको भनी पीडित स्वयम्को २०६८/१२/१० मा निवेदन दिएको देखिँदा प्रस्तुत उजुरी आयोगको उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) बमोजिम तामेलीमा राख्ने ।

१०३. पाल्पा जिल्ला बन्दी पोखरा गाविस ९ घर भई बुटवल नपा वडा नं. १० सुखानगर बस्ने सम्झना दमिनीलाई निजको श्रीमान्ले घरेलु हिंसा गरेकोले कारबाही गरिपाऊँ भनी आयोगमा उजुरी पर्न आएको, आयोगको अनुसन्धान टोलीको प्रतिवेदन हेर्दा हाल घरेलु हिंसा नभएकाले उजुरी टुङ्ग्याइदिन पीडितले २०६८/७/२७ मा निवेदन दिएको देखिँदा प्रस्तुत उजुरी आयोगको उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) बमोजिम तामेलीमा राख्ने ।

१०४. धनुषा जिल्ला हंशपुर कठपुल्ला गाविस वडा नं. ४ बस्ने रामकुमारी महरालाई २०६८/१/२८ गते विपता भनिने गर्भु कापड, रविया यादव र धनुषा जिल्ला ललिया चौकीका प्रह मनोज पासवानले जक गरेको भनी आयोगमा उजुरी प्राप्त हुन आएको, सो सम्बन्धमा अनुसन्धान हुँदा अदालतमा मुद्दा चलेको देखिन आएको, आयोगबाट भएका पत्राचारको जबाफ प्राप्त नभएकोले सो सम्बन्धमा प्रहरी प्रधान कार्यालयको ध्यानाकर्षण गराउने र मातहत अड्डालाई सो व्यहोरा सूचित गर्न पत्राचार गर्ने, प्रस्तुत विषय आयोगको क्षेत्राधिकारभित्र पर्ने नदेखिँदा राष्ट्रिय मानव अधिकार आयोग उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) (घ) बमोजिम खारेज गर्ने राख्ने ।

१०५. धनुषा जिल्ला सुगा मधुकरी गाविस वडा नं. ७ बस्ने शिवशङ्कर मण्डल, महावीर यादव, लालबाबु यादव र ब्रम्हदेव यादवलाई २०६३/७/२८ गते माओवादी कार्यकर्ताले अपहरण गरेकोले अवस्था सार्वजनिक गरिपाऊँ भनी आयोगमा उजुरी परेको, आयोगको अनुसन्धान टोलीबाट अनुसन्धान हुँदा केही दिनपछि सबै जना मुक्त भएको भनी आयोगको टोलीलाई लिखित जानकारी गराएकाले प्रस्तुत उजुरी आयोगको उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) र ३ नं. बमोजिम तामेलीमा राख्ने ।

१०६. जिल्ला धनुषा जनकपुर नपा १० देवीचौक बस्ने सुन्देश्वर यादवलाई २०६६/१०/६ गते प्रहरीले पक्राउ गरी कुटपिट गरेको भनी आयोगमा उजुरी पर्न आएको, आयोगको अनुसन्धान टोलीबाट अनुसन्धान हुँदा पीडित स्वयम्ले यातना नदिएको भनी लिखित

जानकारी दिएकोले प्रस्तुत उजुरी आयोगको उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) र ३ नं. बमोजिम तामेलीमा राख्ने ।

१०७. धनुषा जिल्ला मिथिलेश्वर मौवाही गाविस वडा नं. ३ बस्ने चन्द्रनारायण रजकलाई २०६७/१२/२० गते प्रहरीले पक्राउ गरी यातना दिएको भनी आयोगमा उजुरी प्राप्त हुन आएको, आयोगको अनुसन्धान प्रतिवेदन हेर्दा प्रहरीबाट हिरासत लिनुपूर्व शारीरिक जाँच गरी ठगी मुद्दा दायर गरी अदालतमा विचाराधीन रहेको देखिँदा र शारीरिक यातनाको प्रमाण नदेखिँदा प्रस्तुत उजुरी राष्ट्रिय मानव अधिकार आयोग उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) र (३) नं. बमोजिम तामेलीमा राख्ने ।

१०८. भारत लहेरीयागञ्ज १ बस्ने सफिना खातुनले २०६६/१२/६ गते जनकपुरस्थित रेल्वे स्टेसनका इन्चार्ज प्र.स.नि. बाबुराम झाले जक गरेकोले कारबाही गरिपाऊँ भनी आयोगमा उजुरी पर्न आएकोमा आयोगको टोलीले अनुसन्धान गर्दा निज बाबुराम झालाई मुद्दाको पुर्पक्षको लागि अदालतको आदेशानुसार कारागार सर्लाहीमा पठाई थुनामा रहेको देखिँदा प्रस्तुत उजुरी आयोगको क्षेत्राधिकारभित्र पर्ने नदेखिएको तर प्रहरी कर्मचारीबाट नै जकजस्तो गम्भीर फौजदारी अपराध भएकाले प्रहरी प्रधान कार्यालयलाई यस सम्बन्धमा विशेष निर्देशन जारी गर्ने ।

१०९. धनुषा जिल्ला तारापटी सिर्सिया १ बस्ने सुरेशप्रसाद यादवलाई २०६८/१/१७ गते ज्वाला सिंह समूहले पाँच लाख चन्दा माग गरी भौतिक कारबाही गर्ने धम्की दिएकोले शान्तिसुरक्षा कायम गरिपाऊँ भनी अयोगमा उजुरी पर्न आएको, आयोगको अनुसन्धान प्रतिवेदनअनुसार हत्यामा उत्तिचन यादवलाई पक्राउ गरी महोत्तरी कारागारमा थुनामा रहेको र अन्य फरार अभियुक्तको नाउँमा सम्मानित अदालतबाट वारेन्ट जारी गरेको देखिँदा प्रस्तुत कर्तव्य ज्यानसँग सम्बन्धित मुद्दा यस आयोगको क्षेत्राधिकारभित्र पर्ने नदेखिँदा आयोगको उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) (घ) बमोजिम प्रस्तुत उजुरी खारेज गर्ने ।

११०. धनुषा जिल्ला नकटाझिझ गाविस वडा नं. १ बस्ने वर्ष ११ की रुन्ची महरालाई २०६६/५/१६ गते गाउँका केही व्यक्तिले बलात्कार गरी हत्या गरेको भनी आयोगमा उजुरी पर्न आएको, आयोगबाट अनुसन्धान हुँदा प्रतिवादी भुल्ला भन्ने वर्मेशकुमार यादवलाई पक्राउ गरी अदालतको आदेशले पुर्पक्षका लागि जलेश्वर कारागारमा पठाएको देखिँदा फौजदारी मुद्दा यस अदालतको क्षेत्राधिकारभित्र पर्ने नदेखिँदा आयोगको उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) (घ) नं. बमोजिम प्रस्तुत उजुरी खारेज गर्ने ।

१११. बर्दिया जिल्ला मनाउ गाविस वडा नं. ८ बस्ने जनकसम चौधरीलाई २०६५/२/६ गते बर्दिया निकुञ्जबाट पक्राउ गरी बेपत्ता पारेकोले स्थिति सार्वजनिक गरिपाऊँ भनी आयोगमा उजुरी पर्न आएको, आयोगको अनुसन्धानबाट चोरी सिकारी मुद्दामा १३ वर्ष कैद सजाय हुने गरी फैसला भई कारागार शाखा वीरगञ्जमा थुनामा रहेको निजको उजुरी टुङ्ग्याइदिन श्रीमती मनकी थारूको आयोगमा लिखित निवेदन दर्ता भएको

देखिँदा प्रस्तुत उजुरी आयोगको उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) (घ) नं. बमोजिम खारेज गर्ने ।

११२. बाँके जिल्ला कोहलपुर ३ क्याम्पस टोल बस्ने गोपाल भन्ने पेन्टा विकलाई २०५९/१/१३ गते सुरक्षाकर्मीले पक्राउ गरी बेपत्ता पारेकोले कारबाही गरिपाऊँ भनी आयोगमा उजुरी पर्न आएकोमा आयोगबाट २०६७/३/३० गते निर्णय भइसकेको देखिँदा दोहोरो दर्तामा लगत कट्टा गरी दिने गरी आयोगको उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) (छ) नं. बमोजिम उजुरी खारेज गर्ने ।

११३. बाँके जिल्ला नौवस्ता गाविस वडा नं. ८ बस्ने दलबहादुर थापा र निजकी श्रीमती पार्वती थापालाई २०५९/५/२५ गते सुरक्षाकर्मीले गोली हानी मारेकोले छानबिन गरिपाऊँ भनी आयोगमा उजुरी पर्न आएको, आयोगको बैठकबाट २०६५/३/८ मा सो सम्बन्धमा निर्णय भइसकेको देखिँदा आयोगको उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) (छ) नं. बमोजिम उजुरी खारेज गर्ने ।

११४. बाँके जिल्ला गनापुर गाविस १६ द्वन्द्वपीडित सुकुम्बासी समूहले साधारण सभाको निर्णय बोधार्थ जानकारी गराएकोमा भुलवश उजुरीमा दर्ता भएको देखिँदा प्रस्तुत उजुरीको लगत कट्टा गरी दिने ।

११४. बाँके नौवस्ता गाविस वडा नं. ८ बस्ने फूलराज चौधरी र राजबहादुर थारूलाई २०५९/५/१३ गते गस्तीमा आएको सुरक्षाकर्मीले बेपत्ता पारेको भनी आयोगमा उजुरी पर्न आएको यसै विषयमा आयोगबाट २०६९/२/२२ गते निर्णय भइसकेको देखिँदा दोहोरो दर्ताबाट लगत कट्टा गरिदिने ।

११५. सल्यान जिल्ला कालीमाटी काल्चे गाविस वडा नं. ७ बस्ने पुरुषोत्तम भट्टराईलाई २०६४/८/७ गते माओवादी कार्यकर्ताले कुटपिट गरी नगद २५ हजार लुटपाट गरेको भनी आयोगमा उजुरी पर्न आएको, आयोगबाट अनुसन्धान हुँदा तत्कालीन अवस्थामा भएको घटनामा उजुरी परेको, हाल कुनै समस्या नरहेको भनी आयोगलाई उजुरी तामेलीमा राख्न २०७२/१२/२० मा लिखित निवेदन दिएकोले प्रस्तुत उजुरी आयोगको उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) र (३) नं. बमोजिम तामेलीमा राख्ने ।

११६. सुर्खेत जिल्ला कुनाथली गाविस १ बस्ने फूलमाया पुलामी मगरलाई विगत १२ वर्षदेखि निजको श्रीमान् पूर्णबहादुर पुलामी मगरले घरेलु हिंसा गरेको भनी आयोगमा उजुरी पर्न आएको, आयोगबाट अनुसन्धान हुँदा सुर्खेत जिल्ला अदालतको फैसला भई सम्बन्ध विच्छेद भइसकेको देखिँदा प्रस्तुत विषय यस आयोगको क्षेत्राधिकारभित्र पर्ने नदेखिँदा आयोगको उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) (घ) नं. बमोजिम खारेज गर्ने ।

११७. रुकुम जिल्ला सदरमुकाम खलङ्गाबाट पश्चिमतर्फ जाने सार्वजनिक बाटो सुरक्षाको कारण जिल्ला प्रहरी कार्यालय रुकुमले बन्द गरेको कारण आवतजावतमा असर परेको भनी आयोगमा उजुरी पर्न आएको, आयोगको अनुसन्धान प्रतिवेदन हेर्दा हाल सो

समस्या नरही बाटो आवतजावत खुला भएको भन्ने देखिँदा प्रस्तुत उजुरी आयोगको उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) (३) नं. बमोजिम तामेलीमा राख्ने ।

११८. रुकुम जिल्ला कोटजहारी गाविस ५ घर भई नेपालगञ्ज नपा वडा नं. ५ बस्ने ओमप्रकाश रेग्मी र सनतकुमार गौतमलाई २०६७/१०/१ देखि ज्वाला सिंहको धम्कीको कारण सम्पर्कविहीन भएकाले खोजबिन गरिपाऊँ भनी आयोगमा उजुरी पर्न आएको, आयोगबाट अनुसन्धान हुँदा उजुरीकर्ता दुवै जना केही समयपछि सम्पर्कमा आएकाले उजुरी खारेज गरी पाउन आयोगमा लिखित जानकारी दिएको देखिँदा प्रस्तुत उजुरी खारेज गर्ने ।

११९. सल्यान जिल्ला थारमारे गाविस वडा नं. ७ बस्ने विजय भण्डारीलाई २०५६/४/१३ गते सुरक्षाकर्मीले बेपत्ता पारेको भनी आयोगमा उजुरी पर्न आएको, आयोगबाट यस सम्बन्धमा २०६९/२/२२ मा निर्णय भइसकेको देखिँदा दोहोरो दर्ता लगत कट्टा गरिदिने ।

१२०. नयाँ पत्रिका दैनिकको २०६४/११/१५ को अङ्कमा घनश्याम चौकरीसमेत ५ नाबालक जेलमा भन्ने समाचारको आधारमा बाल अधिकार निगरानी समूहको उजुरी पर्न आएको, आयोगबाट अनुसन्धान हुँदा हाल नाबालक थुनामुक्त रहेको भन्ने जानकारी प्राप्त हुन आएकोले प्रस्तुत उजुरी खारेज गर्ने ।

१२१. प्युठान जिल्ला खलङ्गा गाविस वडा नं. १ बस्ने केशव बोहोरालाई २०६७/३/१६ गते माओवादीले अपहरण गरी विस्थापित गराएको भनी आयोगमा उजुरी दर्ता हुन आएको, आयोगको अनुसन्धान टोलीको प्रतिवेदन हेर्दा पीडितले नै उजुरी टुङ्ग्याइदिन जानकारी गराएको देखिँदा प्रस्तुत उजुरी खारेज गर्ने ।

१२२. बर्दिया जिल्ला ठाडेरी गाविस वडा नं. ४ बस्ने टिकारानी थारूलाई घरेलु कामदारको रूपमा रहेको अवस्थामा हराएकोले खोजतलास गरिपाऊँ भनी आयोगमा उजुरी दर्ता हुन आएको, आयोगबाट अनुसन्धान हुँदा FNC नामक संस्थाले २०६६/९/२७ गते कोहलपुरमा फेला पारी निजको बुबादुवारी थारूलाई जिम्मा लगाएको देखिँदा प्रस्तुत उजुरी आयोगको उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) (३) नं. बमोजिम तामेलीमा राख्ने ।

१२३. रुकुम जिल्ला पोखरा गाविस वडा नं. ९ बस्ने बलबहादुर केसीलाई २०५९/१०/१७ गते तत्कालीन माओवादी कार्यकर्ताले विस्थापित गराएको भनी आयोगमा उजुरी पर्न आएको, आयोगबाट अनुसन्धान हुँदा हाल पुनर्स्थापित भएकोले उजुरी टुङ्ग्याइदिन पीडितको लिखित जानकारी प्राप्त हुन आएकोले प्रस्तुत उजुरी तामेलीमा राख्ने ।

१२४. बर्दिया जिल्ला मोतीपुर गाविस वडा नं. ५ बस्ने मङ्गल थारूलाई २०५८/८/१९ गते सुरक्षाकर्मीले पक्राउ गरी यातना दिएको भनी आयोगमा उजुरी पर्न आएको, आयोगबाट अनुसन्धान हुँदा यातनासम्बन्धी कुनै प्रमाण नभएको र स्थानीय शान्ति समितिमा निवेदनसमेत गरेकोले उजुरी टुङ्ग्याइदिन लिखित निवेदन दिएको देखिँदा प्रस्तुत उजुरीलाई तामेलीमा राख्ने ।

१२५. बर्दिया जिल्ला गुलरिया नपा वडा नं. ८ बस्ने प्रदेशनी थारूलाई घरेलु कामदारमा राखेको भनी नयाँ पत्रिका दैनिकमा प्रकाशित समाचारको आधारमा आयोगको स्वविवेकमा उजुरी दर्ता गराएको, आयोगबाट अनुसन्धान हुँदा स्थानीय मानव अधिकारकर्मी र आयोगको प्रयासमा उद्धार भइसकेको हुँदा उजुरी टुङ्ग्याइदिन आयोगमा लिखित निवेदन प्राप्त हुन आएकाले प्रस्तुत उजुरी खारेज गर्ने ।

१२६. सुर्खेत जिल्ला गुमी गाविस वडा नं. ८ बस्ने सोमबहादुर बुढालाई सुर्खेत जिल्ला अदालतबाट ८ वर्ष कैद सजाय भएकोमा सर्वस्वसहित जन्मकैद भनी गलत पुर्जी दिएको भनी आयोगमा उजुरी पर्न आएको, आयोगबाट अनुसन्धान हुँदा पुर्जी संशोधन भइसकेको देखिँदा र प्रस्तुत मुद्दा सुर्खेत पुनरावेदन अदालतमा विचाराधीन रहेको देखिँदा प्रस्तुत उजुरी खारेज गर्ने ।

१२७. बाँके जिल्ला नेपालगञ्ज नपा वडा नं. १ बस्ने महेन्द्र मल्ललाई पारिवारिक सम्पत्तीको विवादमा आफन्तबाट धम्की आएको भनी आयोगमा उजुरी पर्न आएको, आयोगबाट अनुसन्धान हुँदा विचाराधीन मुद्दा बाँके जिल्ला अदालतबाट मिलापत्र भइसकेको भन्ने देखिन आएको प्रस्तुत उजुरी यस आयोगको क्षेत्राधिकारभित्र पर्ने नदेखिँदा आयोगको उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) (घ) नं. बमोजिम खारेज गर्ने ।

१२८. ललितपुर जिल्ला विशङ्खु २ घर भई सशस्त्र प्रहरीगण नेपालगञ्जमा कार्यरत भूपू प्रसनि श्यामकृष्ण विष्टले उपदानलगायत पाउनुपर्ने रकम उपलब्ध गराई पाउँ भनी आयोगमा उजुरी पर्न आएको, आयोगको अनुसन्धान प्रतिवेदन हेर्दा नियमानुसार पाउनुपर्ने रकम प्राप्त गरिसकेको भन्ने देखिँदा आयोगको उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) (३) बमोजिम तामेलीमा राख्ने ।

१२९. बाँके जिल्ला वासुदेवपुर गाविस १ बस्ने शालिकराम परियारलाई मजदुरी गरी घर फर्किन लाग्दा सैनिकले छुरा प्रहार गरी घाइते बनाएकाले निःशुल्क उपचार गरी दोषीलाई कारबाही गरिपाऊँ भनी आयोगमा उजुरी पर्न आएको, आयोगको अनुसन्धान प्रतिवेदन हेर्दा दुवै पक्षबीच मिलापत्र भई रु.१०,०००/क्षतिपूर्ति प्राप्त गरेको देखिँदा आयोगको उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) (३) नं. बमोजिम तामेलीमा राख्ने ।

१३०. बाँके जिल्ला कोहलपुर रझेना ४ बस्ने तुलसा विकले शारीरिक अपाङ्गता र आर्थिक अवस्था कमजोर भएकाले आर्थिक सहयोग गरिपाऊँ भनी आयोगमा उजुरी पर्न आएको, आयोगको अनुसन्धान प्रतिवेदनसमेतको आधारमा अपाङ्गता भएका व्यक्तिको पालन-पोषणको लागि नेपाल सरकारलाई सिफारिस गर्ने ।

१३१. मिति २०५९/७/२८ जुम्ला सदरमुकाममा सशस्त्र द्वन्द्वको बेला तत्कालीन विदोही पक्ष नेकपा (माओवादी)-बाट आक्रमण हुँदा मृत्यु भएका मालपोत कार्यलयमा कार्यरत पियन रामप्रसाद खनालको परिवारलाई रु. एक लाख ५० हजार उपलब्ध गराइएको, सोही

घटनामा परी मृत्यु हुने प्रमुख जिल्ला अधिकारीका परिवारलाई रु.सात लाख ५० हजार उपलब्ध गराएकाले भेदभाव भएको भनी आयोगमा उजुरी पर्न आएकोमा राज्यका पदाधिकारीसरह बिनाभेदभाव समान रूपमा क्षतिपूर्ति उपलब्ध गराउन आयोगको अनुसन्धान प्रतिवेदनबाट देखिन आएकोले बिना भेदभाव समान रूपमा क्षतिपूर्ति राहत छात्रवृत्तिको व्यवस्था मिलाउन नेपाल सरकारलाई सिफारिस गर्ने ।

१३३. कैलाली जिल्ला धनगढी नपा वडा नं. ७ बस्ने गोपालप्रसाद ओझालाई २०६१/५/२८ गते तत्कालीन सुरक्षाफौजले गिरफ्तार गरी बेपत्ता बनाएको र रु.४१,११८/समेत लगेकाले छानबिन गरी पाऊँ भनी आयोगमा उजुरी पर्न आएको, आयोगको अनुसन्धान प्रतिवेदनअनुसार निज काठमाडौँमा व्यपार-व्यवसाय गरी आएको, रकमसमेत राजस्व दर्ता दाखिला भइसकेको भन्ने देखिँदा प्रस्तुत उजुरी आयोगको उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) (३) नं. बमोजिम तामेलीमा राख्ने ।

१३४. बाँके जिल्ला नेपालगञ्ज नपा ५ बस्ने विनाराम खड्काले बैङ्कमा राखेको जग्गा रोक्का फुकुवा हुँदासमेत २०५७ सालदेखि नविसले रोक्का राखेकोले छानबिन गरिपाऊँ भनी आयोगमा उजुरी पर्न आएको, आयोगको अनुसन्धान प्रतिवेदनअनुसार जग्गा रोक्कासम्बन्धी विषयमा सम्बन्धित अदालतमा जान सक्ने र यस आयोगको क्षेत्राधिकारभित्र पर्ने नदेखिँदा प्रस्तुत उजुरी आयोगको उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) (घ) नं. बमोजिम खारेज गर्ने ।

१३५. बाँके जिल्ला वनकट्टी १ बस्ने रिसायद खाँले २०६२/१०/१४ गते तत्कालीन माओवादी कार्यकर्तासँग रुख काट्ने विषयमा विवाद भई धम्की दिएकोले छानबिन गरिपाऊँ भनी आयोगमा उजुरी दर्ता गराएको, हाल कुनै विवाद नभएकोले उजुरी टुग्याइदिन पीडितको निवेदनसमेत आयोगमा दर्ता भएको देखिँदा प्रस्तुत उजुरी आयोगको उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) (३) नं. बमोजिम तामेलीमा राख्ने ।

१३६. जुम्ला जिल्ला डिल्लीचौर २ बस्ने खड्कबहादुर बुढालाई २०५८/९/२१ गते तत्कालीन माओवादी कार्यकर्ताले कुटपिट गरेकोले छानबिन गरिपाऊँ भनी आयोगमा उजुरी पर्ने आएको, पीडित विस्थापित नरही हाल आफ्नै घरमा स्थापित भई क्षतिपूर्तिबापत रु. ८२ हजार प्राप्त भएको र पीडितले आफ्नो उजुरी टुग्याइदिन पीडितको निवेदनसमेत दिएको देखिँदा आयोगको उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) (३) नं. बमोजिम तामेलीमा राख्ने ।

१३७. बाँके जिल्ला नेपालगञ्ज १२ बस्ने सुशील शर्मालाई सुरक्षाकर्मीले २०६२/८ ५ गते पक्राउ गरेकाले थुनामुक्त गरिपाऊँ भनी आयोगमा उजुरी पर्न आएको, कानुनबमोजिम कारागार शाखा बाँकेमा थुनामा रहेको र पीडितकी दिदीले उजुरी टुग्याइदिन जानकारी दिएको मिसिल संलग्न कागजातबाट देखिँदा प्रस्तुत उजुरी आयोगको उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) (३) नं. बमोजिम तामेलीमा राख्ने ।

१३८. रूपन्देही जिल्ला सूर्यपुरा गाविस वडा नं. ७ घर भई कारागार शाखा रूपन्देहीमा थुनामा रहेको शम्भु बरइलाई प्रहरीले गैरकानुनी थुनामा राखेको भनी आयोगमा उजुरी पर्न आएको, आयोगको अनुसन्धान प्रतिवेदनअनुसार निजलाई ९० दिन नजरबन्दमा राखेको र अदालतको आदेशले थुनामुक्त भएको देखिँदा आयोगको उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) बमोजिम तामेलीमा राख्ने ।

१३९. जिल्लामा चिकित्सकको अभावको कारण अपराध अनुसन्धानमा प्रभाव पर्ने भएकोले सबै जिल्ला जनस्वास्थ्य कार्यलयमा अनिवार्य चिकित्सकको व्यवस्था मिलाउन सरकारी वकिलको कार्यालय दिपायलबाट क्षेत्रीय स्वास्थ निर्देशनालयलाई भएको बोधार्थ आयोगमा दर्ता हुन आएको, सो विषय यस आयोगको क्षेत्राधिकारभित्र पर्ने नदेखिँदा अयोगको उजुरी, कारबाही क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) (घ) नं. बमोजिम खारेज गर्ने ।

१४०. जिल्ला जनस्वास्थ्य कार्यालय बाँकेको हाताभित्रबाट दुईवटा मोटरसाइकल सन्दिग्ध व्यक्तिले लिएर गएकोले फिर्ता पाऊँ भनी उजुरी परेको, सो विषय आयोगको क्षेत्राधिकारभित्र पर्ने नदेखिँदा अयोगको उजुरी, कारबाही क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) (घ) नं. बमोजिम खारेज गर्ने ।

१४१. बाँके जिल्ला कोहलपुर ३ घर भई खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय बर्दियामा कार्यरत छविलाल बास्तोलालाई अज्ञात समूहले धम्की दिई २०६२/३/२१ मा मोटरसाइकल लुटी लगेकाले छानबिन गरिपाऊँ भनी आयोगमा उजुरी पर्न आएको, सो विषयमा आयोगको क्षेत्राधिकारभित्र पर्ने नदेखिँदा अयोगको उजुरी, कारबाही क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) (घ) नं. बमोजिम खारेज गर्ने ।

१४२. कपिलवस्तु जिल्ला तिलौरांकोट बस्ने रुकमणी गिरीलाई २०६२/३/३ गते तत्कालीन विदोही पक्ष नेकपा (माओवादी)-का कार्यकर्ताले अपहरण गरेकोले सकुशल रिहाइको लागि आयोगमा उजुरी पर्न आएको, निज सकुशल मुक्त भएको जानकारी प्राप्त हुन आएकोले प्रस्तुत उजुरी आयोगको उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) (३) नं. बमोजिम तामेलीमा राख्ने ।

१४३. कैलाली जिल्ला खैलाड २ बस्ने प्रमोद उप्रेतीको नाममा दर्ता रहेका जग्गा २०६० साल कात्तिक महिनामा तत्कालीन विद्रोही माओवादी कार्यकर्ताले कब्जा गरेकोले फिर्ता पाऊँ भनी आयोगमा उजुरी पर्न आएको, आयोगको अनुसन्धान प्रतिवेदनअनुसार उक्त जग्गा स्वयंले हकभोग गरिआएको देखिँदा उजुरी आयोगको उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) (३) नं. बमोजिम तामेलीमा राख्ने ।

१४४. बाँके जिल्ला भवानीपुर ८ बस्ने बच्चुराम चौहानलाई २०६३/४/४ गते तत्कालीन माओवादी कार्यकर्ताले चन्दा मागी कुटपिट गरी धम्कीसमेत दिएकोले छानबिन गरिपाऊँ भनी आयोगमा उजुरी पर्न आएको, आयोगको अनुसन्धान प्रतिवेदन हेर्दा

हाल धम्की नरहेकोले प्रस्तुत उजुरी आयोगको उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) (३) नं. बमोजिम तामेलीमा राख्ने ।

१४५. बाँके जिल्ला खासकुस्मा ८ बस्ने पदमराज वलीलाई तत्कालीन माओवादी कार्यकर्ता रामबहादुर वलीलगायतले २०६३/९/७ गत ज्यान मार्ने धम्की दिएकाले छानबिन गरिपाऊँ भनी आयोगमा उजुरी पर्न आएको, आयोगको अनुसन्धान टोलीबाट छानबिन हँदा हाल धम्की नरहेकोले उजुरी टुग्याइदिन पीडितको निवेदनसमेत परेको देखिँदा प्रस्तुत उजुरी आयोगको उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) (३) नं. बमोजिम तामेलीमा राख्ने ।

१ ५५. बाँके जिल्ला कञ्चनापुर २ बस्ने सोवाराम खत्रीको जग्गा २०६२ जेठ महिनामा तत्कालीन माओवादी कार्यकर्ताले कब्जा गरेकोले फिर्ता गरिपाऊँ भनी आयोगमा उजुरी पर्न आएको, आयोगको अनुसन्धान टोलीको प्रतिवेदनअनुसार उक्त जग्गाको विवाद सर्वोच्च अदालतमा विचाराधीन रहेको भन्ने पीडितको बयानबाट देखिन आएको देखिँदा अदालतको विचाराधीन विषय यस आयोगको क्षेत्राधिकारभित्र पर्ने देखिँदा प्रस्तुत उजुरी आयोगको उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) (घ) नं. बमोजिम तामेलीमा राख्ने ।

१४६. बाँके जिल्ला बेतहानी ३ बस्ने पशुराम कुँवरलाई २०५९ साल माघ महिनामा जिल्ला प्रहरी कार्यालय बाँकेका सुरक्षाकर्मीले पक्राउ गरी एक दिन थुनामा राखी यातना दिएको भनी आयोगमा उजुरी पर्न आएको, आयोगको अनुसन्धान प्रतिवेदनअनुसार सो विषयमा अदालतमा मुद्दा परी यातना नठहरने फैसला भएको देखिँदा उक्त उजुरी आयोगको उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) (घ) नं. बमोजिम तामेलीमा राख्ने ।

१४७. बाँके जिल्ला परसपुर ३ बस्ने जमिल बेहनालाई प्रहरी कार्यालय नेपालगञ्जबाट पक्राउ गरी हिरासतमा यातना दिएको भनी आयोगमा उजुरी पर्न आएको, आयोगको अनुसन्धान प्रतिवेदनअनुसार हाल निज जमिल बेहना मलेसिया रोजगारीको लागि गएको र यातना प्रमाणित हुने कागजातसमेत नदेखिँदा उक्त उजुरी आयोगको उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) (घ) नं. बमोजिम तामेलीमा राख्ने ।

१४८. मिति २०६१/४/३१ गते कान्तिपुर दैनिकमा सुरक्षाफौज विद्यालयमा, विद्यार्थी अस्पतालमा शीर्षक समचारप्रति आयोगको ध्यानाकर्षण भई उजुरी ग्रहण गरिएको, आयोगको अनुसन्धान प्रतिवेदनअनुसार विद्यालयलाई मुआबजा रु.२४,८१,५३०/ उपलब्ध गराइको सम्बन्धमा आयोगको उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) (३) नं. बमोजिम तामेलीमा राख्ने ।

१४९. मुगु जिल्ला स्थायी घर भई कैलाश बोधी मावि बौद्ध काठमाडौंमा अध्ययनरत टासी दोर्जे तामाङ गुरुपूर्णिमाको कार्यक्रममा गएको र बेपत्ता भएकाले खोजतलास गरिपाऊँ भनी आयोगमा उजुरी परेको, आयोगको अनुसन्धानबाट निज १५ दिनपछि घर फर्की

आएको भन्ने देखिँदा आयोगको उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) (३) नं. बमोजिम तामेलीमा राख्ने ।

१५०. दोलखा झुले गाविस घर भई काठमाडौँ बसुन्धारा डेरा गरी बस्ने पदमबहादुर तामाङले आफ्नै छोरी पुनम तामाङलाई पटक-पटक बलात्कार गरेकोले कारबाही गरिपाऊँ भनी आयोगमा उजुरी पर्न आएको, सो विषयमा अदालतमा मुद्दा चली सात वर्ष कैदसहित हाडनाता करणीमा १० वर्ष कैद भएको र क्षतिपूर्तिबापत रु. ५०,०००/ उपलब्ध गराउने फैसला काठमाडौँ जिल्ला अदालतबाट २०७२/५/८ मा भएको देखिँदा प्रस्तुत उजुरी आयोगको उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) (घ) नं. बमोजिम खारेजी गर्ने ।

१५१. प्रहरी निरीक्षक चेतबहादुर पाठककी श्रीमती सुशीला पाठकले घरेलु कामदार झापा जिल्ला गौरीगञ्ज स्थायी घर भएका घनश्याम महतोलाई कुटपिट गरेको भनी पत्रपत्रिकामा प्रकाशित समाचारमा आयोगको ध्यानाकर्षण भई दर्ता भएको, आयोगको अनुसन्धान प्रतिवेदनअनुसार काठमाडौँ जिल्ला अदालतबाट ज्यान मार्ने उद्योगमा मुद्दा दर्ता भई कारबाही चली निजको नाउँमा तीन लाख क्षतिपूर्ति गराएको देखिँदा प्रस्तुत उजुरी, आयोगको उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) र (३) नं. बमोजिम खारेज गर्ने ।

१५२. कास्की जिल्ला पोखरा उपनपा वडा नं. १४ विजया सुवेदीले २०६२/६३ को जनआन्दोलनको क्रममा २०६३/१/५ गते सभागृह चोकमा सुरक्षाकर्मीले चलाएको टियरग्याँस लाठीचार्जबाट घाइते भई प्रभावकारी उपचार नभएको, आयोगको अनुसन्धान प्रतिवेदनअनुसार निजको निरन्तर स्वास्थ्य उपचार गराउन र रु. एक लाख क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने ।

१५३. कास्की जिल्ला धिताल गाविस वडा नं. ८ बस्ने नेत्रपाणी अधिकारीलाई मिति २०५८/९/१४ गते हेम्जा मिलनचोकबाट गाडीमा लेकसाइडतर्फ जाँदै गर्दा सुरक्षकर्मीले पक्राउ गरी कुटपिट गरेकाले कारबाही गरिपाऊँ भनी आयोगमा उजुरी पर्न आएकोमा आयोगको प्रतिवेदन तथा संलग्न फाइल हेर्दा यातना पाएको वस्तुनिष्ठ प्रमाण नदेखिँदा प्रस्तुत उजुरी, आयोगको उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) र (घ) नं. बमोजिम खारेज गर्ने ।

१५४. गोरखा जिल्ला धुमी गाविस वडा नं. ५ बस्ने मानबहादुर अधिकारीलाई २०७०।२।५ गते घरायसी जग्गासम्बन्धी विवादमा निवेदन दिँदा सुनुवाइ नभएको भनी अयोगमा उजुरी पर्न आएको, आयोगको अनुसन्धान प्रतिवेदन हेर्दा सो विषयमा अदालत गोरखामा मुद्दा चली विचाराधीन रहेको देखिँदा प्रस्तुत उजुरी आयोगको उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०६९ को नियम १० (१) (घ) नं. बमोजिम खारेज गर्ने ।

१५५. गोरखा जिल्ला कारागारमा थुनामा रहेको ठाकुरप्रसाद कँडेल, टङ्कप्रसाद देवकोटा र बद्रीबहादुर पाण्डेलाई यातना दिएकोले कारबाही गरिपाऊँ भनी आयोगमा उजुरी पर्न आएको, आयोगबाट अनुसन्धान हुँदा आयोगको पहलमा यातना र बेपत्ता हुनबाट

